## राष्ट्रिय कृषिगणना २०७८

# गणना पुस्तिका


नेपाल सरकार

राष्ट्रिय योजना आयोग

**केन्द्रीय तथ्याङ्क विभाग**

थापाथली, काठमाडौँ

# प्राक्कथन

नेपालमा पहिलो कृषिगणना २०१८ सालमा सम्पन्न भएको थियो। त्यसपछि प्रत्येक दश-दश वर्षमा कृषिगणना सञ्चालन हुँदै आएको छ। यही क्रममा केन्द्रीय तथ्याङ्क विभागले सातौं **राष्ट्रिय कृषिगणना २०७८** वि.स. २०७८ चैत १ देखि २०७९ जेठ मसान्त सम्म सञ्चालन गर्न लागेको छ। कृषिगणनामा नेपालका प्रत्येक स्थानीय तहको कृषि संरचना, कृषि क्रियाकलाप तथा कृषि उत्पादनसम्बन्धी विवरण सङ्कलन गरिन्छ। यो कृषिगणना नेपालको इतिहासमा संघीय ढाँचापछिको पहिलो कृषिगणना हो।

पहिलेका कृषिगणनाहरू जस्तै यो गणना पनि वैज्ञानिक छनोट विधि (Sampling Method) मा आधारित छ। यस गणनामा कृषकले चलन गरेको जग्गाको आकार (नाप), जग्गाको उपभोग र उपयोग, बाली लागेको जग्गाको क्षेत्रफल र उत्पादन, सिँचाइको विवरण, कृषि सामग्री र औजारको उपयोग, पशुपन्छीको संख्या र तिनको आहारसम्बन्धी विवरण, कृषि कार्यमा संलग्न जनशक्ति, कृषक परिवारका सदस्यहरूको नाममा रहेको कृषि जग्गाको अवस्था, कृषि वन, कृषि ऋण, बीमा, अनुदान, कृषि कार्यमा जलवायु परिवर्तनको प्रभाव, हरितगृह पद्धतिको प्रयोग, माटो परीक्षण, कृषि बजारसम्मको पँहुच, कृषि अवशेष र फोहोरको व्यवस्थापनजस्ता विविध विषयहरूमा तथ्याङ्क सङ्कलन गरिन्छ। कृषिगणनाबाट कृषि क्षेत्रको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि देशलाई आवश्यक पर्ने आधारभूत तथ्याङ्कहरू (Benchmark Statistics) प्राप्त हुन्छन्। यी आधारभूत तथ्याङ्कहरू कृषिसँग सम्बन्धित अन्य सर्वेक्षणहरूका लागि फ्रेमका रूपमा समेत प्रयोग हुन्छन्।

कृषिगणनाको तालिम तथा स्थलगत तथ्याङ्क सङ्कलन कार्य (Field Work) सञ्चालनमा सहजता, एकरूपता तथा गुणात्मकता कायम गर्नका लागि प्रश्नावलीको व्याख्यासहितको यो गणना पुस्तिका तयार गरिएको छ। यो पुस्तिका कृषिगणनामा संलग्न हुने गणक, सुपरिवेक्षक, अधिकृत एवं प्रशिक्षकका लागि सहयोगी हुनुका साथै तथ्याङ्क प्रयोगकर्ता समेतका लागि उपयोगी हुने विश्वास लिएको छु।

यो गणना पुस्तिका तयार गर्ने कार्यमा संलग्न कृषि तथा पशुपन्छी गणना तथा सर्वेक्षण शाखाका निर्देशकद्वय डा. महेश कुमार सुवेदी तथा बद्रीकुमार कार्की, तथ्याङ्क अधिकृतहरू चेतबहादुर रोका तथा गणेशप्रसाद फुयाँल, कम्प्युटर अधिकृत राजु पोखरेल तथा तथ्याङ्क सहायक सुरोज घजुलाई धन्यवाद दिन चाहन्छु। यो कार्यको नेतृत्व गर्नुहुने आर्थिक तथ्याङ्क महाशाखाका उपमहानिर्देशक डा. हेमराज रेग्मी पनि धन्यवादका पात्र हुनुहुन्छ।

माघ, २०७८

**नेबिन लाल श्रेष्ठ**
महानिर्देशक
केन्द्रीय तथ्याङ्क विभाग

# विषय सूची


पुस्तिका सम्बन्धमा

परिच्छेद १ परिचय ........ १

परिच्छेद २ गणकलाई जानकारी ........ ५

परिच्छेद ३ तथ्याङ्क सङ्कलन ........ ८

परिच्छेद ४ अवधारणा तथा परिभाषा ........ १२

परिच्छेद ५ प्रश्नावली तथा अन्य फारामहरू ........ २०

परिच्छेद ६ प्रश्नावलीको जाँच ........ ९४

परिच्छेद ७ नक्शा प्रयोग गर्ने तरिका र व्यवस्थापन ........ १०१

परिच्छेद ८ विभिन्न फारामहरू ........ १०५

अनुसूची १ गणनाको सन्दर्भ समय ........ १०६

अनुसूची २ जिल्लाअनुसार बिजनको रोपनीमा हुने परिवर्तन दर ........ ११०

अनुसूची ३ बिजन एकाइलाई रोपनीमा रूपान्तर गर्ने तरिका ........ १११

अनुसूची ४ जात/जातिको कोड ........ ११३

अनुसूची ५ पेशा वर्गीकरण ........ ११५

अनुसूची ६ औद्योगिक व्यवसाय वर्गीकरण ........ ११८

अनुसूची ७ किलोग्राम रूपान्तर तालिका ........ १२१

अनुसूची ८ जिल्ला र प्रदेशको कोड ........ १२२

# परिच्छेद १

# परिचय

नेपालका प्रत्येक स्थानीय तहको कृषि संरचना, गतिविधि तथा कृषि उत्पादनसम्बन्धी विवरण सङ्कलनका लागि केन्द्रीय तथ्याङ्क विभागले राष्ट्रिय कृषिगणना २०७८ सञ्चालन गर्न लागेको छ। नेपालमा यस्तो कृषिगणना पहिलो पटक २०१८ सालमा भएको थियो । त्यसपछि प्रत्येक दशदश वर्षमा कृषिगणना हुँदै आएको छ। कृषिगणना २०७८ यही क्रमको सातौँ गणना हो। यो कृषिगणनाको थप महत्व छ। २०७८ सालको यो कृषिगणनाले नेपालको इतिहासमा ६० वर्षको अवधि पूरा गर्नेछ र संघीय ढाँचाअनुसारका स्थानीय तहसम्मका कृषिसम्बन्धी तथ्याङ्कहरू उपलब्ध गराउने अपेक्षा गरिएको छ। यस गणनामा कृषकले चलन गरेको जग्गाको आकार (नाप), जग्गाको उपभोग र उपयोग, बाली लागेको जग्गाको क्षेत्रफल र उत्पादन, सिँचाइको विवरण, कृषि सामग्री र औजारको उपयोग, पशुपन्छीको संख्या र आहारसम्बन्धी विवरण, कृषि कार्यमा संलग्न जनशक्ति, लिङ्गअनुसार कृषि जग्गाको स्वामित्वको अवस्था, कृषि वन, कृषि ऋण, बीमा, अनुदान, कृषि कार्यमा जलवायु परिवर्तनको प्रभाव, हरितगृह पद्धतिको प्रयोग, माटो परीक्षण, कृषि बजारसम्मको पहुँच, कृषि अवशेष र फोहोरको व्यवस्थापनजस्ता विविध विषयहरूमा तथ्याङ्क सङ्कलन गरिन्छ । कृषिगणनाबाट कृषि क्षेत्रको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि देशलाई आवश्यक पर्ने आधारभूत तथ्याङ्कहरू (Benchmark Statistics) प्राप्त हुन्छन् ।

**उद्देश्य**

(क) कृषि विकासका लागि स्थानीय, जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरका योजना तर्जुमा एवं नीति निर्माण, अनुगमन तथा मूल्याङ्कन गर्न आवश्यक पर्ने तथ्याङ्कको खाँचो पूरा गरी योजनाविद् र नीति निर्मातालाई सघाउ पुऱ्याउने,

(ख) राष्ट्रिय तहमा कृषकले विभिन्न कृषि प्रयोजनका लागि चलन गरेको जग्गा, पशुपन्छीपालन, अन्य खेती तथा उत्पादन, वातावरण एवं विविध विषयहरुसम्बन्धी मूलतः निम्नलिखित विवरणहरू प्राप्त गर्ने :

- (अ) जग्गाको उपभोग (Tenure) र उपयोग (Use) तथा बाली लागेको जग्गाको क्षेत्रफल र उत्पादन,
- (आ) उमेर र जातअनुसार विभिन्न पशुपन्छीको संख्याको विवरण,
- (इ) माछापालन, च्याउखेती, मौरीपालन, पुष्पखेती, नर्सरी तथा रेशमपालनलगायतका अन्य खेतीसम्बन्धी विवरण,
- (ई) कृषि औजार तथा साधनहरूको उपयोग, गैरआवासीय भवनको उपलब्धता, कृषि ऋण, बीमा एवं अनुदानको अवस्था, कृषि कार्यमा जलवायु परिवर्तनको प्रभाव, हरित गृह पद्धतिको प्रयोग, माटो परीक्षणको अवस्था, पशुआहारको स्रोत, कृषि उत्पादनको उपयोग, कृषि अवशेष र फोहोरको व्यवस्थापन, खाद्यान्नको पर्याप्तता र कृषि बजारसम्मको पहुँचसम्बन्धी विवरण,

(ग) कृषिसम्बन्धी अन्य सर्वेक्षणका लागि आधार तयार गर्ने,

(घ) कृषिसँग सम्बन्धित दिगो विकास लक्ष्यका (Sustainable Development Goals) सूचकहरूको मूल्यांकनका लागि आवश्यक आधार तथ्याङ्क उपलब्ध गराउने,

(ङ) कृषि तथ्याङ्कको स्तर बढाउने ।

## महत्त्व एवं उपयोगिता

कृषिगणना कृषि क्षेत्रको बनोट तथा कृषि कार्यसम्बन्धी विवरण प्राप्त गर्ने प्रमुख स्रोत हो । यसले सरकारी तथा गैरसरकारी क्षेत्रका लागि उपयोगी कृषि तथ्याङ्क उपलब्ध गराउँछ । कृषिगणनाबाट प्राप्त तथ्याङ्कले कृषकहरूको अवस्था र आवश्यकताको पहिचान गराई तीनै तहका सरकारलाई कृषि क्षेत्रको विकासका लागि योजना तर्जुमा तथा नीति निर्माण गर्न सहयोग पुऱ्याउनेछ । यसका अतिरिक्त विगतका कृषि विकास नीति एवं योजनाहरूको प्रभावकारिताको अनुगमन एवं मूल्याङ्कन गर्न समेत यसले सघाउ पुऱ्याउनेछ ।

सरकारले सञ्चालन गरेको गरीबी निवारण एवं खाद्य सुरक्षाका कार्यक्रम तथा दिगो विकास लक्ष्य अनुगमन कार्यमा पनि यस गणनाबाट प्राप्त हुने सूचकहरूबाट सहयोग पुग्नेछ ।

कृषक, व्यापारी, लेखक, अनुसन्धानकर्ता, शिक्षक, विद्यार्थी तथा निजी स्तरमा अनुसन्धान गर्ने निकायहरूका लागि पनि कृषि तथ्याङ्क उपयोगी हुनेछ । व्यापारीहरूले आफ्नो बजार विस्तार गर्न, आपूर्ति तथा बिक्रीको स्तर निर्धारण गर्न कृषि तथ्याङ्कलाई उपयोग गर्न सक्छन् । लेखक तथा अनुसन्धानकर्ताहरूले पृष्ठभूमिको रूपमा तथ्याङ्कको प्रयोग गर्न सक्छन् । शिक्षकहरूले कृषि तथा पशुपालन बिषयको अध्यापन गराउँदा तथा वस्तुस्थिति विश्लेषणमा कृषि तथ्याङ्कको प्रयोग गर्न सक्छन् । त्यस्तै अनुसन्धान गर्ने तथा नीति निर्माण गर्ने निकायहरूले कृषि उत्पादन तथा पशुपालनसम्बन्धी नीति तथा कार्यक्रम प्रस्ताव गर्न कृषि तथ्याङ्कको उपयोग गर्ने गरेका छन् । कृषिमा आधारित उद्योगहरूले आफ्नो कच्चा पदार्थ आपूर्तिको साथसाथै बजार व्यवस्थाको मूल्याङ्कनको निमित्त कृषि तथ्याङ्क उपयोग गर्न सक्छन् ।

## क्षेत्र एवं व्याप्ति

विगतका गणनाहरूमा जस्तै सातौँ कृषिगणना पनि छनोट विधि (Sampling Method) को आधारमा गर्न लागिएको छ । राष्ट्रिय कृषिगणना २०७८ मा निम्नलिखित विवरणहरू सङ्कलन गरिनेछन् ः

(क) कृषि चलन भएको ठाउँ, ठेगाना

(ख) कृषि चलनको स्थिति

(ग) कृषि चलनबाट भएको उत्पादनको उपयोग

(घ) कृषक परिवारको जनसाङ्ख्यिक विवरण

(ङ) उत्पादनका साधनको लगत

- (अ) कृषि चलनमा लागेका कामदार
- (आ) चलन गरेको जग्गाको कित्ता संख्या
- (इ) कित्ता तथा खेत-पाखोअनुसार जग्गाको क्षेत्रफल
- (ई) जग्गाको उपयोगअनुसार क्षेत्रफल
- (उ) अस्थायी बाली लागेको जग्गाको क्षेत्रफल र उत्पादन
- (ऊ) स्थायी बाली लागेको जग्गाको क्षेत्रफल र उत्पादन
- (ए) पाल्तु चौपाया र पन्छी संख्या
- (ऐ) कृषि कार्यमा प्रयोग भएका कृषि औजार तथा साधन
- (औं) कृषि कार्यमा प्रयोग भएका गैरआवासीय भवन

(च) उत्पादनका साधनको उपभोग र उपयोग स्थिति

(अ) जग्गाको उपभोग

(आ) कृषि औजार तथा साधनको उपयोग र स्वामित्व

(छ) अन्य विवरण

(अ) कृषिमा उपयोग : सिँचाइ, तथा कृषि सामग्री

(आ) क्षति भएको जग्गाको प्रकार र क्षेत्रफल

(इ) कृषि वन, माछापालन, च्याउखेती, मौरीपालन, पुष्पखेती, नर्सरी तथा रेशमपालन लगायतका अन्य खेतीसम्बन्धी विवरण एवं यिनीहरूले ढाकेको क्षेत्रफल

(उ) कृषि ऋण, बीमा र अनुदानको अवस्था,

(ए) कृषि चलनको आम्दानीबाट खाद्यान्नको पर्याप्तता,

(ऐ) कृषिबजार सम्मको पहुँच,

(ओ) कृषि कार्यमा जलवायु परिवर्तनको प्रभाव, हरित गृह पद्धतिको अभ्यास, माटो परीक्षणको अवस्था, पशुपन्छीआहारको स्रोत, कृषि उत्पादनको प्रयोग, कृषि अवशेष र फोहोरको व्यवस्थापन,

यस बाहेक वडास्तरीय सामुदायिक प्रश्नावली मार्फत कृषिगणनाका लागि छानिएका वडाको भौगोलिक अवस्थिति, आर्थिक-सामाजिक अवस्था, पूर्वाधार एवं सेवासुविधाको उपलब्धता तथा विकास कार्यक्रमहरूबारे थप विवरणहरू सङ्कलन गरिनेछन् ।

## गणनाको एकाइ

राष्ट्रिय कृषिगणना २०७८ मा गणनाको एकाइ “कृषि चलन” लाई मानिएको छ, अर्थात् सम्पूर्ण तथ्याङ्क कृषि चलनअनुसार छुट्टाछुट्टै सङ्कलन गरी एकत्रित गरिनेछन् । कृषि चलनको परिभाषा परिच्छेद ४ मा दिइएको छ ।

## गोपनीयता

गणनाबाट प्राप्त विवरणहरू तथ्याङ्क ऐन, २०१५ अनुसार गोप्य रहनेछन् । यी विवरणहरू समष्टिगतरूपमा मात्र प्रकाशित गरिनेछन् । सङ्कलित तथ्याङ्क गोप्य राखिने कुरामा उत्तरदातालाई विश्वस्त तुल्याउन सके मात्र सही तथ्याङ्क सङ्कलन गर्न सकिन्छ ।

केही कृषकहरूले आफ्नो विवरणको आधारमा जग्गाको हदबन्दी घट्ने वा कर लाग्ने आशङ्काले पनि सही तथ्याङ्क दिन हिच्किचाउने गरेको पाइएको छ । यसकारण गणनामा तथ्याङ्क सङ्कलन स्वामित्वका आधारमा नगरिने, जसको स्वामित्व भए तापनि कृषि चलनलाई महत्व दिइने, सङ्कलित विवरणहरू व्यक्तिगतरूपमा प्रकाशित नगरिने आदि कुराहरूमा उत्तरदातालाई विश्वास दिलाउनुपर्छ ।

## छनोट विधि

यसभन्दा पहिलेका छ ओटा कृषिगणनामाजस्तै यो सातौँ पटकको गणना पनि देशभरका कृषक परिवारहरूको प्रतिनिधित्व हुने गरेर छानिएका कृषक परिवारहरूसँग अन्तर्वार्ता लिएर सम्पन्न गरिनेछ । यसका लागि नेपालका ७५३ वटै स्थानीय तहको छुट्टाछुट्टै प्रतिनिधित्व हुने गरी नतिजा प्राप्त गर्न कृषक परिवारहरू छानिएका छन् ।

छनोट दुई चरणमा गरिएको छ । छनोटको पहिलो चरणमा प्रत्येक स्थानीय तहबाट निश्चित संख्यामा गणना क्षेत्रहरू

छानिएका छन् । गणना क्षेत्र सामान्यतया वडा तथा वडाखण्डलाई लिइएको छ । वडामा भएका कृषि चलन संख्याका हिसाबले ठूला देखिएका वडाहरूलाई टुक्र्याएर वडाखण्डमा विभाजन गरिएको छ। यसरी गणना क्षेत्र बनाउनका लागि राष्ट्रिय जनगणना २०७८ मा सङ्कलन गरिएका कृषिसम्बन्धी विवरणलाई आधार बनाइएको छ। राष्ट्रिय जनगणना २०७८ बाट परिवारले चलन गरेको जग्गाको क्षेत्रफल र परिवारसँग भएका पशुपन्छीको संख्या वडाअनुसार उपलब्ध भएको छ। यसैलाई आधार मानेर कृषिगणना २०७८ को लागि गणना क्षेत्र छनोट गरिएको छ।

छनोटको दोस्रो चरणमा छानिएका प्रत्येक गणना क्षेत्रमा कृषक परिवार लगत (लगत १) प्रयोग गरेर उक्त गणना क्षेत्रका सम्पूर्ण कृषक परिवारको लगत सङ्कलन गरिनेछ। यस लगतको आधारमा त्यस गणना क्षेत्रमा अन्तर्वार्ता लिनुपर्ने कृषक परिवार छनोट गरेर ती परिवारको छुट्टै सूची (लगत १कः छानिएका कृषक परिवार लगत) तयार गरिनेछ र यसको आधारमा गणकले छनोटमा परेका प्रत्येक परिवारमा गएर कृषक परिवार प्रश्नावली (लगत २) भर्नुपर्छ।

साथै, गणनाका लागि छानिएका प्रत्येक गणना क्षेत्रसँग सम्बन्धित वडामा सामुदायिक प्रश्नावली पनि भर्नुपर्छ। वडास्तरीय सामुदायिक प्रश्नावली भर्ने जिम्मेवारी सुपरिवेक्षकको हुनेछ। वडास्तरीय सामुदायिक प्रश्नावली भर्ने विधि सुपरिवेक्षक पुस्तिकामा दिएको छ।

## परिच्छेद २

# गणकलाई जानकारी

तथ्याङ्क सङ्कलनमा गणकको मुख्य भूमिका रहन्छ। गणकको कामको गुणस्तरमा गणनाको सफलता निर्भर गर्दछ। गणक नै यस कृषिगणनाका आधारस्तम्भ हुन् । कृषिगणना कार्यमा संलग्न गणकले नेपाल सरकारको प्रचलित कानुनको अधीनमा रही लगनशीलता र जवाफदेहिताका साथ निर्दिष्ट कर्तव्य निर्वाह गर्नुपर्नेछ।

सामान्यतया गणकले तालिम शुरु भएको मितिदेखि गणना कार्य सम्पन्न नहुन्जेलसम्म तोकिएका कार्यहरू गर्नुपर्नेछ। गणकहरूले कृषकसँग प्रश्न गर्दा एकरूपता कायम गर्नु महत्वपूर्ण हुन्छ। यसका लागि, दक्षतापूर्वक तथ्याङ्क सङ्कलन गर्ने उद्देश्यले सञ्चालन गरिने तालिममा गणकहरू सक्रियरूपमा सरिक हुनुपर्नेछ।

### नियुक्ति–पत्र

आवश्यक प्रक्रियाबाट नियुक्त भएका गणकलाई काममा खटाउनुअघि नियुक्ति-पत्र दिइनेछ र गणकको परिचयको लागि परिचय-पत्रसमेत उपलब्ध गराइनेछ। गणनाको स्थलगत तथ्याङ्क सङ्कलन गर्दा गणकले नियुक्ति-पत्र र परिचय-पत्र दुवै आफ्नो साथमा राख्नुपर्नेछ।

### कार्य विवरण

गणकले प्रमुखरूपमा निम्नलिखित कार्यहरू गर्नुपर्नेछ :

(क) गणक तालिममा सरिक हुने,

(ख) तोकिएको गणना क्षेत्रमा खटिई कृषि चलनको परिभाषाभित्र पर्ने सम्पूर्ण कृषक परिवारहरूको सूचीकरण गर्ने,

(ग) तोकिएको गणना क्षेत्रमा खटिई छनोटमा परेका सबै कृषक परिवारसँग अन्तर्वार्ता लिई आवश्यक लगतहरू भर्ने,

(घ) प्राप्त उत्तरहरू अन्य उत्तरसँग मिल्दो र सही भए नभएको जाँच गर्ने,

(ङ) सुपरिवेक्षकहरूको निर्देशनमा अन्य सम्बन्धित कार्यहरू गर्ने जस्तैः दैनिक कार्यको अभिलेख राख्ने, प्रगति विवरण तयार गर्ने आदि।

### कार्य समय

गणकले आफूलाई तोकिएको क्षेत्रको गणना कार्य सम्पन्न नभएसम्म साँझ, बिहान र बिदाको दिनसमेत काम गर्नुपर्नेछ।

### पारिश्रमिक

गणकको पारिश्रमिक र अन्य सुविधाहरू तोकिएबमोजिम हुनेछन् ।

### जिम्मेवारी

गणकले राष्ट्रिय कृषिगणना २०७८ मा काम गर्न नियुक्ति स्वीकार गरेपछि नेपाल सरकारको नियमानुसार जिम्मेवारीको

वहन भरपर्दो किसिमले गर्नुपर्छ । निजले आफ्नो कार्यमा इमान्दारी, लगनशीलता र समर्पणको भावलाई सदैव हृदयङ्गम गर्नुपर्छ । गणनाका लागि विभागले निश्चित गरेको नियम, अवधारणा एवं परिभाषालाई (यो गणना पुस्तिकामा लेखिएका कुरा) राम्रोसँग बुझेर काम गर्नु अनिवार्य हुनेछ ।

गणकले निम्नलिखित बुँदाहरूमा ध्यान दिनु पर्नेछ ः

(क) आफूलाई तोकिएको गणना क्षेत्रको कृषक परिवार लगत सङ्कलन गरी छनोटमा परेका कृषक परिवार पत्ता लगाएर अन्तर्वार्ता लिनुपर्छ ।

(ख) आफ्नो अधीनमा रहेका फारामहरूको हिफाजत गर्नुपर्नेछ र अनधिकृत व्यक्तिहरूलाई भरिएका फारामहरू हेर्न दिनु हुँदैन ।

(ग) सम्बन्धित अधिकृत वा सुपरिवेक्षकले आवश्यक देखेकोमा बाहेक अन्य कसैलाई पनि आफ्नो जिम्माको गणना कार्य गर्न दिनु हुँदैन ।

(घ) गणकले आफूलाई सुम्पिएको कृषिगणनाको कार्यमा मात्र सीमित राख्नुपर्छ ।

(ङ) गणकले सबैको सहयोग प्राप्त गर्ने प्रयत्न गर्नुपर्नेछ, यसले उत्तरदाताबाट आफूले सोधेको प्रश्नको जवाफ सही रूपमा राजीखुसी साथ पाउन गणकलाई मद्दत पुग्नेछ । असुविधाजनक समयमा अन्तर्वार्ता लिएर उत्तरदातालाई चिढ्याउने काम गर्नु हुँदैन । यी कुराहरूलाई ध्यान दिएको खण्डमा तोकिएको क्षेत्रमा समयभित्रै गणना कार्य सम्पन्न गर्न सकिनेछ ।

(च) गणकले आफ्नो कार्यमा व्यवसायिक दक्षता र कार्य कुशलता कायम गर्ने प्रयत्न गर्नुपर्छ । प्रत्येक गणकबाट विभागले पूर्ण र यथार्थ रूपमा लगत भरिने अपेक्षा गरेको छ ।

(छ) समयको सदुपयोग गर्न र दोहोरोपन हटाउन गणना क्षेत्रको भ्रमणसम्बन्धी पूर्वयोजना बनाउनुपर्नेछ ।

(ज) गणकले आफूलाई सुम्पिएको काम निर्दिष्ट समयमै पूरा गर्नुपर्नेछ ।

(झ) भरिएका फारामहरू गणकले आफ्नो सुपरिवेक्षकलाई तोकिएको समयमा हस्तान्तरण गर्नुपर्नेछ ।

## गणकमा हुनुपर्ने गुण

गणकको प्रमुख कार्य आफूलाई तोकिएको गणना क्षेत्रका कृषक परिवारका घरदैलोमा पुगेर उनीहरूसँग सही अन्तर्वार्ता लिनु हो । तथ्याङ्कको शुद्धता र गणनाको पूर्ण सफलता गणकको उत्तरदाताबाट सहयोग प्राप्तगर्न सक्ने क्षमतामा अत्यधिक निर्भर रहन्छ । त्यसैले उत्तरदाताबाट कसरी सहयोग प्राप्त गर्न सकिन्छ भन्ने कुरा जान्नु उपयोगी हुनेछ ।

**गणकमा निम्न गुणहरू हुनु आवश्यक हुन्छ :**

(क) गणकमा नम्रता, धैर्यता, लगनशीलता र मिलनसारिता जस्ता गुणहरू हुनुका साथै गणक सक्षम र व्यावहारिक हुनु जरुरी छ ।

(ख) उत्तरदाताहरूबाट अपेक्षित सहयोग प्राप्त नभएको अवस्थामा धैर्यपूर्वक उनीहरूलाई गणनाको उद्देश्य र उपयोगिता बुझाउनु पर्छ । उत्तरदाताले दिएका विवरणहरू गोप्य रहने कुरा बुझाई उनीहरूलाई आश्वस्त पार्नुपर्छ ।

(ग) गणकले यथासक्य प्रयत्न गर्दा पनि उत्तरदाताले सहयोग गरेनन् भने अनावश्यक दबाब दिनुहुँदैन र सुपरिवेक्षकलाई तुरुन्त यसको जानकारी दिनुपर्छ । सुपरिवेक्षकले उत्तरदाताको सहयोग जुटाउन स्वयं वा कृषिगणना अधिकृत वा अन्य कुनै स्थानीय बुद्धिजीवी एवं जानकारी राख्ने व्यक्तिहरूमार्फत् प्रयत्न गर्नुपर्छ ।

## जिल्ला कृषिगणना कार्यालय

राष्ट्रिय कृषिगणना २०७८ को गणना कार्य सञ्चालन गर्न प्रत्येक जिल्लामा कृषिगणना कार्यालय खोलिनेछ । यस कार्यालयका प्रमुख कृषिगणना अधिकृत हुनेछन् । सम्बन्धित जिल्लामा गणना कार्य सञ्चालन यसै कार्यालयमार्फत् गरिनेछ । जिल्लामा कृषिगणनासम्बन्धी अन्य विषयसमेतको व्यवस्थापन यसै कार्यालयले गर्नेछ । प्रदेश सदरमुकाम रहेका जिल्लाहरूमा प्रदेश कृषिगणना कार्यालयले नै जिल्ला कृषिगणना कार्यालयको काम गर्नेछन् ।

## सुपरिवेक्षक

प्रत्येक जिल्लामा कृषिगणना अधिकृत मातहत आफू अन्तर्गत गणक कर्मचारीहरूको स्थलगत कार्यको सुपरिवेक्षण गर्न निश्चित संख्यामा गणना सुपरिवेक्षक रहनेछन् । सुपरिवेक्षकले आफ्नो जिल्ला कृषिगणना अधिकृत मातहतमा रहेर कार्य गर्नुपर्नेछ । जिल्ला कृषिगणना अधिकृतले सुपरिवेक्षकसँग तोकिएको समयमा कार्य प्रगति विवरण माग गर्ने र आवश्यक देखेमा सम्पर्कको लागि बोलाउनसमेत सक्नेछन् ।

## गणक

गणकले आफ्नो सुपरिवेक्षकको मातहतमा रहेर कार्य गर्नुपर्नेछ । गणकको कार्य भार (Work Load), मूल्याङ्कन आदि जिल्ला कृषिगणना अधिकृत र सुपरिवेक्षकले निर्धारण गरेबमोजिम हुनेछ । गणना कार्यमा आवश्यक पर्ने सामग्रीहरू जस्तैः प्रश्नावली, गणना पुस्तिका, स्थलगत प्रतिवेदन फाराम आदि जिल्ला कृषिगणना कार्यालयबाट सुपरिवेक्षकमार्फत् प्राप्त हुनेछ । सुपरिवेक्षकले गणकसँग तोकिएको समयमा कार्य प्रगति विवरण माग गर्ने र आवश्यक देखेमा सम्पर्कको लागि बोलाउनसमेत सक्नेछन् ।

## आवश्यक सामग्रीहरू

गणना कार्य सम्पादन गर्न गणकलाई निम्नलिखित सामग्रीहरू उपलब्ध गराइनेछ ः

(क) कृषक परिवार लगत (लगत १)

(ख) छानिएका कृषक परिवार लगत (लगत १क)

(ग) कृषक परिवार प्रश्नावली (लगत २)

(घ) गणना पुस्तिका

(ङ) गणक प्रतिवेदन फाराम/गणकको दैनिक प्रगति फाराम

(च) प्रशासनिक फारामहरू

(छ) अन्य सामग्रीहरूः झोला, छाता, टर्चलाइट, टिसर्ट, क्याप, क्यालकुलेटर, क्लिप बोर्ड, डट्पेन निलो), नोटप्याड, फाइल, नक्सा आदि ।

उपर्युक्त सामग्रीहरू तोकिएको संख्याअनुसार बुझिलिनुपर्नेछ । गणना कार्य समाप्त हुनासाथ भरिएका फारामहरूका साथै प्रयोग नभएका र खर्च भएर नजाने सामानसमेत आफ्नो सुपरिवेक्षकमार्फत् जिल्ला कृषिगणना कार्यालयमा बुझाउनुपर्नेछ ।

# परिच्छेद ३

# तथ्याङ्क सङ्कलन

राष्ट्रिय कृषिगणना २०७८ को तथ्याङ्क सङ्कलनलाई दुई चरणमा विभाजन गरिएको छ। पहिलो चरणमा छानिएका गणना क्षेत्रहरूबाट सम्पूर्ण कृषक परिवारहरूको लगत सङ्कलन गरिनेछ। दोस्रो चरणमा कृषक परिवार लगत (लगत १) बाट आवश्यक संख्यामा कृषक परिवार छनोट गरी छानिएका कृषक परिवारबाट कृषक परिवार प्रश्नावली (लगत २) भरिनेछ। यसबाहेक, गणना क्षेत्रसँग सम्बन्धित वडामा वडास्तरीय सामुदायिक प्रश्नावली (लगत ३) भर्नुपर्छ।

**तथ्याङ्क सङ्कलनको तरिका**

कृषिगणनामा गणकले कृषक परिवारको घर-दैलोमा पुगी कृषकसँग अन्तर्वार्ता लिएर प्रश्नावली भर्नुपर्छ।

**सन्दर्भ अवधि**

राष्ट्रिय कृषिगणना २०७८ मा सन्दर्भ वर्ष र सन्दर्भ दिन गरी दुई किसिमका सन्दर्भ अवधि मानिएका छन्। सन्दर्भ वर्ष भन्नाले पुस १७, २०७७ देखि पुस १६, २०७८ सम्मको १२ महिनाको अवधिलाई मानिएको छ। सन्दर्भ दिन भन्नाले गणना भएको दिनलाई मानिएको छ। लगत १ तथा लगत २ अन्तर्गत सङ्कलन गरिने विभिन्न विवरणहरूको सन्दर्भ समय साधारणतया १२ महिनाको अवधिलाई मानिएको भए तापनि केही खास कुरामा भने सन्दर्भ अवधि गणनाको दिनलाई मान्नुपर्नेछ। कुन विवरणका लागि कुन सन्दर्भ अवधि लिने भन्ने सूची "गणनाको सन्दर्भ अवधि" अनुसूची १ मा दिइएको छ।

कृषिगणनामा सन्दर्भ अवधिको अति नै महत्व हुन्छ। सन्दर्भ अवधिसम्बन्धी गल्तीहरूले तथ्याङ्कको आधारभूत प्रकृतिमै भिन्नता ल्याइदिन्छन्। *उदाहरणका लागि किरणले चलन गरेको एक कित्तामा दुई बाली लाग्ने गर्छ। किरणले उक्त कित्तामा एक बाली (वर्षे बाली) आफैँले खेती गरे र हिउँदमा सो कित्ता शान्तिलाई हिउँदे बाली लगाउन दिएका छन्। कोभिड-१९ का कारण यस पटक कृषिगणना बैशाख जेठमा हुने भएको हुँदा उक्त जग्गा शान्तिको चलनअन्तर्गत लिनुपर्ने हुन्छ किनकि चलन गरेको जग्गाको लागि सन्दर्भ समय गणनाको दिन हो। यस्तो अवस्थामा किरणले पहिले लगाइएको एक बालीको विवरण पनि शान्तिसँग नै लिनुपर्ने हुन्छ।*

**अन्तर्वार्ताको तयारी**

सफलतापूर्वक अन्तर्वार्ता लिनसक्नु एउटा कला हो। यान्त्रिक प्रक्रियाले मात्र यो कार्य सफल हुँदैन। सफल अन्तर्वार्ताका लागि पूर्व तयारी आवश्यक पर्छ। गणकलाई अन्तर्वार्ता लिन सहयोग पुग्ने केही आवश्यक कुराहरू यहाँ उल्लेख गरिएका छन्।

(क) लगत फाराम तथा प्रश्नावली राम्रोसँग बुझ्नुपर्छ किनभने तिनमा प्रयोग भएका शब्दावलीहरूको पूर्ण ज्ञान नभएको खण्डमा अन्तर्वार्ता सञ्चालन गर्न गाह्रो पर्छ।

(ख) गणना क्षेत्र र उत्तरदातासम्बन्धी पूर्व जानकारी राख्ने यथासम्भव प्रयत्न गर्नुपर्छ। यसका लागि स्थानीय प्रतिष्ठित व्यक्तिहरूसँग सम्पर्क राखी आवश्यक जानकारी लिनुपर्छ।

(ग) अन्तर्वार्ताको लागि दैनिक कार्यतालिका बनाउनु आवश्यक छ ।

(घ) कृषक परिवारको घरदैलोमा उनीहरू भेट हुने समय विचार गरेर पुग्ने गर्नुपर्छ । यसका लागि गणकले अवस्था हेरी बिहान वा बेलुका पनि जानुपर्ने हुन सक्छ । उत्तरदाताले असुविधा महसुस गर्ने समयमा भने कृषक परिवारको घरमा भरसक जानु हुँदैन ।

**अन्तर्वार्ताको सञ्चालन**

गणकले कृषक परिवारको घरमा पुगेपछि नम्रतापूर्वक आफ्नो परिचय दिनुपर्छ । आफ्नो परिचयका साथै अन्य जानकारी यस प्रकारले दिन सकिन्छ ः

*"नमस्कार, म केन्द्रीय तथ्याङ्क विभागको गणक कर्मचारी हुँ । मेरो नाम ............... हो ।" (आवश्यक परेमा कर्मचारी परिचय-पत्र पनि देखाउनुपर्छ ।) "हाल केन्द्रीय तथ्याङ्क विभागले राष्ट्रिय कृषिगणना २०७८ को गणना कार्य सञ्चालन गरिरहेको छ । म सोही कामका लागि खटिएर यहाँ आएको छु । कृषिगणनामा परिवारले चलन गरेको जग्गासम्बन्धी विवरणहरू सङ्कलन गरिन्छन् । यस किसिमको तथ्याङ्कले कृषि विकासका योजना तर्जुमा गर्न धेरै सहयोग पुऱ्याउँछ । यस वडामा तपाईंको परिवार छनोटमा परेकोले तपाईंबाट सहयोगको आशा गर्दछु । म तपाईंसँग केही विवरणहरू लिन चाहन्छु । तपाईंले दिएका सबै विवरणहरू अत्यन्त गोप्य राखिनेछन्"* आदि ।

**अन्तर्वार्ता लिँदा विचार पुऱ्याउनुपर्ने कुराहरू**

(क) गणना क्षेत्रमा काम गर्ने कर्मचारी आफू जसरी प्रस्तुत भएको छ त्यसले उत्तरदातामा सोहीअनुरूप प्रभाव पार्दछ । कर्मचारीले सफा र सादा कपडा लगाउनुपर्छ, आफू नम्र रहने र उत्तरदातासँग सरल व्यवहार गर्ने गर्नुपर्छ ।

(ख) उत्तरदाताले दिएका विवरणहरू शङ्कास्पद लागेमा पनि सोको तत्कालै प्रतिवाद नगरी कुशलतापूर्वक प्रश्न पुनः दोहोऱ्याएर सोध्ने गर्नुपर्छ ।

(ग) सही तथ्याङ्क सङ्कलनका लागि गणकले कहिलेकहीँ असम्बन्धित विषयमा पनि छलफल गर्नुपर्ने हुन सक्छ । तर यसो गर्दा गणकले आफू कृषिगणनाको सिलसिलामा तथ्याङ्क सङ्कलन गर्न खटिएको हो भन्ने कुरालाई सधैँ हेक्का राख्नुपर्छ ।

(घ) प्रश्नहरू सोध्दा प्रश्नावलीमा जुन क्रममा लेखिएको छ त्यस्तै क्रममा सोध्नुपर्छ ।

(ङ) प्रश्नावली जुन शब्दमा लेखिएका छन् तिनै शब्दमा सोध्नुपर्छ । यदि उत्तरदाताले प्रश्न नबुझेमा थप प्रश्नहरू सोधेर वा भाव स्पष्ट हुने गरी प्रश्न बुझाउनुपर्छ ।

(च) उत्तरदातासँग निर्देशात्मक प्रश्नहरू (Leading Questions) सोध्नुहुँदैन । *उदाहरणको लागि "घरमा तपाईंको परिवार मात्र बस्छन् होइन र ?" भनेर सोध्दा यदि उनीहरूका अतिरिक्त अन्य परिवार पनि बसिरहेका रहेछन् भने पनि "हो" भन्ने संभावना हुन्छ ।*

(छ) कुनै पनि प्रश्नको उत्तर आफूलाई थाहा छ भन्ने पूर्वाग्रह राखेर प्रश्नावली भर्नु हुँदैन । सबै प्रश्नको जवाफ दिने मौका उत्तरदातालाई नै दिनुपर्छ ।

(ज) सबै प्रश्नहरू सामान्य एवं तटस्थ भावले सोध्नुपर्छ । उत्तरदाताले दिएको उत्तरमा आश्चर्य, स्वीकृति वा अस्वीकृतिका भाव, शब्द वा अनुहार कुनै पनि माध्यमबाट प्रकट गर्नु हुँदैन ।

(झ) उत्तरदाताले दिएको उत्तरलाई ध्यानपूर्वक सुन्नुपर्छ किनभने उत्तरदाताले एकै पटकमा धेरै प्रश्नहरूको उत्तर पनि दिएका हुन सक्छन् ।

(ञ) विशेष कारणवश कुनै प्रश्नको संक्षिप्त उत्तर दिन उत्तरदाता असमर्थ हुन सक्छन् । यस्तो अवस्थामा उत्तर पाउन कुरा खोतल्नु आवश्यक हुन्छ । यसरी उत्तर खोतल्दा उत्तरदाताले उत्तरको पुष्टि गर्ने र दिएका उत्तर पछाडि रहेका मर्मलाई प्रष्ट पार्ने मौका पनि पाउँछन् । थप सोधखोज गर्न सहायक हुने केही उदाहरण :

*प्रश्न दोहोर्‍याएर पढ्नु वा निम्न प्रकारका थप प्रश्न गर्नु,*

*"यसबाहेक अन्य केही छुटेको छ कि ?"*

*"यसका अन्य कारण छन् कि ?"*

*"यस विषयमा अझ प्रष्ट पारिदिनु हुन्छ कि ?"*

*"अरू पनि केही छ कि ?"*

(ट) उत्तरदातालाई उनीहरूसँग सोधिएका विवरणहरू गोप्य रहने र कृषिगणनाको नतिजा तयार गर्दा यी विवरणहरू एकमुष्ट गरेर व्यक्तिगत/पारिवारिक पहिचान नखुलाई तयार गरिनेछन् भनेर राम्रोसँग बुझाउनुपर्छ ।

(ठ) अन्तर्वार्ताको क्रममा उत्तरदाताले गणकसँग कृषिगणनाबारे वा यो गणनामा आफ्नो परिवार कसरी छानियो वा यो गणनाले मेरो परिवारलाई के फाइदा होला जस्ता प्रश्नहरू सोध्न सक्छन् । यस्ता प्रश्नको उत्तर कृषि तथ्याङ्कको महत्वलाई प्रष्ट पारी सरल भाषामा दिनुपर्छ ।

(ड) प्रश्नावलीमा सम्पूर्ण उत्तरहरू अन्तर्वार्ताकै क्रममा अनिवार्य भर्नुपर्छ । कुनै प्रश्न पछि भर्नका लागि छोड्दा बिर्सन सकिन्छ ।

(ढ) अन्तर्वार्ता समाप्त गर्नुअगाडि सबै प्रश्नहरूको जवाफ ठीक भए नभएको जाँच गर्नुपर्छ । अक्सर, अन्तर्वार्ता सिध्याएर छिटो हिँड्ने हतारमा गणकले प्रश्न छुटाएर वा अधुरो उत्तर लिएर गल्ती गर्न सक्ने संभावना रहन्छ । यस्ता गल्तीलाई हटाउन गणकले उत्तर भर्दा पर्याप्त समय दिनुपर्छ र भरिएका प्रश्नावली अन्तर्वार्ता सक्नु अगाडि एकपल्ट दोहोर्‍याउनु पनि अति जरुरी हुन्छ ।

## भरिएका प्रश्नावलीको पुनरावलोकन

आफ्नो दैनिक काम सिध्याएपछि प्रत्येक दिन गणकले पुनः एकपल्ट भरिएका सबै प्रश्नावलीहरू जाँच गर्नुपर्छ । यसो गर्दा मुख्यतया निम्न कुरामा ध्यान पुर्‍याउनु पर्छ :

*"कुनै उत्तर ठिक ठाउँमा भरिएको छैन कि ?"*

*"कुनै प्रश्न सोध्न छुटेको छ कि ?"*

*"सरसर्ती हेर्दा टड्कारो गल्ती देखिन्छ कि ?"*

## सुपरिवेक्षण र नियन्त्रण

यसरी जाँच गर्दा गल्ती देखिएमा तुरुन्त सुधार गर्नुपर्छ । आवश्यक देखिएमा सम्बन्धित कृषक परिवारको घरमा पुनः जानुपर्छ । गणकले आफूले भरेका प्रश्नावलीहरू जाँच गर्दा गल्ती भेटिएमा सो सच्याएर यथाशीघ्र आफूसँग भएका प्रश्नावलीहरू आफ्नो सुपरिवेक्षकलाई बुझाउनुपर्छ ।

निर्देशनअनुसार गणकले काम गरे नगरेको मूल्याङ्कन गर्नका लागि सुपरिवेक्षकले भरिएको प्रश्नावलीहरू जाँच गर्नुपर्नेछ । यसबाहेक, सुपरिवेक्षकले गणकले अन्तर्वार्ता लिइसकेका केही कृषक परिवारलाई उनीहरूको घरदैलोमा

गई भेट्नुपर्छ । सुपरिवेक्षकले यस्तो भेटघाटमा गणकले सम्बन्धित कृषक परिवारसँग लिएको अन्तर्वार्ता ठीक भए नभएको जाँच गर्नुपर्छ । यसका लागि प्रश्नावलीमा गणकले पहिले भरिसकेको उत्तरसँग सुपरिवेक्षकले आफूले प्राप्त गरेको उत्तर भिडाउनुपर्छ र केही थप जानकारी प्राप्त भएमा सोसमेत लिनुपर्छ । सुपरिवेक्षकले देखाएका गल्तीहरूलाई गणकले सच्याउनुपर्नेछ ।

गणकले तोकिएको गणना क्षेत्रको भ्रमण गरेर काम पूरा गरे नगरेको जाँच पनि सुपरिवेक्षकले गर्नुपर्छ । स्थानीय निकायका पदाधिकारी वा जानकार व्यक्तिसँग सम्पर्क राखी कृषक परिवारको गणना भए नभएको कुराको यकिन पनि सुपरिवेक्षकले नै गर्नुपर्छ । यसै गरी जिल्ला कृषिगणना अधिकृतले पनि आफू मातहतका सुपरिवेक्षकहरूको कार्य प्रगतिको नियमितरुपमा सुपरिवेक्षण गर्नुपर्छ । स्तरीय तथ्याङ्क सङ्कलनका लागि सुपरिवेक्षकहरूबाट गरिने यस किसिमको जाँच कार्य गणनाको एउटा आवश्यक सशक्त पक्ष हो ।

**समस्या समाधान**

विगतका गणनाहरूको अनुभवबाट के देखिएको छ भने उत्तरदातासँग आदर सम्मानको व्यवहार गरेमा निजले विवरण दिन अस्वीकार गर्ने छैनन् । कतै कुनै असहयोगी उत्तरदाता भेटिएमा निजलाई कृषिगणनाको उद्देश्य र उपयोगिताबारे विस्तृत रूपमा बुझाउनुपर्छ र सङ्कलित तथ्याङ्क गोप्य रहनेछन् भनी विश्वस्त पार्नुपर्छ । यदि सबै कुरा बुझाई सकेपछि पनि उत्तरदाताले जवाफ दिन मानेनन् भने पनि कहिल्यै आवेशमा आउनु हुँदैन । यस्तो अवस्थामा गणकले आफ्नो सुपरिवेक्षकलाई तुरुन्त जानकारी दिनुपर्छ । सुपरिवेक्षकले स्थानीय पदाधिकारी वा बुद्धिजीवी व्यक्तिको सहयोगबाट उत्तरदातालाई अन्तर्वार्ताका लागि मनाउनेछन् ।

गणना कार्यको सिलसिलामा अनावश्यक बहस गर्ने प्रवृत्तिका व्यक्तिहरू पनि यदाकदा भेटिन सक्छन् । उनीहरूले गणनाको केही पक्षबारे प्रश्न उठाउन सक्नेछन् । उनीहरूलाई आफ्नो कुराहरू भन्ने उचित मौका दिनुपर्छ । उनीहरूले आफ्ना मनमा लागेका कुरा भन्न पाएपछि ज्यादै सहयोगी भएका उदाहरणहरू पनि विगतमा पाइएका छन् ।

माथिका समस्याहरू बाहेक अन्य कुनै समस्याहरू देखिएमा र सो समस्या गणकबाट समाधान नहुने भएमा यसको जानकारी गणकले तुरुन्त सुपरिवेक्षकलाई दिनुपर्छ ।

# परिच्छेद ४
# अवधारणा तथा परिभाषा

कृषिगणना २०७८ को प्रश्नावली तथा अन्य फारामहरूमा प्रयोग भएका केही प्राविधिक अवधारणा तथा शब्दावलीहरूको परिभाषा यस परिच्छेदमा दिइएको छ। यी परिभाषाहरू राम्रोसँग नबुझेसम्म गणनाको काम गर्न गाह्रो पर्छ तसर्थ यो परिच्छेदको अध्ययन महत्वपूर्ण छ।

### कृषि कार्य

कृषि कार्य भन्नाले निम्नलिखित कार्यहरूलाई बुझाउँदछ ः

(क) अन्न, दलहन, तेलहन, तरकारी, फलफूल, नगदेबाली र अन्य कृषि बाली उत्पादन,

(ख) गाई/भैँसी, भेडा/बाख्रा, सुँगुर/बङ्गुर आदि पशुपालन,

(ग) अर्थोपार्जन वा मासु, अण्डा उत्पादनको दृष्टिले गरिने पन्छीपालन, तथा

(घ) कृषि वन लगाउने माछापालन, माहुरीपालन, च्याउखेती, पुष्पखेती, नर्सरीखेती, रेशमपालन जस्ता अन्य खेतीसम्वन्धी कार्यहरू।

### कृषि चलन

एउटै व्यक्ति वा परिवारले वा निकायले रेखदेख (व्यवस्थापन) गरेको कृषि उत्पादनको एक आर्थिक एकाइलाई कृषि चलन भनिन्छ। यस्तो कृषि चलनभित्र आफ्नो हकको वा अर्काको हकको भए पनि जुनसुकै सर्तमा लिई आंशिक वा पूर्णरूपमा कृषि उत्पादनको उद्देश्यले पालिएका पशुपन्छीहरू वा जुनसुकै आकारको भए पनि कृषिका लागि उपयोग गरिएको सम्पूर्ण जग्गा पर्छ।

एउटै व्यवस्थापन भन्नाले कुनै व्यक्ति, परिवार वा संस्था (सरकारी, गुठी, साझा, सहकारी आदि) का प्रतिनिधिद्वारा सञ्चालन गरेको वा गराइएको बुझ्नुपर्छ। चलन गरिएको जग्गा एउटै स्थानीय तहको एउटै वडामा वा विभिन्न वडामा वा एउटै स्थानमा वा विभिन्न स्थानमा छरिएको वा एकभन्दा बढी कित्ता मिलेर बनेको हुन सक्छ। यसरी कित्ता छरिएको भए तापनि सामूहिकरूपमा खेताला, औजार वा जोत्नेतान्ने जनावरजस्ता उत्पादनका प्रमुख साधनहरूको प्रयोग गरिएको भए एकै आर्थिक एकाइद्वारा सञ्चालित कृषि चलन मानिएको छ। सजिलो भाषामा भन्नुपर्दा एक व्यक्तिको जिम्मा र रेखदेखमा रहेको सम्पूर्ण कृषि कार्यलाई “कृषि चलन” मानिएको छ।

कुनै संस्थाले कुनै व्यक्तिलाई प्रतिनिधि तोकी कृषि चलनको सम्पूर्ण अधिकार प्रत्यायोजन गरी चलन गर्न दिएको कृषि कार्य सोही व्यक्तिको चलनमा पर्छ। तर सामुहिकरूपमा संस्थाले नै चलन गरेको वा कृषक परिवारले तोकिएको न्यूनतम सीमा पूरा गरी सञ्चालन गरेको रहेछ भने त्यस्तो चलन संस्थागत अन्तर्गत पर्ने भएकोले यस गणनामा समावेश गर्नुपर्छ।

### कृषि चलनको न्यूनतम सीमा

राष्ट्रिय कृषिगणना २०७८ मा जग्गाको क्षेत्रफल वा पशुपन्छीको संख्या तल लेखिएबमोजिम भएमा मात्र कृषि चलन

मानिएको छ :

(क) हिमाल र पहाडका जिल्लामा कम्तीमा ४ आना (०.०१२७२ हेक्टर) र तराईका जिल्लामा कम्तीमा ८ धुर (०.०१३५५ हेक्टर) क्षेत्रफल बाली लागेको जग्गा भएमा, वा

(ख) जुनसुकै उमेरका कम्तीमा १ ओटा गाई/भैँसी जस्ता ठूला चौपाया पालेको भएमा, वा

(ग) कम्तीमा ५ ओटा भेडा/बाख्रा, सुँगुर/बङ्गुर जस्ता चौपाया पालेको भएमा, वा

(घ) चल्ला र माउ गरी कम्तीमा २० वटासम्म पन्छी (कुखुरा, हाँस) पालेको भएमा ।

तर, तल लेखिएका आर्थिक क्रियाकलापहरूमा मात्र संलग्न आर्थिक एकाइलाई कृषि चलन मानिँदैन । किनभने यी क्रियाकलाप कृषि कार्यको क्षेत्रभन्दा बाहिर पर्छन् ।

(अ) शिकार खेल्न/मनोरञ्जन गर्न बनाइएका स्थानहरूको सञ्चालन,

(आ) जङ्गल तथा रुख कटानी,

(इ) माछा समात्ने/मार्ने काम,

(ई) कृषि सेवामा मात्र सीमित आर्थिक एकाइ जस्तैः माटो परीक्षण गर्ने प्रयोगशाला ।

**कृषि चलनसम्बन्धी केही थप बुँदाहरू**

(क) कृषि चलन हुनका लागि जग्गा हुनै पर्छ भन्ने छैन । यदि पशुपन्छी पालन गरेको रहेछ भने पनि कृषि चलन मानिन्छ ।

(ख) एकै व्यक्तिको स्वामित्वमा अथवा निर्देशनमा रहेको भए तापनि उत्पादनको आर्थिक एकाइहरू अलग व्यक्तिहरूले सञ्चालन गरेका भएमा बेग्लाबेग्लै कृषि चलन मानिन्छ । जस्तै : धनमायाको एकै वडाको तीन ठाउँमा जग्गा छ र उनले ती तीन ठाउँमा आफ्ना तीनओटा छोरालाई अलगअलग जग्गा दिई छुट्टाछुट्टै खेतीपाती गर्ने जिम्मेवारी सुम्पेकी रहिछिन् र उनका तीनवटै छोराहरू आ-आफ्नो परिवारसहित अलगअलग बस्दा रहेछन् भने तीनओटा कृषि चलन मान्नुपर्छ । उक्त तीनै ठाउँका जग्गा धनमायाकै नाममा रहेको पनि हुन सक्छ ।

(ग) दुई वा दुईभन्दा बढी परिवारहरूले संयुक्त रूपमा चलाएको “कृषि चलन” लाई एकै कृषि चलन मानिन्छ । यस्तो कृषि चलनको स्थिति “साझा-चलन परिवार” अन्तर्गत पर्छ ।

(घ) यदि कृषि उत्पादनका लागि साझा, गुठी, सहकारी, संघसंस्था, तथा निजी गुठीले कुनै व्यक्ति वा परिवारलाई आर्थिक तथा प्राविधिक जिम्मेवारी वहन गर्ने गरी कृषि कार्यको जिम्मा लगाइएको भएमा त्यसलाई एक कृषि चलन मानी गणना गर्नुपर्छ ।

(ङ) सार्वजनिक चउर, चरन, सरकारी वनलाई कृषि चलन मानिँदैन तसर्थ कृषिगणनामा यस्ता जग्गालाई समावेश गरिँदैन ।

(च) च्याउखेती, पुष्पखेती गरेको मात्र आधारमा पनि कृषि चलन मानी कृषक परिवार लगत भर्नु पर्दछ ।

(छ) तर माछापालन, रेशमपालन, मौरीपालन गरेको मात्र आधारमा कृषि चलन मानी कृषक परिवार लगत भर्नु हुँदैन ।

**कृषि चलनको उदाहरण**

*उदाहरणको लागि कुनै एक परिवारले निम्नअनुसार जग्गा चलन गरेको रहेछ :*

*(क) कपिलवस्तु जिल्लाको कृष्णनगर न.पा. वडा नं. 4 मा 2 बिघा खेती गरेको जग्गा,*

*(ख) सोही न.पा.को वडा नं. 5 मा 10 कठ्ठा जग्गामा माछापालन, 2 बिघामा खेती र 2 कठ्ठामा घरबास,*

*(ग) कपिलवस्तु जिल्लाको तौलीहवा न.पा. वडा नं. 7 मा 10 कठ्ठा खेती गरेको जग्गा,*

यदि कृषिगणना कपिलवस्तुको कृष्णनगर न.पा. वडा नं. 5 मा सम्पन्न हुँदैछ भने माथि (क), (ख) र (ग) मा लेखिएका जग्गालाई एक कृषि चलन मानिने छ। यहाँ (ग) को जग्गा अर्कै पालिकामा परेको भए तापनि यसको लगत यसै कृषि चलनअन्तर्गत लिनुपर्छ।

**संस्थागत कृषि चलन**

विगतका कृषिगणनाहरुमा गैर घरपरिवारले संस्थागत रुपमा संचालन गरेका कृषि क्रियाकलापसम्बन्धी बिवरणहरु संकलन नगरी घरपरिवारले सञ्चालन गरेका कृषि क्रियाकलापसम्वन्धी विवरणहरु मात्र संकलन गर्ने गरिएको थियो। यस कृषिगणनामा यी दुवै क्षेत्रबाट गरिने कृषि क्रियाकलापसम्वन्धी विवरणहरु संकलन गर्न लागिएको छ। राष्ट्रिय कृषिगणना २०७८ को पुरक अंगको रुपमा रहेको घर परिवारबाहेकका यस्ता संस्थागत क्षेत्रहरुले गरेका कृषि क्रियाकलापसम्बन्धी बिस्तृत बिवरणहरु संकलन गर्नु यसको मुख्य उद्देश्य हो। यस गणनामा सरकारी, अर्धसरकारी निकाय, सहकारी प्रत्यक्ष संलग्न भइ गरिने कृषि कार्यहरु; स्कुल, कलेज, धार्मिक संघसंस्था खुद आफैले सञ्चालन गरेका कृषि कार्यहरु; व्यापारिक घरना/समुहले सञ्चालन गरेका कृषि कार्यहरु र तोकिएको संख्या वा सोभन्दा बढीको संख्यामा पशुपन्छी पालेका कृषकहरुलाई संस्थागत कृषिचलन वा सो सरह मानिएको छ। सम्बन्धित संस्थागत कृषिचलनको प्रमुख वा गैरघरपरिवारको मुख्य कृषक नै यस प्रश्नावलीको उत्तरदाता हुन्छ। सुपरिवेक्षकले आफ्नो कार्य क्षेत्र भित्रका गणना क्षेत्र रहेका वडाहरुको सम्पूर्ण संस्थागत कृषिचलनको लगत २ भर्नुपर्दछ। गणना क्षेत्र नरहेको वडामा रहेका संस्थागत कृषिचलनको सन्दर्भमा भने प्रदेश/जिल्ला कृषिगणना अधिकृतले कार्यबोझको आधारमा कुनै सुपरिवेक्षकलाई जिम्मेवारी तोकी गणना गराउनु पर्दछ।

**कित्ता**

कृषिगणनामा प्रयोग गरिएको कित्ता र साधारण बोलीचालीको भाषामा (वा नापीमा) प्रयोग गरिएको कित्ता एकै होइनन्। कृषिगणनामा वरिपरि अरूको साँध भएर बीचमा रहेको जमिनको भागलाई कित्ता भनिन्छ। कहिलेकहीँ कित्ताको साँधमा खोला, जंगल, भीर, नदीजस्ता प्राकृतिक साँध पनि पर्न सक्छन्। जग्गाको कित्ता र गह्रा फरकफरक कुरा हुन्। एकै चलनअन्तर्गत दुई वा दुईभन्दा बढी कित्ता हुनका लागि एक कित्ताभित्रका गह्रा अर्को कित्ताभित्रका गह्रासँग कतैतिरबाट जोडिएको हुनुहुँदैन। कृषिगणनाको सन्दर्भमा कित्तासम्बन्धी अवधारणालाई बुझ्न निम्न कुराहरूमा ध्यान दिनुपर्छ :

(क) कित्ता भन्नाले लालपुर्जामा उल्लेख हुने कित्ता नभई खेत वा बारीको चक्ला अर्थात् एकै ठाउँमा रहेको वरिपरि अर्को व्यक्तिले चलन गरेको जग्गा वा प्राकृतिक सीमाले छुट्ट्याएको जग्गाको टुक्रालाई बुझाउँछ।

(ख) आफ्नो हकको आफैँले चलन गरेको जग्गासँग अरूसँग कुनै पनि सर्तमा (भोगबन्धक, जिन्सी, नगद तिर्ने गरी, अधियाँ वा अन्य सर्तमा) लिई चलन गरेको जग्गा जोडिएको रहेछ भने एउटै कित्ता मानिन्छ।

(ग) एउटै चलनमा रहेको जग्गाको चक्लाको बीचमा स्थायी ठूलो बाटो, नदी, नहर, खोला आदि छन् भने त्यसले टुक्र्याएका फरकफरक टुक्रालाई अलगअलग कित्ता मान्नुपर्छ ।

(घ) कुनै एउटा चक्ला वा टुक्रा जग्गा खेत र पाखोमा विभाजित हुन सक्छ । त्यस्तो अबस्थामा ती दुवैलाई सिद्धान्ततः एउटै कित्ता मान्नुपर्ने हो तर गणनामा खेत र पाखोको क्षेत्रफल छुट्टाछुट्टै लेख्नुपर्ने हुन्छ । साथै पाखो र खेतका सिँचाइका स्रोत फरकफरक हुन सक्ने भएको हुँदा एउटै कित्ता मानेर विवरण सङ्कलन गर्न गाह्रो पर्न सक्छ । तसर्थ त्यस्तो अवस्थामा खेत र पाखोलाई दुई कित्ता मानेर विवरण सङ्कलन गर्नुपर्छ ।




*कित्ताको उदाहरण   माथिको चित्रमा कुनै एक कृषक/कृषक परिवारले चलन गरेको जग्गाको स्थिति देखाइएको छ :*

*"क"   उनको परिवारले छिमेकीलाई चलन गर्न दिएको खेत हो ।*

*"ख"   उनको परिवारको आफ्नै हकको आफैले चलन गरेको खेत हो ।*

*"ग"   उनले अर्कोसँग अधियाँ (बाली बाँड्ने) सर्तमा लिइएको खेत हो ।*

*"घ"   उनको आफ्नै हकको आफैले चलन गरेको खेत हो ।*

*"ङ"   उनको आफ्नै परिवारको हकको आफैले चलन गरेको पाखोबारी हो ।*

*"च"　　छिमेकीलाई चलन गर्न दिएको उनको आफ्नो परिवारको हकको खेत हो ।*

*"छ"　　उनको छिमेकीले चलन गरेको खेत हो ।*

*"ज"　　उनको परिवारको आफ्नो हकको आफैले चलन गरेको खेत हो ।*

*"झ"　　उनको परिवारको आफ्नो हकको आफैले चलन गरेको खेत हो ।*

गणनाको लागि - "ख", "ग", "घ" एउटै कित्ता हो । त्यस्तै "ङ" कित्ता "ख", "ग", "घ" कित्ताहरूसँग जोडिएको भए तापनि पाखो भएको हुनाले छुट्टै कित्ता हुन्छ। "ग" टुक्रा आफ्नै हकको खेत नभए तापनि आफूले चलन गरेको र आफ्ना अरू खेतहरूसँग जोडिन गएकोले गणना प्रयोजनका लागि एउटै कित्ता मान्नुपर्ने हुन्छ। "च" र "ज" सँगै जोडिएको र आफ्नै हकको जग्गा भए पनि "च" छिमेकीले चलन गरेको र "ज" आफैले चलन गरेको हुनाले "ज" लाई मात्र उसको कित्ता मानी लेख्नुपर्छ। यसै गरी, "झ" अर्को एक कित्ता हो । यो उदाहरणमा कित्ता "ख" र "च" लाई पक्की सडकले छुट्ट्याएको छ र कित्ता "ज" र "झ" लाई नदीले छुट्ट्याएको छ। कित्ता "क" छिमेकीले चलन गरेको हुँदा यो कित्ता पनि परिवारको चलनमा समावेश गर्नु पर्दैन ।

यहाँ, कृषकले चलन गरेको जम्मा जग्गामा ४ ओटा कित्ताहरू भए र कृषिगणनाको प्रश्नावली भर्दा सोहीअनुसार कित्ता संख्या लेख्नुपर्छ, जबकि लालपुर्जाअनुसार धेरै कित्ता हुन सक्छन् ।

**मुख्य कृषक**

कृषि चलनको सम्पूर्ण चाँजोपाँजो मिलाउने, उपलब्ध हुन सक्ने साधन र स्रोतको कसरी उपयोग गर्नुपर्छ भन्ने कुरा निर्णय गर्ने, कृषि उत्पादनको वितरणसम्बन्धी निर्णय लिने र प्राविधिक तथा आर्थिक जिम्मेवारीसमेत वहन गर्ने व्यक्तिलाई मुख्य कृषक भनिन्छ। मुख्य कृषकले आफ्नो वा आफ्नो परिवारको हकको अथवा अरूको जुनसुकै सर्तमा लिएको जग्गाको आफैले वा प्रतिनिधिमार्फत् दैनिक कामको रेखदेख गरे गराएको हुन सक्छ। मुख्य कृषक र परिवारमूली एकै व्यक्ति हुन वा नहुन सक्छ । परिवारमा अक्सर बसोबास नगर्ने व्यक्ति मुख्य कृषक हुन सक्दैन ।

**मुख्य कृषक छुट्ट्याउन ध्यान दिनुपर्ने कुराहरू**

(क) परिवारमूली भन्नाले घरको दैनिक व्यवहारको चाँजोपाँजो मिलाउने र परिवारका सदस्यले मूलीको रूपमा मानेको व्यक्ति सम्झनुपर्छ । मुख्य कृषक भन्नाले कृषि चलनको आर्थिक तथा प्राविधिक विषयमा निर्णय लिने, खेतीपातीको रेखदेख गर्ने र निर्देशन दिने व्यक्तिलाई जनाउँछ।

(ख) मुख्य कृषकले चलनको रेखदेख आफू स्वयंले वा अरू व्यक्तिबाट गराइराखेको हुन सक्छ। अरूबाट रेखदेख गराइएकोमा आर्थिक तथा प्राविधिक विषयमा उसले निर्देशन दिएको हुन्छ।

(ग) मुख्य कृषक दुई प्रकारका हुन्छन् ः

　(अ) कृषि चलनमा अरूलाई निर्देशन दिनुको साथै आफू पनि विभिन्न कामहरू गर्ने (जस्तैः रोप्ने, काट्ने, खन्ने, जोत्ने, बाली स्याहार्ने आदि काम गर्ने) व्यक्तिहरू।

　(आ) चलनको रेखदेख गर्ने, निर्देशन दिने र कामदारद्वारा काम गराउने व्यक्तिहरू।

(घ) कुनै व्यक्ति मुख्य कृषक हुनुको अतिरिक्त अन्य कार्यमा पनि संलग्न भएको हुन सक्छ, जस्तैः जागिर, उद्योग, व्यापार आदि । मुख्य कार्य अन्य भए तापनि यदि उसले आफ्नो कृषि चलनको रेखदेख, निर्देशन, तथा आर्थिक एवं प्राविधिक विषयमा निर्णय दिन्छ भने उसलाई नै मुख्य कृषक मान्नुपर्छ।

(ङ) हाम्रो समाजमा प्रायः जसको नाममा जग्गा छ उसैलाई मुख्य कृषक भन्ने गरेको पनि पाइन्छ । तर कृषिगणनाको लागि मुख्य कृषक भन्नाले जग्गाको कानुनी स्वामित्व भएको नभई जसले खेतीपातीको आर्थिक तथा प्राविधिक चाँजोपाँजो मिलाउँछ सोही व्यक्तिलाई बुझाउँछ । कहींकहीं ४-५ भाइको जग्गा ४-५ भाइकै नाममा रहेको र मुख्य कृषक कुनै एक भाइ रहेकोमा उनलाई मात्रै मुख्य कृषकमा लेखिएमा सबै जग्गा उसैको स्वामित्वमा हुने भ्रमले अरूले उनलाई मुख्य कृषक बनाउन चाहँदैनन् । यस्तो भ्रम हुनुको पछाडि उनीहरूलाई गणनाको प्रकृति अवधारणा र गोपनीयताबारे जानकारी नहुनु हो ।

**मुख्य कृषकका उदाहरण**

*(अ) एउटा परिवारमा रामविलास घरपरिवारका मूली हुन्, तर घरको खेतीपातीको रेखदेख बन्दोबस्त उनकी श्रीमती करिष्माले गर्छिन् भने करिष्मा नै मुख्य कृषक हुन्छिन् ।*

*(आ) धनियाकुमारी स्कूलमा पढाउँछिन् र घरपरिवारको खेतीपाती के कसरी गर्ने भन्ने बारेमा निर्णय पनि दिन्छिन् । आम्दानी र समयको दृष्टिले शिक्षण नै उनको मुख्य पेसा हो । तर पनि कृषि चलनको मुख्य कृषक उनी नै हुन्छिन् ।*

*(इ) मोतीलालको घरका ४ जना सदस्य सबै कृषि चलनमा रोप्ने, काट्ने, खन्ने, जोत्नेजस्ता काम मिलेर गर्छन् । तर खेतीपातीका बारेमा अन्तिम निर्णय ४ जना सदस्यमध्येका हीरालालले लिने गर्छन् भने उनी नै मुख्य कृषक हुन्छन् ।*

*(ई) श्यामलाल नोकरी गर्छन् र उनको आफ्नो कृषिमा दैनिक रेखदेख गर्न, खेताला लगाउनको लागि अर्को व्यक्ति नियुक्त गरेका छन् तर खेतीपातीको बारेमा महत्वपूर्ण निर्णय आफैले दिन्छन् भने उक्त चलनको मुख्य कृषक श्यामलाल आफै हुन्छन् ।*

सामान्यतया एउटै आम्दानी खर्चले घर व्यवहार चलाई एकै भान्सामा खानपीन गरी बसेका व्यक्ति वा व्यक्तिहरूको समूहलाई परिवार भनिन्छ । परिवारमा एक व्यक्ति मात्र वा धेरै व्यक्तिहरू, नाता पर्ने वा नाता नपर्ने व्यक्तिहरू हुन सक्छन् । परिवार र परिवारका सदस्य छुट्ट्याउन भान्सा, बासस्थान तथा आम्दानी-खर्चलाई मुख्य रुपमा हेर्ने गरिन्छ, उनीहरू कानुनीतवरले छुट्टिभिन्न भए-नभएको यसमा हेरिँदैन ।

कृषिगणनाको सन्दर्भमा कृषक परिवार र कृषि चलन भन्नु साधारणतया एउटै कुरा हो । प्रायः कृषक परिवारले कृषि चलनलाई प्रतिनिधित्व गरेको हुन्छ ।

**परिवारको सदस्य छुट्ट्याउन ध्यान दिनुपर्ने कुराहरू**

(क) कुनै कृषक परिवारको व्यक्ति घर, डेरा वा बासस्थानको व्यवस्था मिलाई खेती, व्यापार, उद्योगधन्दा वा यस्तै प्रकृतिको काम गरी अक्सर अन्यत्रै बसोबास गरेको भए त्यस्ता व्यक्तिलाई त्यस परिवारको सदस्यमा गणना गर्नु हुँदैन ।

(ख) कुनै कृषक परिवारको सदस्यमध्ये कोही सरकारी, अर्धसरकारी, गैरसरकारी संघसंस्था आदिमा रोजगार भएका र रोजगारी भएकै ठाउँमा घर, डेरा गरी बसोबास गर्दै आएका छन् भने उनीहरूलाई कृषि चलन गर्ने परिवारभित्र गणना गर्नु हुँदैन ।

(ग) घरायसी कामदार, भान्से, चौकीदारजस्ता व्यक्तिहरू गणना गर्न लागिएकै कृषि चलनको परिवारमा बस्ने र एकै भान्सामा खानपान गर्ने भए सोही कृषि चलनको सदस्य मानी गणना गर्नुपर्छ ।

(घ) कृषक परिवारको चलनमा ज्यालादारी काम गर्ने र दिनदिनै त्यही काम गरिरहेको ठाउँमा खानपान गर्ने गरेको भए तापनि उनीहरूलाई त्यस कृषि चलन भित्रको सदस्यमा गणना गर्नु हुँदैन ।

(ङ) छोटो अवधिका लागि बाहिर गएका (जस्तैः तीर्थयात्रा, औषधी उपचार, व्यापार, घुमफिर आदि) व्यक्तिहरूलाई कृषि चलनको परिवारभित्रको सदस्य मानी गणना गर्नुपर्छ ।

(च) माइती, मावली वा नाताकुटुम्बको घरमा केही दिन बस्न गएका व्यक्तिहरूलाई कृषि चलनभित्रको सदस्य मानी गणना गर्नुपर्छ भने माइती, मावली वा नाताकुटुम्बको घरमा केही दिन बस्न आएका व्यक्तिहरूलाई कृषि चलन परिवार भित्रको सदस्य मानी गणना गर्नु हुँदैन ।

कतिपय अवस्थामा दुई वा सोभन्दा बढी परिवारहरू मिलेर संयुक्त रूपले एउटा कृषि चलन सञ्चालन गर्ने गर्छन् र त्यहाँबाट प्राप्त आम्दानी बाँडेर लिन्छन् । उनीहरूको प्रत्येक परिवारको निम्ति बसोबास अलगअलग छ भने सिद्धान्ततः यी सबै परिवारलाई अलगअलग परिवार मानी अलगअलग प्रश्नावली भर्नु पर्ने हो, तर उनीहरूले चलन गरेको जग्गा अलग गर्न नसकिने भएमा दुई वा दुई भन्दा बढी परिवारले साझेदारीमा सञ्चालन गरेको "साझा-चलन" मानी प्रश्नावली भर्नुपर्छ ।

**अक्सर बसोबास**

अक्सर बसोबास भन्नाले व्यक्ति धेरैजसो वा प्राय बस्ने ठाउँलाई बुझ्नु पर्दछ ।
कृषिगणनामा व्यक्तिहरूको गणना अक्सर (प्राय) बसोबास गर्ने ठाउँबाट गरिन्छ ।
परिवारका सदस्यहरूको रुपमा गणना गर्न उक्त व्यक्ति अक्सर त्यही परिवारमा बसोबास गरेकै हुनुपर्दछ ।
व्यक्तिको अक्सर बसोबास निजको आफ्नै स्थायी घर भएको ठाउँ वा अस्थायी रुपमा बसोबास गरेको ठाउँ पनि हुनसक्दछ ।
कुनै व्यक्ति दुई वा सोभन्दा बढी ठाउँमा बसोबास गर्ने गरेका रहेछन् भने निज सबैभन्दा वढी समय जहाँ बस्छन् त्यही ठाउँबाट गणना गर्नुपर्दछ ।

**क्षेत्रफल नापको एकाइ**

नेपालमा क्षेत्रफल नाप्ने एकै किसिमको एकाइ छैन । प्रचलित नापका एकाइको संक्षेपमा वर्णन तल दिइएको छ ।

***<u>रोपनी</u>***

रोपनी क्षेत्रफल नापको एउटा एकाइ हो । यसको विभाजन रोपनी, आना, पैसामा गरिन्छ । यो खास गरी पहाडी र हिमाली जिल्लाहरूमा प्रयोग गरिन्छ । रोपनीलाई विभिन्न नाप एकाइमा रूपान्तर गर्न सकिन्छ, जस्तै :

१ रोपनी = ७४ × ७४ वर्गफुट = ०.०५०८७ हेक्टर
= ४ माटो मुरी = १६ आना = ६४ पैसा

१ रोपनी = १६ आना
१ आना = ४ पैसा

*<u>बिघा</u>*

जग्गाको क्षेत्रफल नाप्ने अर्को प्रचलित एकाइ बिघा हो । यसको विभाजन बिघा, कट्ठा, धुरमा गरिन्छ । यो खास गरी तराईं तथा भित्री मधेशका जिल्लाहरूमा प्रयोग हुन्छ । बिघालाई अन्य एकाइमा निम्नानुसार परिवर्तन गर्न सकिन्छ ।

| | |
|---|---|
| १ बिघा = २७० × २७० वर्गफुट = ०.६७७३ हेक्टर | १ बिघा = २० कट्ठा |
| = १३.३१२६ रोपनी = २० कट्ठा = ४०० धुर | १ कट्ठा = २० धुर |

तराईका केही जिल्लामा बिघा पनि कच्ची र पक्कीमा भन्ने गरेको पाइन्छ । त्यस्तो अवस्थामा चलनचलतीको कच्ची बिघालाई पक्की बिघामा नै परिवर्तन गरी लेख्नुपर्छ ।

**बिजनको एकाइ**

सामान्यतया कृषकले आफूले चलन गरेको जग्गाको क्षेत्रफल बिघा वा रोपनीमा भन्ने भए तापनि केही पहाडी र हिमाली जिल्लामा कृषकहरूले आफूले चलन गरेको जग्गा बिजनमा पनि भन्ने गर्दछन् । जग्गामा लगाएको बालीको बिउको (जस्तै धानको बिउ अथवा मकैको बिउको) अनुपातमा जग्गाको क्षेत्रफल नाप्ने एकाइलाई बिजनको एकाइ भनिन्छ ।

बिजनको एकाइको नाप जग्गाको उर्वरता, खेतीपातीको तरिका आदिमा निर्भर हुने हुँदा ठाउँअनुसार फरकफरक हुन सक्छ । त्यसकारण स्तरीकृत (Standard) एकाइमा क्षेत्रफल पत्ता लगाउनु परेकोले क्षेत्रफल नाप्नु आवश्यक छ । यसको लागि बिजनको परिमाण सोध्नुपर्छ । एकाइहरू गहुँ, कोदो, आलु आदिमा पनि आउन सक्छ तर गणनाको लागि यी सबैलाई धान र मकैको बिजनमा परिणत गरेर मात्र लिनुपर्ने हुन्छ । एउटा कृषि चलनको लागि एउटै क्षेत्रफलको एकाइ (बिघा वा रोपनी) मात्र प्रयोग गर्नुपर्छ ।

जिल्ला अनुसार बिजनको रोपनीमा हुने परिवर्तन दर अनुसूची २ मा र यसलाई रोपनीको एकाइमा परिवर्तन गर्ने तरिका अनुसूची ३ मा दिइएको छ ।

# परिच्छेद ५

# प्रश्नावली तथा अन्य फारामहरू

राष्ट्रिय कृषिगणना २०७८ मा मुख्य तीन प्रकारका प्रश्नावली फारामहरू भरिनेछन् :

लगत १ : कृषक परिवार लगत

लगत २ : कृषक परिवार प्रश्नावली

लगत ३ : वडास्तरीय सामुदायिक प्रश्नावली

लगत १ छनोटमा परेको प्रत्येक गणना क्षेत्र भित्रका सम्पूर्ण कृषि चलनको (कृषक परिवारको) सूची तथा अन्य विवरण तयार पार्न प्रयोग गरिनेछ। लगत १ को आधारमा अन्तर्वार्ताका लागि कृषक परिवार छनोट गरिनेछन् र यसरी छनोट भएका कृषक परिवारको (कृषि चलनको) सूची लगत १क मा उतार गरिनेछ। लगत १क मा उतार भएका प्रत्येक कृषक परिवारसँग लगत २ भर्नुपर्छ। लगत ३ छनोटमा परेको गणना क्षेत्रसँग सम्बन्धित वडा वा वडाहरूको सामुदायिक विवरण भर्न प्रयोग गरिन्छ। लगत १, १क, र २ गणकले भर्नुपर्छ भने लगत ३ सुपरिवेक्षकले भर्नु पर्नेछ।

यस परिच्छेदमा विभिन्न फारामहरू भर्ने तरिकाबारे विस्तारमा व्याख्या गरिएको छ। पहिले लगत १ र लगत १क र त्यसपछि लगत २ को भागअनुसार संक्षिप्त चर्चा गरिएको छ। अन्त्यमा नियन्त्रण र मूल्याङ्कन फाराम भर्ने तरिका दिइएको छ।

**लगत १: कृषक परिवार लगत**

तोकिएका गणना क्षेत्रका सबै कृषि चलनहरूको विवरण लिन लगत १ प्रयोग गरिनेछ। कृषिगणना २०७८ मा छनोट विधि (Sampling Method) अपनाइएको हुँदा लगत १ को आधारमा कृषि चलनको छनोट गरिन्छ र यसरी छानिएका कृषि चलनको मात्र लगत २ भरिन्छ।

**सामान्य निर्देशन**

लगत १ मा तोकिएका गणना क्षेत्रहरूमा भएका सम्पूर्ण कृषि चलनहरूको विवरण लिनुपर्नेछ। लगत तयार पार्दा गणकले निम्नलिखित कुराहरूमा ध्यान पुऱ्याउनु आवश्यक छ।

(क) लगत सङ्कलन कार्य आरम्भ गर्न गणना क्षेत्रको कुनै उपयुक्त स्थानको चयन गर्नुपर्छ, जस्तैः पूर्वी उत्तर सिमाना।

(ख) गणना क्षेत्रमा भएका कुनै कृषक परिवार नछुट्ने र नदोहोरिने गरी विवरण लिनुपर्छ।

(ग) लगत भर्दा सदैव निलो मसी भएको डटपेनको प्रयोग गरेर ठीक ठाउँमा स्पष्टसँग भर्नुपर्छ।

(घ) यदि प्रश्नावली फाराममा लेख्दा कुनै गल्ती भयो भने गल्ती लेखिएको भागलाई सोझो रेखा तानेर काट्नुपर्छ र सही कुरा पुनः लेख्नुपर्छ। गल्ती लेखिएको माथि दोहोरो थपेर कहिले पनि सच्याउनु हुँदैन।

(ङ) गणना क्षेत्रको लगत पूरा हुनासाथ चेकजाँचका लागि सो क्षेत्रका सबै फारामहरू गणकले सुपरिवेक्षकलाई बुझाउनुपर्छ। गणकको दैनिक प्रगति विवरण र अन्य फारामहरू पनि सुपरिवेक्षकलाई बुझाउनुपर्छ।

**लगत १ को परिचय**

सर्वप्रथम लगत १ को प्रत्येक पानामा सो लगत कुन ठाउँको हो र त्यो पाना त्यो ठाउँको लगतको कुन पाना हो सो कुरा प्रष्टसँग छुट्टिने हुनुपर्छ। यस्तो परिचय दिने विवरणहरू यो लगत फारामको माथिल्लो भागमा सोधिएको छ।

**लगतको क्रमसंख्या**

यो क्रमसंख्या लगतको माथिल्लो भागको दाहिने कुनामा "जम्मा पाना संख्या ..... को पाना नं. ...." भनी लेखिएको छ। यसले हरेक गणना क्षेत्रको लगत फाराम सिलसिलेवाररूपमा राख्न सहयोग पुऱ्याउँछ। *उदाहरणः यदि कुनै गणना क्षेत्रमा **10** पाना लगत फाराम भरिएका छन् भने पहिलोमा जम्मा पाना संख्या **10** को पाना नं. **1,** दोस्रोमा जम्मा पाना संख्या **10** को पाना नं. **2** गर्दै अन्त्यमा "जम्मा पाना संख्या **10** को पाना नं. **10**" लेखिनेछ।*

**गणना क्षेत्रको परिचयात्मक विवरण**

प्रदेश, जिल्ला, गा.पा./न.पा., वडा नं.

सबैभन्दा पहिले आफूले भर्न लागेको लगतमा प्रदेशको नाम लेख्नुपर्छ। उक्त गणना क्षेत्र रहेको जिल्लाको नाम लेखिसके पछि गाउँपालिका वा नगरपालिका के हो सोहीअनुसार लेख्नुपर्छ। गाउँपालिका भए "न.पा." लेखेको काट्ने र गणना क्षेत्र रहेको गाउँपालिकाको नाम लेख्नुपर्छ। नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिका भए "गा.पा." काटेर गणना क्षेत्र रहेको नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकाको नाम लेख्नुपर्छ। वडा नं. लेखिएको ठाउँमा जुन वडामा फाराम भर्न लागिएको छ सो वडा नम्बर लेख्नुपर्छ। वडा नम्बर लेख्दा दुई अङ्कमा लेख्नुपर्छ, *जस्तै : वडा नं. २ लाई "**02**" लेख्नुपर्छ।*

**गणना क्षेत्र नम्बर**

यो वडाभित्र छानिएका गणना क्षेत्रहरूको क्रमसंख्या हो । प्रत्येक प्रदेश/जिल्ला/स्थानीय तहमा गणनाका लागि कुनै निश्चित वडा वा वडाखण्ड छानिएका हुन्छन् र तिनीहरूलाई नै यहाँ गणना क्षेत्र भनिएको हो । लगत सङ्कलन गर्न लागिएको गणना क्षेत्रको क्रमसंख्या नै गणना क्षेत्र नम्बर हो। दुई अङ्कको यो संख्या गणकलाई सुपरिवेक्षकबाट प्राप्त हुनेछ।

छानिने कृषि चलन (कृषक परिवार) को जम्मा संख्या (न)

सम्बन्धित गणना क्षेत्रमा भएका जम्मा कृषि चलन मध्येबाट कति कृषि चलन छान्ने भन्ने कुरा निश्चित गर्ने काम सुपरिवेक्षकले गर्नेछन् र सोही संख्या यहाँ लेख्नुपर्छ।

छनोट अन्तर संख्या (इ)

छनोट अन्तर संख्या भन्नाले कृषि चलनको छनोट गर्दा कति कतिको अन्तरमा छनोट गर्ने भन्ने जनाउँछ। यो संख्या गणना क्षेत्रमा रहेका जम्मा कृषि चलन संख्यालाई सो गणना क्षेत्रमा छनोट गरिने संख्याले भाग गरेर प्राप्त गर्न सकिन्छ।

जम्मा कृषि चलन संख्या

छनोट अन्तर (इ) = -------------------------------------

छानिने चलनको जम्मा संख्या (न)

शुरु छनोट अङ्क (अ)

शुरु छनोट अङ्क भनेको छनोट अन्तरसँग बराबर वा सोभन्दा सानो तर शून्यभन्दा ठूलो कुनै दैवी संख्या (Random Number) हो । यो अङ्क दिइएको दैवी संख्या तालिकाबाट लिइन्छ । पहिलो कृषक परिवारको छनोट यही दैवी संख्याको आधारमा गरिन्छ । त्यसपछि, शुरु छनोट अङ्कमा छनोट अन्तर संख्या जोड्दै जाँदा क्रमशः कृषक परिवारको छनोट हुँदै जान्छ। दैवी संख्या तालिका र छनोट विधि सुपरिवेक्षक पुस्तिकाको कृषि चलन छनोट विधि खण्डमा दिइएको छ।

## कृषि चलनको लगत वर्गीकरण तथा छनोट अभिलेख

***घर क्रमसंख्या (महल-१)***

यस महलमा घरको क्रमसंख्या सिलसिलेवार रूपमा लेख्नुपर्छ। गणना क्षेत्रमा पहिलो घरको क्रमसंख्या 1, दोस्रो 2, हुँदै क्रमशः गणना क्षेत्रको अन्तिम घरको लगत लिँदा घरको क्रमसंख्या अन्तिम हुनेछ। गणना क्षेत्रभित्रको प्रत्येक घरको बेग्लाबेग्लै क्रमसंख्या हुनेछ। गणना क्षेत्रको कुनै घर नछुटोस् भन्नका लागि लगत लिने कार्यको प्रारम्भ गणना क्षेत्रको कुनै एउटा कुना (पूर्वी उत्तर सिमाना) बाट गरेर सबै घरको लगत नलिएसम्म गणना क्षेत्रको कार्य समाप्त गर्नु हुँदैन। यसरी लगत सङ्कलन गर्दा गणना क्षेत्रभित्र नपर्ने घर समावेश गर्नु हुँदैन। गणनाको प्रयोजनको लागि सम्बन्धित घर सम्बन्धित गणना क्षेत्रभित्र पर्छ वा पर्दैन छुट्ट्याउन घर रहेको ठाउँलाई नै आधार मान्नुपर्छ र कुनै द्विविधा पर्न गएमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाका वडा अध्यक्ष वा सदस्यहरूसँग सम्पर्क गरेर छुट्ट्याउनुपर्छ।

***कृषि चलन (कृषक परिवार) को क्रमसंख्या (महल-२)***

कृषि चलनको परिभाषा परिच्छेद ४ मा दिइएको छ। यो महल भर्न शुरु गर्नुअघि लगत भर्न लागेको परिवार कृषि चलन हो वा होइन स्पष्ट गर्नुपर्छ अर्थात् परिवारले ८ धुर वा ४ आना बाली लागेको जग्गा चलन गरेको छ, छैन वा १ ओटा ठूला चौपाया वा ५ ओटा साना चौपाया वा २० ओटा पन्छी पालेको छ, छैन पत्ता लगाउनुपर्छ, यदि छैन भने सो परिवार कृषि चलन हुँदैन र त्यसको लगत भर्नु पर्दैन।

साधारणतया एउटा घरमा एउटै परिवार भेटिन्छन् तर कुनैकुनै घरमा एकभन्दा बढी परिवार पनि बसेका हुन सक्छन्। त्यसैले घरमा अन्य कृषक परिवार भए नभएको पनि सोध्नुपर्छ। कृषि चलन क्रमसंख्या महल-२ मा लेख्नुपर्छ। यो क्रमसंख्या पनि सिलसिलेवार रूपले अन्तिम कृषि चलनको लगत लिँदासम्म बढ्दै जान्छ। महल-१ को अन्तिम क्रमसंख्याले उक्त गणना क्षेत्रमा रहेका कृषि चलन भएको जम्मा घर संख्यालाई जनाउँछ भने महल-२ को अन्तिम क्रमसंख्याले कृषि चलनको जम्मा संख्यालाई जनाउँछ। घर संख्याभन्दा कृषि चलन संख्या धेरै हुन पनि सक्छ। यदि कुनै घरमा दुई ओटा कृषि चलन भएमा तिनीहरूको लगत लिँदा घर संख्या दुवैको एउटै लेख्नुपर्छ तर कृषि चलन क्रमसंख्या भने अघिल्लो परिवारको क्रमअनुसारले बढाएर लेख्दै जानुपर्छ।

***मुख्य कृषकको नाम, थर (महल-३)***

यस महलमा महल-२ मा दिइने सिलसिलेवार संख्याअनुसार मुख्य कृषकको नाम, थर लेख्नुपर्छ । मुख्य कृषक र परिवारमूली एकै व्यक्ति हुन पनि सक्छ वा नहुन पनि सक्छ । मुख्य कृषकको परिभाषा परिच्छेद ४ मा दिइएको छ । एउटा गणना क्षेत्रमा एकै नाम गरेका एकभन्दा बढी मुख्य कृषकहरू भएमा तिनीहरूको पहिचानको लागि बोलाउने नाम कैफियत (महल-१२) मा खुलाउनुपर्छ ।

***जग्गाको क्षेत्रफलको एकाइ (महल-४)***

यस महलमा चलन गरेको जग्गाको क्षेत्रफलको एकाइको कोड नम्बर लेख्नुपर्छ, जस्तै : बिघा भए कोड १ र रोपनी भए कोड २ लेख्नुपर्छ ।

***चलन गरेको जम्मा जग्गाको क्षेत्रफल (महल-५)***

यस महलमा कृषकले चलन गरेको जम्मा जग्गाको क्षेत्रफल राम्ररी सोधी लेख्नुपर्छ । यसमा भरिने जग्गाको कुल क्षेत्रफल भन्नाले कृषक परिवारले चलन गरेको गणनाको दिनमा कायम हुन आएको जग्गाको जम्मा क्षेत्रफललाई जनाउँछ । यसमा कृषक परिवारको चलनअन्तर्गत पर्ने सबै जग्गाको क्षेत्रफल जोडेर लेख्नुपर्छ । यसको लागि चलनअन्तर्गत पर्ने विभिन्न किसिमका जग्गाहरूको विवरण तल दिइएको छ ।

**चलन गरेको कुल क्षेत्रफलअन्तर्गत पर्ने जग्गाहरू**

जग्गामा जोसुकैको स्वामित्व भए तापनि मुख्य कृषकको चलनअन्तर्गतका सबै कित्ताहरूको जम्मा क्षेत्रफल लिनुपर्छ ।

(क) अस्थायी र स्थायी बाली लागेको जग्गाको सबै कित्ताहरूको क्षेत्रफल

(ख) अस्थायीरूपमा बाँझो रहेको जग्गाको सबै कित्ताहरूको क्षेत्रफल

(ग) अस्थायी तथा स्थायी खर्क तथा चौरको रूपमा रहेको जग्गाको क्षेत्रफल

(घ) निजी वनबनेलोले ढाकेको जग्गाको क्षेत्रफल

(ङ) खरबारी भएको जग्गा

(च) पोखरीले ढाकेको जग्गाको क्षेत्रफल

(छ) घर, घडेरी, गोठ, धन्सार आदि समेत को क्षेत्रफल

(ज) अन्य जग्गाः माथिका कुनै शीर्षकअन्तर्गत नपरेका जग्गाको क्षेत्रफल जस्तै : खेतीयोग्य बनाउन केही बढी परिश्रम आवश्यक पर्ने खालका जग्गाको क्षेत्रफल र सोत्तरको रुपमा प्रयोग गर्न सकिने जग्गा (जस्तै नरकट घारी भएको जग्गा) को क्षेत्रफल ।

*तर, मुख्य कृषक वा परिवारका सदस्यको स्वामित्वमा रहेको तर अरूलाई कमाउन दिएको जग्गा जम्मा क्षेत्रफलभित्र पार्नु हुँदैन । सार्वजनिक चलनको जग्गा पनि कृषि चलनको जम्मा जग्गाको क्षेत्रफलमा जोड्नु हुँदैन । यसै गरी, कृषि प्रयोजन बाहेक उद्योगधन्दा, व्यापारजस्ता अन्य प्रयोजनका लागि उपयोग भएको जग्गा पनि यसमा जोड्नु हुँदैन ।*

मुख्य कृषक वा उत्तरदातालाई कृषि चलनको जम्मा क्षेत्रफल भन्न कठिनाइ पर्‍यो भने सबै जग्गामा लागेको बिजन वा जम्मा रुख संख्या सोधेर भए पनि क्षेत्रफल निकाल्नुपर्छ । कुनै कृषि चलनमा एकभन्दा बढी कित्ताहरू भएमा सबै

कित्ताहरूको क्षेत्रफल जोड गरेर जम्मा क्षेत्रफल निकाल्नुपर्छ । एउटै आर्थिक एकाइअन्तर्गतको आफ्नो र आफ्ना परिवारले खेती गरेको सबै जग्गाहरूलाई जम्मा क्षेत्रफलभित्र जोड्नुपर्ने भएकोले उत्तरदातालाई यो कुरा राम्रोसँग बुझाउनुपर्छ । *उदाहरण : मानौं धनमायाको परिवारले चलन गरेको जग्गामा 6 कित्ता छन् । यी 6 कित्तामध्ये 1 कित्ता जग्गा अरूलाई कमाउन दिइएको रहेछ र 2 कित्ता अरूको हकको जग्गा हाल धनमायाको परिवारले चलन गरेको रहेछ । कित्ताको क्षेत्रफल र स्वामित्व यसअनुसार रहेछ ।*

| कित्ता नं. | क्षेत्रफलको एकाइ | जग्गाको क्षेत्रफल | विवरण |
|---|---|---|---|
| कित्ता नं. 1 | रोपनी | 0-6-2 | आफ्नो जग्गा आफैले कमाएको |
| कित्ता नं. 2 | रोपनी | 2-8-0 | आफ्नो जग्गा आफैले कमाएको |
| कित्ता नं. 3 | रोपनी | 0-9-0 | आफ्नो जग्गा अरूलाई कमाउन दिएको |
| कित्ता नं. 4 | रोपनी | 7-0-0 | आफ्नो जग्गा आफैले कमाएको |
| कित्ता नं. 5 | रोपनी | 1-9-0 | अरूबाट जिन्सी तिर्ने गरी लिएको |
| कित्ता नं. 6 | रोपनी | 5-10-0 | अरूबाट नगद तिर्ने गरी लिएको |
| | जम्मा | **17-10-2** | |

धनमायाको परिवारले चलन गरेको जम्मा कित्ता **5**

= कित्ता नं. **1** + कित्ता नं. **2** + कित्ता नं. **4** + कित्ता नं. **5** + कित्ता नं. **6**

धनमायाले चलन गरेको जम्मा जग्गाको क्षेत्रफल

= **[-0-6-2)** + **(2-8-0)** + **(7-0-0)** + **(1-9-0)** + **(5-10-0)]**

= **17-1-2** रोपनी

यी माथिका **6** ओटा कित्तामध्ये तेस्रो कित्ता अरूलाई कमाउन दिएकोले धनमायाले चलन गरेको जग्गाको जम्मा क्षेत्रफलमा यो कित्तालाई समावेश गर्नु हुँदैन । कित्ता नं. **5** र **6** को जग्गाको कानुनी स्वामित्व अरूको भए तापनि धनमायाले कमाएकोले यो जग्गाको क्षेत्रफल भने जम्मा जग्गाको क्षेत्रफलभित्र पर्छ । यसैले लगत 1 को महल-५ मा लेख्नुपर्ने जग्गाको क्षेत्रफल **17-1-1** हुन आउँछ -*अर्थात् 17-10-2 बाट तेस्रो कित्ता 0-9-0 को क्षेत्रफल कटाउँदा प्राप्त हुने जम्मा जग्गा 17-1-2 हुन आउँछ)* । यसरी महल-५ मा क्षेत्रफल उल्लेख गरेपछि क्षेत्रफलको एकाइ रोपनीमा भएकोले महल-४ मा कोड **2** लेख्नुपर्छ ।

***पाल्तु चौपाया तथा पन्छी संख्या (महल-६ र ७)***

यसमा गणनाको दिन कृषक परिवारले मुख्यतया कृषि प्रयोजनका लागि पालेका पाल्तु चौपाया र पन्छीको संख्या उल्लेख गर्नुपर्छ । यस्ता पाल्तु चौपाया र पन्छी आफ्नो स्वामित्व वा अरूको स्वामित्वको हाल आफूले पालेको पनि हुन सक्छ । अस्थायीरूपले बाहिर रहेका वा बाटोमा रहेका पाल्तु चौपाया र पाल्तु पन्छी पनि यसमा समावेश गरिन्छन् । पाल्तु चौपायामा गाई/भैंसी, भेडा/बाख्रा, सुँगुर/बङ्गुर इत्यादि पर्छन् र पाल्तु पन्छीमा कुखुरा, हाँस, परेवा इत्यादि पर्छन् । पाल्तु चौपायाको संख्या महल-६ मा र पाल्तु पन्छीको संख्या महल-७ मा उल्लेख गर्नुपर्छ ।

पाल्तु चौपाया, पन्छी वा दुबै मात्र चलनमा हुनेबाट सूचीकृत भएका कृषक परिवारहरुले चलन गरेको जग्गा अन्तर्गत बाली नलगाइएको जस्तै घर, घडेरी, गोठ आदिले ढाकेको जग्गा भएमा सो जग्गाको क्षेत्रफल पनि महल-५ अन्तर्गत उल्लेख गरी महल-१२ को कैफियत महलमा पशुपन्छीका कारणले सूचीकृत हुने भनी उल्लेख गर्नुपर्दछ।

महल-५ को जम्मा क्षेत्रफल र महल-६, ७ को पाल्तु चौपाया र पन्छीको आधारमा कृषि चलन (महल-२) लाई चार समूहमा विभाजन गरिएको छ।

(क) १ बिघा/१० रोपनीभन्दा कम जग्गा चलन गर्ने कृषि चलन

(ख) १ बिघा/१० रोपनी वा सोभन्दा बढी र ३ बिघा/२० रोपनीभन्दा कम जग्गा चलन गर्ने कृषि चलन

(ग) ३ बिघा/२० रोपनी वा सोभन्दा बढी जग्गा चलन गर्ने कृषि चलन

(घ) जग्गा नभएका तर कम्तीमा १ ओटा ठूला चौपाया (गाईभैंसी आदि) वा ५ साना चौपाया (भेडाबाख्रा आदि) वा २० पन्छी भएका कृषि चलन।

***कृषक परिवारको लगत वर्गीकरण** (महल-८, ९, १० र ११)*

महल-५ को आधारमा पहिलो समूहमा परेको कृषि चलनको क्रमसंख्या सिलसिलेवार तरिकाले महल-८ मा लेख्दै जानुपर्छ। यो गणना क्षेत्र भित्रका समूहमा पर्ने सबै कृषि चलनको क्रमसंख्या नलेखिएसम्म क्रम नटुटाई लेख्नुपर्छ, *जस्तै : कुनै गणना क्षेत्रमा १ बिघाभन्दा कम जग्गा चलन गर्ने कृषि चलन संख्या ८९ रहेछ भने महल-८ को क्रमसंख्या १ देखि ८९ सम्म हुन्छ।*

दोस्रो समूहमा परेका कृषि चलनलाई पहिलो समूहको अन्तिम क्रमसंख्या नटुटाई महल-९ मा क्रमसंख्या दिँदै जानुपर्छ, *जस्तै : दोस्रो समूहमा १४ ओटा कृषि चलन रहेछन् भने क्रमसंख्या ९० देखि १०३ सम्म हुन्छ।*

यस्तै प्रक्रियाबाट तेस्रो समूहमा पर्ने कृषि चलन छुट्याई माथिको क्रमसंख्यालाई नटुटाई बढाउँदै लग्नुपर्छ, *जस्तै : तेस्रो समूहमा ४ ओटा कृषि चलन रहेछन् भने महल-१० मा क्रमसंख्या १०४ देखि १०७ सम्म दिनुपर्छ। अन्तिम समूहमा २ ओटा कृषि चलन **भएमा** महल-११ मा क्रमसंख्या १०८ देखि १०९ सम्म हुनेछ। कृषि चलनको अन्तिम क्रमसंख्या र महल-२ को कृषि चलनको अन्तिम क्रमसंख्या बराबर हुन आउँछ।*

यसरी महल-८ मा कृषि चलन क्रमसंख्या १ देखि ८९ सम्म, महल-९ मा क्रमसंख्या ९० देखि १०३ सम्म, महल-१० मा क्रमसंख्या १०४ देखि १०७ सम्म र महल-११ मा १०८ देखि १०९ सम्म कायम हुन जान्छ। *यस उदाहरणमा महल-२ मा कृषि चलनको क्रमसंख्या १ देखि १०९ सम्म हुन्छ। महल-११ को अन्तिम क्रमसंख्या र महल-२ को अन्तिम क्रमसंख्या बराबर हुनुपर्छ। अर्थात् महल-११ को अन्तिम क्रमसंख्या १०९ नै हुनुपर्छ।*

## लगत १ क: छानिएका कृषक परिवार लगत

यस फाराममा लगत १ बाट छानिएका कृषि चलनको विवरण भरिन्छ। लगत १ मा जस्तै गरेर यो लगतको शीर्षस्थानमा प्रदेश, जिल्ला, गाउँपालिका/नगरपालिका, वडा नं. र गणना क्षेत्र संख्या लेख्नुपर्छ। गणनासम्बन्धी विवरणमा गणक र सुपरिवेक्षकको नाम, सही र मिति उल्लेख गर्नुपर्छ। तोकिएको गणना क्षेत्रमा भएका कुल कृषि

चलन संख्या, छनोट अन्तर, शुरु छनोट अङ्क र छानिएका कृषि चलन संख्या लगत १ अनुसार नै यस फारामको छनोटको विवरणअन्तर्गत उपयुक्त स्थानमा लेख्नुपर्छ।

***कृषि चलन नियन्त्रण संख्या (महल १)***

यो लगत उतार फारामको महल-१ मा कृषि चलन नियन्त्रण संख्या पहिले नै छापिसकिएको हुँदा यसमा गणकले संख्या लेख्नु पर्दैन। यो संख्या सामन्यतय १ देखि बढीमा ३० सम्म हुन्छ।

***कृषि चलन क्रमसंख्या (महल २)***

महल-२ मा लगत १ मा छानिएका कृषि चलनको क्रमसंख्या सार्नुपर्छ। यो क्रमसंख्या लगत १ को महल-२ मा भएको क्रमसंख्या हो।

***मुख्य कृषकको नाम, थर (महल ३)***

महल-३ मा गणनाका लागि छानिएका मुख्य कृषकहरूको नाम थर उल्लेख गर्नुपर्छ। यो नाम थर पनि लगत १ को महल ३ बाट सार्नुपर्छ।

***कैफियत (महल ४)***

मुख्य कृषकको चयन गर्दा कुनै समस्या (जस्तै : एउटै नाम भएका दुई वा धेरै मुख्य कृषक) भए कैफियतमा उल्लेख गर्नुपर्छ।

## लगत २: कृषक परिवार प्रश्नावली

### कृषक परिवार प्रश्नावली भर्ने तरिका

- *छनोटमा परेको गणना क्षेत्र भित्रका छानिएका कृषि चलन (कृषक परिवार) सँग यो प्रश्नावली भर्नुपर्छ। यो प्रश्नावली प्रत्येक कृषि चलनका लागि बेग्लाबेग्लै प्रयोग गर्नुपर्छ।*
- *प्रश्नावली भर्दा भरसक मुख्य कृषकसँग अन्तर्वार्ता लिएर सबै कुरा स्पष्ट बुझिने गरी अक्षर नेपालीमा र अङ्क अंग्रेजीमा लेख्नुपर्छ।*
- *विवरणहरू निलो मसी भएको डट्पेनले भर्नुपर्छ।*
- *यस प्रश्नावलीका प्रश्नहरूमध्ये वैकल्पिक उत्तर दिइएका प्रश्नहरूको हकमा उत्तरदाताबाट प्राप्त जवाफअनुसार उपयुक्त जवाफको सङ्केतमा (कोडमा) गोलो घेरा ○ लगाउनुपर्छ।*
- *प्रश्नावलीमा सोधिएका कुनै कुरा सम्बन्धित कृषि चलनमा नपाइएमा जवाफ लेख्नुपर्ने ठाउँमा तेर्सो धर्को "-" अनिवार्यरूपमा लगाउनुपर्छ। यसले प्रश्नावलीमा भएको कुनै पनि प्रश्न सोध्न छुटेको होइन भन्ने कुरा निश्चित गराउँछ।*
- *सोध्न आवश्यक नभएका वा सोध्नु नपर्ने प्रश्नको जवाफ लेख्नुपर्ने ठाउँ खाली छोड्नुपर्छ।*
- *कुनै महल वा हरफ खाली छोड्नुपर्ने भएमा त्यसमा तेर्सो धर्को तान्नुपर्छ।*
- *कुनै खण्ड पूरै खाली छोड्नुपर्ने भएमा सो खण्डमा छड्के धर्को तान्नुपर्छ।*

- *प्रत्येक पानाको माथि गाउँपालिका/नगरपालिकाको कोड, वडा नम्बर, गणना क्षेत्र नम्बर र कृषि चलन नियन्त्रण संख्या उल्लेख गर्नुपर्छ ।*

| | |
|---|---|
| १. गोलो घेरा लगाउनुपर्ने प्रश्नमा | उत्तरदाताको जवाफअनुसार उपयुक्त सङ्केतमा (कोडमा) गोलो घेरा लगाउनुपर्दछ, जस्तै : ③ । |
| २. अङ्कमा उत्तर लेख्नुपर्ने भए | अंग्रेजी (रोमन लिपिमा) मा अङ्क लेख्नुपर्दछ, जस्तै : **7**, **12, 132, 2079** । |
| ३. अक्षरमा उत्तर लेख्नुपर्ने भए | नेपालीमा (देवनागरी लिपीमा) लेख्नुपर्दछ, जस्तै, धनमाया पुन; भक्तपुर। |
| ४. कुनै महल, हरफ वा खण्डको जवाफ भर्नु नपर्ने भए | अवस्थाअनुसार तेर्सो धर्को “-” वा छड्के धर्को तान्नुपर्दछ, खाली छोड्नु हुँदैन । |

**गणना विवरण**

***फाराम क्रमसंख्या***

यो क्रमसंख्या गणना क्षेत्रभित्रको छानिएका कृषि चलनहरूको सिलसिलेवार संख्या हो ।

***उद्देश्य, दायित्व एवं गोपनीयता***

सम्बन्धित कृषक परिवार तथा अन्य सर्वसाधारणको जानकारीका लागि कृषिगणनाको उद्देश्य, उत्तरदाताको दायित्व एवं कृषि गणनामा सङ्कलन भएका व्यक्तिगत विवरणहरूको गोपनीयताको कुराहरू छोटकरीमा लेखिएका छन् ।

*०.१ **प्रदेश***

गणना क्षेत्र रहेको प्रदेशको नाम लेखेर उक्त प्रदेशको कोड एक अङ्कमा लेख्नुपर्छ । उदाहरणका लागि, गण्डकी प्रदेशको नाम लेखेपछि दायाँतर्फको एक कोठामा यो प्रदेशको कोड **4** लेख्नुपर्छ । प्रदेशको कोड अनुसूची ९ मा दिइएको छ ।

*०.२ **जिल्ला***

गणना भइरहेको जिल्लाको नाम लेखेर सम्बन्धित जिल्लाको कोड तीन अङ्कमा लेख्नुपर्छ । उदाहरणका लागि, ताप्लेजुङ जिल्लाको नाम लेखेपछि दायाँतर्फको तीन कोठामा यो जिल्लाको कोड लेख्नुपर्छ । जिल्लाको कोड अनुसूची ९ मा दिइएको छ ।

| | | |
|---|---|---|
| 1 | 0 | 1 |

*०.३ गा.पा. /न.पा.*

गणना क्षेत्र, गाउँपालिका वा नगरपालिका केमा पर्छ सोहीअनुसार गाउँपालिका भए न.पा. लेखेको काट्ने र नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिका भए गा.पा.लाई काटेर गणना क्षेत्र रहेको गा.पा. वा न.पा.को नाम लेख्नुपर्छ । सम्बन्धित गाउँपालिका वा नगरपालिकाको पाँच अङ्कको कोड सुपरिवेक्षकबाट प्राप्त हुनेछ ।

*०.४ वडा नम्बर*

यहाँ सम्बन्धित गणना क्षेत्र रहेको वडा नम्बर दुई अङ्कमा लेख्नुपर्छ।

*०.५ गणना क्षेत्र नम्बर*

गणना क्षेत्र संख्या जिल्ला कृषिगणना कार्यालयबाट प्राप्त हुनेछ। यो संख्या दुई अङ्कको हुन्छ।

*०.६ कृषि चलन क्रमसंख्या*

छानिएको कृषि चलनको क्रमसंख्या लगत १क को महल २ बाट सार्नुपर्छ। यो संख्या तीन अङ्कको हुन्छ।

*०.७ कृषि चलन नियन्त्रण संख्या*

यो नियन्त्रण संख्या लगत १क को महल १ बाट सार्नुपर्छ। यो संख्या दुई अङ्कको हुन्छ।

*०.८ मुख्य कृषकको नाम*

मुख्य कृषकको पूरा नाम, थर लेख्नुपर्छ। यो नाम लगत १क मा लेखिएको हुन्छ। पहिले लगत १क मा लेखिएको नाम, थर अहिलेको नाम, थर भन्दा फरक भएमा थप सोधखोज गरी सच्याउनुपर्छ।

*०.९ मुख्य कृषकको ठेगाना (गाउँ/बस्ती/टोल)*

यहाँ मुख्य कृषक बसोबास गर्ने गाउँ, बस्ती वा टोलको नाम लेख्नुपर्छ।

*गणकको नाम र सही*

प्रश्नावली फाराम भरिसकेपछि सम्बन्धित गणकले आफ्नो पूरा नाम, थर लेखी सही गर्नुपर्छ।

*गणना मिति*

गणना भएको मिति विक्रम संवतमा (क्रमशः साल, महिना र गते) लेख्नुपर्छ। मिति लेख्दा अन्तर्वार्ता पूरा भएको दिनको मिति लेख्नुपर्छ। जस्तै 2079 साल वैशाख 20 गते अन्तर्वार्ता सकिएको भए 2079/01/20 लेख्नुपर्छ।

*सुपरिवेक्षकको नाम र सही*

गणकले भरेको प्रश्नावली फाराम जाँच गरेपछि सम्बन्धित सुपरिवेक्षकले आफ्नो नाम, थर लेखेर सही गर्नुपर्छ।

*सुपरिवेक्षण मिति*

प्रश्नावली फाराम जाँच गरेपछि केही सच्याउनुपर्ने भए गणकलाई सच्याउन लगाउनुपर्छ र सुपरिवेक्षकले पुनः जाँच गरी सुपरिवेक्षण मिति लेख्नुपर्छ।

*थप प्रश्नावली संख्या*

कृषक परिवारमा प्रश्नावली भर्दा कहिलेकहीँ एउटा प्रश्नावलीमा भर्नुपर्ने विवरणका लागि ठाउँ नपुग्ने हुन्छ। उदाहरणका लागि, कुनै कृषि चलन परिवारमा १५ जना भन्दा बढी अक्सर बसोबास गर्ने सदस्य भएमा एउटा प्रश्नावलीमा भएको ठाउँले पुग्दैन। यसका लागि बाँकी सदस्यहरूको विवरण लेख्नका लागि अर्को थप प्रश्नावली

प्रयोग गर्नुपर्ने हुन्छ । यस्तै कुनै कृषक परिवारले २० कित्ताभन्दा बढी कित्ता चलन गरेको रहेछ भने पनि एउटा प्रश्नावलीले पुग्दैन ।

एउटा प्रश्नावली अपुग भई अर्को प्रश्नावली थप गर्नुपरेको अवस्थामा पहिलो प्रश्नावलीमा द्रष्टव्यको दाहिनेतिरको कोठामा थप प्रश्नावली संख्या लेख्नुपर्छ । यसमा थपिएको प्रश्नावली संख्या मात्र लेख्ने हो । *एउटा थप प्रश्नावली प्रयोग भएको छ भने पहिलो प्रश्नावलीको द्रष्टव्यको कोठामा 1 लेख्नुपर्छ । थप प्रश्नावली र मूल प्रश्नावली समेत जोडेर 2 लेख्नुहुँदैन ।*

प्रश्नावली थपिएको छैन, एउटै (पहिलो) प्रश्नावली मात्र छ भने कभर पेजको द्रष्टव्यको दाहिनेतिरको कोठामा तेर्सो धर्सो "–" (ड्यास) तान्नुपर्छ ।

**थपिएको प्रश्नावली**

थप प्रश्नावलीको पहिलो पृष्ठ अर्थात\ कभरपानाको सबै गणना विवरण भर्नुपर्छ । परिचयात्मक विवरणहरू पहिलो प्रश्नावलीबाट सार्नुपर्छ । द्रष्टव्यको दाहिनेतिरको कोठासँगै ठूलो अक्षरले "थप प्रश्नावली" लेख्नुपर्छ । एउटा भन्दा बढी प्रश्नावलीहरू थपिएको भए पहिलो थप प्रश्नावलीमा "थप प्रश्नावली ***1***" र दोस्रो थप प्रश्नावलीमा "थप प्रश्नावली ***2***" लेख्नुपर्छ । थप प्रश्नावलीको शिर भागमा भएको "फाराम क्रमसंख्या" लेख्ने कोठामा तेर्सो धर्को तान्नुपर्छ ।

## भाग १ : परिचयात्मक विवरण

*१.१* ***यस परिवारको परिवारमूली को हुनुहुन्छ ?***

*१.* ***मुख्य कृषक आफैँ***

*२.* ***अन्य (नाम खुलाउने)***...............

गणकले कृषक परिवारमा गई उत्तरदातासँग विवरण लिँदा परिवारमूली नै मुख्य कृषक हो वा होइन सोध्नुपर्छ । यदि परिवारमूली लै मुख्य कृषक हो भने कोड १ मा गोलो घेरा लगाउनुपर्छ । मुख्य कृषकबाहेक परिवारको अन्य सदस्य परिवारमूली भए कोड २ मा गोलो घेरा लगाई सो व्यक्तिको नामसमेत लेख्नुपर्छ ।

परिवारमा परिआएका दैनिक कामकाज, खर्च र व्यवहार चलाउन व्यवस्था मिलाउने मुख्य व्यक्तिलाई परिवारमूली मान्नुपर्छ । परिवारमूली सम्बन्धित परिवारको अक्सर वसोवास गर्ने महिला वा पुरुष सदस्यमध्ये परिवारले मूली मानिआएको व्यक्ति हो । तर कम्तीमा १० वर्ष नपुगेको सदस्य परिवारमूली हुन सक्दैन । कतिपय समाजमा परिवारका बूढापाका वा परिवारका सदस्यले आदर गर्ने व्यक्तिलाई परिवारमूली भन्ने गरेको पाइन्छ । कृषिगणनाको उद्देश्यका लागि परिवारमा परिआएको दैनिक कामकाज, खर्च र व्यवहार चलाउन व्यवस्था मिलाउने मुख्य व्यक्ति नै परिवार मूली हुने कुरा उत्तरदातालाई बुझाउनुपर्छ ।

*१.२* ***मुख्य कृषकको जात ⁄ जाति***............... | | | |

मुख्य कृषकको जात/जाति उल्लेख गरी उक्त जात/जातिको कोड तीन अङ्कमा लेख्नुपर्छ । जातजातिको कोड अनुसूची ४ मा दिइएको छ । जात/जाति छुट्ट्याउन सजिलोको लागि केही थरका उदाहरणहरू अनुसूची ५

मा दिइएको छ। अनुसूचीमा कोड दिइएका जात/जातिबाहेक अन्य कुनै जात/जाति उत्तरदाताले बताएमा सो जात/जातिको नाम लेखेर कोड लेख्ने ठाउँ खाली नै छोड्नुपर्छ।

***१.३ तपाईं आफैं मुख्य कृषक हुनुहुन्छ ? (जवाफ दिने व्यक्तिलाई सोध्ने)***

*१. **हो →प्रश्न नं. १.५***

*२. **होइन***

उत्तरदाता (अन्तर्वार्ता दिन लागेको व्यक्ति) मुख्य कृषक हो भने हो को कोड १ मा गोलो घेरा लगाउनुपर्छ। निजलाई प्रश्न १.४ सोध्नु पर्दैन, प्रश्न १.५ देखि सोध्नुपर्छ। उत्तरदाता मुख्य कृषक नभएर परिवारको अन्य कुनै सदस्य भएमा कोड २ मा गोलो घेरा लगाई प्रश्न १.४ देखि सोध्नुपर्छ।

***१.४ जवाफ दिने व्यक्तिको नाम : .........***

दिएको खाली ठाउँमा उत्तरदाताको नाम, थर लेख्नुपर्छ।

*गणनामा सोधिएका प्रश्नको जवाफ दिने व्यक्तिलाई उत्तरदाता भनिन्छ। विवरण सङ्कलन गर्दा मुख्य कृषकसँग सोधी सङ्कलन गर्नुपर्छ। कुनै कारणले मुख्य कृषक भेट नहुने नै भएमा सबै विवरण राम्रोसँग दिन सक्ने अर्थात् सोधेको सबै प्रश्नको सही उत्तर दिन सक्ने परिवारको अर्को सदस्यसँग सोधेर भए पनि प्रश्नावली भर्न सकिनेछ। यस्तो व्यक्तिलाई कृषि चलनको सबै कुराको राम्रो ज्ञान भएको हुनुपर्छ।*

***१.५ जवाफ दिने व्यक्तिको सम्पर्क नं.***

यहाँ जवाफ दिने व्यक्तिलाई आवश्यक परेको बेला सम्पर्क गर्न सकिने मोबाइल वा टेलिफोन नम्बर उल्लेख गर्नुपर्छ।

## भाग २ : सामान्य विवरण

***२.१ यस कृषि चलनको स्थिति के हो ?***

*१. **एक-चलन परिवार***

*२. **बहु-चलन परिवार***

*३. **साझा-चलन परिवार***

यो प्रश्नमा कृषक परिवार र कृषि चलनको सम्बन्धबारे सोधिएको छ। परिवारले एक मात्र कृषि चलन सञ्चालन गरेको, अथवा एकभन्दा बढी कृषि चलन सञ्चालन गरेको, अथवा अर्को परिवारसँग मिलेर साझारूपमा कृषि चलन सञ्चालन गरेको हुन सक्छ। परिवारले सञ्चालन गरेको कृषि चलनको स्थितिअनुसार कृषक परिवारलाई तीन वर्गमा छुट्ट्याइएको छ :

(१) एक-चलन परिवार : एक परिवारले एउटा मात्र कृषि चलन सञ्चालन गरेको भए एक-चलन परिवार मानिन्छ। अधिकांश अवस्थामा एक परिवारको सञ्चालनमा एउटा मात्र कृषि चलन रहेको पाइन्छ।

(२) बहु-चलन परिवार : एक कृषक परिवारले छुट्टाछुट्टै रुपमा एक भन्दा बढी कृषि चलन सञ्चालन गरेको भए बहु चलन परिवार मानिन्छ। कृषक परिवारका सदस्यले छुट्टाछुट्टै व्यवस्थापन तथा हिसाबकिताब राखेर एकभन्दा

बढी कृषि कार्य गरेका हुन सक्छन् । यस्तो कृषि कार्य परिवारले चलन गरेको जग्गाको कुनै भागमा खेतीपाती गरेर वा पशुपन्छी पालेर गरिएको हुन सक्छ ।

*उदाहरणका लागि धनमायाको परिवारले सामुहिकरूपमा खेतीपातीको काम गर्दछन् । यसका अतिरिक्त उनको जेठो छोराले छुट्टै हिसाबकिताब राखेर कुखुरापालन गरेका छन् । यसरी धनमायाको एउटै परिवारले दुई कृषि कार्य फरकफरक हिसाबले सञ्चालन गरेका हुनाले यो कृषक परिवारलाई बहु-चलन परिवार मानेर दुवै कृषि कार्यको विवरण एउटै प्रश्नावलीमा भर्नुपर्छ । तर धनमायाको जेठो छोरा छुट्टै परिवार गरी बसेको भए यी दुई कृषि चलन मानिने थिए, बहु-चलन परिवार होइन ।*

*बहु कृषि चलनअन्तर्गत परिवारले चलन गरेको सबै चलनको विवरण यही प्रश्नावलीमा भर्नुपर्छ ।*

(३) साझा-चलन परिवार : दुई वा सोभन्दा बढी कृषक परिवारको साझेदारीमा सञ्चालन भएको कृषि चलनलाई साझा-चलन भनिन्छ । एउटै घरमा वा अलग्गै बसोबास भएका एकभन्दा बढी परिवारले साझा व्यवस्थापन तथा खर्चमा चलाएको कृषि चलनलाई कृषिगणनामा साझा-चलन परिवार भनिएको छ ।

साझा-चलन अन्तर्गतका कृषि कार्यहरुको विवरण संकलन गर्दा एउटै गणना क्षेत्रमा भए साझा चलन अन्तर्गतका कृषिकार्यहरु  बराबर गरी उल्लेख गर्नुपर्दछ । यदि अन्य गणना क्षेत्रमा भएमा लगानीका दृष्टिले समानुपातिक हिसाबले यस्ता विवरण संकलन गर्नुपर्दछ ।

*साझा-चलन परिवारको लागि प्रश्नावलीको भाग १२ को जनसाङ्ख्यिक विवरण भर्दा विशेष ध्यान दिनु जरुरी हुन्छ । यसमा एक कृषक परिवारको मात्र विवरण भर्नुपर्छ । यहाँ लगत (१क) मा नाम भएको कृषक परिवारको मात्र विवरण भर्नुपर्छ । कृषि चलन सञ्चालनका लागि साझा प्रयोग भएका अरु सबै विवरणहरू भने नछुटाई लिनुपर्छ ।*

***२.२ यस कृषि चलनको प्रमुख उत्पादन/क्रियाकलाप के हो ?***

| | |
|---|---|
| *१. **खाद्यान्न बाली*** | *२. **तरकारी बाली*** |
| *३. **फलफूल बाली*** | *४. **तेल बाली*** |
| *५. **नगदे बाली*** | *६. **पशुपालन*** |
| *७. **पन्छीपालन*** | *८. **माछापालन*** |
| *९. **मौरीपालन*** | *१०. **च्याउखेती*** |
| *११. **पुष्पखेती*** | *१२. **अन्य**............* |

साधारणतया कृषि चलनमा खाद्यान्न, तरकारी, फलफूल र अन्य विभिन्न बालीहरू लगाइनुका साथै पशुपन्छी, माछापालनजस्ता क्रियाकलाप गरिएको पाइन्छ । यी विभिन्न क्रियाकलापबाट भएको आम्दानीमध्ये सबभन्दा बढी प्रतिफल (आम्दानी) दिने क्रियाकलापलाई प्रमुख कृषि उत्पादनको क्षेत्र मान्नुपर्छ । कृषि चलनको प्रमुख उत्पादन/क्रियाकलाप के हो सोधी उपयुक्त एक बिकल्पको कोडमा गोलो घेरा लगाउनुपर्छ । यहाँ उल्लिखित विकल्पबाहेक कृषि चलनको प्रमुख उत्पादन/क्रियाकलाप अन्य कुनै भए “अन्य” लाई जनाउने कोड १२ मा गोलो घेरा लगाई खुलाउनुपर्छ ।

### २.३ यस कृषि चलनबाट भएको प्रमुख उत्पादन मुख्यतः कुन रूपमा उपयोग हुन्छ ?

*१. सबै घरायसी उपभोगमा*

*२. मुख्य घरायसी उपभोग र केही बिक्रीमा*

*३. मुख्य बिक्री र केही घरायसी उपभोगमा*

*४. सबै बिक्रीमा*

कृषि चलनबाट भएको प्रश्न २.२ मा उल्लेख गरिएको प्रमुख कृषि उत्पादन मुख्यतः कुन रुपमा उपयोग गरिन्छ सोधी ४ ओटा विकल्पहरूमध्ये उपयुक्त एक कोडमा गोलो घेरा लगाउनुपर्छ।

घरायसी उपभोग भन्नाले कृषि चलनबाट भएको उत्पादन कृषक परिवारले आफ्नो परिवारको प्रत्यक्ष उपभोगका लागि प्रयोग गरेको बुझ्नुपर्छ। कृषि चलनबाट भएको उत्पादन परिवारको प्रयोगको लागि मात्र नभई बिक्रीका लागि पनि उपयोग भएको हुन सक्छ।

१. घरायसी उपभोग भन्नाले कृषि चलनबाट भएको उत्पादन कृषक परिवारले आफ्नो परिवारको प्रत्यक्ष उपभोगका लागि प्रयोग गरेको बुझ्नुपर्छ। सबै घरायसी उपभोग भन्नाले कृषि चलनबाट भएको उत्पादन बिक्री नगरी घरायसी उपभोगमा मात्र उपयोग भएकोलाई बुझ्नुपर्छ।

२. कृषि चलनबाट भएको उत्पादन परिवारको प्रयोगको लागि मात्र नभई बिक्रीका लागि पनि उपयोग भएको हुन सक्छ। कृषि चलनबाट भएको उत्पादनको मुख्य अंश (५० प्रतिशत वा सो भन्दा बढी) आफ्नै घर-परिवारमा खपत भई सोभन्दा कम बिक्री गरिन्छ भने यसलाई मुख्य घरायसी उपभोग र केही बिक्री भएको मान्नुपर्छ।

३. ५० प्रतिशतभन्दा बढी बेच-बिखनमा जान्छ र सो भन्दा कम घरायसी उपभोगमा उपयोग हुन्छ भने यसलाई मुख्य बिक्री, केही घरायसी उपभोग भएको मान्नुपर्छ।

४. सबै बिक्री भन्नाले कृषि चलनबाट भएको उत्पादन घरायसी उपभोगका लागि नभई सबै उत्पादन बिक्री प्रयोजनकालाई बुझ्नुपर्छ। जस्तै फलफूल बगैंचामा उत्पादन भएका सबै आँप वा सुन्तला कुनै व्यापारीलाई ठेक्कामा बिक्री गरेको हुन सक्छ।

### २.४ यस कृषि चलनले सरकारी निकायमा दर्ता गरी कुनै कृषिसम्वन्धी क्रियाकलाप सञ्चालन गरेको छ ?

*१. छ*

***२. छैन → प्रश्न नं. ३.१***

हालका दिनमा नेपाल सरकारअन्तर्गतका निकायहरूमा व्यवसाय दर्ता गरी कृषि क्रियाकलापहरू सञ्चालन हुँदै आएको पाइन्छ। यसैले गणना गर्न लागिएको कृषक परिवारले कम्पनी रजिष्ट्रारको कार्यालय, घरेलु तथा साना उद्योग विकास समिति, कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, गाउँपालिका, नगरपालिकाजस्ता सरकारी कार्यालयमा दर्ता गरी कुनै कृषि क्रियाकलाप सञ्चालन गरेको रहेछ भने कोड १ मा र सञ्चालन गरेको रहेनछ भने कोड २ मा गोलो घेरा लगाउनुपर्छ। कोड २ मा गोलो घेरा लगाएको छ भने प्रश्न २.५ सोध्नुपर्दैन, प्रश्न ३.१ देखि सोध्नुपर्छ।

### २.५ यस कृषि चलनले दर्ता गरी सञ्चालन गरेको कृषिसम्बन्धी क्रियाकलाप कुन कुन हो ? (बहुउत्तर सम्भव छ)

***१. खाद्यान्न बाली*** ***२. तरकारी बाली***

*३. फलफूल बाली* *४. तेल बाली*

*५. नगदेबाली* *६. पशुपालन*

*७. पन्छीपालन* *८. माछापालन*

*९. मौरीपालन* *१०. च्याउखेती*

*११. पुष्पखेती* *१२. अन्य..........*

कृषक परिवारले कुनै सरकारी निकायमा दर्ता गरी जुन कृषि क्रियाकलाप सञ्चालन गरेको हो उक्त क्रियाकलाप जनाउने कोडमा गोलो घेरा लगाउनुपर्छ। यसरी दर्ता गरी सञ्चालन गरेको कृषि क्रियाकलाप एकभन्दा बढी पनि हुन सक्ने भएकाले यहाँ बहुउत्तर संभव छ। यदि कृषक परिवारले यहाँ उल्लिखित कृषि क्रियाकलाप बाहेकको अन्य कुनै कृषि क्रियाकलाप सरकारी निकायमा दर्ता गरी सञ्चालन गरेको रहेछ भने अन्यको कोड १२ मा गोलो घेरा लगाइ खुलाउनु पर्दछ।

## भाग ३ : जग्गा र सिँचाइसम्बन्धी विवरण

### *३.१ जग्गाको क्षेत्रफलको एकाइ*

*१. बिघा/कट्ठा/धुर*

*२. रोपनी/आना/पैसा*

जग्गाको क्षेत्रफलको एकाइ बिघा/कट्ठा/धुर भए कोड १ मा र रोपनी/आना/पैसा भए कोड २ मा अनिवार्य रूपमा गोलो घेरा लगाउनुपर्छ। यहाँ ध्यान दिनुपर्ने कुरा के छ भने एउटा कृषि चलनअन्तर्गतका सबै कित्ताहरूको क्षेत्रफल एउटै एकाइमा उल्लेख गर्नुपर्छ। जग्गाको क्षेत्रफलको एकाइ खुलाउने ठाउँ यसपछि नभएकोले यसमा विशेष ध्यान दिनुपर्छ। जस्तै : यहाँ बिघाको कोड १ मा गोलो घेरा लगाएको भएमा यसपछि सोधिने सबै प्रश्नहरूमा जग्गाको क्षेत्रफलको एकाइ बिघामा उल्लेख भएको हुनुपर्छ। यसरी नै रोपनीको कोड २ मा गोलो घेरा लगाएको भएमा सबै जग्गाको क्षेत्रफलको एकाइ रोपनीमा नै हुनुपर्छ। जग्गाको क्षेत्रफल मापनको एकाइ हिमाल तथा पहाडमा रोपनी र तराईमा बिघामा गर्ने प्रचलन छ। भित्री मधेश लगायत पहाडी भूभाग समेत समेटिएका तराईका केही स्थानीय तहहरूका कृषि चलनबाट दुवै एकाइमा क्षेत्रफलसम्बन्धी विवरण प्राप्त हुने संभावना रहेकाले दुई प्रकारका एकाइ उल्लेख नगरी उक्त चलन अन्तर्गतका सबै जग्गाको क्षेत्रफल एकै एकाइमा लिनुपर्छ। हालका दिनहरूमा लालपुर्जाअनुसार वर्ग फिटमा एकाइ उल्लेख भए पनि चलनचल्तीअनुसार बिघा वा रोपनीमा रुपान्तरण गरी लेख्नुपर्छ।

### *३.२ यस कृषि चलनले आफ्नो परिवारको हकको जग्गा अरू कसैलाई चलन गर्न दिएको छ ?*

*१. छ*

*२. छैन → प्रश्न नं. ३.४*

गणनाको समयमा आफ्नो परिवारको हकको जग्गा अरू कसैलाई जुनसुकै सर्तमा चलन गर्न दिइएको छ कि छैन सोधी उपयुक्त कोडमा गोलो घेरा लगाउनुपर्छ। यसरी अरूलाई चलन गर्न दिँदा पूरा वर्षैभरिका लागि नभएर एक बाली वा केही महिनाका लागि दिएको भए तापनि दिइएको मानी कोड १ मा गोलो घेरा लगाउनुपर्छ। “छैन” भन्ने उत्तर आएमा कोड २ मा गोलो घेरा लगाएर प्रश्न नं. ३.३ नसोधी प्रश्न नं. ३.४ देखि सोध्नुपर्छ।

### *३.३ अरूलाई चलन गर्न दिएको जग्गाको क्षेत्रफल*

| क्षेत्रफल | | |
|---|---|---|
| बि/रो | क/आ | धु/पै |
| (१) | (२) | (३) |
| | | |

गणनाको समयमा अरूलाई चलन गर्न दिएको जग्गाको क्षेत्रफल एकाइअनुसार सम्बन्धित महलमा लेख्नुपर्छ। यसरी अरूलाई जुनसुकै कार्यको लागि चलन गर्न दिएको जग्गाको क्षेत्रफल लेख्दा आफ्नो परिवारको हकको जग्गा देशभरि जुनसुकै स्थानीय तहमा भए पनि सबै जोडेर जम्मा क्षेत्रफल लेख्नुपर्छ।

### *३.४ यस परिवारले चलन गरेको जग्गामा जम्मा कति कित्ताहरू छन् ?*

| (सख्या उल्लेख गर्ने) |
|---|
| |

कृषक परिवारले चलन गरेको जग्गामा जम्मा कति कित्ता छन् सोधी दिएको कोठामा कित्ता संख्या लेख्नुपर्छ। कित्ता संख्या लेख्दा अङ्कमा लेख्नुपर्छ। कित्ताको अवधारणा परिच्छेद ४ मा दिइएको छ।

यहाँ ध्यान दिनुपर्ने कुरा के छ भने एउटा कृषि चलनअन्तर्गतका सबै कित्ताहरूको क्षेत्रफल एउटै एकाइमा उल्लेख गर्नुपर्छ।

### *३.५ कित्ता तथा खेत-पाखोअनुसार कृषकले चलन गरेको जग्गा र सिँचाई विवरण*

| कित्ताको नाम | कित्ता को कोड | कित्ता रहेको स्थान | जिल्ला र स्थानिय तहको नाम र कोड | जग्गाको किसिम | जम्मा क्षेत्रफल | | | सिँचाइ भएको जग्गाको क्षेत्रफल (यस महलमा क्षेत्रफल ० भएमा महल ८ र ९ नसोध्ने) | | | सिँचाइको स्रोत<br>१.नदी/तलाउ (स्वत: वहाब)<br>२. नदी/तलाउ (तान्नु पर्ने)<br>३. बाँध/रिजर्भायर<br>४. ट्युबवेल/बोरिङ<br>५. अन्य ............<br>६. मिश्रित | आवश्यकता अनुसार बर्षैभरी सिँचाइ हुन्छ ?<br>१. हुन्छ<br>२. हुँदैन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | बि/रो | क/आ | धु/पै | बि/रो | क/आ | धु/पै | | |
| (१) | (२) | (३) | (४) | (५) | (६) | | | (७) | | | (८) | (९) |
| | १ | १. यही स्थानीय तह<br>→ महल ५<br>२. अर्को स्थानीय तह<br>→ महल ४ | जिल्ला:............<br>स्थानीय तह:..........<br>कोड | १. खेत<br>२. पाखो | | | | | | | | |
| | २ | १. यही स्थानीय तह<br>→ महल ५<br>२. अर्को स्थानीय तह<br>→ महल ४ | जिल्ला:............<br>स्थानीय तह:..........<br>कोड | १. खेत<br>२. पाखो | | | | | | | | |

#### *कित्ताको नाम (महल १)*

कृषक परिवारको चलनमा रहेको सबै जग्गाको कित्ताहरूको नाम नछुटाई क्रमैसँग लेख्दै जानुपर्छ। कित्ताको नाम भन्नाले स्थानीय बोलीचाली वा चलनचल्तीको भाषामा उक्त जग्गालाई के भनिन्छ सोही लेख्नुपर्छ, *जस्तै : घरबारी, खोलाबारी, ढिकमुनि आदि।*

***कित्ताको कोड (महल २)***

यो महलमा कित्ताको कोड छापिएको छ । यहाँ भएको कित्ताको कोड नै यसपछिका प्रश्नहरूमा समेत कायम राख्नुपर्छ ।

***कित्ताको रहेको स्थान (महल ३)***

यो कित्ता यही स्थानीय तहमा रहेको भए कोड १ र यस स्थानीय तह भन्दा बाहिर भए कोड २ मा गोलो घेरा लगाउनुपर्छ । कोड १ मा गोलो घेरा लगाएको अवस्थामा महल ४ नसोधी महल ५ देखि मात्र सोध्नुपर्छ ।

***जिल्ला र स्थानीय तहको नाम र कोड (महल ४)***

यदि उक्त कित्ता यो स्थानीय तह भन्दा बाहिर रहेको अवस्थामा सो कित्ता रहेको जिल्लाको नाम पहिलो लहर र स्थानीय तहको नाम र कोड क्रमशः दोश्रो र तेस्रो लहरमा लेख्नुपर्छ ।

***जग्गाको किसिम (महल ५)***

यो महलमा सम्बन्धित कित्ता खेत वा पाखो के हो सोधी उपयुक्त कोडमा गोलो घेरा लगाउनुपर्छ ।

***खेत***

खेतको श्रेणीमा साधारणतया धान रोप्न सकिने जग्गा पर्छ । यस्ता जग्गामा नगदे बाली र गहुँ खेती पनि गर्न सकिन्छ । कुनै जग्गा खेत वा पाखो केमा राख्ने भन्ने कुरा जग्गा दर्ताअनुसार छुट्ट्याउनु हुँदैन । कुनै जग्गामा घर घडेरी, गोठ, खलियान आदि बनाइएको हुन सक्छ । त्यस्तोमा उक्त जग्गा के हो, सो जग्गामा धान रोप्न सकिन्छ वा सकिँदैन वा रोपिएको थियो वा थिएन सोधेर छुट्ट्याउनुपर्छ । कुनै जग्गा बाढी पहिरो आदिले अस्थायी रूपमा बिगारेको छ भने सो जग्गा पहिले खेत वा पाखो कुनरूपमा प्रयोग भएको थियो सोहीअनुसार वर्गीकरण गर्नुपर्छ । कुनै जग्गामा धान रोपिने गरिएको छैन तर त्यसमा धान खेती हुन सक्छ भने पनि त्यसलाई खेतमा राख्नुपर्छ ।

***पाखो***

खेत श्रेणीमा नपरेका जग्गा पाखोमा पर्छन् । पाखोलाई ठाउँ विशेषअनुसार बारी वा पाखोबारी पनि भन्ने चलन गरिन्छ । पाखो जग्गा लगभग वर्षभरि नै सुख्खा रहन्छ र साधारणतया यस्तो जग्गा धान खेतीको लागि उपयुक्त हुँदैन । मकै, फापर, कोदो आदि पाखो जग्गामा उब्जने बालीहरू हुन् । पाखो जग्गामा पनि सिँचाइ गरिएको हुन सक्छ । पाखो जग्गालाई धान रोप्न योग्य बनाइएको छ भने त्यसलाई खेत मान्नुपर्छ ।

***क्षेत्रफल (महल ६)***

यो महलमा कित्ताअनुसार जग्गाको क्षेत्रफल बिघा/कट्ठा/धुर वा रोपनी/आना/पैसा के हो सोधी लेख्नुपर्छ ।

***उदाहरण :*** *शेरबहादुर राईको परिवारले चलन गरेको जग्गाको कित्ताअनुसार खेत पाखोको क्षेत्रफल यस प्रकार रहेछः*

*घरघडेरी कित्ताः **1-10-0** रोपनी खेत,*
*बारीमुनि कित्ताः **0-10-0** रोपनी खेत,*
*पल्लोपाटो कित्ताः **3-0-0** रोपनी पाखो*

*बाटोमुनि कित्ताः 5-0-0 रोपनी खेत, र*

*रातामाटा कित्ताः 5-0-3 रोपनी पाखो।*

यो विवरण तालिका ३.५ मा निम्नानुसार भर्नुपर्छ। *यसमा सिँचाइको विवरण भरिएको छैन।*

**३.५ कित्ता तथा खेत-पाखोअनुसार कृषकले चलन गरेको जग्गा र सिँचाइको विवरण**

| कित्ताको नाम | कित्ता को कोड | कित्ता रहेको स्थान | जिल्ला र स्थानिय तहको नाम र कोड | जग्गाको किसिम | जम्मा क्षेत्रफल | | | सिँचाइ भएको जग्गाको क्षेत्रफल (यस महलमा क्षेत्रफल ० भएमा महल ८ र ९ नसोध्ने) | | | सिँचाइको स्रोत<br>१.नदी/तलाउ (स्वत: बहाव)<br>२. नदी/तलाउ (तान्नु पर्ने)<br>३. बाँध/रिजर्भ्वायर<br>४. ट्युबवेल/बोरिङ<br>५. अन्य<br>६. मिश्रित | आवश्यकता अनुसार वर्षभरी सिंचाइ हुन्छ ?<br>१. हुन्छ<br>२. हुँदैन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | बि/रो | क/आ | धु/पै | बि/रो | क/आ | धु/पै | | |
| (१) | (२) | (३) | (४) | (५) | (६) | | | (७) | | | (८) | (९) |
| घरघडेरी | १ | (१) यही स्थानीय तह → महल ५<br>२. अर्को स्थानीय तह → महल ४ | जिल्ला............<br>स्थानीय तह..........<br>कोड | (१) खेत<br>२. पाखो | 1 | 10 | 0 | | | | | |
| बारीमुनि | २ | १. यही स्थानीय तह → महल ५<br>(२) अर्को स्थानीय तह → महल ४ | जिल्ला...गोरखा<br>स्थानीय तह. पालुङटार<br>कोड 4 0 1 0 8 | (१) खेत<br>२. पाखो | 0 | 10 | 0 | | | | | |
| पल्लोपाटो | ३ | (१) यही स्थानीय तह → महल ५<br>२. अर्को स्थानीय तह → महल ४ | जिल्ला............<br>स्थानीय तह..........<br>कोड | १. खेत<br>(२) पाखो | 3 | 0 | 0 | | | | | |
| बाटोमुनि | ४ | (१) यही स्थानीय तह → महल ५<br>२. अर्को स्थानीय तह → महल ४ | जिल्ला............<br>स्थानीय तह..........<br>कोड | (१) खेत<br>२. पाखो | 5 | 0 | 0 | | | | | |
| रातामाटा | ५ | (१) यही स्थानीय तह → महल ५<br>२. अर्को स्थानीय तह → महल ४ | जिल्ला............<br>स्थानीय तह..........<br>कोड | १. खेत<br>(२) पाखो | 5 | 0 | 3 | | | | | |

***सिँचाइ भएको जग्गाको क्षेत्रफल (महल ७)***

महल ६ मा उल्लिखित कित्ताअनुसार चलन गरेको जग्गाको क्षेत्रफलमध्ये सिँचाइ भएको जग्गाको क्षेत्रफल यो महलमा लेख्नुपर्छ। सन्दर्भ समयमा कुनै एक बालीमा मात्र सिँचाइ भएको भए पनि यसमा पर्छ।

***सिँचाइ***

जग्गाको उत्पादकत्व बढाउने उद्देश्यले थप श्रम वा साधन लगाई जग्गामा कुलो, नहर आदिबाट (वर्षा बाहेक) पानी पुऱ्याउने कार्यलाई सिँचाइ भनिन्छ। सिँचाइमा वर्षा र बाढीबाट आएको पानीलाई लिइँदैन तर यस्तो बाढीको पानी कतै जम्मा गरी उत्पादन बढाउन जग्गामा प्रयोग गरिएमा सिँचाइ गरिएको मानिन्छ। सिँचाइ हो कि होइन भनी छुट्याउन चलनमा सिँचाइ गर्ने उद्देश्यले केही मेहनत वा साधनको प्रयोग भएको छ छैन भन्ने कुरामा ध्यान दिनुपर्छ।

***चलनको कुल क्षेत्रफल***

महल ६ र महल ७ मा क्रमशः कृषि चलनभित्र रहेका प्रत्येक कित्ता र सिँचाइ भएको जग्गाको क्षेत्रफल छुट्टाछुट्टै लेखिसकेपछि अन्तिमको हरफमा चलनका सम्पूर्ण यस्ता कित्ताहरूको क्षेत्रफलको जोड लेख्नुपर्छ। यो कृषक

परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल हो । मुख्य कृषक वा निजको परिवारको सदस्यको नाममा भएको तर निज वा निजको परिवारले आफैले चलन नगरेको जग्गालाई जम्मा चलनको क्षेत्रफलमा गाभ्नु हुँदैन । परिवारको आफ्नो हकको नभए पनि हाल परिवारले चलन गरेको जग्गा भने यसमा पर्छ । कृषिको लागि प्रयोग हुने भवन वा घर गोठ आँगनले चर्चेको जग्गा भने जम्मा चलनको क्षेत्रफलमा समावेश हुन्छ । तर कृषि कार्यमा प्रयोग नभएका छुट्टै जग्गाका टुक्राहरू जस्तै औद्योगिक भवन, व्यापारिक गोदाम आदि कृषि चलनको क्षेत्रफलमा समावेश गर्नु हुँदैन । चलनको जम्मा क्षेत्रफल जग्गाको उपयोग तथा उपभोगअनुसारको जम्मा क्षेत्रफलसँग बराबर हुनुपर्छ ।

***सिँचाइको स्रोत (महल ८)***

कित्ताअनुसार चलन गरेको जग्गाको क्षेत्रफलमध्ये सिँचाइ भएको जग्गाको क्षेत्रफल लेख्नुपर्छ । सन्दर्भ समयमा कुनै एक बालीमा मात्र सिँचाइ भएको भए पनि यसमा पर्छ ।

सिँचाइको स्रोत भन्नाले सिँचाइको लागि पानी कहाँबाट ल्याइएको हो सो स्रोतलाई जनाउँछ । सिँचाइको स्रोतहरूको उपयुक्त कोड यस महलमा लेख्नुपर्छ । कोड १ देखि ४ सम्मका स्रोतबाहेक अन्य कुनै (जस्तै : वर्षाको पानी जमाई बनाएको हिउँदे कुलो) बाट सिँचाइ गरिएको भएमा कोड ५ लेख्नुपर्छ । कुनै कित्तामा एकभन्दा बढी स्रोतबाट सिँचाइ गरिएको रहेछ भने मिश्रितको कोड ६ लेख्नुपर्दछ ।

सिँचाइको स्रोत र सिँचाइको माध्यम फरकफरक कुरा हुन् । बाँध बाँधेर कुलो/नहरको सहायताले सिँचाइको लागि पानी वितरण भएको छ भने बाँध बाँधेर पानी ल्याएको ठाउँ सिँचाइको स्रोत हो कुलो/नहर होइन ।

***नदी/तलाउ (स्वतः बहाव)***

नदी, तलाउको पानीलाई कुलो वा नहरका माध्यमबाट जग्गामा लगी गरिएको सिँचाइ यसमा पर्छ । यसमा कुलो बनाउँदा अग्लो बाट होचो मिलाइएर (अर्थात्, जग्गाको ओरालो वा पानीढलो मिलाएर) बनाइएको हुन्छ र सिँचाइका लागि पानी आफैं बगेर आउन सक्छ कुनै साधन लगाएर तान्नु पर्दैन ।

***नदी/तलाउ (तान्नुपर्ने)***

नदी, तलाउ वा कुवाको पानीलाई पम्प वा अन्य कुनै साधनले तानेर जग्गामा लगी गरिएको सिँचाइ यसमा पर्छ । यसमा पानी ल्याउने ठाउँ सिँचाइ गर्नुपर्ने जग्गाभन्दा होचो ठाउँमा भएर वा अन्य कुनै कारणले सिँचाइ गर्नुपर्ने जग्गासम्म पानी आफैं बगेर आउन नसक्ने हुन्छ । पानीलाई पम्पसेट/मोटर आदिको सहायताले तानेर सानो छोटो कुलेसो बनाएर पनि सिँचाइ गरेको हुन सक्छ । त्यसरी गरिएको सिँचाइलाई पनि यसअन्तर्गत राख्नुपर्छ ।

***बाँध/रिजर्भ्वायर***

यदि नदीमा बाँध बाँधेर नहर/कुलोबाट कृषकले चलन गरेको जग्गामा सिँचाइको लागि पानी ल्याएको भए सिँचाइको स्रोत बाँध हुन्छ । यसै गरेर, रिजर्भ्वायरमा पानी जम्मा गरेर त्यहाँबाट नहर/कुलोको सहायताले पानी ल्याएर गरिएको सिँचाइ पनि यसमा नै पर्छ ।

***ट्युबवेल/बोरिङ***

जमिनमुनिको पानीलाई ट्युबवेल वा बोरिङ गरी सिँचाइ गरिएकोलाई यसअन्तर्गत राख्नुपर्छ । कम गहिराइमा रहेको

जमिनमुनिको पानी पाइप जडान गरी जमिनमाथि ल्याएको भए त्यसलाई स्यालो ट्युबवेल मानिन्छ। जमिनमुनि पानीको स्थायी स्रोतसम्म पठाएर पानी निकाल्ने साधनलाई डिप ट्युबवेल भनिन्छ। यी दुवै प्रकारका स्रोत यसमा समावेश गर्नुपर्छ।

***अन्य***

१ देखि ४ सम्मका स्रोतबाहेक अन्य स्रोतहरू (जस्तै प्राकृतिक बहाव) बाट पनि सिँचाइ गर्न सकिन्छ। प्राकृतिक बहाव भन्नाले वर्षाको जम्मा भएको वा आफै मूल फुटेर निस्किएको पानीलाई सामान्य परिश्रम लगाई गरिएको सिँचाइ भन्ने बुझ्नु पर्छ। यस बाहेक कुवा, इनारबाट गरेको सिँचाइको स्रोत पनि यसैमा पर्छ।

***मिश्रित***

कुनै जग्गामा १ देखि ५ सम्मका सिँचाइका स्रोतमध्ये कुनै दुई वा सोभन्दा बढी स्रोतद्वारा सिँचाइ गरिएको हुन सक्छ। त्यस्तो स्रोतलाई मिश्रित स्रोतअन्तर्गत राख्नुपर्छ।

***आवश्यकताअनुसार वर्षैभरि सिँचाइ हुन्छ ? (महल ९)***

कृषक परिवारले आवश्यक परेको कुनै पनि समयमा सिँचाइ गर्न सक्ने जग्गालाई वर्षैभरि सिँचाइ हुने जग्गा मान्नुपर्छ। यदि उक्त कित्तामा आवश्यकताअनुसार वर्षैभरि सिँचाइ हुन्छ भने कोड १ र हुँदैन भने कोड २ लेख्नुपर्छ।

***परिवारले चलन गरेको जग्गामा भएका कित्ता संख्याअनुसार प्रश्न ३.५ मा जवाफ भर्ने तरिका***

परिवारले चलन गरेको जग्गाको कित्ता संख्याअनुसार यहाँ पाँच अवस्थाको चर्चा सान्दर्भिक देखिएको छ :

- चलनमा जम्मा १० भन्दा कम कित्ता छन्,
- चलनमा जम्मा १० कित्ता छन्,
- चलनमा १० भन्दा बढी तर २० वा सो भन्दा कम कित्ता छन्,
- चलनमा जम्मा २० कित्ता छन्, र
- चलनमा २० भन्दा बढी कित्ता छन्।

१) कृषि चलनअन्तर्गत १० कित्ता भए प्रश्न ३.५ को पहिलो पृष्ठ सबै भरिन्छ। १० भन्दा कम कित्ताहरू भएमा यो पृष्ठमा सबै कित्ताहरूको विवरण भरिसके पछि भर्नु नपर्ने खाली ठाउँमा छड्के धर्को तानिदिनुपर्छ। यसै पृष्ठको अन्तिम लहरमा (अर्थात्, "यस पृष्ठको जम्मा क्षेत्रफल" लेखिएको लहरमा) सम्बन्धित कृषि चलनको सबै कित्ताको जम्मा क्षेत्रफल जोडेर लेख्नुपर्छ।

   यसै प्रश्नको दोस्रो पृष्ठमा कित्ताको विवरण लेख्नु नपर्ने भएको हुँदा छड्के धर्को तानिदिनुपर्छ। त्यसपछि सो दोस्रो पृष्ठको "यस पृष्ठको जम्मा क्षेत्रफल" लेखिएको लहरमा तेर्सो धर्को तानेर "अघिल्लो पृष्ठको जम्मा क्षेत्रफल" लेखिएको लहरमा पहिलो पृष्ठको अन्तिम लहरमा लेखिएको जम्मा क्षेत्रफल जस्ताको तस्तै सार्नुपर्छ। त्यसपछि "चलनको कुल क्षेत्रफल" लेख्ने ठाउँमा पनि यही क्षेत्रफल लेख्नुपर्छ। अर्थात्, परिवारले चलन गरेको जग्गामा १० वा सोभन्दा कम कित्ता भएमा पहिलो पृष्ठको "यस पानाको जम्मा क्षेत्रफल" मा लेखेको क्षेत्रफल नै "चलनको कुल क्षेत्रफल" हुन्छ।

२) कृषि चलनमा जम्मा २० कित्ता भए पहिलो र दोस्रो पृष्ठ पूरै भर्नुपर्छ। कुनै कृषि चलनमा १० भन्दा बढी तर

२० भन्दा कम कित्ताहरू भएमा ३.५ प्रश्नको पहिलो पृष्ठ पूरै भर्नुपर्छ। दोस्रो पृष्ठमा भर्नुपर्ने जति कित्ताको विवरण भरिसकेपछि बाँकी कित्ताको लहरमा छड्के धर्को तानिदिनुपर्छ। पहिलो पृष्ठको अन्तिम लहर र दोस्रो पृष्ठको अन्तिम तीन लहरमा पनि आवश्यक विवरण भर्नुपर्छ।

३) सम्बन्धित कृषि चलनमा २० भन्दा बढी कित्ताहरू भएमा थप प्रश्नावलीको सेट प्रयोग गरी सोको संख्या प्रश्नावलीको पहिलो पृष्ठमा खुलाउनुपर्छ।
थप गरिएको प्रश्नावलीको कित्ताको कोड पनि आवश्यकताअनुसार २१, २२, २३, ... गरेर सच्याउनुपर्छ। थप प्रश्नावलीको सेटमा २० कित्ता सम्मको क्षेत्रफलको जोड "अघिल्लो पृष्ठको जम्मा क्षेत्रफल" अन्तर्गत र पछिल्ला कित्ताहरूको क्षेत्रफलको जोड सोही पानाको "यस पृष्ठको जम्मा क्षेत्रफल" अन्तर्गत लेख्नुपर्छ, त्यसपछि दुवैको जोड "चलनको कुल क्षेत्रफल" अन्तर्गत लेख्नुपर्छ। सिँचाइ भएको जग्गाको क्षेत्रफल पनि यसैअनुसार भर्नुपर्छ।

### *३.६ चलन गरेको जम्मा जग्गाको कित्ताअनुसार भू-उपभोग*

यस तालिकामा विवरण भर्दा तालिका ३.५ को महल-१ मा लेखिए बमोजिमका कित्ताहरूको क्रमशः उपभोग (Tenure) खुलाउनुपर्छ।

**३.६ चलन गरेको जग्गाको कित्ताअनुसार भू-उपभोग**

| कित्ताको कोड | परिवारको हकको जग्गा आफैंले चलन गरेको | | | अरूको हकको जग्गा हाल परिवारले चलन गरेको | | | | | | | | | | | | | | | | | | अन्य प्रकारको उपभोग अन्तर्गत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ठेक्कामा लिएको | | | | | | बाली बाँड्ने गरी | | | सेवा मजदुरी बापत | | | भोग बन्धक | | | अन्य शर्त अन्तर्गत | | | | | |
| | | | | नगद तिर्ने गरी | | | जिन्सी तिर्ने गरी | | | | | | | | | | | | | | | | | |
| | क्षेत्रफल | | | क्षेत्रफल | | | क्षेत्रफल | | | क्षेत्रफल | | | क्षेत्रफल | | | क्षेत्रफल | | | क्षेत्रफल | | | क्षेत्रफल | | |
| | बि/रो | क/आ | धु/पै | बि/रो | क/आ | धु/पै | बि/रो | क/आ | धु/पै | बि/रो | क/आ | धु/पै | बि/रो | क/आ | धु/पै | बि/रो | क/आ | धु/पै | बि/रो | क/आ | धु/पै | बि/रो | क/आ | धु/पै |
| (१) | (२) | | | (३) | | | (४) | | | (५) | | | (६) | | | (७) | | | (८) | | | (९) | | |
| १ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | | | | | | |

### *जग्गाको उपभोग*

जग्गाको उपभोगले चलन गरेको मध्ये कति जग्गा कृषक परिवारको आफ्नो हकको र कति अरूको हकको कुनकुन सर्तमा लिई चलन गरेको रहेछ भन्ने छुट्याएर देखाउँछ। एउटा कृषि चलन एक वा सोभन्दा बढी प्रकारको उपभोगअन्तर्गत सञ्चालन गरिएको हुन सक्छ। जग्गाको उपभोगसम्बन्धी तथ्याङ्क एउटै सन्दर्भ समयको (गणनाको दिनको) सङ्कलन गर्नुपर्छ।

जग्गाको क्षेत्रफल उल्लेख गर्दा प्रश्न ३.१ मा उल्लेख भएको क्षेत्रफलको एकाइअनुसार नै बिघा/कट्ठा/धुर वा रोपनी/आना/पैसा हुनुपर्छ। एउटा कृषि चलनअन्तर्गतका सबै कित्ताहरूको क्षेत्रफलको एकाइ एउटै हुनुपर्छ। जग्गाको उपभोगलाई निम्नानुसार वर्गीकरण गरिएको छ :

अ) आफ्नो परिवारको हकको जग्गा आफैले चलन गरेको : महल-२

(आ) अरूको हकको जग्गा हाल परिवारले चलन गरेको : महल-३ देखि महल-८ सम्म

(इ) अन्य प्रकारको उपभोगअन्तर्गत (जस्तैः स्वामित्वको विवाद रहेको वा प्रष्ट नभएको वा मुद्दा परेको) चलन गरेको जग्गा : महल-९

*कित्ताको कोड (महल १)*

कित्ताको कोड प्रश्न ३.५ को तालिकाको महल २ मा दिइएको कित्ताको कोडअनुसार नै हुनुपर्छ। प्रश्नावली थपेको भए पनि प्रश्न ३.५ जस्तै सच्याउनुपर्छ।

***परिवारको हकको जग्गा आफैंले चलन गरेको** (महल २)*

परिवारको हकको आफैले चलन गरेको जग्गा भनेको परिवारको आफ्नो स्वामित्वमा रहेको र उपभोग गर्ने सम्पूर्ण अधिकारसमेत आफैमा निहित रहेको जग्गा हो। यस्तो जग्गामा आफ्नो स्वामित्वमा रहेको तर अरूलाई कुनै सर्तमा उपभोग गर्न दिएको जग्गा पर्दैन। कसैको पनि कानुनी स्वामित्वमा नरहेको भनी स्पष्ट भएको र कुनै व्यक्ति विशेषले लामो समयदेखि (२० वर्ष देखि) बिना विवाद उपभोग गरिरहेको जग्गालाई उक्त व्यक्तिको स्वामित्वमा नै रहेको मानी यसैअन्तर्गत राख्नुपर्छ।

***अरुको हकको परिवारले चलन गरेको जग्गा***

यसमा अरूको स्वामित्वमा रहेको तर हाल परिवारले जुनसुकै सर्तमा लिई उपभोग गरेको जग्गा पर्छ। यी सर्तहरू निम्नानुसारका हुन सक्छन् : ठेक्कामा लिएको नगद वा जिन्सी तिर्ने, बाली बाँड्ने, सेवा मजदुरी बापत, भोग बन्धक वा अन्य।

***ठेक्कामा लिएको नगद तिर्ने** (महल ३)*

जग्गा धनीलाई आपसी सहमतिको आधारमा निश्चित नगद तिर्ने गरी जग्गा लिई उपभोग गरेको जग्गा यसअन्तर्गत पर्छ। यस्तो जग्गामा खेतीपातीको चाँजोपाँजो मिलाउने सम्पूर्ण अधिकार मुख्य कृषकको हुन्छ।

***ठेक्कामा लिएको जिन्सी तिर्ने** (महल ४)*

जग्गा धनीलाई तोकिएको मात्रामा बाली तिर्ने गरी कमाएको जग्गा यस शीर्षकअन्तर्गत पर्छ। यसरी लिएको जग्गाको व्यवस्था गर्ने र उपभोग गर्ने जिम्मेवारी मुख्य कृषकको नै हुन्छ। यदि नगद र जिन्सी तिर्ने गरी कमाएको जग्गा छ भने नगद र जिन्सीमध्ये नगद बढी तिर्नुपर्ने रहेछ भने ठेकिएको नगदअन्तर्गत र जिन्सी बढी तिर्नुपर्ने रहेछ भने ठेकिएको जिन्सीअन्तर्गत राख्नुपर्छ।

***बाली बाँड्ने** (महल ५)*

यसअन्तर्गत उपभोग गरिएको जग्गामा जग्गाधनीसँग बाली बाँड्ने गरी (अधियाँ, बटैया, त्रिखण्डी आदि सर्तमा) मुख्य कृषकले जग्गाको उपभोग गरेको हुन्छ। बाली बाँड्ने अनुपात ठाउँ, कृषि उत्पादन र प्रचलनअनुसार फरक हुन सक्छ। कृषि चलनसम्बन्धी प्राविधिक जिम्मेवारी मुख्य कृषकमा रहन्छ। तर जग्गाधनीले कृषि चलनका लागि मल, बिउ, औजार तथा अन्य सहयोग प्रदान गरेको भने हुन सक्छ।

***सेवा मजदुरी बापत** (महल ६)*

यसअन्तर्गत जग्गाधनीले आफ्नो काम लगाएबापत ज्यालाको सट्टामा चलन गर्न दिएको जग्गा पर्छ। यसका दुई प्रकार छन्।

अ) ज्यालामा काम गर्ने कुनै कामदारले ज्यालाको सट्टा निश्चित जग्गा जग्गाधनीबाट चलन गर्न पाएको हुन्छ।

यस्तो जग्गा निजले जग्गाधनीको काम गरुन्जेल चलन गर्न पाएको हुन्छ ।

(आ) सरकारी, धार्मिक संघसंस्था वा अरू कसैको सेवा गरेबापत आंशिक रकम तिर्ने वा नतिर्ने गरी लिइएको जग्गा पनि यसैअन्तर्गत पर्छ, जस्तै, मन्दिरको दैनिक पूजाआजा गरे बापत चलन गरेको मन्दिरको गुठी जग्गा ।

***भोगबन्धकअन्तर्गत (महल ७)***

कृषक परिवारले जग्गाधनीलाई ऋण दिएबापत जग्गा लिई सो ऋण चुक्ता नहुन्जेलसम्म उपभोग गरिएको जग्गाहरू यसमा पर्छन् । यस्ता जग्गाको खेतीपातीको चाँजोपाँजो मिलाउने जिम्मेवारी मुख्य कृषकको नै हुन्छ ।

***अन्य सर्तअन्तर्गत (महल ८)***

माथि उल्लिखित सर्तहरूमा नपरेका अरूको हकको हाल परिवार आफैले कमाएको जग्गा (जस्तै बिना लगानी परिवारले चलन गरेको जग्गा, कसैले व्यक्तिगत नाता सम्बन्ध आदिको कारणले सित्तैमा कमाउन दिएको जग्गा) यसअन्तर्गत पर्छन् ।

***अन्य प्रकारको उपभोगअन्तर्गत (महल ९)***

माथि उल्लेख गरिएका दुई प्रकारका मुख्य शीर्षकअन्तर्गत उपभोग गरिएका जग्गाबाहेक चलन गरिएको अन्य जग्गा यसमा पर्छ । स्वामित्वको विवादमा रही सोको निर्णय नहुन्जेल तात्कालिक व्यवस्थाको रूपमा चलन गर्न पाएको वा अतिक्रमण गरेर चलन गरेको सरकारी जग्गा पनि यसमा पर्छ ।

***उदाहरण :*** *शेरबहादुर राईले चलन गरेको जम्मा **15-4-3** रोपनी जग्गाको उपभोग निम्नबमोजिम रहेछ :*

*पहिलो कित्ता (घरघडेरी): **1-10-0** रोपनी आफ्नो हकको आफैंले चलन गरेको,*

*दोस्रो कित्ता (बारीमुनि): **0-10-0** रोपनी अर्कोसँग वार्षिक **2** मुरी धान दिने गरी लिएको,*

*तेस्रो कित्ता (पल्लोपाटो): **3-0-0** रोपनी मध्ये **2-0-0** रोपनी आफ्नो हकको र **1-0-0** रोपनी अरूको हकको हाल नगद तिर्ने गरी कमाएको,*

*चौथो कित्ता (बाटोमुनि): **5-0-0** रोपनी अर्काको हकको जग्गा बाली बाँड्ने गरी कमाइरहेको,*

*पाँचौँ कित्ता (रातामाटा): **5-0-3** रोपनी आफ्नै हकको जग्गा आफैँले कमाइरहेको,*

*यो विवरण तालिका ३.६ मा निम्नानुसार भर्नुपर्छ ।*

**३.६ चलन गरेको जग्गाको कित्ताअनुसार उपभोग**

| कित्ताको कोड | परिवारको हकको जग्गा आफैँले चलन गरेको | | | अरूको हकको जग्गा हाल परिवारले चलन गरेको | | | | | | | | | | | | | | | | | | | | अन्य प्रकारको उपभोगअन्तर्गत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ठेकिएको | | | | | | बाली बाँड्ने गरी | | | सेवा मजदुरीबापत | | | भोग बन्धक | | | अन्य सर्तअन्तर्गत | | | | | |
| | | | | नगद तिर्ने गरी | | | जिन्सी तिर्ने गरी | | | | | | | | | | | | | | | | | |
| | क्षेत्रफल | | | क्षेत्रफल | | | क्षेत्रफल | | | क्षेत्रफल | | | क्षेत्रफल | | | क्षेत्रफल | | | क्षेत्रफल | | | क्षेत्रफल | | |
| (१) | (२) | | | (३) | | | (४) | | | (५) | | | (६) | | | (७) | | | (८) | | | (९) | | |
| ०१ | 1 | 10 | 0 | | | | | | | | | | | | | | | | | | | | | |
| ०२ | | | | | | | 0 | 10 | 0 | | | | | | | | | | | | | | | |
| ०३ | 2 | 0 | 0 | 1 | 0 | 0 | | | | | | | | | | | | | | | | | | |
| ०४ | | | | | | | | | | 5 | 0 | 0 | | | | | | | | | | | | |
| ०५ | 5 | 0 | 3 | | | | | | | | | | | | | | | | | | | | | |

यहाँ प्रत्येक कित्ताअनुसारको क्षेत्रफलको जोड प्रश्न नं. ३.५ मा उल्लेख भएको कित्ताको क्षेत्रफलसँग क्रमशः मिलेको हुनुपर्छ ।

### *३.७ चलन गरेको जग्गाको कित्ताअनुसार भू-उपयोग*

कृषिगणनाको लागि परिवारले चलन गरेको जम्मा जग्गालाई उपयोगअनुसार निम्न वर्गमा विभाजन गरिएको छः

<table>
<tr><th>क्र.स.</th><th>जग्गा उपयोगको बर्गिकरण</th><th colspan="5">जग्गाको उपयोग</th></tr>
<tr><td>१</td><td>अस्थायी बाली लागेको जग्गा</td><td rowspan="3">खेती योग्य जग्गा (क्र.स.१-३)</td><td rowspan="4">बाली लाग्ने जग्गा (क्र.स.१-४)</td><td rowspan="5">कृषि जग्गा (क्र.स.१-५)</td><td rowspan="6">कृषिको लागि प्रयोग भएको जग्गा (क्र.स.१-६)</td><td rowspan="9">कृषक परिवारले चलन गरेको जम्मा जग्गा (क्र.स.१-९)</td></tr>
<tr><td>२</td><td>अस्थायी चौरचरन</td></tr>
<tr><td>३</td><td>अस्थायी बाझो</td></tr>
<tr><td>४</td><td>स्थायी बालीलागेको जग्गा</td><td></td></tr>
<tr><td>५</td><td>स्थायी चौरचरन</td><td></td><td></td></tr>
<tr><td>६</td><td>घर घडेरी तथा गोठ धंसारले ओगटेको जग्गा</td><td></td><td></td><td></td></tr>
<tr><td>७</td><td>निजी वनबनेलो</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>८</td><td>पोखरीले ओगटेको जग्गा</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>९</td><td>अन्य जग्गा</td><td></td><td></td><td></td><td></td></tr>
</table>

प्रश्न ३.७ को तालिकामा विवरण भर्दा तालिका ३.५ को महल-१ मा लेखिए बमोजिमका कित्ताहरूको क्रमशः उपयोग (Use) खुलाउनुपर्छ । प्रश्नावली थपेको भए पनि प्रश्न नं. ३.५ जस्तै सच्याउनु पर्छ ।

**३.७ चलन गरेको जग्गाको कित्ताअनुसार भू-उपयोग**

| कित्ता को कोड | खेतीयोग्य जग्गा | | | | | | | | | स्थायी बाली लागेको जग्गा | | | स्थायी चौर चरन | | | निजी वनबनेलो | | | पोखरी | | | घर, घडेरी, गोठ, धन्सारले ढाकेको जग्गा | | | अन्य जग्गा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अस्थायी बाली लागेको जग्गा | | | अस्थायी चौर चरन | | | अस्थायी बाँझो | | | | | | | | | | | | | | | | | | | | |
| | क्षेत्रफल | | | क्षेत्रफल | | | क्षेत्रफल | | | क्षेत्रफल | | | क्षेत्रफल | | | क्षेत्रफल | | | क्षेत्रफल | | | क्षेत्रफल | | | क्षेत्रफल | | |
| | वि/रो | क/आ | घ/पै | वि/रो | क/आ | घ/पै | वि/रो | क/आ | घ/पै | वि/रो | क/आ | घ/पै | वि/रो | क/आ | घ/पै | वि/रो | क/आ | घ/पै | वि/रो | क/आ | घ/पै | वि/रो | क/आ | घ/पै | वि/रो | क/आ | घ/पै |
| (१) | (२) | | | (३) | | | (४) | | | (५) | | | (६) | | | (७) | | | (८) | | | (९) | | | (१०) | | |
| १ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

### *अस्थायी बाली लागेको जग्गा (महल २)*

अस्थायी बाली लागेको सबै जग्गा यसअन्तर्गत पर्छ । अस्थायी बाली भन्नाले एक वर्षको अवधिभित्र उत्पादन गरी बाली भित्र्याउने र अर्को बालीका लागि पुनः खनजोत गरी लगाउनुपर्ने किसिमका बालीहरू पर्छन् । तर, लगाएको बाली भित्र्याउन एक वर्षभन्दा बढी समय लाग्ने भए तापनि यदि बोट समेत नष्ट गरिन्छ भने अस्थायी बालीअन्तर्गत नै पर्छ, जस्तै : उखु । एक वर्षपछि अर्को बाली लगाइने र खनजोत गर्दा बोट डाँठसमेत नष्ट हुने बालीहरू पनि अस्थायी बालीअन्तर्गत पर्छन् । अस्थायी बालीअन्तर्गत यी बालीहरू पर्छन् : खाद्यान्न बाली, कोसे/दाल बाली, कन्दमूल बाली, तेल बाली, नगदे बाली, मसला बाली, तरकारी बाली, र भुइँघाँस बाली ।

***अस्थायी चौरचरन (महल ३)***

अस्थायी खर्क तथा चौरचरनअन्तर्गतका जग्गाहरू भन्नाले पशुचरन वा आहारका लागि अस्थायीरूपमा खाली छोडिएको जग्गा भन्ने बुझिन्छ। खर्क तथा चौरचरन अस्थायी वा स्थायी हुन सक्छ। कुनै खर्क तथा चौरचरन स्थायी हो कि अस्थायी भनेर छुट्याउन सामान्यतया ५ वर्षको अवधिलाई लिइन्छ। ५ वर्षभन्दा कम अवधिसम्मका यस्ता जग्गाहरू मात्र अस्थायी चौरचरनमा लिइन्छन् र सोभन्दा बढी अवधि भएका यस्ता जग्गाहरू स्थायी चौरचरनअन्तर्गत राख्नुपर्छ।

***अस्थायी बाँझो (महल ४)***

यसअन्तर्गत कम्तीमा एक वर्ष र बढीमा ५ वर्षसम्म बाँझो राखिएको जग्गा पर्छ। यसरी बाँझो छोडिएको जग्गा प्राकृतिक रूपमा घाँसपात उम्रेर ५ वर्षभन्दा कम समयदेखि चौरचरनको रूपमा प्रयोग भइरहेको छ भने त्यसलाई अस्थायी चौरचरनअन्तर्गत लिइन्छ र यदि सो अवधि ५ वर्षभन्दा बढी छ भने यस्तो जग्गालाई स्थायी चौरचरनअन्तर्गत लिनुपर्छ। लामो समयसम्म बाँझो रहेको जग्गामा दाउरा काठपातको रूपमा उपयोग हुन सक्ने रुखहरू भएमा वनबनेलोको शीर्षकअन्तर्गत राख्नुपर्छ।

अस्थायी रूपमा बाँझो रहेको जग्गा अनुपयोगी जग्गा (Waste Land) को रूपमा परिवर्तन भएमा "अन्य जग्गा"मा राख्नुपर्छ। एक वर्षभन्दा कम अवधिका लागि बाँझो छाडिएको वा छाड्ने उद्देश्यले राखिएको जग्गा अस्थायी बाँझोमा पर्दैन।

माथि उल्लिखितबाहेकका जग्गाहरू पनि यसअन्तर्गत नै पर्छन् जस्तैः बाढीले अस्थायी रूपमा एक सन्दर्भ वर्षको लागि क्षति पुऱ्याएको जग्गा वा बाली लगाउन तयार पारिएको तर कुनै कारणले बाली नलगाएको जग्गा आदि।

छानो वा छाप्रोको ओत वा टनेलमा रहेको जग्गामा अस्थायी बाली लगाइएको छ भने अस्थायी बाली लागेको जग्गाको क्षेत्रफलमा राख्नुपर्छ र स्थायी बाली लगाइएको छ भने स्थायी बाली लागेको जग्गामा राख्नुपर्छ।

***स्थायी बालीलागेको जग्गा (महल ५)***

एक पटक उत्पादन लिएपछि पुनः रोप्नु नपर्ने र धेरै वर्षसम्म उत्पादन दिइरहने बाली लागेको जग्गा स्थायी बाली लागेको जग्गामा गणना गरिन्छ। जस्तै : फलफूल लगाएको जग्गा, नर्सरी भएको जग्गा आदि। तर, वनबनेलोका लागि लगाइएको नर्सरीले ढाकेको जग्गालाई वनबनेलोको क्षेत्रफलमा नै राख्नुपर्छ। संयुक्त बाली (स्थायी र अस्थायी मिसाएर लगाइएको) लागेको जग्गालाई विशेष ध्यान पुऱ्याउनुपर्छ। यस्तो अवस्थामा संयुक्त बाली लागेको जम्मा क्षेत्रफलबाट अस्थायी बालीले ओगटेको अनुमानित क्षेत्रफल घटाएर बाँकी क्षेत्रफल स्थायी बालीको क्षेत्रफलअन्तर्गत (महल ५) मा र अस्थायी बालीले ओगटेको अनुमानित क्षेत्रफल अस्थायी बालीअन्तर्गत (महल २) मा लेख्नुपर्छ। प्रश्नावलीको तालिका नं. ४.३ को महल ६ को सन्दर्भमा भने संयुक्त बाली लागेको जग्गाको क्षेत्रफल पूरै संयुक्त बाली लागेको क्षेत्रफलअन्तर्गत महल ६ मा लेख्नुपर्छ।

कृषिगणनामा स्थायी बालीअन्तर्गत निम्नलिखित बालीहरू समावेश गरिएका छन् : अमिलो जातका फलफूलहरू, अमिलो जातबाहेक अन्य फलफूलहरू, र चिया, कफीजस्ता अन्य स्थायी बालीहरू।

***स्थायी चौरचरन (महल ६)***

यसअन्तर्गत स्थायी रूपमा (५ वर्ष वा सोभन्दा बढी) चौरचरनका लागि छाडिएको वा प्राकृतिक रूपबाट उम्रिएको जङ्गली घाँसको मैदान वा पशु चरनले ढाकेको जग्गा पर्छ । स्थायी चौरचरनमा आफैं उम्रिएका (खास गरी चौरचरनका रुख तथा झाडी) बुटाबुटीहरू भएको जग्गा पर्छ ।

***निजी वनबनेलो (महल ७)***

यसमा चलनभित्र आफै उम्रिएको वा रोपिएको वनबनेलो पर्छ । यसबाट काठ, दाउरा, लकडी र अन्य वनजन्य वस्तुहरू प्राप्त गरिन्छ । संरक्षणका लागि वनबनेलोको खेती गरिएको वा लहर मिलाएर वा नमिलाई झ्याम्म पारेर लगाएको अथवा रुखका बुटाबटीहरू, बाँसको झ्याङ र अन्य वनस्पतिले ढाकेको जग्गाहरू निजी वनबनेलोको क्षेत्रफलमा समावेश गर्नुपर्छ । निजी वनबनेलो अन्तर्गतका बाँसका झ्याङहरूलाई स्थायी बाली अन्तर्गत गणना गर्नु हुँदैन । मनोरञ्जनको उद्देश्यले मात्र राखिएको वनबनेलोको जग्गालाई भने अन्य कतै उल्लेख नगरिएका चलनमा रहेका जग्गामा उल्लेख गर्नुपर्छ ।

***पोखरी (महल ८)***

माछापालन गर्न, गाईवस्तुलाई पानी खुवाउन वा सिँचाइ गर्नको लागि जग्गा खनी बनाएको वा आफै पानी जमी खेती गर्न नसक्ने अवस्थामा रहेको कृषि चलन भित्रको जग्गालाई पोखरी भनिन्छ । यसरी रहेको पोखरीमा माछा पालिएको वा त्यतिकै रहेको पनि हुन सक्छ ।

***घर, घडेरी, गोठ, धन्सारले ढाकेको जग्गा (महल ९)***

कृषि चलनअन्तर्गतका घर, घडेरी, गोठ, धन्सार आदिले चर्चेको जग्गा, आँगन, सडक अथवा गल्ली, सामान तथा औजार, भण्डार गर्न प्रयोग गरिएको खुला ठाउँ यस महलअन्तर्गत उल्लेख गर्नुपर्छ ।

***अन्य जग्गा (महल १०)***

यसमा अन्यत्र कतै उल्लेख नगरिएका कृषि चलनअन्तर्गतका उत्पादक, अनुत्पादक सबै जग्गा पर्छन् ।

सोतरको रुपमा प्रयोग गर्न सकिने जस्तै : नरकटघारीले ओगटेको जग्गा यस अन्तर्गत पर्छन् । यसमा साधारणतया खेती गर्न आवश्यक पर्नेभन्दा बढी परिश्रम गरेमा उत्पादक बनाउन सकिने जग्गा पनि पर्छन् ।

खेर गएको जग्गा र माथि विभिन्न क्षेत्रमा उल्लेख नगरिएको कृषि चलनका जग्गाहरू पनि यसैमा पर्छन् । अर्थात्, कृषि चलनअन्तर्गत पर्ने तर अन्य कुनै महलमा नपर्ने कुनै जग्गा छ भने यस महलमा राख्नुपर्छ ।

***ध्यान दिनुपर्ने कुरा***

यस प्रश्नमा पनि प्रश्न नं. ३.५ बमोजिमका कित्ताहरूको क्षेत्रफल क्रमशः लेख्नुपर्छ । क्षेत्रफलको एकाइ प्रश्न नं. ३.१ मा खुलाएबमोजिमको हुनुपर्छ । कित्ताअनुसार जग्गाको उपयोग (Land Use) महल-२ देखि महल-१० सम्मका विभिन्न वर्गीकरणमा खुलाएर लेख्नुपर्छ र अन्तिम हरफमा विभिन्न उपयोगअनुसारको सबै कित्ताको जोड लेख्नुपर्छ । उदाहरणका लागि शेरबहादुर राईले चलन गरेको जम्मा जग्गाको उपयोगको स्थिति देहायबमोजिम रहेछ :

*पहिलो कित्ता (घरघडेरी) : जम्मा **1-10-0** रोपनी जग्गामध्ये **1-0-0** रोपनी जग्गामा वर्षा याममा धान रोपेको, हिउँदमा आधा जग्गामा तोरी छरेको, बाँकीमा आलु र अरु तरकारी लगाएको रहेछ र **0-10-0** रोपनी जग्गा घरघडेरी गोठ, आँगनले ढाकेको रहेछ,*

*दोस्रो कित्ता (बारीमुनि) : जम्मा **0-10-0** रोपनीको पुरै कित्तामा वर्षामा धान रोपेको र हाल तोरी छरिएको रहेछ,*

*तेस्रो कित्ता (पल्लोपाटो) : जम्मा **3-0-0** रोपनी जग्गामध्ये **1-0-0** रोपनीमा अम्बा, सुन्तलाका बिरुवाहरू बराबरी मिसाएर लगाइएका रहेछन् । बाँकी **2-0-0** रोपनीमा मकै छरिएको रहेछ ।*

*चौथो कित्ता (बाटोमुनि) : जम्मा **5-0-0** रोपनी जग्गामध्ये **1-0-0** रोपनीमा वर्षामा घैया धान छरी हिउँदमा गहुँ र तोरी मिसाएर छरिएको रहेछ र बाँकी **4-0-0** रोपनीमा वर्षामा धान रोपेर हाल गहुँ छरिएको रहेछ ।*

*पाँचौं कित्ता (रातामाटा) : जम्मा **5-0-3** रोपनी जग्गामध्ये **0-10-0** रोपनीमा गाईवस्तु चराउने खाली छोडिएको रहेछ, **0-6-3** मा हिउँदे र वर्षे तरकारी खेती गरिएको रहेछ । **3-10-0** रोपनी जग्गा खोँचमा परेको रहेछ र काँडा, काफल, ऐँसेलुका बोट र वनबनेलोले ढाकेको रहेछ र **0-6-0** रोपनीमा पोखरी रहेछ ।*

यो विवरण तालिका ३.७ मा निम्नानुसार भर्नुपर्छ ।

**३.७ चलन गरेको जग्गाको कित्ता अनुसार उपयोग**

| कित्ताको कोड | खेतीयोग्य जग्गा: अस्थायी बाली लागेको जग्गा | | | खेतीयोग्य जग्गा: अस्थायी चौरचरन | | | खेतीयोग्य जग्गा: अस्थायी बांझो | | | स्थायी बाली लागेको जग्गा | | | स्थायी चौरचरन | | | निजी वन बनेलो | | | पोखरी | | | घर, घडेरी, गोठ, धन्सारले ढाकेको जग्गा | | | अन्य जग्गा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल | | | क्षेत्रफल | | | क्षेत्रफल | | | क्षेत्रफल | | | क्षेत्रफल | | | क्षेत्रफल | | | क्षेत्रफल | | | क्षेत्रफल | | | क्षेत्रफल | | |
| (१) | (२) | | | (३) | | | (४) | | | (५) | | | (६) | | | (७) | | | (८) | | | (९) | | | (१०) | | |
| ०१ | 1 | 0 | 0 | | | | | | | | | | | | | | | | | | | 0 | 10 | 0 | | | |
| ०२ | 0 | 10 | 0 | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ०३ | 2 | 0 | 0 | | | | | | | 1 | 0 | 0 | | | | | | | | | | | | | | | |
| ०४ | 5 | 0 | 0 | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ०५ | 0 | 6 | 3 | 0 | 10 | 0 | | | | | | | | | | 3 | 10 | 0 | 0 | 6 | 0 | | | | | | |

यहाँ प्रत्येक कित्ताअनुसारको क्षेत्रफलको जोड प्रश्न नं. ३.५ मा उल्लेख भएको कित्ताको क्षेत्रफलसँग क्रमशः मिलेको हुनुपर्छ ।

भाग ८ मा अन्य खेतीसम्बन्धी विवरण अन्तर्गत समेटिने गणनाका दिनमा रहेका च्याउखेती र अस्थायी प्रकृतिका पुष्पखेती र नर्सरीको क्षेत्रफल कित्ता अनुसार यहाँ पनि महल २ को अस्थायी बाली लागेको जग्गाको क्षेत्रफल अन्तर्गत समावेस गर्नुपर्दछ । यसै गरी स्थायी प्रकृतिका पुष्पखेती र नर्सरीको क्षेत्रफल कित्ता अनुसार महल ५ को स्थायी बाली लागेको जग्गाको क्षेत्रफल अन्तर्गत र रेशमपालनको लागि गरिएको किम्बुखेतीको क्षेत्रफल महल ७ को निजी वनबनेलो लागेको जग्गाको क्षेत्रफल अन्तर्गत समावेस गर्नुपर्दछ । यस्तै माछापालन गरिएको पोखरीको क्षेत्रफल पनि महल ८ को पोखरीको क्षेत्रफल अन्तर्गत समावेस गर्नुपर्दछ ।

## भाग ४ : अस्थायी तथा स्थायी बालीहरू

### *४.१ कित्ताअनुसार सबै अस्थायी बालीको क्षेत्रफल र प्रमुख आठओटा अस्थायी बाली (धान, मकै, गहुँ, कोदो, आलु, जौ/उवा, फापर र तोरी/सर्स्यू) को उत्पादन*

यो प्रश्नको तालिकामा अस्थायी (मौसमी) बाली लागेको बालीको नाम, रोपिएको क्षेत्रफल र प्रमुख आठ अस्थायी बाली (धान, मकै, गहुँ, कोदो, आलु, जौ/उवा, फापर र तोरी/सर्स्यू) को उत्पादन कित्ताअनुसार उल्लेख गरिन्छ। यहाँ पनि क्षेत्रफलको एकाइ प्रश्न नं. ३.१ मा खुलाए बमोजिमको हुनुपर्छ। यो तालिका निम्नबमोजिम भर्नुपर्छ।

| क्रम संख्या | कित्ताको नाम | कित्ताको कोड | बालीको नाम | बालीको कोड | क्षेत्रफल | | | उत्पादन | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | क्विन्टल | केजी |
| | | | | | बि/रो | क/आ | धु/पै | | |
| (१) | (२) | (३) | (४) | (५) | (६) | | | (७) | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |

***क्रमसंख्या*** *(महल १)*

यस महलमा दिएको संख्या प्रत्येक हरफको क्रमसंख्या हो, कित्ताको कोड होइन।

***कित्ताको नाम*** *(महल २)*

यस महलमा प्रश्न नं. ३.५ बमोजिमका प्रत्येक कित्ताहरूको नाम कित्ता कोडअनुसार मिलाएर क्रमैसँग लेख्नुपर्छ। कुनै कित्तामा सन्दर्भ वर्षभित्र एकभन्दा बढी किसिमका अस्थायी बाली लागेको भएमा कित्ताको नाम दोहोर्‍याएर अर्को लहरमा लेख्नुपर्छ र सो कित्तामा लागेको प्रत्येक बालीको क्षेत्रफल लेख्नुपर्छ। एउटा कित्तामा सन्दर्भ वर्षभित्र एकै प्रकारको बाली एक पटकभन्दा बढी पटक लगाएको भए सो कित्तामा लागेको बालीको क्षेत्रफल तथा उत्पादन एकमुष्ट जोडेर बालीको नामसहित एउटै लहरमा लेख्नुपर्छ।

*नोट : खासगरी तरकारी बालीहरू एउटै कित्तामा दुई वा तीन पटकसम्म लगाइएको हुन सक्छ तसर्थ त्यस्ता बालीहरूको क्षेत्रफल लेख्दा ध्यान दिनुपर्छ।*

यसरी पहिलो कित्तामा लगाइएका सबै बालीको विवरण लेखिसकेपछि मात्र अर्को कित्ताको विवरण भर्न शुरु गर्नुपर्छ। यही प्रक्रियाबाट प्रत्येक कित्ताहरूमा लगाइएका बालीको विवरण भर्दै जानुपर्छ। प्रत्येक कित्तामा अस्थायी बाली लागे नलागेको अनिवार्य रूपमा सोध्नुपर्छ, यदि कुनै कित्तामा सन्दर्भ वर्ष भित्र अस्थायी बाली लगाइएको छैन भने सो कित्ताको विवरण भर्नुपर्दैन।

***कित्ताको कोड*** *(महल ३)*

यस महलमा महल-२ मा लेखिएका कित्ताको कोड प्रश्न ३.५ बमोजिम लेख्नुपर्छ।

***बालीको नाम (महल ४)***

यस महलमा महल-२ मा उल्लेख भएबमोजिमका कित्तामा लगाइएको अस्थायी बालीको नाम लेख्नुपर्छ।

**खाद्यान्न बाली**

धान, गहुँ, मकै, कोदो, जौ/उवा, फापर र अन्य खाद्यान्न बाली (जस्तै : चिनु, कागुनो, जुनेलो, राई आदि)।

**कोसे/दाल बाली**

भटमास, मास, रहर, खेसरी, मुसुरो, चना, केराउ, मुङ, गहत, बोडी, सिमी र अन्य दाल बाली (जस्तैः मस्याङ, राजमा बकुला आदि)।

**कन्दमूल बाली**

हिउँदे आलु, वर्षे आलु, सखरखण्ड, पिँडालु, तरुल र अन्य कन्दमूल बाली (जस्तै : ओल आदि)।

**तेल बाली**

तोरी/सस्र्यूँ, बदाम, आलस, तिल, भुसे तिल र अन्य तेल बाली (जस्तै : रायो, सूर्यमुखी, आदि)।

**नगदे बाली**

उखु, सनपाट, सुर्ती र अन्य नगदे बाली (जस्तै : कपास)।

**मसला बाली**

खुर्सानी, प्याज, लसुन, अदुवा, हलेदो/बेसार, धनियाँ तथा अन्य मसला बाली (जस्तै : मेथी)।

**तरकारी बाली**

वर्षे र हिउँदे तरकारीहरू - काउली/फूलगोभी, बन्दा/पातगोभी, गोलभैँडा/टमाटर, भण्टा/बैगन, करेलो, भिंडी/रामतोरियाँ, भिंडे/माछा खोर्सानी, काँक्रो, फर्सी, लौका, घिरौँलो/तिरही, इस्कुस, परबर, हरियो सिमी, बोडी, ब्रोकाउली, हरियो साग, मूला, गाजर, अन्य तरकारी आदि। मसला बालीलाई यदि तरकारीको रूपमा प्रयोग गरिन्छ भने सो लागेको क्षेत्रफललाई तरकारी बालीअन्तर्गत राख्नुपर्छ। जस्तै : प्याज, लसुन, धनियाँ आदि मसला बालीलाई हरियो सागको रूपमा खाने भए अन्य तरकारी बालीअन्तर्गत लेख्नुपर्छ। अन्य तरकारी अन्तर्गत च्याउ, चिचिण्डो, कुभिण्डो, कर्कलो, चुकन्दरजस्ता तरकारी पनि पर्छन्।

**अन्य अस्थायी बालीहरु**

भुइँघाँस

गाईवस्तुको आहारको निमित्त कृषक परिवारले आफ्नो चलनभित्रको खेतबारी, अन्य खाली जग्गा र खेतबारीको कान्लाहरूमा लगाएको एक वर्षे भुइँघाँसहरू यसमा पर्छन्। यस्ता भुइँघाँस दुई प्रकारका हुन्छन् - हिउँदे र वर्षे घाँस। *बर्सिम, जै, केराउ, भेच आदि हिउँदे भुइँघाँस हुन्। वर्षे भुइँघाँसमा भटमास, मकै, मकैचरी, जोआर, बाजरा, बोडी आदि पर्छन्।*

अन्य अस्थायी बाली

यस अन्तर्गत सयपत्री मखमली जस्ता अस्थायी प्रकारका फूल तथा फूलका नर्सरीहरु र माथी उल्लेख नभएका अन्य अस्थायी प्रकारका बालीहरु पर्दछन्।

*बालीको कोड (महल ५)*

यस महलमा महल-४ मा उल्लेख भए बमोजिमको अस्थायी बालीको कोड प्रश्नावलीको दायाँपट्टि दिएको कोडअनुसार लेख्नुपर्छ ।

*रोपिएको क्षेत्रफल (महल ६)*

यस महलमा महल-४ मा लेखिएका अस्थायी बाली लागेको क्षेत्रफल (बिघा/कट्ठा/धुर वा रोपनी/आना/पैसामा) उल्लेख गर्नुपर्छ ।

*प्रमुख अस्थायी बालीका उत्पादन (महल ७)*

यहाँ महल-४ मा लेखिएका अस्थायी बालीमध्ये तल उल्लिखित बालीको मात्र उत्पादन (क्वीन्टल/केजीमा) उल्लेख गर्नुपर्छ : चैते धान, वर्षे धान, घैया धान, गहुँ, हिउँदे/बसन्ते मकै, वर्षे मकै, कोदो, जौ/उवा, हिउँदे आलु, वर्षे आलु, फापर, तोरी/सस्र्युँ ।

उत्पादन उल्लेख गर्दा उत्पादन परिमाण नछुटोस् भन्नाका लागि कृषक परिवारले सन्दर्भ वर्षभित्र लगाएको प्रश्नावलीमा उल्लेखित प्रमुख आठ बालीको उत्पादित परिमाण (घरायसी उपयोग गरेको परिमाण र बिक्री गरेको परिमाण समेत जोडी) महल ८ मा एकमुष्ट क्वीन्टल र के.जी. मा लेख्नुपर्छ ।

कुनै ठाउँ विशेषका कृषक परिवारले आफूले उत्पादन गरेको विभिन्न बालीको उत्पादन परिमाण क्वीन्टल र किलोग्राममा बताउन नसक्ने र स्थानीय चलनचल्तीको एकाइ जस्तैः मुरी, पाथी, मुठा, डालो, डोको, भारी आदिमा पनि बताउने गर्दछन् । यसरी कृषकले आफूले उत्पादन गरेको बालीको परिमाण जुनसुकै स्थानीय एकाइमा भनेमा पनि त्यसलाई कुनै न कुनै तरिकाले क्वीन्टल र के.जी. मा रूपान्तर गरी लेख्नु अनिवार्य हुन्छ ।

मुरी, पाथी र मानाको के.जी.मा रुपान्तर तालिका अनुसूची ८ मा दिइएको छ ।

उत्पादन लेख्नु नपर्ने बालीको हकमा उत्पादनको महल ७ मा तेर्सो धर्को (-) तानिदिनुपर्छ ।

यहाँ ध्यान दिनु पर्ने कुरा के छ भने प्रश्न ४.१, ४.२ र ४.३ को सन्दर्भमा बाली लागेको क्षेत्रफल लेख्दा सन्दर्भ वर्षमा बालीको जीवन चक्र पूरा भई फसल भित्राइएको बालीको लागि मात्र लेख्नुपर्दछ । उदाहरणको लागि २०७७ साल मंसिर महिनामा कुनै कित्तामा गहुँ बाली लगाइएको छ र यो बाली सोही सालको चैत्र महिनामा उत्पादन लिइएको छ भने बाली लगाइएको समय सन्दर्भ वर्षभन्दा अगाडि भए पनि उत्पादन सन्दर्भ अवधि मै लिइएकोले बाली लगाइएको क्षेत्रफल र उत्पादन यहाँ उल्लेख गर्नुपर्दछ । तर २०७८ साल मंसिर महिनामा सोही कित्तामा लगाइएको गहुँ बाली कृषिगणनाको लागि तोकिएको सन्दर्भ अवधि पछाडि चैत्र महिनामा उत्पादन लिइने हुनाले बाली लगाएको समय सन्दर्भ अवधि भित्रै भए पनि यसलाई भने यहाँ उल्लेख गर्नुहुँदैन ।

*४.२ कित्ताअनुसार सबै स्थायी बालीको क्षेत्रफल र प्रमुख छओटा स्थायी बाली (आँप, केरा, सुन्तला, जुनार, कागती, स्याउ) को उत्पादन*

यो प्रश्नको तालिकामा कित्ताअनुसार (प्रश्न ३.५ मा लेखिएका कित्ताअनुसार) स्थायी बाली लागेको क्षेत्रफल, बालीको नाम र बोट संख्या उल्लेख गरिन्छ । प्रमुख छ स्थायी बाली (आँप, केरा, सुन्तला, जुनार, कागती र स्याउ)

को उत्पादनसमेत लेख्नुपर्छ । स्थायी बालीहरू अमिलो जातका फल, अमिलोबाहेक अन्य फल र अन्य स्थायी बाली गरी तीन भागमा बाँडिएका छन् ।

***अमिलो जातका फलफूलहरू***

सुन्तला, जुनार, कागती, निबुवा, मौसम र अन्य अमिलो जातका फलफूलहरू (जस्तै : भोगटे, चाक्सी, ज्यामिर, अमला, नेमु) ।

***अमिलो जातबाहेक अन्य फलफूलहरू***

आँप, केरा, अम्बा, रुखकटहर, भुइँकटहर, लिची, स्याउ, नास्पाती, आरु, मेवा, अनार, नरिवल, ओखर, सुपारी, किवी, एभोकाडो, आरुबखडा र अन्य फलहरू (जस्तै : जामुन, दाख, अंगुर, लप्सी, हलुवावेद आदि) ।

***अन्य स्थायी बालीहरू***

अन्य स्थायी बालीहरूमा चिया, कफी, अलैंची, अम्रिसो, खर, डाले घाँस, वहुवर्षे घाँस, बाँस पर्छन् ।

स्थायी बाली लागेको विवरण भर्दा बगैँचाको रूपमा लगाएको र छरिएर रहेको बोटहरूको संख्या छुट्टाछुट्टै भर्नुपर्छ । बगैँचाको रूपमा लगाएको फल लाग्ने उमेरका बोटले ओगटेको र फल नलाग्ने बोटले ओगटेको क्षेत्रफल र सो क्षेत्रफलमा भएका बोट संख्या छुट्टाछुट्टै खुलाउनुपर्छ । बगैँचाको रूपमा नलगाई छरिएका केही बोट छन् भने त्यस्ता बोटमध्ये फल लाग्ने र फल नलाग्ने बोट संख्या छुट्टाछुट्टै लेख्नुपर्छ ।

**अन्य स्थायी बाली**

यस अन्तर्गत स्थायी प्रकारका फूल तथा नर्सरीहरु र माथि उल्लेख नभएका अन्य स्थायी प्रकारका बालीहरु पर्दछन् ।

*४.२ कित्ता अनुसार सवै स्थायी बालीको क्षेत्रफल र प्रमुख छओटा स्थायी बाली (आँप, केरा, सुन्तला, जुनार, कागती र स्याउ) को उत्पादन*

| क्र. सं. | कित्ताको नाम | कित्ताको कोड | बालीको नाम | बालीको कोड | बगैंचाको रूपमा लगाएको बाली | | | | | | छरिएको बोटसंख्या | | उत्पादन | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | फल लाग्ने उमेरको | | फल नलाग्ने उमेरको | | | | | | | |
| | | | | | क्षेत्रफल | बोट संख्या | क्षेत्रफल | | | बोट संख्या | फल लाग्ने | फल नलाग्ने | क्वीन्टल | केजी |
| | | | | | | | वि/रो | क/आ | धु/पै | | | | | |
| (१) | (२) | (३) | (४) | (५) | (६) | (७) | (८) | | | (९) | (१०) | (११) | (१२) | |
| ०१ | | | | | | | | | | | | | | |

***क्रमसंख्या (महल १)***

यस महलमा दिइएको संख्या प्रत्येक हरफको क्रमसंख्या हो, कित्ताको कोड होइन ।

***कित्ताको नाम (महल २)***

यस महलमा प्रश्न नं. ३.७ को महल ५ बमोजिमका स्थायी बाली लागेको प्रत्येक कित्ताको नाम लेख्नुपर्छ । कुनै कित्तामा एकभन्दा बढी किसिमका स्थायी बाली भएमा कित्ताको नाम दोहोऱ्याएर लेख्नुपर्छ । यसरी पहिलो कित्तामा भएका सबै स्थायी बालीको विवरण लेखिसकेपछि मात्र अर्को कित्ताको विवरण भर्न शुरु गर्नुपर्छ । यही प्रक्रियाबाट प्रत्येक कित्ताहरूमा भएका स्थायी बालीको विवरण भर्दै जानुपर्छ । प्रत्येक कित्तामा स्थायी बाली भए नभएको अनिवार्य रूपमा सोध्नुपर्छ, कुनै कित्तामा स्थायी बाली लगाइएको छैन भने सो कित्ताको विवरण भर्नु पर्दैन ।

***कित्ताको कोड (महल ३)***

यस महलमा कित्ताको कोड लेख्दा प्रश्न ३.५ को महल-२ मा लेखिए बमोजिमको कोड लेख्नुपर्छ।

***बालीको नाम (महल ४)***

महल-२ मा उल्लेख भए बमोजिमका कित्तामा लगाइएको स्थायी बालीको नाम यस महलमा लेख्नुपर्छ।

| स्थायी बालीको नाम र कोड | | | | | | |
|---|---|---|---|---|---|---|
| अमिलो जात | ६९. सुन्तला | ७०. जुनार | ७१. कागती | ७२. निबुवा | ७३. मोसम | ७४. अन्य अमिलो जात |
| अमिलोबाहेक अन्य | ७५. अँप | ७६. केरा | ७७. अम्बा | ७८. रुखकटहर | ७९. भुइँकटहर | ८०. लिची |
| | ८१. स्याउ | ८२. नास्पाती | ८३. आरु | ८४. मेवा | ८५. अनार | ८६. नरिवल |
| | ८७. ओखर | ८८. सुपारी | ८९.किवी | ९०. एभोकाडो | ९१. आरु बखडा | ९२. अन्य फल |
| अन्य स्थायी बालीहरु | ९३. चिया | ९४. कफी | ९५. अलैंची | ९६. अम्रिसो | ९७. खर | ९८. डाले घाँस |
| | ९९. बहु वर्षे घाँस | | १००. बाँस | १०१. अन्य स्थायी बाली | | |

***बालीको कोड (महल ५)***

स्थायी बालीको नाम र कोड प्रश्नावली पानाको तलपट्टि दिइएको छ।

***बगैंचाको रूपमा लगाइएको बाली***

यसमा बिरुवाहरू, रुखहरू तथा झाडीहरू साधारणतया क्रमबद्ध र व्यवस्थित तरिकाबाट लगाइएका हुन्छन् । बिरुवाहरू, रुखहरू तथा झाडीहरू व्यवस्थित र क्रमबद्धरूपले नलगाइएका भए तापनि बाक्लो गरी लगाइएको भएमा बगैंचाको रूपमा लगाइएको मानिनेछ।

***फल लाग्ने उमेरको***

यसमा फल दिने वा अन्य किसिमका उत्पादन दिने स्थायी बाली पर्छन्। धेरैजसो रुखहरू निश्चित उमेरपछि उत्पादन दिने हुन्छन्। यस उमेरका स्थायी बालीले मौसमी वा अन्य कुनै कारणले गणनाको वर्षमा फल नदिएको भए तापनि फल दिने उमेरमै समावेश गर्नुपर्छ। पुराना रुखहरू वा अन्य कुनै कारणले लामो समयदेखि फल दिन छाडेका रुखहरू छुट्ट्याउन सकिने भए फल दिने उमेरका रुखहरूमा गणना गर्नु हुँदैन। फल नलाग्ने उमेरका रुख संख्या पनि लेख्नुपर्ने भएकोले सो पनि छुट्ट्याउनुपर्छ।

कुनै बगैंचामा फल लाग्ने र नलाग्ने उमेरका बोट मिसिएका छन् भने औसत हिसाबले फल लाग्ने वा नलाग्ने बोटले ओगटेको क्षेत्रफल छुट्ट्याउन सकिन्छ भने छुट्ट्याएर लेख्नुपर्छ र नसकिने भएमा फल लाग्ने वा नलाग्ने कुनले बढी क्षेत्रफल ओगटेको छ, त्यसअन्तर्गत सो क्षेत्रफल लेख्नुपर्छ।

***फल लाग्ने उमेरको बाली भएको क्षेत्रफल (महल ६)***

यस महलमा महल-४ मा लेखिएका स्थायी बाली बगैंचाको रूपमा लगाइएको भए सोमध्ये फल लाग्ने उमेरको बोटले ओगटेको बगैंचाको क्षेत्रफल (बिघा/कट्ठा/धुर वा रोपनी/आना/पैसा मा) यस महलमा लेख्नुपर्छ।

*फल लाग्ने उमेरको बोट संख्या (महल ७)*

महल-४ मा लेखिएका स्थायी बाली बगैँचाको रूपमा लगाइएको भए सोमध्ये फल लाग्ने उमेरको बोट संख्या यस महलमा लेख्नुपर्छ ।

*फल नलाग्ने उमेरको*

फल नलाग्ने उमेरका रुख वा बोट भन्नाले कलिलो भई फल लाग्न सुरु नभएका बोट वा पुरानो भई फल नलाग्ने भएका बोटलाई जनाउँछ ।

*फल नलाग्ने उमेरको बाली भएको क्षेत्रफल (महल ८)*

यस महलमा महल-४ मा लेखिएका स्थायी बाली बगैँचाको रूपमा लगाइएको भए सोमध्ये फल नलाग्ने उमेरको बोटले ओगटेको बगैँचाको क्षेत्रफल (बिघा/कट्ठा/धुर वा रोपनी/आना/पैसा मा) लेख्नुपर्छ ।

*फल नलाग्ने उमेरको बोट संख्या (महल ९)*

यस महलमा महल-४ मा लेखिएका स्थायी बाली बगैँचाको रूपमा लगाइएको भए सोमध्ये फल नलाग्ने उमेरको बोट संख्या उल्लेख गर्नुपर्छ ।

*चिया बगैंचा*

कृषि चलनभित्र रहेको चिया खेतीको विवरण पनि माथि उल्लेख गरिएको स्थायी बालीबमोजिम भर्नुपर्छ । यसमा पात टिप्ने बेला भएकोलाई फल लाग्ने उमेरको क्षेत्रफल अन्तर्गत र पात टिप्ने बेला नभएकोलाई फल नलाग्ने उमेरको क्षेत्रफल अन्तर्गत लेख्नुपर्छ । यसमा बोट संख्या उल्लेख गर्नुपर्दैन ।

*कफी*

कफी खेतीमा उत्पादन लिने समय भएकोलाई फल लाग्ने उमेरको क्षेत्रफलअन्तर्गत र उत्पादन लिने बेला भैनसकेकोलाई फल नलाग्ने उमेरको क्षेत्रफल अन्तर्गत लेख्नुपर्छ । यसमा बोट संख्या पनि लेख्नुपर्छ ।

*अलैंची*

अलैंची खेतीको विवरण पनि चिया खेतीमा जस्तै गरेर भर्नुपर्छ । यसमा अलैंची दाना टिप्ने बेला भएकोलाई फल लाग्ने उमेरको क्षेत्रफलअन्तर्गत र दाना टिप्ने बेला नभएकोलाई फल नलाग्ने उमेरको क्षेत्रफलअन्तर्गत लेख्नुपर्छ । यसमा बोट संख्या उल्लेख गर्नुपर्दैन ।

*अम्रिसो र खर*

अम्रिसो र खरबारीले ओगटेको क्षेत्रफल मात्र फल नलाग्ने क्षेत्रफल अन्तर्गत उल्लेख गर्नुपर्छ ।

*डाँले घांस*

डाले घाँसमा किम्बु, चुलेत्रो, इपिलइपिल, दुधिलो, भीमल, बडहर, टाँडी, कुटमेरो, दबदबे, खनियो, कोइरालो, निमाराजस्ता घाँसका रुखहरू पर्छन् । यी घाँसका रुखहरू कृषि चलनभित्र बगैँचाको रूपमा लगाइएको भए सोको

क्षेत्रफल र बोट संख्या लेख्नुपर्छ, र बोटहरू छरिएर रहेको भए सोको संख्या मात्र लेख्नुपर्छ। क्षेत्रफल लेख्दा एकमुष्ठ क्षेत्रफल फल लाग्ने उमेरको क्षेत्रफलअन्तर्गत लेख्नुपर्छ।

***बहुवर्षे घाँस***

पशुका लागि उपयुक्त बहुवर्षे घाँसहरूमा नेपियर, स्टाइलो, अम्रिसो, राइ घाँस, सेतो क्लोभर, ज्वाइन्ट भेच, पास्पालम, मोलासेस, सेटारिया, कक्स्फुट, कुड्जु, ग्लाइसिन, सेन्ट्रोसिमा, सिराट्रो, डेस्मोडियम, ल्यावल्याव आदि बहुवर्षे घाँस अन्तर्गत पर्छन्। यस्ता घाँसहरू एक पटक लगाएपछि वर्षौंसम्म घाँस उत्पादन गर्न सकिन्छ।

बहुवर्षे घाँसको फल लाग्ने र नलाग्ने दुवैको क्षेत्रफल एकमुष्ठ महल ६ (फल लाग्ने उमेरको क्षेत्रफल) मा लेख्नुपर्छ।

***बाँसघारी***

यसमा बाँसघारीले ओगटेको क्षेत्रफल र यस अन्तर्गत लागेका घारी संख्या लेख्नुपर्छ। क्षेत्रफल लिन सम्भव नभए घारी संख्या मात्र लेख्नुपर्छ। निगालोले ओगटेको क्षेत्रफल पनि यसैअन्तर्गत लेख्नुपर्छ। यसलाई फल नलाग्ने उमेरको क्षेत्रफलअन्तर्गत लेख्नुपर्छ। यहाँ ध्यान दिनुपर्ने के छ भने निजी वनबनेलोअन्तर्गत भएका बाँस यहाँ समावेश गर्नुहुँदैन।

***छरिएका बोट***

यसमा छरिएर वा अलगअलग रहेका रुख तथा बिरुवाहरू समावेश हुन्छन्। जसको क्षेत्रफल निर्धारण गर्न अप्ठ्यारो हुन्छ। अस्थायी बाली लागेका कित्ताहरूमा पनि विभिन्न प्रकारका फलफूल तथा डाले घाँसका बोटहरू हुन सक्छन्। यस्ता बोटहरू पनि कित्ताअनुसार छरिएको बोट संख्या अन्तर्गत गणना गर्नुपर्छ।

***फल लाग्ने छरिएकाबोट संख्या** (महल १०)*

बगैंचाको रूपमा नभएर छरिएर रहेका फल-लाग्ने बोट संख्या यस महलमा लेख्नुपर्छ।

***फल नलाग्ने छरिएकाबोट संख्या** (महल ११)*

छरिएर रहेका फल-नलाग्ने बोट संख्या यस महलमा लेख्नुपर्छ।

***उत्पादन** (महल १२)*

यस महलमा महल-४ मा लेखिएका स्थायी बालीमध्ये यी बालीको उत्पादन क्वीन्टल/केजीमा उल्लेख गर्नुपर्छ : सुन्तला, जुनार, कागती, आँप, केरा र स्याउ। यसरी उत्पादन उल्लेख गर्दा उत्पादन परिमाण नछुटोस् भन्नाका लागि कृषक परिवारले सन्दर्भ वर्षभित्र उत्पादन गरेको माथि उल्लिखित प्रमुख छ स्थायी बालीहरूको जम्मा उत्पादन परिमाण (उपहार दिएको घरायसी उपयोग गरेको र बिक्री गरेको परिमाण समेत जोडी) महल १२ मा एकमुष्ट क्वीन्टल र केजीमा लेख्नुपर्छ। बगैंचाको रूपमा लगाएको रुख र छरिएर रहेका रुखको फलसमेत जोडेर यहाँ जम्मा उत्पादन लेख्नुपर्छ।

कुनै ठाउँ विशेषका कृषक परिवारहरूले आफूले उत्पादन गरेको विभिन्न बालीको उत्पादन परिमाण क्वीन्टल र किलोग्राममा सोझै बताउन नसक्ने र स्थानीय चलनचल्तीको एकाइ जस्तैः दर्जन, गोटा, बोरा, डोको, भारी आदिमा पनि बताउने गर्दछन्। यसरी कृषकले आफूले उत्पादन गरेको बालीको परिमाण जुनसुकै स्थानीय एकाइमा भनेमा पनि त्यसलाई कुनै न कुनै तरिकाले क्वीन्टल र के.जी.मा रूपान्तर गरी लेख्नु अनिवार्य हुन्छ।

रुपान्तरका लागि सहयोग पुग्ने मोटामोटी रुपान्तर दर अनुसूची ८ मा दिइएको छ। जिल्ला तथा फलफूलको जातअनुसार स्थानीय रुपमा यो दर घटी वा बढी देखिएमा सोही अनुसार मिलाएर परिमाण रुपान्तर गर्नुपर्छ।

### *४.३ कित्ताअनुसार विभिन्न किसिमका बाली लगाएको जग्गाको विवरण*

यो प्रश्नको तालिकामा प्रत्येक कित्तामा विभिन्न बाली लगाएको किसिमअनुसारको जग्गाको क्षेत्रफल लेख्नुपर्छ। यहाँ ध्यान दिनुपर्ने कुरा के छ भने यसमा कित्ताको क्षेत्रफल मात्र नलेखी बालीअनुसार क्षेत्रफल जोडेर उपयुक्त महलहरूमा लेख्नुपर्छ। क्षेत्रफलको एकाइ पहिले जस्तै प्रश्न नं. ३.१ मा खुलाएबमोजिमको हुनुपर्छ। यहाँ कित्ता अनुसार विभिन्न किसिमका बाली लगाएको जग्गाको विवरण संकलन गर्दा प्रश्न ४.१ (अस्थायी बाली) र प्रश्न ४.२ (स्थायी बाली) अन्तर्गत सोही कित्तामा लगाइएको बालीहरुको बाली लगाइने प्रकृति अनुसार निर्कौल गरी यहाँ उल्लेख गर्नुपर्दछ।

| ४.३ कित्ता अनुसार विभिन्न किसिमका बाली लगाएको जग्गाको विवरण | | | | | |
|---|---|---|---|---|---|
| कित्ताको कोड | बाली लगाएको किसिम | | | | |
| | एक प्रकारको अस्थायी बाली लगाएको जग्गा | एक प्रकारको स्थायी बाली लगाएको जग्गा | मिश्रित अस्थायी बाली लगाएको जग्गा | मिश्रित स्थायी बाली लगाएको जग्गा | अस्थायी र स्थायी दुवै मिलाएर संयुक्त बाली लगाएको जग्गा |
| | क्षेत्रफल | क्षेत्रफल | क्षेत्रफल | क्षेत्रफल | क्षेत्रफल |
| (१) | (२) | (३) | (४) | (५) | (६) |
| ०१ | | | | | |

**विभिन्न बाली लागेको जग्गा**

कुनै खास बाली लागेको जग्गाको क्षेत्रफलअन्तर्गत एक कृषि वर्षभित्र सो बाली लगाइएको जम्माजम्मी जग्गाको क्षेत्रफल पर्छ। एउटै कृषि वर्षमा एउटै जग्गामा एक पटकभन्दा बढी अस्थायी बालीहरू लगाइएका हुन सक्छन्। यस्तो अवस्थामा एउटै जग्गामा एकै कृषि वर्षमा जति पटक बाली लगाइन्छ त्यति नै पटक जग्गाको क्षेत्रफल गणना गरिन्छ। एउटै बालीले एकभन्दा बढी कृषि उत्पादन दिने भएमा मुख्यबालीको रूपमा कुनै कृषि उत्पादनलाई गणना गरी एक पटक मात्र क्षेत्रफलमा समावेश गर्नुपर्छ। दोहोरो हिसावले क्षेत्रफल उल्लेख गर्नु हुँदैन। जस्तैः कपासको रुखबाट कपासको बिउ (तेलहन) र कपास उत्पादन हुने भए तापनि मुख्य बाली (कपास) लागेको जग्गाको क्षेत्रफल मात्र लेख्नुपर्छ।

**लगातार लगाइने बाली**

एक कृषि वर्षभित्र एउटै जग्गामा धेरै पटक एउटै बाली वा एकपछि अर्को गरी धेरै बाली खेती गरिएको हुन सक्छ। एक सन्दर्भ वर्षभित्र पटक-पटक गरी बाली लगाइएको जग्गाको क्षेत्रफल लेख्दा जति पटक अलग-अलग बाली छरिएको वा रोपिएको हुन्छ त्यति पटक नै छुट्टाछुट्टै जोडी लेख्नुपर्छ। अर्थात् यदि कुनै जग्गामा एकपछि अर्को गरी लगाइने बाली छ भने जग्गाको क्षेत्रफल दोहोरो गणना गर्नुपर्छ। त्यस्तो एकपछि अर्को लगाइने बाली एउटै वा भिन्नै प्रकारको पनि हुन सक्छ। जस्तै एक सन्दर्भ वर्षभित्र चैते र वर्षे धान गरी दुई बाली लगाइएको भएमा क्षेत्रफल दुई पल्ट उल्लेख गर्नुपर्छ। यस्तो अवस्थामा जग्गाको वास्तविक क्षेत्रफलभन्दा बाली लगाएको जग्गाको कुल क्षेत्रफल साधारणतया बढ्ने हुन्छ।

एकपटक लगाएर पटकपटक उब्जा लिने बाली लागेको क्षेत्रफल र एउटा बाली भित्र्याएपछि अर्को बाली लगाई उब्जा लिने बाली लागेको क्षेत्रफल फरक-फरक कुरा हुन् । एकपटक लगाएर पटक-पटक उब्जा लिने बाली लागेको क्षेत्रफलको गणना एकपटक मात्र गर्नुपर्छ । तर एकपछि अर्को लगाएर उब्जा लिने बाली लागेको क्षेत्रफलको गणना गर्दा जति पटक बाली लगाइन्छ, त्यति नै पटक क्षेत्रफलको गणना गर्नुपर्छ ।

**एक प्रकारको बाली**

विभिन्न बाली नमिसाई एउटै बाली मात्र लगाएको जग्गाको क्षेत्रफल यसमा पर्छ । यसरी एक प्रकारको बाली लागेको जग्गामा स्थायी वा अस्थायी कुनै एक प्रकारको बाली मात्र लगाइएको हुन सक्छ ।

**मिश्रित बाली**

मिश्रित बाली भन्नाले अस्थायीसँग अस्थायी वा स्थायीसँग स्थायी बाली मिसाएर लगाएको भन्ने बुझिन्छ । विभिन्न किसिमका बालीहरू एउटै जमिनमा साथै मिसाएर लगाइएको छ भने कुन बालीले कति क्षेत्रफल ढाकेको छ भन्ने छुट्ट्याउनुपर्ने हुन्छ ।

मिश्रित बालीहरू लगाएको जग्गामा एउटा बालीको लहरको बीचमा अर्को बालीको लहर रोपिएको पनि पाइन्छ । यसको उदाहरणमा भण्टा खेतीको बीच लहरमा सलगम, वा मकैको बीचमा भटमास र बोडीको लहरलाई लिन सकिन्छ । यसरी मिसाएर लगाइएको बालीको क्षेत्रफल गणना गर्दा हरेक बालीले ओगटेको जग्गाको क्षेत्रफलको अनुपात वा हरेक बालीलाई बेग्लाबेग्लै लगाएको खण्डमा त्यति बिजनले जति क्षेत्रफल ओगट्छ सोको अनुमान गरी बेग्लाबेग्लै क्षेत्रफल निर्धारण गर्नुपर्छ । यसरी बिजनको आधारमा निकालिएको छुट्टाछुट्टै बालीअनुसारको क्षेत्रफलको जोड मिसाएर लगाएको बालीको जम्मा क्षेत्रफलसँग बराबर हुनुपर्छ ।

**संयुक्त बाली**

अस्थायी र स्थायी बाली सँगसँगै एउटै जमिनमा लगाइएको छ भने त्यस्तो बालीलाई संयुक्त बाली भनिन्छ । संयुक्त बाली लगाइएको जग्गामा अस्थायी बालीले ओगटेको क्षेत्रफल निकाल्दा स्थायी बालीले ओगटेको क्षेत्रफल घटाएर लिइन्छ । त्यसै गरी स्थायी बालीले ओगटेको क्षेत्रफल निकाल्दा अस्थायी बालीले ओगटेको क्षेत्रफल घटाएर लिइन्छ ।

***कित्ताको कोड*** *(महल १)*

यहाँ छापिएको कित्ताको कोड र प्रश्न नं. ३.५ को महल-२ मा छापिएको कित्ताको कोड एउटै हो । यसकारण यहाँ कित्ताअनुसारको विवरण लेख्दा प्रश्न ३.५ मा कित्ताहरू जुन क्रममा लेखिएका छन् सोही क्रममा लेख्दै जानुपर्छ ।

***एक प्रकारको अस्थायी बाली लगाएको जग्गा*** *(महल २)*

यो महलमा सन्दर्भ वर्षभित्र कित्ताअनुसार एक प्रकारको अस्थायी वा मौसमी बाली जति पटक जति क्षेत्रफलमा लगाइएको छ सबै क्षेत्रफल जोडेर उल्लेख गर्नुपर्छ । जस्तै : कुनै कृषकको **1-0-0** रोपनीको कित्तामा सन्दर्भ वर्षभित्र पूरै क्षेत्रफलमा एक सिजनमा गहुँ र अर्को सिजनमा धान लगाइएको रहेछ भने यस महलमा एक प्रकारको अस्थायी बाली अन्तर्गतको क्षेत्रफल **2-0-0** रोपनी हुन्छ ।

***एक प्रकारको स्थायी बाली लगाएको जग्गा (महल ३)***

यो महलमा एक प्रकारको स्थायी बालीको क्षेत्रफल लेख्नुपर्छ। स्थायी बाली एक वर्षमा दुई पटक नहुने हुँदा क्षेत्रफल दोहोरिँदैन।

***मिश्रित अस्थायी बाली लगाएको जग्गा (महल ४)***

यो महलमा दुई वा सोभन्दा बढी अस्थायी बालीहरू मिलाएर लगाइएको जग्गाको जम्मा क्षेत्रफल उल्लेख गर्नुपर्छ। एउटै कित्तामा दुई वा तीन बाली मिश्रित हुन सक्छन् वा एकपटक एक प्रकारको अस्थायी बाली लगाइएको र पछि त्यही कित्तामा मिश्रित अस्थायी बाली लगाएको रहेछ भने एक प्रकारको अस्थायी बाली लागेको क्षेत्रफल महल-२ मा र मिश्रितरूपमा लगाइएको अस्थायी बालीको क्षेत्रफल महल-४ मा लेख्नुपर्ने हुन्छ। *जस्तै : कुनै कित्तामा सन्दर्भ वर्षभित्र एउटा सिजनमा मुसुरो र तोरी मिलाएर लगाइएको रहेछ र सो बाली कटानी गरी अर्को सिजनमा धान रोपेको रहेछ भने मुसुरो र तोरी लगाइएको क्षेत्रफल महल-४ मा र धान लगाइएको क्षेत्रफल महल-२ मा उल्लेख गर्नुपर्छ। तोरी र मुसुरो बिउ मिसाएर लगाएको रहेछ भने बिउको अनुपातमा क्षेत्रफल बाँडी लेख्नुपर्छ। जस्तै १० कठ्ठा जग्गामा तोरी र मुसुरो बराबर मिसाएर लगाएको भए खण्ड ४.१ अन्तर्गत क्षेत्रफल उल्लेख गर्दा पाँच पाँच कठ्ठा लेख्नुपर्छ।*

*एक रोपनी जग्गामा वर्षे मकै भाँच्ने समयमा कोदो रोपिएको रहेछ भने त्यस्तो अवस्थामा वर्षे मकै र कोदोलाई एक प्रकारको अस्थायी बाली मानी महल २ मा दुवैको क्षेत्रफल एक एक रोपनी लेख्नुपर्छ।*

***मिश्रित स्थायी बाली लगाएको जग्गा (महल ५)***

यो महलमा दुई वा सोभन्दा बढी स्थायी बालीहरू मिसाएर लगाइएको जग्गाको क्षेत्रफल उल्लेख गर्नुपर्छ। स्थायी बाली एक वर्षमा दुई पटक नहुने हुँदा क्षेत्रफल दोहोरिँदैन।

***अस्थायी र स्थायी दुवै मिलाएर संयुक्त बाली लगाएको जग्गा (महल ६)***

कतिपय ठाउँमा स्थायी बाली लगाइराखेको जग्गाको खाली ठाउँमा अस्थायी बाली पनि लगाइएको हुन सक्छ। यस्तो अवस्थामा उक्त बगैँचाको कुल क्षेत्रफल संयुक्त बालीको क्षेत्रफल अन्तर्गत महल-६ मा उल्लेख गर्नुपर्ने हुन्छ। तर अस्थायी बालीको क्षेत्रफल र स्थायी बालीको क्षेत्रफल गणना गर्दा (प्रश्न नं. ४.१ र ४.२ को सन्दर्भमा) बगैँचाको कुल क्षेत्रफलबाट स्थायी बाली लागेको क्षेत्रफल घटाई प्रश्न नं. ४.१ मा र बगैचाको बाँकी क्षेत्रफल प्रश्न नं. ४.२ मा समावेश गर्नुपर्छ।

यसै गरी धान खेतको आलीमा लगाइएको मास, भट्टमास जस्ता बालीहरुलाई मिश्रित बालीकोरुपमा नलिइ एक प्रकारको अस्थायी बाली लगाएको मानी विवरण संकलन गर्नुपर्दछ।

### *४.४ प्रमुख बाली अनुसार कृषि सामग्री (बिउबिजन, विषादी तथा मल) को प्रयोग*

यहाँ बालीअनुसार बिजनको किसिम, कीटनाशक विषादीको प्रयोग, सिँचाइ तथा मलको प्रयोग, खनिज (रासायनिक) मलको प्रयोग भएको क्षेत्रफल तथा परिमाण जस्ता विवरण उल्लेख गर्नुपर्छ।

यी विवरणहरू धान, मकै, गहुँ, आलु र तरकारीको लागि छुट्टाछुट्टै तथा अन्य बालीको लागि एकमुष्ट भर्नुपर्छ।

***क्रमसंख्या (महल १)***

यस महलमा दिइएको संख्या प्रत्येक हरफको क्रमसंख्या हो, कित्ताको कोड होइन।

***बालीको नाम (महल २)***

यस महलमा जुन-जुन बालीहरूको कृषि सामग्रीसम्बन्धी विवरण लिनुपर्ने हो ती बालीहरूको नाम प्रश्नावलीमा नै दिइएको छ, यहाँ उल्लिखित बालीहरू बाहेक अन्य बालीहरूको सम्बन्धमा यी विवरणहरू लिनुपर्दैन।

***बिजनको मुख्य किसिम (महल ३)***

सन्दर्भ वर्षभित्र महल २ मा उल्लेखित बालीहरुमा मुख्यरूपमा स्थानीय वा उन्नत वा वर्णशंकर (हाइब्रिड) मध्ये कुन बिजन प्रयोग गरिएको थियो सोधी उपयुक्त कोडमा गोलोघेरा लगाउनुपर्छ।

**स्थानीय बिजन**

स्थानीय बिजन कृषकले परम्परागतरूपमा बिजनका लागि भनेर छुट्टै उब्जाएको वा आफ्नो उब्जनीबाट केही बाली बिजनका लागि छुट्याएर राख्ने गरेको हुन्छ। यसबाहेक यस्तो स्थानीय बिजन गाउँघर–छिमेकमा अरु कृषकसँग लिइएको पनि हुन सक्छ। कुन बिजन स्थानीय हो भनेर कृषकले अक्सर सजिलैसँग भन्न सक्छन्।

**उन्नत बिजन**

उन्नत बिजन भन्नाले कृषकले उन्नत बिजन बाँड्ने संघसंस्थाबाट वितरण गरिएको वा खरिद गरी ल्याएको बिजनलाई जनाउँछ। यस्तो बिजन प्रयोग गरी भएको उत्पादनलाई पुनः दुई पुस्तासम्म बिजनको रूपमा प्रयोग गरेको भए त्यसलाई पनि उन्नत बिजन मान्नुपर्छ।

**वर्णशंकर (हाइब्रिड) बिजन**

बिजन अनुसन्धान तथा बिजन उत्पादनमा संलग्न सरकारी वा गैरसरकारी निकायहरूबाट वर्णशंकर (हाइब्रिड) भनी सिफारिस गरेको र पुनः अर्को पटक बिजनका रूपमा प्रयोग गर्न नसकिने बिजन यसमा पर्छ।

यस महल अन्तर्गत सम्बन्धित बालीमा स्थानीय, उन्नत र वर्णशंकर मध्ये दुई वा दुईभन्दा बढी किसिमका बिजनको प्रयोग गरेको भए धेरै कुन प्रयोग गरेको हो सोधी सोही बमोजिम गोलो घेरा लगाउनु पर्दछ। यसै गरी महल ५ अन्तर्गत विषादीको प्रकार उल्लेख गर्दा पनि यसै बमोजिम गर्नुपर्दछ।

**४.४ प्रमुख बालीअनुसार कृषि सामग्री (बीउविजन, विषादी, मल) को प्रयोग**

| क्रम संख्या | बालीको नाम | विजनको मुख्य किसिम | कीटनाशक विषादीको प्रयोग | विषादीको प्रकार | मलको प्रयोग | खनिज/रासायनिक मलको प्रयोग भएको (महल ६ को २ वा ३ मा गोलो घेरा लगाएकालाई मात्र सोध्ने) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जम्मा क्षेत्रफल | | | परिमाण | |
| | | | | | | बि/रा | क/आ | धु/पै | क्विन्टल | के.जी. |
| (१) | (२) | (३) | (४) | (५) | (६) | (७) | | | (८) | |
| १ | धान | १. स्थानीय<br>२. उन्नत<br>३. वर्णशंकर (हाइब्रिड) | १. भएको<br>२. नभएको→ महल ६ | १. सुरक्षित (हरियो)<br>२. मध्यम खालको (निलो)<br>३. कडा (पहेलो)<br>४. अति कडा (रातो) | १. स्थानीय/जैविक<br>२. खनिज/रासायनिक<br>३. दुवै | | | | | |

*कीटनाशक विषादीको प्रयोग (महल ४)*

कृषकबाट सम्बन्धित बालीमा गत सन्दर्भ वर्ष भित्रमा कीटनाशक विषादी प्रयोग "भएको नभएको" सोधेर उपयुक्त कोडमा गोलो घेरा लगाउनुपर्छ । कोड २ मा गोलोघेरा लगाएको अवस्थामा महल ५ नसोधी महल ६ देखि सोध्नुपर्दछ ।

**कीटनाशक विषादी**

यसमा कीरा मार्ने विषादी, बालीलाई हानी पुऱ्याउने झार मार्ने विषादी, लेउ मार्ने विषादी, मुसा आदि मार्ने विषादी पर्छन् । यी विषादी बोट बिरुवाहरूमा लागेका वा लाग्ने रोगहरू नियन्त्रण गर्न वा यस्ता रोगबाट बचाउनका लागि प्रयोग गरिन्छन् । यी विषादीलाई पानी, माटो, खरानी, मट्टितेल आदि पदार्थ मिसाएर प्रयोग गरिन्छ । घरमै तयार पारी प्रयोग गरेको कीटनाशक विषादीहरू (जस्तैः तितेपातीको झोल, खरानी, आदि) लाई यहाँ समावेश गर्नु हुँदैन ।

*विषादीको प्रकार (महल ५)*

कृषकहरूले प्रयोग गर्ने विषादीहरू कृषि प्राविधिकले सिफारिश गरेको मापदण्डबमोजिम सुरक्षितदेखि अति कडासम्मका हुन्छन । यहाँ बालीनालीमा प्रयोग गरिने विषादीलाई तिनीहरूको प्रभावका आधारमा लेबल गरिएको रंगअनुसार क्रमशः हरियो (सुरक्षित) देखि रातो (अति कडा) सम्म गरी चार प्रकारमा वगी{करण गरिएको छ । कृषक परिवारले सन्दर्भ वर्षमा उल्लिखित बालीमा मुख्यतः कस्तो प्रकारको विषादीको प्रयोग गरेको थियो सोधी उपयुक्त एक कोडमा गोलो घेरा लगाउनुपर्छ ।

*मलको प्रयोग (महल ६)*

कृषक परिवारले सन्दर्भ वर्षमा सम्बन्धित बालीमा स्थानीय/जैविक, खनिज/रासायनिक, यिनीहरू दुवैमध्ये कस्तो प्रकारको मल प्रयोग गरेको हो सोधी उपयुक्त एक कोडमा गोलो घेरा लगाउनुपर्छ ।

**मल**

माटोको उर्वरा शक्ति बढाएर उत्पादकत्व बढाउन माटोमा मिलाउने जैविक, खनिज वा रासायनिक वस्तु "मल" हो । यो बिरुवालाई पोषक तत्व आपूर्ति गर्न वा बिरुवाको बृद्धि बढाउन माटोमा वा सिँचाइको पानीमा मिलाइने प्राकृतिक वा उत्पादित खनिज वा प्राङ्गारिक पदार्थ हो । मललाई खनिज/रासायनिक र स्थानीय/जैविक गरी दुई भागमा बाँडिएको छ ।

**स्थानीय/जैविक**

स्थानीय/जैविक मल गोबर, पराल, घाँस, चून, पानीलाई तहतह मिलाएर कुनै खाल्डोमा थुप्रो लगाएर सडाएर बनाइन्छ । हरियो मल एक किसिमको झार (जस्तै ढैँचा) बाट बनाइन्छ । हाडबाट बोसो झिकी जमिनमा गाडेर बनाइएको हाडमल वा खरानीको मल स्थानीय मलअन्तर्गत पर्छ ।

**खनिज/रासायनिक मल**

खनिज/रासायनिक मल अप्राङ्गारिक पदार्थहरूको प्रयोग गरेर औद्योगिक प्रक्रियाबाट उत्पादन गरिन्छ । एक वा

एकभन्दा बढी कच्चा पदार्थहरूको विस्तृत रासायनिक रुपान्तरण गरेर वा सामान्य मिसावट गरेर यस्तो मलको उत्पादन गरिएको हुन्छ । खनिज/रासायनिक मललाई "कृत्रिम मल" वा "अप्राङ्गारिक मल" पनि भन्ने गरिन्छ । खनिज/रासायनिक मल भन्नाले नाइट्रोजन, फस्फोरस र पोटास मुख्य तीन तत्वमध्ये एक वा धेरै तत्व भएको औद्योगिक प्रक्रियाबाट उत्पादित मललाई जनाउँछ ।

***जम्मा क्षेत्रफल** (महल ७)*

महल- ६ मा कोड २ वा ३ मा गोलो घेरा लगाएको अवस्थामा मात्र महल ७ र ८ भर्नुपर्छ ।

खनिज/रासायनिक मल प्रयोग भएको क्षेत्रफल भनेको यस्तो मलले ढाकेको कुल क्षेत्रफल हो । यो महलमा बालीअनुसार खनिज/रासायनिक मल प्रयोग भएको क्षेत्रफल लेख्नुपर्छ । बालीअनुसार खनिज/रासायनिक मल प्रयोग भएको क्षेत्रफल उल्लेख गर्दा सो बालीको कुल क्षेत्रफलमध्ये जति क्षेत्रफलमा खनिज/रासायनिक मल प्रयोग भएको हो सो मात्र खनिज/रासायनिक मल ले ढाकेको क्षेत्रफलअन्तर्गत राख्नुपर्छ ।

कुनै बालीमा स्थानीय/जैविक र खनिज/रासायनिक दुवै मल प्रयोग गरेको भए खनिज/रासायनिक मलले ढाकेको क्षेत्रफल मात्र महल-७ मा लेख्नुपर्छ । बालीअनुसार खनिज/रासायनिक मल प्रयोग भएको क्षेत्रफल उल्लेख गर्दा सो बालीको कुल क्षेत्रफलमध्ये जति क्षेत्रफलमा खनिज/रासायनिक मल प्रयोग भएको हो सो मात्र खनिज/रासायनिक मलले प्रयोग भएको क्षेत्रफलअन्तर्गत राख्नुपर्छ । क्षेत्रफलको एकाइ प्रश्न ३.१ मा उल्लेख भएबमोजिमकै हुनुपर्छ ।

यहाँ खनिज/रासायनिक मलको प्रयोग भएको जम्मा क्षेत्रफल उल्लेख गर्दा सम्बन्धित बालीमा मलको प्रयोग जति पटक भएको हो सबै क्षेत्रफल जोडेर एकमुष्ट उल्लेख गर्नुपर्दछ ।

***मलको जम्मा परिमाण** (महल ८)*

महल-७ मा रासायसनिक मल प्रयोग भएको क्षेत्रफल लेखिसकेपछि महल-८ मा अनिवार्यरूपमा प्रयोग भएको खनिज/रासायनिक मलको जम्मा परिमाण (क्वीन्टल/के.जी.) खुलाउनुपर्छ । क्वीन्टल र के.जी.मध्ये कुनै एकाइमा परिमाण लेख्नु नपर्ने भएमा सो महलका कोठामा तेर्सो धर्को तानेर छोड्नुपर्छ । खनिज/रासायनिक मलको परिमाण खुलाउँदा एउटै बालीमा दुई तीन पटक मल प्रयोग गरेको भए सो बालीमा प्रयोग भएको जम्मा मलको परिमाण लेख्नुपर्छ ।

## भाग ५ : गणनाको दिनमा रहेका पाल्तु पशुपन्छीको विवरण

पाल्तु चौपाया तथा पन्छी संख्याअन्तर्गत जोसुकैको स्वामित्वमा रहे तापनि गणना भएको दिन कृषि चलनभित्र रहेका सबै घरपालुवा चौपाया तथा पन्छीको संख्यालाई जनाउँछ । गणनाको दिन अस्थायी रूपले कृषि चलनबाहिर रहेका वा बाटामा रहेका वा किनेर ल्याउँदै गरेका चौपाया तथा पन्छी सबैलाई यहाँ समावेश गर्नुपर्छ ।

*५.१ **यस कृषि चलनमा पाल्तु चौपाया छन् ?***

*१. छन्*

*२. **छैनन् → प्रश्न नं. ५.४***

यस प्रश्नमा कृषकले कुनै पाल्तु चौपाया पालेको छ कि छैन सोधी पालेको छ भने कोड १ मा गोलो घेरा लगाउनुपर्छ

र प्रश्न नं ५.२ सोध्नुपर्छ। चौपाया पालेको छैन भने कोड २ मा गोलो घेरा लगाउनुपर्छ र पाल्तु चौपाया नभएका कृषकहरूसँग प्रश्न नं ५.४ देखि सोध्नुपर्छ।

**<u>पाल्तु चौपाया</u>**

यसअन्तर्गत कृषि प्रयोजनका लागि पालिएका सबै पशुहरू गाई/भैँसी, भेडा/बाख्रा, सुँगुर, घोडा, खच्चर, गधा, खरायोजस्ता जनावर पर्छन्। ज्यालाको लागि भारी बोकाउन तथा मनोरञ्जनका लागि मात्र पालिएका चौपायालाई यहाँ समावेश गरिँदैन।

### *५.२ पाल्तु चौपायाको संख्या*

यसमा गाई-गोरु, चौंरी गाई-गोरु, भैंसी-राँगो, बाख्रा-च्याङ्ग्रा, भेडा-भेडी, सुँगुर-बङ्गुर-बदेल, घोडा-घोडी, खच्चर, खच्चर तथा अन्य चौपायाको छुट्टाछुट्टै संख्या खुलाउनुपर्छ।

***गाई/गोरु***

कृषि चलनमा रहेका गाई/गोरु, बाच्छा/बाच्छीको जम्मा संख्या कोड १० अगाडि (दाहिनेतिर) जम्माको महल-४ मा लेख्नुपर्छ र सोमध्ये स्थानीय वा उन्नत जातसमेत खुलाएर उपयुक्त महल (५ वा ६) मा लेख्नुपर्छ। १ वर्षमुनिका साना बाच्छाको संख्या कोड ११ को लहरको महल ४, ५ र ६ मा, १ वर्षमुनिका साना बाच्छीको संख्या कोड १२ को लहरमा, १ वर्षदेखि ३ वर्षमुनिका बाच्छाको संख्या कोड १३ को लहरमा, १ वर्षदेखि ३ वर्षमुनिका बाच्छीहरूको संख्या कोड १४ को लहरमा, ३ वर्ष वा सोभन्दा माथिका जम्मा गोरु/बहरमध्ये प्रजननको लागि र कृषि कार्यको लागि पालेका गोरु/बहरहरूको संख्या क्रमश कोड १५ र १६ को लहरमा, ३ वर्ष वा सोभन्दा माथिका जम्मा गाईमध्ये दूध दिइरहेका गाईहरूको संख्या कोड १७ को लहरमा लेख्नुपर्छ र गणनाको समयमा दूध नदिने गाईको संख्या कोड १८ को लहरमा लेख्नुपर्छ। यदि १ वर्षदेखि ३ वर्ष मुनिका दूध दिइरहेका गाई भए सोको संख्या कोड १७ को लहरमा नै उल्लेख गर्नुपर्छ। *यसमा ख्याल गर्नुपर्ने कुरा के छ भने कोड ११ देखि कोड १८ सम्मका लहरमा लेखिएका गाई/गोरुको संख्याको जोड कोड १० को लहरमा लेखिए बराबर हुनुपर्छ।*

| क्रम संख्या | उमेर तथा भाले पोथीअनुसार पाल्तु चौपाया | | | | कोड | संख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जम्मा | स्थानीय | उन्नत |
| (१) | (२) | | | | (३) | (४) | (५) | (६) |
| १ | गाई-गोरु (बाच्छा-बाच्छीसमेत) को जम्मा | | | | १० | | | |
| | गाई/ गोरु | १ वर्ष मुनिका | बाच्छा | | ११ | | | |
| | | | बाच्छी | | १२ | | | |
| | | १ वर्षदेखि ३ वर्ष मुनिका | बाच्छा | | १३ | | | |
| | | | बाच्छी | | १४ | | | |
| | | ३ वर्ष वा सो भन्दा माथिका | गोरु/ बहर | प्रजननको लागि | १५ | | | |
| | | | | कृषिकार्यको लागि | १६ | | | |
| | | | गाई | दूध दिइरहेको | १७ | | | |
| | | | | दूध नदिने | १८ | | | |

***याक/नाक/चौंरी***

याक/नाक/चौंरीको संख्या पनि माथि गाई/गोरुको संख्याजस्तै गरी भर्नुपर्छ । फरक के छ भने, याक/नाक/चौंरीको उमेरअनुसार जम्मा संख्या मात्र लेख्नुपर्छ, स्थानीय वा उन्नत खुलाइरहनु पर्दैन । *कोड २१ देखि कोड २७ सम्म लेखिएका याक/नाक/चौंरीको संख्याको जोड कोड नम्बर २० मा लेखिए बराबर हुनुपर्छ ।*

| क्रम संख्या | उमेर तथा भाले पोथीअनुसार पाल्तु चौपाया | | | | कोड | संख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जम्मा | स्थानीय | उन्नत |
| (१) | (२) | | | | (३) | (४) | (५) | (६) |
| २ | चौंरी गाई-गोरु (बाच्छा-बाच्छी समेत) को जम्मा | | | | २० | | | |
| | याक/नाक/चौंरी | १ वर्ष मुनिका | बाच्छा | | २१ | | | |
| | | | बाच्छी | | २२ | | | |
| | | १ वर्षदेखि ३ वर्ष मुनिका | बाच्छा | | २३ | | | |
| | | | बाच्छी | | २४ | | | |
| | | ३ वर्ष वा सो भन्दा माथिका | याक/गोरु | | २५ | | | |
| | | | नाक/चौंरी | दूध दिइरहेको | २६ | | | |
| | | | नाक/चौंरी | दूध नदिने | २७ | | | |

**राँगो/भैँसी**

राँगो/भैँसीका संख्या भर्दा पनि माथि गाई/गोरुको सन्दर्भमा उल्लेख भएजस्तै गरेर भर्नुपर्छ । माथिजस्तै यसमा पनि ख्याल गर्नुपर्ने कुरा के छ भने कोड ३१ देखि कोड ३९ सम्म लेखिएका राँगो/भैँसीको संख्याको जोड कोड नम्बर ३० मा लेखिए बराबर हुनुपर्छ । यहाँ ध्यान दिनुपर्ने कुरा के छ भने मासुको लागि पालिएका राँगोको संख्या कोड ३६ को लहरमा लेख्नुपर्छ ।

| क्र.सं. | उमेर तथा भाले पोथीअनुसार पाल्तु चौपाया | | | | कोड | संख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जम्मा | स्थानीय | उन्नत |
| (१) | (२) | | | | (३) | (४) | (५) | (६) |
| ३ | राँगो-भैँसी (पाडा-पाडीसमेत) को जम्मा | | | | ३० | | | |
| | राँगो/ भैँसी | १ वर्ष मुनिका | पाडा | | ३१ | | | |
| | | | पाडी | | ३२ | | | |
| | | १ वर्षदेखि ३ वर्ष मुनिका | पाडा | | ३३ | | | |
| | | | पाडी | | ३४ | | | |
| | | ३ वर्ष वा सोभन्दा माथिका | राँगो | प्रजननको लागि | ३५ | | | |
| | | | | मासुको लागि | ३६ | | | |
| | | | | कृषिकार्यको लागि | ३७ | | | |
| | | | भैँसी | दूध दिइरहेको | ३८ | | | |
| | | | | दूध नदिने | ३९ | | | |

***बाख्रा/च्याङ्ग्रा***

कृषि चलनमा रहेका सम्पूर्ण बाख्रा, च्याङ्ग्रा, पाठा, पाठीको जम्मा संख्या कोड ४० को लहरमा, ६ महिना मुनिका बाख्राका पाठाको संख्या कोड ४१ को लहरमा, ६ महिना मुनिका बाख्राका पाठीको संख्या कोड ४२ को लहरमा, ६ महिना वा सोभन्दा माथिका खसी/बोकाको संख्या कोड ४३ को लहरमा र ६ महिना वा सोभन्दा माथिका बाख्रीको संख्या कोड ४४ को लहरमा स्थानीय र उन्नत छुट्ट्याएर लेख्नुपर्छ। ६ महिना मुनिका च्याङ्ग्राका पाठाको संख्या कोड ४५ को लहरमा, ६ महिना मुनिका च्याङ्ग्राका पाठीको संख्या कोड ४६ को लहरमा, ६ महिना वा सोभन्दा माथिका च्याङ्ग्राका (भाले) को संख्या कोड ४७ को लहरमा र ६ महिना वा सोभन्दा माथिका च्याङ्ग्रा (पोथी) संख्या कोड ४८ को लहरमा स्थानीय र उन्नत छुट्ट्याएर लेख्नुपर्छ। कोड *४१ देखि ४८ सम्मको कुल संख्याको जोड कोड ४० को संख्यासँग बराबर हुनुपर्छ।*

| **क्र.सं.** | **उमेर तथा भाले पोथीअनुसार पाल्तु चौपाया** | | | **कोड** | **संख्या** | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | **जम्मा** | **स्थानीय** | **उन्नत** |
| (१) | (२) | | | (३) | (४) | (५) | (६) |
| ४ | बाख्रा/च्याङ्ग्रा (पाठा-पाठीसमेत) को जम्मा | | | ४० | | | |
| | बाख्रा | ६ महिना मुनिका | पाठा | ४१ | | | |
| | | | पाठी | ४२ | | | |
| | | ६ महिना वा सोभन्दा माथिका | खसी/बोका | ४३ | | | |
| | | | बाख्री | ४४ | | | |
| | च्याँङ्ग्रा | ६ महिना मुनिका | पाठा | ४५ | | | |
| | | | पाठी | ४६ | | | |
| | | ६ महिना वा सोभन्दा माथिका | च्याङ्ग्रा (भाले) | ४७ | | | |
| | | | च्याङ्ग्रा (पोथी) | ४८ | | | |

***भेडा/भेडी***

भेडा/भेडीको संख्या लेख्दा बाख्रा/च्याङ्ग्राकै तरिकाबमोजिम लेख्नुपर्छ। यहाँ पनि कोड ५१ देखि ५४ सम्मको कुल संख्याको जोड कोड ५० को संख्यासँग बराबर हुनुपर्छ।

| **क्रम संख्या** | **उमेर तथा भाले पोथीअनुसार पाल्तु चौपाया** | | | **कोड** | **संख्या** | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | **जम्मा** | **स्थानीय** | **उन्नत** |
| (१) | (२) | | | (३) | (४) | (५) | (६) |
| ५ | भेडा-भेडी (पाठा-पाठी समेत) को जम्मा | | | ५० | | | |
| | भेडा/भेडी | ६ महिना मुनिका | पाठा | ५१ | | | |
| | | | पाठी | ५२ | | | |
| | | ६ महिना वा सोभन्दा माथिका | भेडा | ५३ | | | |
| | | | भेडी | ५४ | | | |

*सुँगुर/बङ्गुर/बँदेल*

चलनमा रहेका सम्पूर्ण भाले पोथी सुँगुर/बङ्गुर/बँदेल, पाठापाठीको जम्मा संख्या कोड ६० को लहरको जम्मा महलमा लेख्नुपर्छ र सोमध्ये स्थानीय र उन्नत उपयुक्त महलहरूमा खुलाएर लेख्नुपर्छ। ६ महिना मुनिका पाठापाठीको संख्या कोड ६१ मा र ६ महिना वा सोभन्दा माथिका पाठापाठीको संख्या कोड ६२ को लहरमा छुट्टाछुट्टै लेख्नुपर्छ। कोड ६१ र कोड ६२ को लहरमा लेखिएको संख्याको जोड कोड ६० मा लेखिएको संख्यासँग बराबर हुनुपर्छ।

*घोडा/घोडी, खच्चर तथा गधा*

यदि कृषक परिवारले घोडा/घोडी, खच्चर तथा गधालाई कुनै कृषि कार्यको लागि पालेको रहेछ भने यहाँ तिनीहरूको संख्या लेखिन्छ। अन्य ढुवानी वा व्यापारको उद्देश्यले पालिएको भए यहाँ लेख्नुपर्दैन। यस बमोजिम कोड ७१ को लहरमा घोडाको संख्या लेख्ने र कोड ७२ को लहरमा खच्चर र कोड ७३ को लहरमा गधाको संख्या लेख्नुपर्छ। यिनको स्थानीय वा उन्नत जात खुलाउनु पर्दैन।

*अन्य पाल्तु चौपाया*

हरिण, मृगजस्ता अन्य चौपायाहरू पनि कृषि प्रयोजनका लागि पालिएका भए अन्य चौपायाको लहर (कोड ८०) मा एकमुष्ट संख्या उल्लेख गर्नुपर्छ। यहाँ पनि स्थानीय वा उन्नत जात खुलाउनु पर्दैन। कुकुर, बिरालोजस्ता चौपायाको संख्या कृषिगणनाको मुख्य प्रश्नावलीमा समावेश गरिएको छैन। यद्यपि घरपालुवा तथा सामुदायिक (छाडा छोडेको) कुकुरको संख्या पहिलो पटक वडास्तरीय सामुदायिक प्रश्नावली मार्फत लिन खोजिएको छ।

| **क्रम संख्या** | **उमेर तथा भाले पोथीअनुसार पाल्तु चौपाया** | | **कोड** | **संख्या** | | |
|---|---|---|---|---|---|---|
| | | | | **जम्मा** | **स्थानीय** | **उन्नत** |
| (१) | (२) | | (३) | (४) | (५) | (६) |
| ६ | सुँगुर/बङ्गुर/बँदेल (पाठा-पाठीसमेत) को जम्मा | | ६० | | | |
| | सुँगुर/बङ्गुर/बँदेल | ६ महिना मुनिका पाठा-पाठी | ६१ | | | |
| | | ६ महिना वा सोभन्दा माथिका | ६२ | | | |
| ७ | घोडा/घोडी, खच्चर, गधा | घोडा/घोडी | ७१ | | | |
| | | खच्चर | ७२ | | | |
| | | गधा | ७३ | | | |
| ८ | अन्य पाल्तु चौपाया | | ८० | | | |

चलनमा भएको वर्णशंकर जातको पशुलाई उन्नत अन्तर्गत उल्लेख गर्नुपर्दछ।

## *५.३ सन्दर्भ अवधिमा यस कृषि चलनमा पशुपालनको लागि मुख्य आहारा के खुवाइएको थियो ?*

**दानाको कोड**

| (१) | (२) | (३) |
|---|---|---|
| १ | गाई/भैसी | |
| २ | बाखा/च्याङ्ग्रा/भेडा | |
| ३ | सुँगुर/बंगुर/बँदेल | |

| **क्रम संख्या** |
|---|
| १. चरन |
| २. घाँस पराल |
| ३. घरायसी दाना |
| ४. खरिद गरिएको दाना |
| ५. लागु नहुने |

यस प्रश्नबाट कृषि चलनले सन्दर्भ अवधिमा पशुपालनको लागि मुख्य आहार के खुवाएको थियो सोसम्बन्धी विवरण लिन खोजिएको छ। कृषक परिवारले पशुपालनका लागि मुख्य आहारको रूपमा चरनको उपयोग गरेको रहेछ भने कोड १, घाँस, पराल उपयोग गरेको रहेछ भने कोड २, स्थानीयस्तरमा उपलब्ध हुने घरयासी दाना (मकै, कोदो आदि) उपयोग गरेको रहेछ भने कोड ३ र पशु आहार प्रयोजनका लागि तयार गरिएको बजारबाट खरिद दाना (जस्तै : पलेट दाना) उपयोग गरेको रहेछ भने कोड ४ लेख्नुपर्छ। यदि कृषक परिवारले महल २ को लहरमा उल्लिखित कुनै पनि चौपाया पालन नगरेको भए महल ३ को सम्बन्धित लहरमा लागु नहुनेको कोड ५ लेख्नुपर्छ। यसै गरी गणनाको दिनमा पशुपालन गरिएको तर सन्दर्भ वर्षमा नगरिएको भए पनि लागु नहुनेको कोड ५ नै लेख्नुपर्दछ।

## *५.४ यस कृषि चलनमा पाल्तु पन्छी छन् ?*

*१. छन्*

*२. छैनन् → प्रश्न नं. ६.१*

परिवारको चलनमा कुनै पाल्तु पन्छी छन् छैनन् सोधी छन् भने कोड १ मा गोलो घेरा लगाई प्रश्न नं ५.५ सोध्नुपर्छ। यदि छैनन् भने कोड २ मा गोलो घेरा लगाई भाग ६ को प्रश्न नं. ६.१ देखि सोध्नुपर्छ।

<table>
<tr><th>क्रम संख्या</th><th colspan="4">पाल्तु पन्छीको नाम</th><th>कोड</th><th>संख्या</th></tr>
<tr><td>(१)</td><td colspan="4">(२)</td><td>(३)</td><td>(४)</td></tr>
<tr><td rowspan="8">१</td><td rowspan="8">कुखुरा</td><td rowspan="4">स्थानीय</td><td colspan="2">चल्ला</td><td>९१</td><td></td></tr>
<tr><td colspan="2">भाले</td><td>९२</td><td></td></tr>
<tr><td rowspan="2">पोथी</td><td>फुल पार्ने</td><td>९३</td><td></td></tr>
<tr><td>फुल नपार्ने</td><td>९४</td><td></td></tr>
<tr><td rowspan="4">उन्नत</td><td colspan="2">ब्रोइलर</td><td>९५</td><td></td></tr>
<tr><td colspan="2">लेयर्स</td><td>९६</td><td></td></tr>
<tr><td colspan="2">गिरिराज (कोइलर)</td><td>९७</td><td></td></tr>
<tr><td colspan="2">प्यारेण्ट (ब्रोइलर/लेयर्स)</td><td>९८</td><td></td></tr>
</table>

**पाल्तु पन्छी**

यसमा कृषि प्रयोजनका लागि पालिएका कुखुरा, हाँस, परेवा, लौकाट, बट्टाइ, टर्की आदि पन्छी पर्छन् ।

### *५.५ पाल्तु पन्छीको संख्या*

यहाँ कृषि प्रयोजनको लागि पालिएका कुखुरा, हाँस, परेवा, लौकाट, बट्टाइ, टर्की आदि पन्छीको संख्या लेख्नुपर्छ तर सोखको लागि पालिएका पन्छी जस्तै सुगा, मैना, परेवा आदिको संख्या यसमा लेख्नुहुँदैन ।

***कुखुरा***

कोड ९१ को लहरमा चलनमा रहेका स्थानीय कुखुराको चल्लाको संख्या महल-४ मा लेख्नुपर्छ । कोड ९२ को लहरमा स्थानीय भाले कुखुराको संख्या, कोड ९३ को लहरमा फुल पार्ने स्थानीय पोथी कुखुराको संख्या र कोड ९४ को लहरमा फुल नपार्ने स्थानीय पोथी कुखुराको संख्या लेख्नुपर्छ । त्यस्तै कोड ९५ को लहरमा उन्नत ब्रोइलर कुखुराको संख्या, कोड ९६ को लहरमा उन्नत लेयर्स कुखुराको संख्या, कोड ९७ को लहरमा उन्नत गिरीराज कुखुराको संख्या र कोड ९८ को लहरमा प्यारेण्ट (ब्रोइलर/लेयर्स) कुखुराको संख्या लेख्नुपर्छ ।

स्थानीय कुखुराको संख्या लेख्दा उमेरअनुसार चल्ला, भाले, फुल पार्ने र नपार्ने पोथी छुट्याएर लेख्नुपर्छ । उन्नत जातको संख्या लेख्दा उमेरअनुसार लेख्नुपर्दैन, एकमुष्ट संख्या लेखे पुग्दछ ।

***ब्रोइलर***

ब्रोइलरपालन मुख्यतया मासुको लागि गरिन्छ । ब्रोइलर कुखुराको शारिरिक वृद्धि असाध्यै छिटो हुने हुँदा यसलाई दुई महिना सम्म पालेर १.५ देखि २.५ के.जी. सम्मको बनाएर बेचिन्छ । यस्तो उमेरको ब्रोइलरको मासु नरम तथा कलिलो हुन्छ । ब्रोइलर कुखुराको केही जातहरू यस प्रकारका छन्ः मासेल, कव १००, कव ५००, कसिला, हाईब्रो, रोस आदि । ब्रोइलर कुखुराहरू नेपालका विभिन्न स्थानमा सानो तथा ठूलो परिमाणमा व्यवसायिकरूपमा पालिँदै आएका छन् ।

***लेयर्स***

फुल उत्पादनको लागि पालिने कुखुराहरूलाई लेयर्स भनिन्छ । लेयर्स कुखुराहरू नेपालका विभिन्न स्थानमा सानो तथा ठूलो परिमाणमा व्यवसायिकरूपमा पालिँदै आएका छन् । यस्ता कुखुराहरू व्यवस्थितरूपमा पालन गरिएको अवस्थामा सामान्यतः १८ देखि २० हप्ताको उमेरमा फुल पार्न शुरु गरी ७० हप्ताको उमेरसम्म फुल पार्दछन् । यिनीहरूको सरदर फुल उत्पादन ३१० ओटा प्रति कुखुरा रहेको पाइएको छ । लेयर्स कुखुराको केही जातहरू यस प्रकारका छन्ः कि-स्टोन, व्यवकक, ल्होमेन, हाईलाईन आदि ।

***गिरीराज***

यो फुल र मासु दुवैको लागि पालिने विषेश किसिमको कुखुरा हो । यसलाई खास गरी छाडा छोडेर वा अर्ध छाडा छोडी पाल्ने गरिन्छ । यो कुखुरा अरुभन्दा रोग विरुद्ध लड्न सक्ने र गाउँघरमा पाइने घाँस, सागपात र अन्य खेर गएको दाना खाएर पनि फुल, मासु राम्ररी दिन सक्ने कुखुरा हो ।

***प्यारेण्ट (ब्रोइलर/लेयर्स)***

यो प्यारेण्ट (ब्रोइलर/लेयर्स) जातको कुखुरा ब्रोइलर/लेयस चल्ला उत्पादनको लागि बिडिङ्ग फार्महरूले पाल्ने माउ कुखुरा हो ।

***हाँस, परेवा, लौकाट, बट्टाइ, टर्की र अन्य पन्छी***

कोड ९९ र कोड १०० को लहरमा चलनमा रहेका स्थानीय र उन्नत हाँसको जम्मा संख्या क्रमशः लेख्नुपर्छ। कोड १०१ को लहरमा परेवाको जम्मा संख्या लेख्नुपर्छ। कोड १०२ को लहरमा लौकाटको जम्मा संख्या लेख्नुपर्छ। कोड १०३ को लहरमा बट्टाइको जम्मा संख्या लेख्नुपर्छ। कोड १०४ को लहरमा टर्कीको जम्मा संख्या लेख्नुपर्छ। कोड १०५ को लहरमा मासु वा फुल खाने उद्देश्यले पालिएका अन्य पन्छी (जस्तै कालिज, अष्ट्रिच आदि) भए तिनीहरूको जम्मा संख्या लेख्नुपर्छ। परेवा, लौकाट, बट्टाइ, टर्की तथा अन्य पन्छीको हकमा स्थानीय र उन्नत संख्या खुलाइरहनु पर्दैन, जम्मा संख्या मात्र खुलाए पुग्छ। तर सोखको लागि पालिएका वा आफैं आएर गुँड लगाई बसेका कृषि प्रयोजनबाहेकका परेवाहरू लिनुपर्दैन ।

| क्रम संख्या | पाल्तु पन्छीको नाम | | कोड | संख्या |
|---|---|---|---|---|
| (१) | (२) | | (३) | (४) |
| २ | हाँस | स्थानीय | ९९ | |
| | | उन्नत | १०० | |
| ३ | परेवा | | १०१ | |
| ४ | लौकट | | १०२ | |
| ५ | बट्टाइ | | १०३ | |
| ६ | टर्की | | १०४ | |
| ७ | अन्य पन्छी | | १०५ | |

***५.६ सन्दर्भ अवधिमा यस कृषि चलनमा पन्छीपालनको लागि मुख्य आहारा के खुवाइएको थियो ?***

*१. खुला चरन*

*२. घरायसी दाना*

*३. खरिद गरिएको दाना*

*४. लागु नहुने*

यस प्रश्नबाट कृषि चलनले सन्दर्भ अवधिमा पन्छीपालनको लागि मुख्य आहार के खुवाएको थियो सोसम्बन्धी विवरण लिन खोजिएको छ। सन्दर्भ अवधिमा कृषक परिवारले पन्छीपालनको लागि मुख्य आहारको रुपमा खुला चरनको उपयोग गरेको रहेछ भने कोड १, स्थानीयस्तरमा उपलब्ध हुने घरायसी दाना (मकै, कोदो आदि) उपयोग गरेको रहेछ भने कोड २ र बजारबाट खरिद गरिएको दाना (जस्तै : पलेट दाना) उपयोग गरेको रहेछ भने कोड ३ मा गोलो घेरा लगाउनुपर्छ। गणनाको दिनमा पन्छीपालन गरिएको तर सन्दर्भ वर्षमा नगरिएको भए लागु नहुनेको कोड ४ लेख्नुपर्दछ।

६.१ ***सन्दर्भ अवधिमा कृषि कार्यको लागि कुनै गैरआवासीय भवन (गोठ/धन्सार/मतान आदि) प्रयोग गर्नुभएको थियो ?***

*१. थियो*

*२. थिएन → प्रश्न नं. ६.३*

कृषकले सन्दर्भ अवधिमा कृषि कार्यको लागि कुनै गैरआवासीय भवनको प्रयोग गरे नगरेको सोध्नुपर्छ र गरेको भए कोड १ मा गोलो घेरा लगाई प्रश्न नं. ६.२ सोध्नुपर्छ र नगरेको भए कोड २ मा गोलो घेरा लगाई प्रश्न नं. ६.३ देखि सोध्नुपर्छ।

***गैरआवासीय भवन***

भवन (घर) भन्नाले - सामान्यतया चारैतिर गारो/टाटी लगाई वा नलगाई छानो हालेर मानिस बस्नका लागि वा पशुपन्छी राख्नका लागि वा बाली थन्क्याउनका लागि बनाइएको संरचनालाई बुझाउँछ।

कृषिगणनाको सन्दर्भमा मानिस मात्र बस्न प्रयोग भएको घरबाहेक कृषि कार्यका लागि प्रयोग भएका भवनहरूलाई गैरआवसीय भवनअन्तर्गत पार्नुपर्छ, जस्तैः गोठ, गोदाम घर, तबेला, कृषिका लागि प्रयोग भएको कार्यालय भवन आदि। एउटै भवन कृषि कार्यको साथै आवास र अन्य कार्यमा पनि प्रयोग भएको भए सो भवन मुख्यरूपमा कुन कार्यका लागि प्रयोग भएको हो छुट्ट्याई कृषि कार्यको लागि प्रयोग भएको भए मात्र यसमा गणना गर्नुपर्छ। कुनै कृषकको एउटा मात्र घर छ र सो घर आवास र कृषि कार्य दुवैको लागि प्रयोग गरेको भए गैरआवासीय भवनअन्तर्गत राख्नु हुँदैन। गैरआवासीय भवन निम्नलिखित कृषिसम्बन्धी कार्यका लागि प्रयोग भएको हुन सक्छ।

(क) चौपायाका लागि : यसमा पन्छीबाहेक घरपालुवा चौपायाका लागि प्रयोगमा ल्याइएका गोठ, तबेला आदि पर्छन्।

(ख) पन्छीको लागि : यसमा पाल्तु पन्छीका लागि बनाइएका घर वा खोरका लागि प्रयोग भएका घर पर्छन्।

(ग) बाली थन्क्याउनको लागि : बाली थन्क्याउनको लागि प्रयोगमा ल्याइएका भकारीहरू, घाँसपात आदि राखिएका घरहरू यसमा पर्छन्।

(घ) अन्य विविध कार्यको लागि : माथि उल्लिखित प्रयोजनबाहेक अन्य विविध कृषि कार्यका लागि प्रयोगमा ल्याइएका भवनहरू जस्तै : कृषि औजार र साधन राख्न प्रयोग गरिएको भवन यसमा पर्छन्।

६.२ ***प्रयोग, स्वामित्व र संरचनाअनुसार गैरआवासीय भवनको संख्या***

यो प्रश्नमा सन्दर्भ अवधिमा गैरआवासीय भवनको प्रयोगको किसिमका आधारमा स्वामित्व र संरचनाको अवस्था अनुसारको संख्या उल्लेख गर्नुपर्दछ। कृषि चलनमा चौपायाको लागि, पन्छीको लागि, बाली थन्क्याउनको लागि, अन्य कृषि कार्यका लागि गैरआवासीय भवनको प्रयोग भएको छ, छैन सोधी भएको छ भने त्यो आफ्नो हो वा अरूको हो यकीन गरी सम्बन्धित महलहरुमा संख्या लेख्नुपर्छ। यसैगरी यिनीहरुको संख्या संरचनाको अवस्था अनुसार महल ६, ७, ८ मा उल्लेख गर्नुपर्दछ।

यस्ता भवनहरु सन्दर्भ वर्षमा प्रयोग गरिएको तर गणनाको दिनमा कृषि चलनमा नरहेको भए यस प्रश्न अन्तर्गतको तालिकामा रहेका सबै कोठाहरुमा "०" लेख्नुपर्दछ।

**भवनको स्वामित्व**

यसले कृषि कार्यको लागि प्रयोग गरिएको गैरआवासीय भवनको स्वामित्व अथवा अधिकार कसमा निहित छ भन्ने कुरा बुझाउँछ।

***आफ्नै स्वामित्व (महल ४)***

कृषक परिवारको आफ्नै हकमा रहेका भवन यसअन्तर्गत पर्छन्।

***अरूको स्वामित्व (महल ५)***

कृषक परिवारले कृषि प्रयोजनको लागि भाडा तिर्ने गरी चलन गरेको अरूको हकका भवनहरू वा आफ्नो स्वामित्व पनि नभएको र भाडा पनि नलिई अन्य कुनै प्रक्रियाबाट प्राप्त गरेको भवनहरू यसमा पर्छन्। घरधनीको सहायताले भाडा नतिर्ने सर्तमा लिएका भवन, कानुनी वादविवाद परेको तर प्रयोग गरिरहेको भवन आदि यसमा पर्छन्।

***संरचनाको अवस्था (महल ६, ७, ८)***

यस अन्तर्गत कृषक परिवारले प्रयोग गरेको महल २ मा उल्लेखित गैरआवसीय भवनको संरचनाको अवस्थाको बारेमा विवरण सङ्कलन गर्न खोजिएको हो। संरचनाको अवस्थाअनुसार भवन "व्यवस्थित" प्रकारको छ भने महल ६, "अर्धव्यवस्थित" प्रकारको छ भने महल ७ र "अव्यवस्थित" प्रकारको छ भने महल ८ मा जम्मा संख्या लेख्नुपर्छ।

**६.२ प्रयोग, स्वामित्व र संरचना अनुसार गैर आवासीय भवनको संख्या**

| क्रम संख्या | प्रयोगको किसिम | जम्मा | स्वामित्व (संख्या) | | संरचनाको अवस्था (संख्या) | | |
|---|---|---|---|---|---|---|---|
| | | | आफ्नै | अरूको | व्यवस्थित | अर्धव्यवस्थित | अव्यवस्थित |
| (१) | (२) | (३) | (४) | (५) | (६) | (७) | (८) |
| १ | चौपायाको लागि | | | | | | |
| २ | पन्छीको लागि | | | | | | |
| ३ | बाली थन्क्याउनको लागि | | | | | | |
| ४ | अन्य विविध कार्यका लागि | | | | | | |

***व्यवस्थित गैरआवासीय भवन***

ढलान, जस्ता, टायल लगायतको छाना भएको, पक्की गारो, मिलाइएको काठ, जस्ता लगायतको चारैतिर बारिएको, भुइँ ढलान गरिएको वा ढुंगा, इँटलगायत बिच्छ्याइएको, पशुपन्छीको गोठको सन्दर्भमा हावा ओहोरदोहोर हुने गरी भेन्टिलेसन भएको, पशुआहार, मलमुत्र व्यवस्थापनको उचित प्रबन्ध भएको बलियो, टिकाउ र स्थायी प्रकृतिको भवन *व्यवस्थित गैरआवासीय भवन*अन्तर्गत पर्छ।

***अर्धव्यवस्थित गैरआवासीय भवन***

नियमित मर्मत गरिएको फुस वा झिँगटीको छाना भएको, बाँस वा नमिलाइएको काठले चारैतिर बारिएको, माटो वा बालुवा लगायतका सामान्य भुइँ भएको, पशुपन्छीको गोठको सन्दर्भमा मलमुत्र व्यवस्थापनको उचित प्रबन्ध

नभएको, घामपानी हावाहुरीबाट पशुपन्छीहरू जोगिने सामान्य संरचना भएको भवन *अर्धव्यवस्थित गैरआवासीय भवन*अन्तर्गत पर्छ ।

***अव्यवस्थित गैरआवासीय भवन***

नियमित मर्मत नगरिएको फुस वा झिँगटीको छाना भएको, सामान्यतया वरिपरि नबारिएको, सामान्य माटो वा बालुवाको भुइँ भएको, घामपानी र हावाहुरीबाट सामान्यरूपमा मात्र जोगिने गोठ वा टहरो *अव्यवस्थित गैरआवासीय भवन* अन्तर्गत पर्छ ।

*६.३ **सन्दर्भ अवधिमा यस कृषि चलनले परिवार बस्ने घरमै पशुपन्छी पनि पालेको थियो ?***

*१. **थियो***

*२. **थिएन***

*३. **लागु नहुने***

सन्दर्भ अवधिमा कृषक परिवारले आफू बस्ने घरकै कुनै कोठा वा तला आदिमा पशुपन्छीपालन गरेको थियो वा थिएन सोधी पालेको थियो भने कोड १ मा र थिएन भने कोड २ मा गोलो घेरा लगाउनुपर्छ । यदि पशु र पन्छीमध्ये कुनै पनि नपालेका कृषि चलनलाई लागु नहुनेको कोड ३ मा गोलो घेरा लगाउनुपर्छ ।

यदि कृषक परिवारले घरको पालीमा पशुपन्छी पनि पालेको रहेछ भने कोड १ मा गोलो घेरा लगाउनु पर्छ ।

## भाग ७ : कृषि औजार तथा कृषिका साधनहरू

कृषि औजार तथा साधनहरू भन्नाले आंशिक वा पूर्णरूपमा कृषि कार्यमा प्रयोग गरिएका औजार तथा साधनहरूलाई जनाउँछ । कृषि चलनभित्र गैरकृषि कार्यमा मात्र प्रयोग भएका औजारहरूलाई यसमा समावेश गर्नु हुँदैन । गणनाको समयमा काम नलाग्ने भएका अथवा बिग्रिइसकेका औजारहरू पनि समावेश गर्नु हुँदैन । अस्थायीरूपमा बिग्रेको र किनेर ल्याउँदै गरेको साधनलाई भने यसमा समावेश गर्नुपर्छ । कृषिगणनामा विवरण लिनुपर्ने औजार तथा साधनहरू यस प्रकार छन् : फलामे हलो, पावर ट्रिलर/मिनी ट्रिलर, ट्र्याक्टर, स्यालो टयुबवेल, डिप टयुबवेल, रोअर/ढिकी पम्प, पशुद्वारा चलाइने गाडा, स्प्रेयर, कम्बाइन्ड हार्भेस्टर, चाफ कटर, दुध दुहुने मेसिन, थ्रेसर, मकै छोडाउने मेसिन, धान तथा मकै गोड्ने मेसिन, ह्वीलब्यारो, ग्रुमर, ग्रेडिङ मेसिन र कृषिका औजार तथा साधानहरु । अन्य औजारमा धान बत्ताउने (ओसाउने), भुसा छाँट्ने मेसिनजस्ता औजारहरू पर्छन् ।

### ७.१ कृषि औजार तथा साधनको प्रयोग

भाग ७ अन्तर्गत उल्लिखित कृषि औजार तथा साधनहरूको महल ३ देखि ७ सम्म र महल ८ को सन्दर्भ अवधि फरक छ । महल ३ देखि ७ सम्म गणनाको दिनमा कृषि चलनमा भएको औजार तथा साधनको संख्या सोधिएको छ भने महल ८ मा यिनीहरुको विगत एक वर्षमा भएको प्रयोगबारे सोधिएको छ ।

***क्रमसंख्या** (महल १)*

यस महलमा दिइएको संख्या प्रत्येक हरफको क्रमसंख्या हो ।

*कृषि औजार तथा कृषिका साधनहरू (महल २)*

यस महलमा कृषि कार्यका लागि प्रयोग हुने कृषि औजार तथा साधनहरूको सूची दिइएको छ ।

***फलामे हलो***

यो कृषि औजार कारखानाले वा अन्य कारखानाबाट विकास गरी बनाएको हलो हो । यसको प्रयोग जनावरले तानेर जग्गा जोत्नको लागि गरिन्छ ।

***पाओर टिलर⁄मिनी ट्रिलर***

यो एक किसिमको सानो खालको ट्र्याक्टर हो । यस मेसिनबाट खनजोत गर्दा जोत्ने व्यक्तिले यसलाई हातले समाती हिँड्दै जोत्नुपर्छ । यताउति घुमाउन तथा गहिरो जोत्न समयसमयमा शारीरिक बल पनि प्रयोग गर्नुपर्छ । यो दुई पाङ्ग्रा भएको हिँडेर जोत्ने ट्र्याक्टर हो ।

***ट्र्याक्टर***

यसमा २ धुरी र ४ पाङ्ग्रा भएको ट्र्याक्टर पर्छ । यो खेत जोत्नका लागि प्रयोग हुन्छ । यसलाई जोत्ने मेसिन हटाएर त्यसको ठाउँमा ट्रेलर राखी कृषि सामग्री ढुवानी कार्यमा प्रयोग गरेको पनि पाइन्छ ।

***स्यालो टयुबवेल***

यो कम गहिराइमा रहेको जमिनमुनिको पानी पाइप जडान गरी जमिनमाथि ल्याउने साधारण साधन हो ।

***डिप टयुबवेल***

जमिनमुनि पानीको स्थायी स्रोतसम्म पठाएर पानी निकाल्ने साधनलाई डिप ट्युबवेल भनिन्छ ।

***रोअर⁄ढिकी पम्प***

रोअर पम्प होचो ठाउँबाट पानीलाई माथिल्लो खेतबारीमा पठाउन तेर्सो पाइप राखी हातले पानी तान्ने साधन हो । यो हाते पम्पको एक परिवर्तित रूप हो । यसबाट सजिलोसँग बसेर पानी तान्न सकिन्छ । जमिन मुनिको पानी तानी सिँचाइ गर्नका साथै खानेपानीका लागि समेत यो प्रयोग हुन्छ । ढिकी पम्पमा भने हातको सट्टा खुट्टाले चलाइन्छ ।

***पम्पसेट***

सिँचाइको लागि इनार, खोला, पोखरी, आदिबाट पानी तानेर सिँचाइ गर्ने काममा यो मेसिनको प्रयोग गरिन्छ ।

***पशुद्वारा चलाउने गाडा***

ढुवानी कार्यको लागि पशु (गोरु, घोडा, राँगो आदि) द्वारा तान्ने गाडा यसमा पर्छन् ।

***स्प्रेयर***

यो कीटनाशक विषादी प्रयोगका लागि ट्याङ्कीमा हावा भरी त्यसको चापबाट विषादीलाई फोहोराको रूपमा छर्कने औजार हो ।

***कम्बाइन्ड हार्भेस्टर***

यो कृषकले बाली भित्र्याउन प्रयोग गर्ने ठूलो खालको मेसिन हो । यसले बाली काटेर वा जम्मा गरेर सो बाली चुट्ने, झाँट्ने समेत गरेर पराल, नल वा बोटहरूबाट अन्न छुट्याउने काम गर्दछ । यसलाई ट्र्याक्टरमा जोडेर वा छुट्टै पनि चलाउन सकिन्छ ।

***चाफ कटर***

यो पशु आहारको लागि प्रयोग हुने घाँस पराल मसिनो टुक्रामा काट्न प्रयोग हुने कृषि औजार हो ।

***दुध दुहुने मेसिन***

यो कम मानवीय श्रम प्रयोग गरी आधुनिक प्रविधिबाट किफायती तरिकाले दुध दुहुने कृषि औजार हो ।

***थ्रेसर***

यो बाली चुट्ने, झाँट्ने अर्थात् पराल, नल वा बोटहरूबाट अन्न छुट्याउन प्रयोग गरिने कृषि औजार हो ।

***मकै छोडाउने मेसिन***

यो मकैको घोगाबाट दाना छोडाउन प्रयोग गरिने कृषि औजार हो ।

***धान तथा मकै गोडने मेसिन***

यो धान तथा मकै गोड्न प्रयोग गरिने कृषि औजार हो ।

***ह्वीलब्यारो (हाते गाडा)***

यो कृषि कार्यमा चाहिने मल, बिउ, कृषि फसलजस्ता सामग्रीको ओसारपोसार गर्न प्रयोग गरिने पाङ्ग्रा भएको सानो हाते गाडा हो ।

***ग्रुमर***

यो पशुलाई झिँगा, किर्ना आदिबाट जोगाउन प्रयोग गरिने कृषि औजार हो ।

***ग्रेडिङ मेसिन***

यो कृषि उत्पादनको गुणस्तर वर्गीकरण र छनोट गर्न प्रयोग गरिने उपकरण हो ।

***अन्य औजार***

यसमा कृषि कार्यमा प्रयोग हुने साना औजार (जस्तै : काठे हलो, कुटो, कोदालो, हँसिया, डल्लेठो आदि) बाहेक माथि नपरेका कृषि औजारहरू पर्छन्, जस्तै : धान बत्ताउने (ओसाउने) पङ्खा, कीरा मार्नको लागि पाउडर विषादी छर्ने डस्टर, भुस्सा छाँट्ने यन्त्र आदि ।

***गणनाको दिनमा छ ? (महल ३)***

महल-२ मा उल्लिखित कृषि औजार तथा साधनहरू गणनाको दिन कृषि चलनमा छन्, छैनन् सोध्नुपर्छ । यदि छ

भने कोड १ मा र छैन भने २ मा गोलो घेरा लगाउनुपर्छ। यदि कोड २ मा गोलो घेरा लगाएको भए महल ४ देखि ७ सम्म नसोधी महल ८ देखि सोध्नुपर्छ।

**गणनाको दिनमा चलनमा रहेको कृषि औजार तथा साधनको संख्या**

महल-४, ५, ६ र ७ मा कृषि औजार तथा साधनको स्वामित्वको बारेमा उल्लेख गरिएको छ। महल ३ मा कोड १ मा गोलो घेरा लगाएको अवस्थामा कृषि चलनमा भएको औजार वा साधन आफ्नो, साझा, वा अरूको (मोहीले खेती गरेकोमा जग्गाधनीको वा भाडाको समेत) कस्को हो विवरण लिन खोजिएको छ। माथि नै उल्लेख गरिसकिएको छ कि यसको सन्दर्भ समय गणनाको दिन हुन्छ। अर्थात् गणनाका दिन चलनमा रहेका जम्मा कृषि औजारहरूमध्ये कृषकको आफ्नै औजार तथा साधनहरूको संख्या महल-५ मा, साझा (केही परिवारको संयुक्त स्वामित्व) महल-६ मा र अरूको हो भने महल-७ मा संख्या लेख्नुपर्छ। महल-४ को संख्या महल-५, ६, र ७ को जोडसँग मिलेको छ छैन जाँच गर्नुपर्छ। गणनाको समयमा काम नलाग्ने भएका अथवा बिग्रिइसकेका औजारहरू यहाँ समावेश गर्नुहुँदैन। अस्थायीरूपमा बिग्रेको र किनेर ल्याउँदै गरेको साधनलाई भने यसमा समावेश गर्नुपर्छ।

***कृषि औजार तथा साधनको जम्मा संख्या (महल ४)***

गणनाको दिनमा चलनमा रहेको सम्बन्धित कृषि औजार तथा साधनको जम्मा संख्या यसमा लेख्नुपर्छ।

***आफ्नो (महल ५)***

यसमा त्यस्ता कृषि औजार तथा साधन पर्छन् जसमा कृषक परिवारको पूरा अधिकार रहन्छ र जसको प्रयोग कृषि चलनमा आफूखुशी गर्न सकिन्छ। यस प्रकारका औजार तथा साधनको संख्या यस महल अन्तर्गत उल्लेख गर्नुपर्दछ।

***साझा (महल ६)***

एकभन्दा बढी कृषक परिवारको साझा स्वामित्व रहेको कृषि औजार तथा मेसिनरी यसमा पर्छन्। कृषक परिवार सदस्य रहेको संस्थाबाट लिएर स्थायीरूपमा प्रयोग गरेको भए त्यस्ता मेसिनरी तथा औजार यसमा समावेश गर्नु हुँदैन। यसलाई अरुको अन्तर्गत गणना गर्नुपर्छ।

***अरुको (महल ७)***

कृषक परिवारको निजी वा साझा स्वामित्व नभएको तर जग्गा धनीको (अरुको जग्गा कमाउने कृषक परिवारमा यस्ता सामान हुन सक्छन्) वा शुल्क तिरेर वा निःशुल्करूपमा अर्को कृषक परिवार, ठेकेदार, साझा संस्था, सहकारी वा सरकारी निकायबाट प्राप्त गरेको मेसिन तथा औजारहरू यस शीर्षकअन्तर्गत गणना गर्नुपर्दछ।

***सन्दर्भ अवधिमा प्रयोग भएको थियो ? (महल ८)***

सन्दर्भ अवधिभित्र कृषि चलनले विभिन्न औजार तथा साधनहरूको प्रयोग कृषि कार्यमा गरेको थियो, थिएन सोध्नुपर्छ। यसमा स्वामित्वको कुरा आउँदैन अर्थात् कृषि चलनमा यी औजारहरू हुनैपर्छ भन्ने छैन। केवल प्रयोग गरिएको थियो वा थिएन सोधी थियो भने कोड १ मा गोलो घेरा लगाउनुपर्छ र थिएन भने कोड २ मा गोलो घेरा लगाउनुपर्छ।

*सन्दर्भ अवधिमा खरिद गरिएको संख्या (महल ९)*

सन्दर्भ अवधिभित्र कृषकले महल २ मा उल्लिखित कृषि औजार तथा साधनहरू खरिद गरेको थियो, थिएन सोधी थियो भने संख्या यस महलमा लेख्नुपर्छ । यदि सन्दर्भ अवधिभित्र औजारहरू खरिद नगरेको भए संख्या लेख्ने महलमा ० लेख्नुपर्छ ।

साझारुपमा खरिद गरिएको औजारको सन्दर्भमा अधिकांश समय यस कृषि चलन अन्तर्गत रहेको भए मात्र यहाँ संख्या उल्लेख गर्नुपर्दछ ।

## भाग ८ : अन्य खेतीसम्बन्धी विवरण

यस भागमा माथि उल्लेखित बाली लगाउने तथा पशुपन्छीपालन गर्ने जस्ता प्रमुख कृषि कार्यबाहेकका अन्य खेतीसम्बन्धी विवरण लिन खोजिएको छ । कृषि चलनमा गरिएको माछापालन, यसका लागि प्रयोग भएको पोखरीको संख्या र क्षेत्रफल, च्याउखेती र खेती गरिएको जग्गाको क्षेत्रफल, मौरीपालन तथा मौरीको किसिम र घार संख्या, पुष्पखेती, नर्सरी र रेशमपालन गरिएको जग्गाको क्षेत्रफलजस्ता अन्य खेतीसम्बन्धी विवरणहरू यस भागमा सङ्कलन गर्नुपर्छ ।

यस भागमा समेटिने च्याउखेती, पुष्पखेती र नर्सरीखेती जस्ता जग्गाको क्षेत्रफल अस्थायी वा स्थायी बालीको आधारमा प्रश्न ३.७, प्रश्न ४.१, प्रश्न ४.२ र प्रश्न ४.३ मा पनि उल्लेख गर्नुपर्दछ । यसै गरी रेशमपालनको लागि गरिएको किम्बुखेतीको क्षेत्रफल प्रश्न ३.७ को महल ७ को निजी वनबनेलोको क्षेत्रफल अन्तर्गत उल्लेख गर्नुपर्दछ । यसै गरी यहाँ उल्लेखित माछापालन गरिएको पोखरीको क्षेत्रफल पनि प्रश्न ३.७ को महल ८ अन्तर्गत पोखरीको क्षेत्रफलमा उल्लेख गर्नुपर्दछ ।

***८.१ माछापालन***

यस खण्डमा कृषि चलनमा गरिएको माछापालन, यसका लागि प्रयोग भएको पोखरीको संख्या र क्षेत्रफलसम्बन्धी विवरण सङ्कलन गरिन्छ ।

***८.१.१ सन्दर्भ अवधिमा यस कृषि चलनले माछापालन गरेको थियो ?***

1. *थियो*
2. *थिएन → प्रश्न नं. ८.२*

सन्दर्भ अवधिमा कृषक परिवारले माछापालन गरेको थियो वा थिएन सोधी यकिन गर्नुपर्छ । यदि थियो भने कोड १ मा र थिएन भने कोड २ मा गोलो घेरा लगाउनुपर्छ । कोड २ मा गोलो घेरा लगाएको अवस्थामा प्रश्न ८.१.२ नसोधी प्रश्न ८.२.१ देखि सोध्नुपर्छ ।

***८.१.२ माछापालन गरिएको पोखरीको संख्या तथा क्षेत्रफल***

८.१.२ माछापालन गरिएको पोखरीको संख्या तथा क्षेत्रफल

| पोखरीको जम्मा संख्या | पोखरीको कुल क्षेत्रफल (डिलसमेत) | | | जलासयले मात्र ओगटेको क्षेत्रफल | | |
|---|---|---|---|---|---|---|
| | बि/रो | क/आ | धु/पै | बि/रो | क/आ | धु/पै |
| (१) | (२) | | | (३) | | |
| | | | | | | |

***पोखरीको जम्मा संख्या (महल १)***

यस महलमा कृषक परिवारले माछापालन गरेको जम्मा पोखरीको संख्या लेख्नुपर्छ।

***माछापोखरीको कूल क्षेत्रफल (डिलसमेत) (महल २)***

यस महलमा महल १ मा उल्लिखित सम्पूर्ण पोखरीहरूले ओगटेको डिलसहितको जम्मा क्षेत्रफल बिघा/कठ्ठा/धुर वा रोपनी/आना/पैसामा उल्लेख गर्नुपर्छ।

***जलाशयले मात्र ओगटेको क्षेत्रफल (महल ३)***

यस महलमा महल १ मा उल्लिखित सम्पूर्ण पोखरीहरूको डिल बाहेकको जलाशयले मात्र ओगटेको जम्मा क्षेत्रफल बिघा/कठ्ठा/धुर वा रोपनी/आना/पैसामा उल्लेख गर्नुपर्छ। माथिका दुवै महलहरूमा क्षेत्रफलको एकाइ प्रश्न ३.१ मा उल्लेख भएबमोजिमकै हुनुपर्छ।

***८.२ च्याउ खेती***

यस खण्डमा सन्दर्भ अवधिमा गरिएको च्याउखेती र खेती गरिएको क्षेत्रफल सङ्कलन गरिन्छ।

***८.२.१ सन्दर्भ अवधिमा कृषि चलनमा च्याउ खेती गरिएको थियो ?***

*१. थियो*

*२. थिएन → प्रश्न नं. ८.३*

सन्दर्भ अवधिमा कृषक परिवारले च्याउ खेती गरेको थियो वा थिएन सोधी यकिन गर्नुपर्छ। यदि यस प्रकारको खेती गरेको थियो भने कोड १ मा र थिएन भने कोड २ मा गोलो घेरा लगाउनुपर्छ। यदि कोड २ मा गोलो घेरा लगाएको भए प्रश्न ८.२.२ नसोधी प्रश्न ८.३ देखि सोध्नुपर्छ।

***८.२.२ च्याउ खेती गरिएको क्षेत्रफल***

च्याउ खेती गरिएको जग्गाको क्षेत्रफल

| जम्मा क्षेत्रफल | | |
|---|---|---|
| बि/रो | क/आ | धु/पै |
| (१) | (२) | (३) |
| | | |

कृषि चलनमा च्याउखेती गरिएको भए सम्पूर्ण जग्गाको जम्मा क्षेत्रफल सम्बन्धित महलहरुमा बिघा/कठ्ठा/धुर वा रोपनी/आना/पैसामा उल्लेख गर्नुपर्छ। यहाँ क्षेत्रफलको एकाइ प्रश्न नं. ३.१ मा उल्लेख भए बमोजिमकै हुनुपर्छ।

घरको माथिल्लो तलामा लगाइएको च्याउखेतीको क्षेत्रफल यहाँ उल्लेख गर्नुहुँदैन।

***८.३ मौरीपालन***

यस खण्डमा कृषक परिवारले सन्दर्भ अवधिमा गरेको मौरीपालन, मौरीको किसिम र घार संख्यासम्बन्धी विवरण सङ्कलन गरिन्छ।

***८.३.१ सन्दर्भ अवधिमा कृषि चलनमा मौरीपालन गरिएको थियो ?***

*१. थियो*

*२. थिएन → प्रश्न नं. ८.४*

सन्दर्भ अवधिमा कृषि चलनमा मौरीपालन गरिएको थियो वा थिएन सोधी यकिन गर्नुपर्छ यदि थियो भने यसलाई जनाउने कोड १ मा र थिएन भने कोड २ मा गोलो घेरा लगाउनुपर्छ। यदि कोड २ मा गोलो घेरा लगाएको भए प्रश्न नं. ८.३.२ नसोधी प्रश्न नं. ८.४ देखि सोध्नुपर्छ।

***८.३.२ सन्दर्भ अवधिमा पालन गरिएको मौरीको किसिम र घार संख्या***

**सन्दभ अवधिमा पालन गरिएको मौरीको किसिम र घार संख्या**

| मौरीको किसिम | घार संख्या |
|---|---|
| (१) | (२) |
| उन्नत | |
| स्थानीय | |

सन्दर्भ अवधिमा कृषक परिवारले पालन गरेको मौरीको किसिमअनुसारको घार संख्या यहाँ लेख्नुपर्छ। प्रश्नमा उल्लिखित उन्नत र स्थानीय दुई किसिमहरूमध्ये कुनै किसिमको मौरी कृषि चलनमा पालिएको रहेनछ भने सोको घार संख्या उल्लेख गर्ने कोठामा तेर्सो धर्का (-) तान्नुपर्छ।

***८.४ पुष्पखेती/नर्सरी/रेशमपालन***

यस खण्डमा पुष्पखेती, नर्सरी र रेशमपालन तथा यिनको क्षेत्रफल जस्ता विवरणहरू सङ्कलन गरिन्छ।

***८.४.१ सन्दर्भ अवधिमा कृषि चलनमा पुष्पखेती/नर्सरी/रेशमपालन गरिएको थियो ?***

*१. थियो    २. थिएन → प्रश्न नं. ९.१*

सन्दर्भ अवधिमा कृषक परिवारले पुष्पखेती/नर्सरी/रेशमपालन मध्ये कम्तीमा एक कृषि कार्य गरेको थियो वा थिएन सोधी यकिन गर्नुपर्छ। यदि थियो भने कोड १ मा र थिएन भने कोड २ मा गोलो घेरा लगाउनुपर्छ। कोड २ मा गोलो घेरा लगाएको भए प्रश्न ८.४.२ नसोधी प्रश्न ९.१ देखि सोध्नुपर्छ।

***पुष्पखेती***

पुष्पखेती भन्नाले कृषक परिवारले गरेका लुजफ्लावर (सयपत्री/थुँगेफूल), मौसमी, बहुबर्षे, आलांकारिक फूल (धुपी), कटफ्लावर (गुलाफ), बिउ, बल्व, राइजोम, ट्युबर र दुबोलगायतका पुष्पजन्य खेतीलाई जनाउँछ।

***नर्सरी (वन/फलफूल/पुष्प) खेती***

नर्सरी (वन/फलफूल/पुष्प) खेती भन्नाले कृषक परिवारले गरेका टिक, सिसौ, रुद्राक्षलगायतका वनजन्य बिरुवा उत्पादन वा आँप, सुन्तला, स्याउलगायतका फलफूलजन्य बिरुवाहरूको उत्पादन र विभिन्न प्रकारका फूलका विरुवा उत्पादनसम्बन्धी खेतीलाई जनाउँछ।

***रेशमपालन***

किम्बुको बोटबाट आहार विकास गरी रेशम किरापालनबाट कोया (Cocoon) प्राप्त गर्ने उद्देश्यले कृषक परिवारले गरेको खेतीलाई रेशमपालन भनिन्छ ।

***८.४.२सन्दर्भ अवधिमा पुष्पखेती/नर्सरी/रेशमपालन गरिएको जग्गाको क्षेत्रफल***

| खेतीको किसिम | जम्मा क्षेत्रफल | | |
|---|---|---|---|
| | बि/रो | क/आ | धु/पै |
| (१) | (२) | | |
| पुष्पखेती | | | |
| नर्सरी (वन/फलफूल/पुष्प) | | | |
| रेशमपालन | | | |

सन्दर्भ अवधिमा कृषि चलनमा पुष्पखेती/नर्सरी/रेशमपालनमध्ये कम्तीमा एक किसिमको खेती गरेको रहेछ भने यस प्रकारको खेती गरिएको सम्पूर्ण जग्गाको जम्मा क्षेत्रफल खेतीको किसिम अनुसार सम्वन्धित बिघा/कट्ठा/धुर वा रोपनी/आना/पैसामा उल्लेख गर्नुपर्छ। महल १ मा उल्लेखित कुनै किसिमको खेती गरेको रहेन्छ भने सम्वन्धित लहरमा तेर्सो धर्का (-) तान्नुपर्छ।

यहाँ क्षेत्रफलको एकाइ प्रश्न नं ३.१ मा उल्लेख भएबमोजिमकै हुनुपर्छ।

## भाग ९ : कृषि कामदारसम्बन्धी विवरण

*९.१ सन्दर्भ अवधिमा यस कृषि चलनमा स्थायी रूपमा काम गर्ने कामदारहरू थिए ?*

*१. थिए*

*२. थिएनन् → प्रश्न नं. ९.३*

सन्दर्भ अवधि (१७ पुस २०७७ देखि १६ पुस २०७८ सम्म) भित्र मुख्य कृषकले कृषि चलनमा स्थायीरूपमा काम गर्ने कामदारहरू राखेको थियो कि थिएन सोधेर उपयुक्त कोडमा गोलो घेरा लगाउनुपर्छ। यदि स्थायीरूपमा काम गर्ने कामदार थिएनन् भने प्रश्न नं. ९.३ देखि सोध्नुपर्छ।

**कृषि कार्यमा संलग्न कामदार**

परिवारका सदस्यबाहेक खाद्यान्न तथा अन्य बाली उब्जाउने वा पशुपन्छीपालन गर्ने वा अन्य कृषि कार्यमा संलग्न व्यक्ति, जसले नगद वा जिन्सी वा अन्य कुनै सर्तमा पारिश्रमिक लिएर काम गर्ने गर्दछन्, त्यस्ता व्यक्तिलाई कृषि कामदार भनिन्छ। कृषि कामदार स्थायी वा अस्थायी दुई प्रकारका हुन्छन्।

**स्थायी कृषि कामदार**

पारिश्रमिक दिएर कृषिगणनाको सन्दर्भ वर्षभरि कृषि चलनको कार्यमा नियमितरूपले काम गर्न लगाएको व्यक्तिलाई स्थायी कृषि कामदार भनिन्छ। सन्दर्भ वर्षको अवधिभित्र काम गरेको जम्मा दिनको (साधारणतया ६ महिना वा

सोभन्दा बढी) आधारमा स्थायी र अस्थायी कामदार छुट्ट्याउने गरिन्छ तापनि मूलरूपमा काम लगाउने व्यक्तिले उसलाई जुन रूपको कामदार भन्छ सोहीअनुसार स्थायी वा अस्थायी मान्नुपर्छ। स्थायी कृषि कामदारले ६ महिनाको अवधिमध्ये केही महिना कृषिमा र केही महिना अन्य काम गरेको पनि हुन सक्छ। विशेष गरेर एक बाली मात्र भित्र्याउने ठाउँहरूमा ६ महिना भन्दा कम अवधिमै कृषि कार्य सकिने भएमा उक्त अवधिभरि नियमितरूपले कृषि कार्य गरेका कामदारलाई स्थायी कामदारको रूपमा नै गणना गर्नुपर्छ।

यदि कुनै कृषि कामदार मुख्य कृषकको भान्सामा परिवारको सदस्यसरह नै खानेबस्ने गरेको रहेछ भने पनि उसलाई स्थायी कामदारमा उल्लेख गर्नुपर्छ।

***उदाहरण :*** *निर्मल शर्मा भन्ने व्यक्तिलाई गौसरा भट्टको कृषि चलनमा खेतीको समयमा खन्ने जोत्ने कामको लागि स्थायी कामदारको हैसियतले मासिक वा वार्षिकरूपमा पारिश्रमिक दिने सर्तमा राखिएको छ। गौसराको घरमै धान कुट्ने मिल पनि छ र निर्मलले कृषि चलनमा फुर्सद भएको बेला उक्त मेसिन चलाउने काम पनि गर्दछन् भने पनि उनी खन्ने जोत्ने कामकै लागि स्थायी कामदारको हैसियतले राखिएकोले स्थायी कामदार हुन्छन्।*
*खेतीपाती गर्न, खन्नेजोत्ने काम गर्न राखेका हरूवा/हलीयालाई पनि स्थायी कामदारमा लिनुपर्छ।*

**९.२ स्थायी रूपमा काम गर्ने कामदार संख्या**

| कामदार | संख्या |
|---|---|
| (१) | (२) |
| १. पुरुष | |
| २. महिला | |
| ३. जम्मा | |

***९.२ स्थायी रूपमा काम गर्ने कामदार संख्या***

कृषि चलनमा स्थायी रूपले काम गर्ने पुरुष र महिला कामदारको संख्या छुट्टाछुट्टै दिइएको कोठामा अङ्कमा लेखी यी दुवैको जोडसमेत "जम्मा" को कोठामा लेख्नुपर्छ। *उदाहरण : कृषक परिवारले आफ्नो कृषि चलनमा 1 जना पुरुष स्थायी कामदार लगाएको भए पुरुषको संख्या लेख्ने कोठामा 1 लेख्नुपर्छ। यसै गरी महिलाको संख्या लेख्ने कोठाहरूमा 0 लेखेर जम्माको कोठाहरूमा 1 लेख्नुपर्छ।*

***९.३ सन्दर्भ अवधिमा यस कृषि चलनमा अस्थायी रूपमा कामदार (पर्मबाहेक) लगाइएको थियो ?***

*१. थियो  २. थिएन → प्रश्न नं. ९.५*

सन्दर्भ अवधिमा कृषि चलनभित्र अस्थायीरूपमा कामदार (पर्मबाहेक) लगाइएको थियो कि थिएन सोधी उपयुक्त कोडमा गोलो घेरा लगाउनुपर्छ। कोड २ मा गोलो घेरा लगाएको भए प्रश्न ९.४ नसोधी प्रश्न ९.५ देखि सोध्नुपर्छ।

**अस्थायी कृषि कामदार**

अस्थायी कृषि कामदार भनेको सन्दर्भ समयभित्र पारिश्रमिक दिएर पटकपटक वा एक पटक मात्र कृषि चलनमा काम लगाएको व्यक्ति हो र निजले नियमितरूपमा कृषि चलनमा काम गर्ने अपेक्षा गरिएको हुँदैन। अस्थायी कामदारमा पर्मलाई लिनु हुँदैन। कुनै कामदार स्थायी वा अस्थायी के हो भनी छुट्ट्याउन मुख्यतः उसले कुन सर्तमा काम गरेको छ भन्ने कुरालाई नै ध्यान दिनुपर्छ।

छोटकरीमा, दैनिकरूपमा ज्याला दिने गरी कृषि चलनमा लगाइएको व्यक्तिलाई अस्थायी कामदार र मासिक वा

वार्षिकरूपमा पारिश्रमिक दिने गरी नियमित प्रकृतिको काममा लगाइएको व्यक्तिलाई स्थायी कामदार मान्नुपर्छ ।

***उदाहरण :*** *धनलाल भन्ने व्यक्ति मुनिलालको कृषि चलनमा खेतीको समयमा दैनिक ज्याला लिने गरी काम गर्दछन् । उनले सधैँभरि मुनिलालको चलनमा काम गरे पनि उनलाई अस्थायी कामदारको हैसियतले राखिएको छ । यस्तोमा उनले मुनिलालको चलनमा अविछिन्नरूपले काम गरेको देखिए तापनि उनलाई अस्थायी कामदार सरह नै गणना गर्नुपर्छ ।*

### ९.४ ***अस्थायी रुपमा काम गर्ने कामदार संख्या***

अस्थायी कामदार संख्या लेख्दा व्यक्ति संख्या होइन व्यक्ति दिन संख्या लेख्नुपर्छ । विगत सन्दर्भ वर्षभित्र काम गरेका सबै अस्थायी कामदारहरूको व्यक्ति दिन सङ्ख्या जम्माका साथै महिला पुरुषअनुसार छुट्ट्याएर पनि लेख्नुपर्छ । व्यक्ति दिन संख्या लेख्दा अङ्कमा लेख्नुपर्छ ।

व्यक्ति दिन

**९.४ अस्थायी रूपमा काम गर्ने कामदार संख्या**

| कामदार | व्यक्ति दिन |
|---|---|
| (१) | (२) |
| १. पुरुष | |
| २. महिला | |
| ३. जम्मा | |

एक व्यक्तिले एक दिनमा गरेको कामलाई एक व्यक्ति दिन मानिन्छ । एक व्यक्तिले ७ दिन काम गरेको छ भने उसले काम गरेको व्यक्ति दिन संख्या ७ हुन्छ । दुई जनाले ६ दिन काम गरेको भए जम्मा व्यक्ति दिन संख्या १२ (२ **x** ६ = १२) हुन्छ ।

वर्षभरि काम लगाएका अस्थायी कामदार संख्या र दिन बताउन उत्तरदातालाई समय लाग्न सक्छ । सबै मौसममा सबै बाली र सबै कृषिसम्बन्धी काममा लगाइएका अस्थायी कामदार संख्या र काम लगाएको दिन संख्या सोधेर महिला पुरुष छुट्ट्याएर लेख्नुपर्ने हुँदा होसियार रहनुपर्छ । उत्तरदातालाई यस्ता कामदार संख्या मौसमअनुसार वा बालीअनुसार सम्झन समय दिनुपर्छ ।

*उदाहरण : एक पटकमा 3 दिनको लागि 4 पुरुष र 7 जना महिलाले काम गरेको भए काम गरेका जम्मा 33 व्यक्ति दिन हुन्छ भने पुरुषको व्यक्ति दिन संख्या 12 र महिलाको व्यक्ति दिन संख्या 21 हुन्छ ।*

अर्को पटक *4* दिन *6-6* जना पुरुष र महिला काममा लगाइएको भए यस पटकको जम्मा व्यक्ति दिन संख्या *48* हुन्छ भने पुरुष र महिला दुवैको व्यक्ति दिन संख्या *24-24* नै हुन्छ ।

यी दुवै पटकको व्यक्ति दिन संख्या जोड्दा जम्मामा *81* व्यक्ति दिन, पुरुषको *36* व्यक्ति दिन र महिलाको *45* व्यक्ति दिन हुन्छ ।

यसै गरेर वर्षभरको जम्मा काम लगाएको सबै कामदार संख्या नछुटाई एक-एक हिसाब गरेर जम्मा व्यक्ति दिन संख्या लेख्नुपर्छ ।

### ९.५ ***सन्दर्भ अवधिमा पर्ममा काम लगाइएको थियो ?***

*१. थियो* *२. थिएन → प्रश्न नं. ९.७*

सन्दर्भ अवधिमा कृषक परिवारले आफ्नो कृषि चलनमा पर्ममा काम लगाएको थियो कि थिएन सोधेर प्राप्त जवाफअनुसार उपयुक्त कोडमा गोलो घेरा लगाउनुपर्छ । पर्ममा कुनै कामदार नलगाएको भए प्रश्न ९.६ नसोधी प्रश्न ९.७ देखि सोध्नुपर्छ ।

**पर्म**

पर्ममा काम लगाएको भन्नाले अरूको काम गरिदिएको सट्टामा वा पछि सट्टामा काम गरीदिने सर्तमा आफ्नो कृषि चलनमा काम गर्न आएका व्यक्तिलाई बुझाउँछ। आफ्नो कृषि चलनमा काम गरिदिएको सट्टामा अरुको चलनमा काम नै गरिदिनुपर्छ। अर्थात्, आफूआफूमा आलोपालो गरेर एक परिवारको सदस्यले अर्को परिवारमा काम गरीदिने चलनलाई पर्म भनिन्छ।

९.६ ***पर्ममा काम गर्ने कामदार संख्या***

पर्ममा काम गरेको पनि व्यक्ति दिन संख्यामा लेख्नुपर्छ। व्यक्ति दिन संख्या लेख्ने तरिका अस्थायी कामदार संख्या लेख्दाजस्तै हो।

**९.६ पर्ममा काम गर्ने कामदार संख्या**

| **कामदार** | **व्यक्ति दिन** |
|---|---|
| (१) | (२) |
| १.पुरुष | |
| २.महिला | |
| ३.जम्मा | |

९.७ ***सन्दर्भ अवधिमा कृषि कार्यको लागि ठेक्कामा काम लगाइएको थियो ?***

*१. थियो*      *२. थिएन → प्रश्न नं. १०.१*

सन्दर्भ अवधिमा कृषक परिवारले आफ्नो कृषि चलनमा खनजोत गर्न, बाली लगाउन, गोडमेल गर्न, बाली काट्न, टिप्न, थन्क्याउन लगायतका कामका लागि नगद वा जिन्सी वा दुवै दिने सर्तमा ठेक्कामा काम लगाएको थियो कि थिएन सोधेर प्राप्त जवाफअनुसार उपयुक्त कोडमा गोलो घेरा लगाउनुपर्छ। ठेक्कामा कुनै कामदार नलगाएको भए प्रश्न ९.८ नसोधी प्रश्न १०.१ देखि सोध्नुपर्छ।

९.८ ***ठेक्कामा लिने व्यक्तिले कृषि कार्यमा लगाएको कामदारको संख्या***

ठेक्कामा लिने व्यक्तिले कृषि कार्यमा लगाएको कामदारको संख्या पनि व्यक्ति दिन संख्यामा लेख्नुपर्छ। व्यक्ति दिन संख्या लेख्ने तरिका अस्थायी कामदार संख्या लेख्दाजस्तै हो।

ठेक्कामा लिने व्यक्तिले कृषि कार्यमा लगाएको कामदारको संख्या लिन समस्या भएमा कृषि चलनको विगतका आफ्नै अभ्यासहरू तथा समाजमा प्रचलित अभ्यासलगायत आफूले सो कृषि कार्य गर्नु पर्दा लाग्ने अनुमानित कामदार संख्या आदिका आधारमा सहजीकरण गर्न लगाई लेख्नुपर्छ।

**९.९ ठेक्कामा लिने व्यक्तिले कृषि कार्यमा लगाएको कामदारको संख्या**

| कामदार | व्यक्ति दिन |
|---|---|
| (१) | (२) |
| १.पुरुष | |
| २.महिला | |
| ३.जम्मा | |

## भाग १० : कृषि ऋण, बीमा र अनुदान

कृषक परिवारले पशुपन्छीपालन, माछापालन, मौरी तथा रेशमपालनका साथसाथै उन्नत बिउ, रासायनिक मल, कृषि औजार खरिद आदि गर्ने प्रयोजनका लागि कृषि ऋण लिएको हुन सक्छ । कृषि ऋणसम्बन्धी प्रश्नमा कृषकले लिएको ऋण तिर्न बाँकी छ/छैन, ऋणको स्रोत तथा ऋण वा थप ऋणको आवश्यकता र प्रयोजनसम्बन्धी जानकारी लिन खोजिएको छ।

यसै गरी कृषक परिवारले कृषि क्रियाकलापको लागि गरेको बीमा तथा प्राप्त गरेको अनुदान र सोको प्रयोजनसमेत यस भागमा लिन खोजिएको छ।

***१०.१ यस कृषि चलनले कृषि कार्यका लागि ऋण लिएको छ ?***

*१. छ*

*२. छैन → प्रश्न नं. १०.३*

कृषक परिवारले कृषि कार्यको लागि ऋण लिएको भए कोड १ मा गोलो घेरा लगाई प्रश्न नं. १०.२ सोध्दै जानुपर्छ । ऋण नलिएको भए कोड २ मा गोलो घेरा लगाई प्रश्न नं. १०.३ देखि सोध्दै जानुपर्छ । गणनाको दिनमा मुख्य कृषकले ऋण तिर्न बाँकी भए मात्र यहाँ ऋण लिएको मानिन्छ । गणनाको दिनअगावै ऋण तिरी सकेको भए ऋण लिएको मानिँदैन र त्यस्ता कृषकहरूलाई प्रश्न नं. १०.३ देखि सोध्दै जानुपर्छ ।

***१०.२ कृषि ऋण कहाँबाट लिएको हो ? (बहुउत्तर सम्भव छ)***

*१. बचत तथा ऋण सहकारी संस्था*
*२. वाणिज्य बैंक*
*३. विकास बैंक*
*४. फाइनान्स/लघुवित्त कम्पनी*
*५. कृषक समूह*
*६. महिला समूह*
*७. आफन्त/इष्टमित्र*
*८. ट्रेडर्स/व्यवसायी*
*९. साहु महाजन*
*१०. अन्य .......*

कृषकले कृषि ऋण कहाँकहाँबाट लिएको हो सोधी उपयुक्त कोडहरूमा गोलो घेरा लगाउनुपर्छ। बचत तथा ऋण सहकारी संस्थाबाट लिएको भए कोड १ मा, वाणिज्य बैंकबाट लिएको भए कोड २ मा, विकास बैंकबाट लिएको भए कोड ३ मा, फाइनान्स/लघुवित्त कम्पनीबाट भए कोड ४ मा, कृषक समूहबाट भए कोड ५ मा, महिला समूहबाट भए कोड ६ मा, आफन्त/इष्टमित्रबाट भए कोड ७ मा, ट्रेडर्स/व्यवसायीबाट भए कोड ८ र साहु महाजनबाट भए कोड ९ मा गोलो घेरा लगाउनुपर्छ। यीबाहेक अन्य कुनै स्रोतबाट लिएको भए कोड १० मा गोलो घेरा लगाएर स्रोतको नाम पनि लेख्नुपर्छ। यहाँ वाणिज्य बैंकअन्तर्गत नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंकलगायत राष्ट्र बैकको मापदण्डअनुसार क वर्गका सबै बैंकहरू पर्छन् ।

बचत तथा ऋण सहकारी बाहेक अन्य प्रकारका सहकारी भएतापनि कोड १ मा नै गोलो घेरा लगाउनु पर्दछ ।

***१०.३ कृषि कार्यको लागि ऋण/थप ऋणको आवश्यकता छ ?***

*१. छ* *२. छैन → प्रश्न नं. १०.५*

कृषि कार्यको लागि ऋण/थप ऋणको आवश्यकता छ/छैन सोधी उपयुक्त कोडमा गोलो घेरा लगाउनुपर्छ। यो प्रश्नमा कृषि ऋण नलिएकालाई ऋणको आवश्यकता र ऋण पहिले नै लिएर तिर्न बाँकी भएकालाई थप ऋणको आवश्यकता छ/छैन सोध्नुपर्छ। यदि यस्तो ऋण वा थप ऋणको आवश्यकता छ भन्ने उत्तर आएमा कोड १ मा गोलो घेरा लगाई प्रश्न नं. १०.४ सोध्नुपर्छ र छैन भन्ने उत्तर आएमा कोड २ मा गोलो घेरा लगाई प्रश्न नं. १०.५ देखि सोध्नुपर्छ।

***१०.४ कुन मुख्य कृषि कार्यको लागि ऋण/थप ऋण आवश्यक छ ?***

| | |
|---|---|
| *१. मल/बिउ/विषादी खरिद* | *२. सिँचाइ सुविधाका लागि* |
| *३. कृषि औजार खरिद* | *४. पशुपन्छीपालन* |
| *५. माछापालन* | *६. मौरीपालन* |
| *७. च्याउखेती* | *८. पुष्पखेती/नर्सरी* |
| *९. कृषिजन्य संरचना/पूर्वाधार निर्माण* | *१०. अन्य कृषि प्रयोजन ...........* |

कृषि चलनलाई मल/बिउ/विषादी खरिद, सिँचाइ सुविधा, कृषि औजार खरिद, पशुपन्छीपालन, माछापालन, मौरीपालन, च्याउखेती, पुष्पखेती/नर्सरी खेती, कृषिजन्य संरचना निर्माण र अन्य कृषि प्रयोजन गर्ने उद्देश्य वा प्रयोजनका लागि ऋण वा थप ऋणको आवश्यकता परेको हुन सक्छ। प्रश्नमा दिइएका कोड १ देखि १० सम्म उल्लिखित मध्ये जुन कृषि कार्यको लागि ऋण वा थप ऋणको आवश्यकता परेको हो उक्त कोडमा गोलो घेरा लगाउनुपर्छ। कोड १० मा गोलो घेरा लगाएको अवस्थामा अन्य कृषि प्रयोजन के हो सोधी खुलाउनुपर्छ।

***१०.५ सन्दर्भ अवधिमा कृषि चलनले कुनै कृषि क्रियाकलापको बीमा गरेको थियो ?***

*१. थियो*

*२. थिएन → प्रश्न नं. १०.७*

सन्दर्भ अवधिमा कृषक परिवारले खाद्यान्न बाली, तरकारी बाली, पशुपालन, माछापालन लगायतका कुनै पनि कृषि कार्यको लागि बीमा गरेको भए कोड १ मा गोलो घेरा लगाई प्रश्न १०.६ सोध्नुपर्छ। बीमा नगरेको भए कोड २ मा गोलो घेरा लगाई प्रश्न १०.७ देखि सोध्दै जानुपर्छ।

***१०.६ सन्दर्भ अवधिमा कृषि चलनले कुन कुन कृषि क्रियाकलापको लागि बीमा गरेको थियो ?(बहुउत्तर सम्भव छ)***

| | |
|---|---|
| *१. खाद्यान्न बाली* | *२. तरकारी बाली* |
| *३. फलफूल बाली* | *४. नगदेबाली* |
| *५. पशुपालन* | *६. पन्छीपालन* |
| *७. माछापालन* | *८. मौरीपालन* |
| *९. च्याउखेती* | *१०. पुष्पखेती* |
| *११. कृषिजन्य भौतिक संरचना* | *१२. अन्य कृषि क्रियाकलाप .............* |

कृषक परिवारले खाद्यान्न बाली, तरकारी बाली, फलफूल बाली, नगदे बाली, पशुपालन, पन्छीपालन, माछापालन, मौरीपालन, च्याउखेती, पुष्पखेती, कृषिजन्य भौतिक संरचना र अन्य कृषि कार्य लगायतका एक वा बहु कृषि क्रियाकलापका लागि बीमा गरेको हुन सक्छ। सन्दर्भ अवधिमा कृषक परिवारले जुनजुन कृषि कार्यका लागि बीमा गरेको हो सोलाई जनाउने कोडहरूमा गोलो घेरा लगाउनुपर्छ। कोड १२ मा गोलो घेरा लगाएको अवस्थामा अन्य कुन कृषि क्रियाकलापको लागि बीमा गरेको थियो सोधी खुलाउनुपर्छ।

***१०.७ सन्दर्भ अवधिमा कृषि चलनले कृषि कार्यको लागि सरकारी अनुदान प्राप्त गरेको थियो ?***

*१. थियो*

*२. थिएन → प्रश्न नं. ११.१*

सन्दर्भ अवधिमा कृषक परिवारले कृषि कार्यको लागि सरकारी अनुदान प्राप्त गरेको भए कोड १ मा गोलो घेरा लगाई प्रश्न नं. १०.८ सोध्दै जानुपर्छ। सरकारी अनुदान प्राप्त नगरेको भए कोड २ मा गोलो घेरा लगाई प्रश्न नं. ११.१ देखि सोध्न शुरु गनुपर्छ।

***१०.८ सन्दर्भ अवधिमा कृषि चलनले कुनकुन कृषि कार्यको लागि सरकारी अनुदान प्राप्त गरेको थियो ? (बहुउत्तर सम्भव छ)***

| | |
|---|---|
| *१. रासायनिक मल* | *२. प्राङ्गारिक मल* |
| *३. कृषिजन्य संरचना/पूर्वाधार* | *४. सिँचाइ* |
| *५. भन्सार छुट* | *६. विद्युत महशुल छुट* |
| *७. बिउ/बेर्ना/घाँस* | *८. उन्नत नश्ल* |
| *९. कृषि औजार/उपकरण/यन्त्र* | *१०. अन्य .................* |

कृषक परिवारले रासायनिक मल, प्राङ्गारिक मल, कृषिजन्य संरचना/पूर्वाधार, सिँचाइ, भन्सार छुट, विद्युत महसुल छुट, बिउ/बेर्ना/घाँस, उन्नत नश्ल, कृषिऔजार/उपकरण/यन्त्र लगायतका एक वा बहु क्रियाकलापका लागि सरकारी अनुदान प्राप्त गरेको हुन सक्छ। सन्दर्भ अवधिमा कृषक परिवारले जुन जुन कृषि क्रियाकलापका लागि सरकारी अनुदान प्राप्त गरेको थियो सोलाई जनाउने उपयुक्त कोडहरूमा गोलो घेरा लगाउनुपर्छ। कोड १० मा गोलो घेरा लगाएको अवस्थामा अन्य कुन कृषि कार्यको लागि सरकारी अनुदान प्राप्त गरेको थियो सोधी खुलाउनुपर्छ।

## भाग ११ : वातावरण

यस भागमा सन्दर्भ अवधिमा कृषि चलनमा भएका कृषि वनसम्बन्धी क्रियाकलाप, जग्गाको क्षति, माटोको परीक्षण, हरितगृह/टनेल पद्धतिबाट गरिएको खेती, जलवायु परिवर्तन, जलवायु परिवर्तनले पारेको प्रभाव र कृषि चलनबाट निस्किएको फोहरको व्यवस्थापन लगायतका वातावरणीय विषयहरुमा विवरण लिन खोजिएको छ।

***११.१ सन्दर्भ अवधिमा यस कृषि चलनले कृषि वनसम्बन्धी क्रियाकलापहरू गरेको थियो ?***

*१. थियो*    *२. थिएन → प्रश्न नं. ११.३*

सन्दर्भ अवधिमा, कृषक परिवारले कृषि वनसम्बन्धी क्रियाकलापहरू गरेको थियो थिएन सोधी, यदि गरेको भए कोड १ मा गोलो घेरा लगाई प्रश्न नं. ११.२ सोध्नुपर्छ। यदि यस प्रकारको क्रियाकलाप नगरेको भए कोड २ मा गोलो घेरा लगाई प्रश्न नं. ११.३ देखि सोध्नुपर्छ।

कृषक परिवारले गरेको तल उल्लिखित क्रियाकलापलाई कृषि वनसम्बन्धी क्रियाकलाप भनी बुझ्नुपर्छ।

खाद्यान्न, फलफूल, तरकारी, नगदेबाली, तेलहनबाली र घाँसबाली जस्ता कृषिसँग सम्बन्धित विभिन्न बालीहरूसँग अन्तरसम्बन्धित गरी रुख वा अन्य बोटबिरुवाहरू लगाउने प्रद्यतिलाई कृषि वन प्रणाली भनिन्छ। यी बालीहरू सँगसँगै पशुपालन तथा सधैं पानी जमिरहने सिमखेतबाट माछापालनसमेत गरी कमसल जमिनबाट बढीभन्दा बढी आम्दानी लिने र ग्रामीण भेगमा बस्ने कृषकहरूको आयआर्जनमा वृद्धि गर्नु यसको उद्देश्य हुन्छ। कृषि वनबाट भूक्षय रोक्ने, माटोको उर्वराशक्ति सुरक्षित तथा वृद्धि गर्ने र उत्पादित वस्तुहरुको औद्योगिक क्षेत्रमा निर्यात गर्ने उद्देश्य हुन्छ।

कृषि चलन अन्तर्गतको वनवनेलोको बिचमा चिया कफी अलौंची, अदुवा, बेसार/हलेदो जस्ता बाली लगाउने अभ्यासलाई कृषि वनको उदाहरणको रुपमा लिन सकिन्छ। पशु चरनका लागि कृषि चलन अन्तर्गत उपयोग गरिएको निजी वनवनेलो पनि कृषि वनको उदाहरण हो।

निजी वनबनेलो प्राय काठ, दाउरा लगायतका वनपैदावार उत्पादनका लागि हुन्छ भने कृषि वन प्रयोजनवश कृषिबाली वा पशुपालन वा दुवैसँग अन्तरसम्बन्धित हुन्छ।

यहाँ ध्यान दिनु पर्ने कुरा के छ भने प्रश्न ११.२ अन्तर्गत कृषि वनको क्षेत्रफल उल्लेख गर्दा यहाँ सन्दर्भ अवधिमा लगाइएको अस्थायी वा स्थायी बाली सहितको क्षेत्रफल उल्लेख गर्नुपर्दछ भने प्रश्न ३.७ अन्तर्गत महल ७ मा निजी वनबनेलोको क्षेत्रफल उल्लेख गर्दा गणनाको दिनमा यहाँ लगाइएको अस्थायी वा स्थायी बालीको क्षेत्रफल घटाउनु पर्दछ। यसै गरी कृषि वन अन्तर्गत यहाँ गणनाको दिनमा लगाइएका अस्थायी बालीको क्षेत्रफललाई प्रश्न ३.७ को महल २ अन्तर्गत र स्थायी बालीको क्षेत्रफललाई महल ५ अन्तर्गत उल्लेख गर्नुपर्दछ।

***११.२ सन्दर्भ अवधिमा यस कृषि चलनअन्तर्गत कृषि वनले ढाकेको क्षेत्रफल***

| कृषि वनले ढाकेको जम्मा क्षेत्रफल | | |
|---|---|---|
| बि/रो | क/आ | धु/पै |
| (१) | (२) | (३) |
| | | |

सन्दर्भ अवधिमा कृषि वनले ढाकेको जम्मा क्षेत्रफल प्रश्न नं. ३.१ मा उल्लिखित एकाइअनुसार सम्बन्धित महलमा लेख्नुपर्छ।

***११.३ सन्दर्भ अवधिमा यस कृषि चलनले चलन गरेको जग्गालाई कुनै प्रकारले क्षति पुगेको छ ?***

*१. छ*

*२. छैन → प्रश्न नं. ११.५*

कृषि चलनअन्तर्गतको जग्गालाई सन्दर्भ अवधिमा भूक्षय, रासायनिक र भौतिक कुनै प्रकारले क्षति पुगे नपुगेको खुलाउन "छ" को कोड १ वा "छैन" को कोड २ मा गोलो घेरा लगाउनुपर्छ। "छैन" भन्ने उत्तर आएमा कोड २ मा

गोलो घेरा लगाएर प्रश्न ११.४ नसोधी प्रश्न ११.५ देखि सोध्नुपर्छ।

*११.४ क्षतिको प्रकार र क्षति भएको जग्गाको क्षेत्रफल*

**क्षतिको प्रकार र क्षति भएको जग्गाको क्षेत्रफल**

| क्षतिको प्रकार | क्षेत्रफल | | |
|---|---|---|---|
| | बि/रो | क/आ | धु/पै |
| (१) | (२) | | |
| १. भूक्षय | | | |
| २. रासायनिक | | | |
| ३. भौतिक | | | |

यस प्रश्नमा क्षतिको प्रकार अनुसार कृषि चलनमा क्षति भएको जग्गाको क्षेत्रफल सम्बन्धित लहरहरुमा लेख्नुपर्दछ।

**भू–क्षय**

भ-ूक्षय भन्नाले बाढी, नदी कटान आदिबाट जग्गाको माथिल्लो सतहको खेतीयोग्य माटो नाश भएर गत एक वर्षमा खेती गर्न नसकी काम नलाग्ने भएको जग्गालाई जनाउँछ।

**रासायनिक क्षति**

रासायनिक क्षति भन्नाले माटोको अम्लीयपन, क्षारीयपन, भूप्रदूषण, रासायनिक पदार्थको अत्यधिक प्रयोग आदिबाट माटोको पोषण तत्व वा प्राङ्गारिक तत्वहरूको क्षयीकरण भई काम नलाग्ने भएको जग्गालाई जनाउँछ।

**भौतिक क्षति**

भौतिक क्षति भन्नाले भूकम्प, पहिरो, चक्ट्याङजस्ता प्राकृतिक प्रकोपले गर्दा जमिनको धाँजा फाट्ने, पानी जमी डुबानमा पर्ने, ढुङ्गा, माटो, बालुवा, रोडा, आदिले पुरिई/टालिई जग्गाको भौतिक अवस्थामै आएको परिवर्तनले काम नलाग्ने भएको जग्गालाई जनाउँछ। यस्तो जग्गा साधरणतया खेती गर्न आवश्यक पर्नेभन्दा बढी परिश्रम गरेमा मात्र खेतीयोग्य बनाउन सकिन्छ। विगतमा कुनै प्रकारले क्षति भएको तर गणनाको समयमा मर्मत सुधार भै सकेको जग्गा यसमा पर्दैन।

*११.५ गत तीन वर्षमा यस कृषि चलनमा माटोको परीक्षण गरिएको थियो ?*

*१. थियो*

*२. थिएन*

*३. लागु नहुने*

माटोको उर्वराशक्ति पत्ता लगाउन र बाली उत्पादनमा देखिएको समस्याको कारण पत्ता लगाउन गरिने माटो परीक्षण विगत तीन वर्षमा कृषि चलनमा गरिएको थियो वा थिएन सोधी यदि थियो भने सो लाई जनाउने कोड १ मा, थिएन भने कोड २ मा र यदि कृषक परिवारले बाली नलगाई पशुपन्छीपालन मात्र गरेको भए माटो परीक्षण सान्दर्भिक नहुने भएकाले यस्तो अवस्थामा लागु नहुने कोड ३ मा गोलो घेरा लगाउनुपर्छ।

*११.६ सन्दर्भ अवधिमा यस कृषि चलनले हरितगृह/टनेल पद्धतिबाट खेती गरेको थियो ?*

*१. थियो*

*२. थिएन → प्रश्न नं. ११.८*

पोलिथिन सिट वा पाल वा पोलिकार्बोनेट सिटलगायतका सामग्रीको प्रयोग गरी कृत्रिम प्रक्रियाबाट नियन्त्रित वातावरणमा बाली उत्पादन गरिने पद्धति हरितगृह/टनेल पद्धति हो।

सन्दर्भ अवधिमा कृषक परिवारले हरितगृह वा टनेल पद्धतिबाट खेती गरेको थियो वा थिएन सोधी यदि थियो भने कोड १ मा र थिएन भने कोड २ मा गोलो घेरा लगाउनुपर्छ। यदि कोड २ मा गोलो घेरा लगाएको भए प्रश्न ११.७ नसोधी प्रश्न ११.८ देखि सोध्नुपर्छ।

*११.७ हरितगृह र टनेल पद्धतिबाट खेती गरेको जम्मा क्षेत्रफल (नर्सरी खेतीबाहेक)*

सन्दर्भ अवधिमा कृषक परिवारले हरितगृह पद्धति (Green House System) बाट गोलभेडा, काँक्रो, फर्सी, काउलीलगायतका अस्थायी बाली तथा स्याउ, कागतीलगायतका स्थायी बालीको खेती गरेको हुन सक्छ। सन्दर्भ अवधिमा यसरी गरिएको खेतीको अस्थायी र स्थायी बालीअनुसारको सम्पूर्ण क्षेत्रफल उल्लिखित लहरहरूमा उल्लेख गर्नुपर्छ। यहाँ उल्लेखित अस्थायी तथा स्थायी बालीहरुको विवरण बालीको किसिम अनुसार प्रश्न ४.१, प्रश्न ४.२ र प्रश्न ४.३ अन्तर्गत पनि उल्लेख गर्नुपर्दछ। यहाँ उल्लेख गरिने क्षेत्रफल पनि प्रश्न ३.१ उल्लिखित एकाइअनुसार नै हुनुपर्छ।

*११.८ तपाईलाई जलवायु परिवर्तन (Climate Change) को बारेमा थाहा छ ?*

*१. छ*

*२. छैन → प्रश्न ११.११*

यस प्रश्नमार्फत् कृषकलाई जलवायु परिवर्तनका बारेमा थाहा वा सामान्य जानकारी छ, छैन बुझ्न खोजिएको हो। यसका बारेमा थाहा भएमा कोड १ मा र नभएमा कोड २ मा गोलो घेरा लगाई प्रश्न ११.९ र ११.१० नसोधी ११.११ देखि सोध्नुपर्छ।

*११.९ तपाईँको अनुभवमा जलवायु परिवर्तनले आफ्नो कृषि कार्यमा प्रभाव पुऱ्याएको छ ?*

*१. छ*

*२. छैन → प्रश्न ११.११*

*३. थाहा छैन → प्रश्न ११.११*

कृषकको अनुभवमा जलवायु परिवर्तनले कृषि कार्यमा असर पुऱ्याएको वा नपुऱ्याएको वा यसका बारेमा उसको प्रष्ट अनुभव नहुन पनि सक्छ। यदि उसको अनुभवमा जलवायु परिवर्तनले कृषि कार्यमा प्रभाव पुऱ्याएको छ भन्ने लागेमा कोड १ मा, छैन भन्ने लागेमा कोड २ मा र यसका बारेमा थाहा नभए थाहा छैनको कोड ३ मा गोलो घेरा लगाउनुपर्छ। कोड २ र ३ मा गोलो घेरा लगाएको अवस्थामा प्रश्न ११.१० नसोधी प्रश्न ११.११ देखि सोध्नुपर्छ।

*११.१० तपाईंको अनुभवमा आफ्नो कृषिमा जलवायु परिवर्तनले कस्तो प्रभाव पुऱ्याएको छ ? (बहुउत्तर सम्भव छ)*

| | |
|---|---|
| *१. उत्पादनमा कमी* | *२. उत्पादनमा वृद्धि* |
| *३. फल/फसलको आकारमा परिवर्तन* | *४. स्वादमा परिवर्तन* |
| *५. बाली लगाउने समयमा फरक* | *६. धेरै वा कम वर्षात्* |
| *७. रोग/किराको प्रकोपमा बृद्धि* | *८. ब्रिडिङ समयमा परिवर्तन* |
| *९. प्रजातिको लोप/उत्थान* | *१०. अन्य (खुलाउने) .....* |

कृषि कार्यमा जलवायु परिवर्तनले उत्पादनमा कमी, उत्पादनमा वृद्धि, फल/फसलको आकारमा परिवर्तन, स्वादमा परिवर्तन, बाली लगाउने समयमा फरक, धेरै वा कम वर्षात, रोग/किराको प्रकोपमा वृद्धि, ब्रिडिङ समयमा परिवर्तन, प्रजातिको लोप/उत्थान र यीबाहेक अन्य कुनै एक वा बहु असर परेको हुन सक्छ। अतः कृषकको अनुभवमा जलवायु परिवर्तनबाट कृषि उत्पादनमा जुनजुन प्रकारको प्रभाव छ सोलाई जनाउने उपयुक्त कोडमा गोलो घेरा लगाउनुपर्छ। यदि अन्यलाई जनाउने कोड १० मा गोलो घेरा लगाएको भए कस्तो प्रकारको असर हो, खुलाउनुपर्छ।

*११.११ सन्दर्भ अवधिमा कृषि चलनले बाली अवशेषलाई जलाएको थियो ?*

*१. थियो*

*२. थिएन →प्रश्न ११.१३*

*३. लागु नहुने प्रश्न →११.१३*

सन्दर्भ अवधिमा, कृषि कार्यबाट निस्केको डाँठ, जरा, ठुटालगायतका बालीको अवशेषलाई कृषक परिवारले जलाएको थियो वा थिएन सोधी यदि थियो भने सोलाई जनाउने कोड १ मा र थिएन भने कोड २ मा गोलो घेरा लगाउनुपर्छ। बालीनाली नलगाई पशुपन्छी मात्र पालेका कृषिचलनको सन्दर्भमा भने लागु नहुनेको कोड ३ मा गो लोघेरा लगाउनु पर्दछ। यस प्रश्नमा कोड २ वा ३ मा गोलो घेरा लगाएको अवस्थामा प्रश्न ११.१२ नसोधी ११.१३ देखि सोध्दै जानुपर्छ।

*११.१२ कृषि चलनले बाली अवशेषको कति प्रतिशत जलाएको थियो ?*

[ ] %

कृषक परिवारले बाली अवशेषलाई जलाउने गरेको थियो भने कृषि चलनबाट निस्किएको जम्मा अवशेष मध्ये कति प्रतिशत जलाएको थियो सोधी दिइएको कोठामा लेख्नुपर्छ।

*११.१३ सन्दर्भ अवधिमा कृषि चलनबाट निस्किएको फोहरको व्यवस्थापन कसरी गरिएको थियो ? (बहुउत्तर सम्भव छ)*

| | |
|---|---|
| *१. गाडेर* | *२. जलाएर* |
| *३. फोहोर व्यवस्थापकलाई पठाएर* | *४. कम्पोष्ट बनाएर* |
| *५. इन्धनको रूपमा प्रयोग गरेर* | *६. अन्य तरिकाले व्यवस्थापन गरेर* |
| *७. कुनै पनि व्यवस्थापन नगरिएको* | |

कृषि चलनबाट निस्किएको पात पतिङ्गर लहरा, डाँठलगायतका कृषि अवशेष र रासायनिक मल, बिउबिजन, किटनाशक विषादीका बोरा, प्याकेट, बोतल तथा बट्टालगायतका फोहरको व्यवस्थापन जलाएर, गाडेर, फोहोर व्यवस्थापकलाई पठाएर, कम्पोष्ट मल बनाएर, अन्य इन्धनको रूपमा प्रयोग गरेर, अन्य तरिकाले व्यवस्थापन गरेर वा कुनै पनि तरिकाले व्यवस्थापन नगरिएको पनि हुन सक्छ। सन्दर्भ अवधिमा यसरी निस्किएको कृषि अवशेष र फोहोरलाई कृषक परिवारले कसरी व्यवस्थापन गरेको थियो सोधी उपयुक्त कोडहरुमा गोलो घेरा लगाउनुपर्छ।

## भाग १२ : कृषक परिवारसम्बन्धी विवरण

### *१२.१ परिवारमा मुख्य कृषकसमेत सदस्य सम्बन्धी विवरण*

| परिवारका सदस्यहरूको विवरण | | संख्या | | |
|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला |
| (१) | | (२) | (३) | (४) |
| अक्सर बसोबास गर्ने | | | | |
| अनुपस्थित (स्वदेश) | | | | |
| अनुपस्थित (विदेश) | रोजगारी | | | |
| | अध्ययन | | | |
| | अन्य | | | |

यहाँ मुख्य कृषकसमेत परिवारमा अक्सर बसोबास गर्ने सबै सदस्यहरूको संख्या, अनुपस्थित संख्या (गणना क्षेत्रभन्दा बाहिर स्वदेशभित्र अन्य स्थानमा अक्सर बसोबास गर्ने सदस्यसंख्या) र रोजगारी, अध्ययन र अन्य काम बिशेषले अक्सर विदेशमा रहेका परिवारका सदस्य संख्या पुरुष र महिला अनुसार अलग-अलग खुलाई सम्बन्धित महलमा लेख्नुपर्छ। परिवारमा अक्सर बसोबास गर्ने सबै सदस्यहरूको विस्तृत विवरण प्रश्न १२.२ मा लेख्नुपर्छ।

कस्ता-कस्ता व्यक्तिहरू परिवारमा पर्छन् र कस्ता पर्दैनन् भन्नेबारेमा परिच्छेद ४ मा व्याख्या गरिएको छ।

### *१२.२ परिवारमा भएका प्रत्येक सदस्यको विवरण*

यस प्रश्नअन्तर्गत जम्मा ११ महल छन्। यी महलमा परिवारका सबै सदस्यहरूको विवरण लेख्नुपर्छ।

**१२.२ परिवारमा भएका प्रत्येक सदस्यको विवरण**

| क्रम संख्या | परिवारका सदस्यको नाम, थर<br>(सबैभन्दा पहिले मुख्य कृषक, दोस्रोमा परिवारमूलीको नाम, थर लेखी अरू सदस्यको क्रमैसँग लेख्नुपर्दछ) | **[नाम]** को लिङ्ग के हो ?<br>*१.पुरुष*<br>*२.महिला* | **[नाम]** को उमेर कति हो ?<br>(पूरा भएको वर्ष अंकमा लेख्नुपर्दछ) | **[नाम]** परिवार मूलीको के नाता पर्नु हुन्छ ? | **[नाम]** ले उत्तीर्ण गरेको माथिल्लो शैक्षिक तह कुन हो ?<br>(५ वर्ष वा सोभन्दा माथिकालाई मात्र सोध्नुपर्दछ) | **[नाम]** को मुख्य पेशा के हो ?<br>(१० वर्ष वा सोभन्दा माथिकालाई मात्र सोध्नुपर्दछ) | **[नाम]** ले कुनै औपचारिक कृषि तालिम लिनु भएको छ ?<br>(१० वर्ष वा सोभन्दा माथिका लाई मात्र सोध्नुपर्दछ)<br>१. छ<br>२. छैन | **[नाम]** को कृषिकार्य सम्बन्धी निर्णयमा सहभागिता छ ?<br>(१० वर्ष वा सोभन्दा माथिकालाई मात्र सोध्नुपर्दछ)<br>१. छ<br>२. छैन | **[नाम]** सन्दंभ अवधिमा कृषि कृयाकलापमा सरदर कति समय संलग्न हुनुभयो ?<br>(१० वर्ष वा सो भन्दा माथिकालाई मात्र सोध्नुपर्दछ)<br>१. कम (<४०%)<br>२. करिब आधा (४०% - ५९%)<br>३. धेरै (६०% - ९९%)<br>४. सबै (१००%)<br>५. समय नै नदिएको | **[नाम]** को नाममा कृषि जग्गाको दर्ता प्रमाण पुर्जा वा उपभोग अधिकारको लागि कुनै प्रकारको कानुनी लिखत प्रमाण छ ?<br>(१६ वर्ष वा सोभन्दा माथिका लाई मात्र सोध्नुपर्दछ)<br>१. छ<br>२. छैन |
|---|---|---|---|---|---|---|---|---|---|---|
| (१) | (२) | (३) | (४) | (५) | (६) | (७) | (८) | (९) | (१०) | (११) |
| १ | *मुख्य कृषकको नाम, थर:*<br>.................................. | | | | | | | | | |
| २ | | | | | | | | | | |

***क्रमसंख्या (महल १)***

यस महलमा परिवार सदस्यको क्रमसंख्या पहिले नै छापिइसकेकोले केही लेख्नु पर्दैन । परिवारको सदस्य संख्या १५ जनाभन्दा बढी भएको अवस्थामा भने थप प्रश्नावलीमा यसलाई सच्याउनुपर्ने हुन्छ । थपिएको प्रश्नावलीमा आवश्यकताअनुसार क्रमसंख्या १ को ठाउँमा "१६", २ को ठाउँमा "१७", ... बनाउँदै सच्याउनुपर्छ ।

***परिवारका सदस्यको नाम, थर (महल २)***

यस महलमा सम्बन्धित कृषक परिवारका सबै सदस्यको नाम, थर नछुटाई लेख्नुपर्छ । नाम, थर लेख्दा सबैभन्दा पहिलो लहरमा मुख्य कृषकको त्यसपछि परिवारमूलीको र त्यसपछि परिवारका अन्य सदस्यहरूको नाम, थर क्रमैसँग मिलाएर नछुटाई लेख्नुपर्छ । मुख्य कृषक र परिवारमूली एकै व्यक्ति भएमा पहिलो लहरमा र फरकफरक व्यक्ति भएमा पहिलो लहरमा मुख्य कृषकको र दोस्रो लहरमा परिवारमूलीको नाम, थर लेख्नुपर्छ । प्रश्नावली थपिएको अवस्थामा मुख्य कृषकको नाम थर लेखेको ठाउँमा सो काटेर सम्बन्धित सदस्यको नाम लेख्नुपर्छ ।

***...नाम...को लिङ्ग के हो ? (महल ३)***

महल २ मा सदस्यको नाम लेखिसकेपछि सो व्यक्ति पुरुष वा महिला के हो सोहीअनुसार उपयुक्त कोड १ वा २ लेख्नुपर्छ । यदि परिवारमा अन्य लिङ्गी सदस्य छन् भने जन्मदा पुरुष वा महिला कुन लिङ्गीको रूपमा जन्मेको हो वा आफुलाई पुरुष वा महिला जुन उल्लेख गर्न चाहन्छन् सोहीअनुसार कोड लेख्नुपर्छ ।

***...नाम...को उमेर कति हो ? (महल ४)***

परिवार सदस्यको उमेर कम्तीमा दुई अङ्कमा लेख्नुपर्छ । उमेर लेख्दा पूरा भएको उमेर लेख्नुपर्छ । *उदाहरणका लागि, कुनै व्यक्तिको उमेर 35 वर्ष 11 महिना भए पनि 35 वर्ष नै लेख्नुपर्छ । कुनै बच्चा 1 वर्ष नपुगेको रहेछ भने (००) लेख्नुपर्छ ।*

***...नाम... परिवारमुलीको के नाता पर्नुहुन्छ ? (महल ५)***

परिवारमूलीको नाता – परिवारको प्रत्येक सदस्य सो परिवारको परिवारमूलीको के नाता वा सम्बन्ध पर्छ सो खुलाउनुपर्छ । अर्थात्, परिवार मूलीले सम्बन्धित व्यक्तिलाई के नाता लगाउनुपर्छ (के भन्नुपर्छ) सोही नाताको कोड यहाँ लेख्नुपर्छ । सामान्यतया परिवारमा श्रीमान्/श्रीमती, छोरा/बुहारी, छोरी/ज्वाइँ, बाबु/आमा, नाति/नातिनी आदि हुन्छन् । नाताको कोड प्रश्नावलीमा दिइएको छ - सोहीअनुसार प्रत्येक सदस्य परिवारमूलीको के नाता पर्छ सो नाताको कोड लेख्नुपर्छ । *परिवारमूली स्वयंको नातामा कोड १ लेख्नुपर्छ । कोड १ देखि ८ सम्म दिइएका नाताबाहेक अरु कुनै (जस्तै, भाउजू, भाइबुहारी) नाता पर्ने भए अन्य नातेदारको कोड ९ लेख्नुपर्छ ।* घरेलु कामदार भए नाताको कोड १० र कुनै पनि नाता नपर्ने भए नाता नपर्नेको कोड ११ लेख्नुपर्छ । नाताको कोड प्रश्नको तल बायाँतिर दिइएको छ ।

उत्तरदाता परिवारमूली नभएर परिवारको अन्य कुनै सदस्य भएको अवस्थामा नाता लेख्दा विशेष ख्याल गर्नु पर्छ । उत्तरदाताले झुक्किएर आफूसँगको नाता बताएका हुन सक्छन् ।

*...नाम...ले उत्तीर्ण गरेको माथिल्लो शैक्षिक तह कुन हो ? (महल ६)*

यो महल परिवारको ५ वर्ष वा सोभन्दा माथिको उमेर भएको सदस्यलाई मात्र सोध्नुपर्छ । शैक्षिक स्थितिको कोड सम्बन्धित प्रश्नको तल बीचमा दिइएको छ । उत्तीर्ण गरेको तह लेख्दा सम्बन्धित व्यक्तिले उत्तीर्ण गरेको शैक्षिक योग्यताको सबैभन्दा माथिल्लो तहको कोड लेख्नुपर्छ, अध्ययन गरिरहेको तह लेख्नु हुँदैन । जस्तै कक्षा ९ अध्ययन गरिरहेको व्यक्तिका लागि कक्षा ८ उत्तीर्ण गरेको कोड **8** लेख्नुपर्छ ।

*...नाम...को मुख्य पेशा के हो ? (महल ७)*

*० सशस्त्र सैनिक*

*१ प्रबन्धक, कार्यकारी तथा विधायक*

*२ विशेषज्ञ–पेशाविद्*

*३ प्राविधिज्ञ र सहायक पेशाविद्*

*४ कार्यालय सहायक*

*५ सेवा, हेरचाह तथा बिक्रीको काम गर्ने कामदार*

*६ कृषि, वन तथा मत्स्यपालनमा संलग्न दक्ष कामदार*

*७ कर्मी र व्यापारमा संलग्न कामदार*

*८ कारखाना र मेसिन संचालक एवं संयोजक*

*९ प्रारम्भिक पेशाका अदक्ष श्रमिक*

*१० कुनै आर्थिक काम नगरेको*

आर्थिक कार्यहरू भन्नाले आम्दानी हुने वा नहुने सबै किसिमका वस्तुहरूको उत्पादन गर्ने क्रियाकलापहरू (आफ्नो उपभोगको लागि वा बिक्रीको लागि) पर्दछन् । आफ्नो परिवार बाहेक अरुको लागि तलब, ज्याला वा पारिश्रमिक लिई गरिएका आम्दानी हुने सेवाका क्रियाकलापहरू पनि आर्थिक कार्य अन्तर्गत पर्दछन् ।

यो महल परिवारमा भएका १० वर्ष वा सोभन्दा माथि उमेरका सदस्यलाई मात्र सोध्नुपर्छ । यहाँ व्यक्तिले सन्दर्भ वर्ष भित्र अक्सर गरेको कामको पेशा लेख्नुपर्छ । पेशा व्यक्तिले गर्ने कामसँग सम्बन्धित छ । एक व्यक्तिले सन्दर्भ वर्षभित्र विभिन्न काम गरेको हुन सक्छ र यी काम अनुसारको पेशा पनि फरक-फरक हुन सक्छन् । कुनै व्यक्तिले सन्दर्भ वर्षमा गरेको मुख्य आर्थिक कार्य नै व्यक्तिको पेशा हो । यदि उक्त व्यक्तिले एकभन्दा बढी आर्थिक कार्य गरेको रहेछ भने धेरै समय कुन काममा संलग्न भएको हो सोधी उक्त कामलाई नै मुख्य पेशा मान्नुपर्छ । जस्तैः कपडा बिक्रेता, धान कृषक, गोडमेल गर्ने खेताला, ड्राइभर, शिक्षक आदि । मुख्य पेशा लेख्दा सन्दर्भ वर्षमा सम्बन्धित व्यक्तिले गरेको पेशाको कोड लेख्नुपर्छ । पेशाको कोड प्रश्नावलीको तल दायाँ कुनामा दिइएको छ । पेशाको वगी{करणसम्बन्धी उदाहरण अनुसूची ६ मा दिइएको छ ।

गणनाको समयमा कुनै काम नगरेको तर आर्थिकरूपले सक्रिय व्यक्तिको लागि निजले गरेको पछिल्लो कामअनुसारको पेशाको कोड लेख्नुपर्छ । आर्थिकरूपले अक्सर सक्रिय नरहेको व्यक्तिको हकमा भने पेशा सान्दर्भिक हुँदैन । आर्थिकरूपले अक्सर सक्रिय नरहेको व्यक्ति "कुनै आर्थिक काम नगरेको" मानिन्छ । व्यक्तिले कुनै आर्थिक काम नगर्नुका कारणहरू यस प्रकार हुन सक्छन् : घरायसी कामकाज, विद्यार्थी, ज्यादै वृद्धावस्था वा अशक्त बिरामी, अशक्त अपाङ्गता आदि ।

आफ्नो घरको साधारण घरायसी मर्मत, खाना पकाउने र खुवाउने, भाँडा माझ्ने, कपडा धुने, घरको सरसफाइ गर्ने, घरको लागि किनमेल गर्ने, वृद्धवृद्धा/बिरामी/अशक्त व्यक्तिको स्याहारसुसार गर्ने, बालबालिकाको स्याहारसुसार गर्ने आदि घरधन्दाका उदाहरण हुन् । यसरी घरधन्दामा मात्र संलग्न रहेका कारण कुनै आर्थिक काम नगरेको भए

कोड १० लेख्नुपर्छ। यस्तै कुनै शैक्षिक संस्थामा अध्ययन गरिरहेका कारण कुनै आर्थिक काम नगरेका विद्यार्थीलाई पनि यसै कोड १० अन्तर्गत लेख्नुपर्छ।

**पेशा र व्यवसाय**

पेशा र व्यवसाय दुई भिन्न कुरा हुन्। व्यक्तिले गर्ने काम उसको पेशा हो। व्यक्तिले जुन क्षेत्र वा संस्था वा प्रतिष्ठानमा काम गर्दछ सो प्रतिष्ठान वा क्षेत्र वा संस्थाको क्रियाकलाप निजको व्यवसाय हो। कुनै व्यक्ति काठ चिरानी गर्ने स-मिलमा काठ चिर्ने मेसिन चलाउँछ भने निजको पेशा "मेसिन चालक" हुन्छ भने निजको उद्योग/व्यवसायको क्षेत्र "उद्योग" हुन्छ। पेशालाई काम गर्दाको तहसँग पनि झुक्किनु हुँदैन। काम गर्दाको तहले अरुलाई काम लगाउने, अरुको काम गर्ने, आफ्नै काम गर्ने, वा घरायसी काममा सहयोग गर्ने भन्ने बुझाउँछ। कृषि गणना प्रयोजनका लागि व्यक्तिको पेशा मात्र उल्लेख गर्नुपर्छ तर यस प्रश्नमा निज संलग्न रहेको क्षेत्र वा संस्थाको व्यवसाय वा आर्थिक क्रियाकलाप लेख्नु पर्दैन।

***...नाम...ले कुनै औपचारिक कृषि तालिम लिनुभएको छ ? (महल ८)***

*१. छ*

*२. छैन*

यो महल परिवारको १० वर्ष वा सोभन्दा माथिको उमेर भएको सदस्यलाई मात्र सोध्नुपर्छ। सरकारी, अर्धसरकारी वा गैरसरकारी निकायबाट निश्चित विधि र प्रक्रियाद्धारा संचालित न्यूनतम एक दिनको जुनसुकै प्रकारको कृषि तथा पशुपन्छीपालनसम्बन्धी तालिमलाई यहाँ औपचारिक कृषि तालिम भन्न खोजिएको हो। यस महलमा सम्बन्धित सदस्यले यस्तो प्रकारको तालिम लिएको भए कोड १ र नलिएको भए कोड २ उल्लेख गर्नुपर्छ।

***...नाम...को कृषिकार्यसम्बन्धी निर्णयमा सहभागिता छ ? (महल ९)***

*१. छ*

*२. छैन*

यो महल पनि परिवारको १० वर्ष वा सोभन्दा माथि उमेर भएका सदस्यहरूलाई मात्र सोध्नु पर्छ। कृषि कार्यसम्बन्धी निर्णयमा सहभागिता भन्नाले आम्दानी, खर्च, बाली, बिउबिजन, मलखाद तथा पशुआहार खरिद, कृषि तथा पशुपन्छीजन्य उत्पादन बिक्री लगायतका कृषि कार्य तथा व्यवस्थापनमा हुने पारिवारिक निर्णयमा सम्बन्धित सदस्यको सक्रिय संलग्नतालाई बुझ्नुपर्छ। यस प्रकारको निर्णयमा सम्वन्धित परिवारका सदस्यको सहभागिता हुने गरेको रहेछ भने कोड १ र सहभागिता हुने गरेको रहेनछ भने कोड २ लेख्नुपर्छ।

***...नाम... सर्न्दभ अवधिमा कृषि कृयाकलापमा सरदर कति समय संलग्न हुनुभयो ? (महल १०)***

*१. कम (<४०%)* *२. करिब आधा (४०% - ५९%)*

*३. धेरै (६०% -९९%)* *४. सबै (१००%)*

*५. समय नै नदिएको*

यहाँ १० वर्ष वा सोभन्दा माथिका परिवारको सदस्यले सन्दर्भ अवधिमा आफ्नो सक्रिय समयको सरदर कति समय कृषि क्रियाकलापमा संलग्न भएको रहेछ सोसम्बन्धी विवरण लिन खोजिएको हो। यदि कुनै सदस्य आफ्नो जम्मा सक्रिय समयको सरदर ४० प्रतिशतभन्दा कम समय कृषि क्रियाकलापमा संलग्न रहेको थियो भने यसलाई कम मानी कोड १, सरदर ४० प्रतिशत देखि ५९ प्रतिशत समय दिएको थियो भने यसलाइ{ करिब आधा मानी कोड २, सरदर ६० प्रतिशत देखि ९९ प्रतिशत समय दिएको थियो भने यसलाई धेरै मानी कोड ३ र शत प्रतिशत समय नै कृषि क्रियाकलापलाई दिएको थियो भने यसलाई सबै मानी कोड ४ लेख्नुपर्छ। सन्दर्भ वर्षमा गणना गर्न लागिएको कृषक परिवारको सदस्यले कृषि क्रियाकलापमा समय नै नदिएको भए समय नै नदिएको कोड ५ लेख्नुपर्छ।

***...नाम...को नाममा कृषि जग्गाको दर्ता प्रमाण पूर्जा वा उपभोग अधिकारको लागि कुनै प्रकारको कानुनी लिखत प्रमाण छ ? (महल ११)***

महल २ मा उल्लेखित १६ वर्ष वा सोभन्दा माथिका परिवारको सदस्यको नाममा कृषि जग्गाको दर्ता प्रमाण पुर्जा वा उपभोग अधिकारको लागि कुनै प्रकारको कानुनी लिखत प्रमाण छ छैन सोधी छ भने यस महलमा कोड १ र छैन भने कोड २ लेख्नुपर्छ।

**परिवारमा १५ जनाभन्दा बढी सदस्य छन् भने विवरण लिने विधि**

यदि कुनै परिवारमा १५ जनाभन्दा बढी सदस्य भए थप प्रश्नावली प्रयोग गर्नुपर्छ। यसरी थप प्रश्नावली प्रयोग गरेको संख्या सोही प्रश्नावलीको पहिलो पृष्ठमा खुलाई यसै साथ स्टिच लगाई (सिएर) नत्थीसमेत गर्नुपर्छ। थप प्रश्नावलीमा पहिलो मूल प्रश्नावलीमा नअटाएका विवरणहरू मात्र लेखिने हुँदा अरु विवरणहरू पहिलो प्रश्नावलीमा नै लेख्नुपर्छ, थप प्रश्नावलीमा विवरण दोहोऱ्याउनु पर्दैन। थप प्रश्नावलीको पहिलो पृष्ठ (कभर पेज) मा भएको गणना विवरण भने पूरै अनिवार्यरूपमा भर्नुपर्छ। यसका साथै थप प्रश्नावलीको सम्बन्धित पृष्ठको सिरानमा रहेको गाउँपालिका/नगरपालिकाको कोड, वडा नं., गणना क्षेत्र नं. र कृषि चलन नियन्त्रण संख्या पनि अनिवार्यरूपमा भर्नुपर्छ।

## भाग १३ : विविध

यस भागमा परिवारको आम्दानीको रुपमा कृषिको योगदान, कूल आम्दानीमा कृषिको हिस्सा, खाद्यान्नको पर्याप्ततामा कृषि उत्पादनको योगदान, खाद्यान्न अपर्याप्तताको व्यवस्थापनको उपाय, कृषक परिवारले सञ्चालन गरेको अन्य आर्थिक क्रियाकलाप र कृषि उत्पादनका लागि बजारको पहुँच लगायतका विवरणहरु संकलन गर्नुपर्दछ।

***१३.१ तपाइको परिवारको आम्दानीको मुख्य स्रोत कृषि नै हो ?***

*१. हो*

*२. होइन*

यस प्रश्नमा कृषक परिवारको आम्दानीको मुख्य स्रोत कृषि हो वा होइन सोधी हो भने कोड १ मा र होइन भने कोड २ मा गोलो घेरा लगाउनुपर्छ।

*१३.२ यस परिवारको कूल आम्दानीमा कृषि कार्यबाट प्राप्त आम्दानीको अंश कति हो ?*

☐ %

कृषक परिवारले कृषिबाहेकका उद्योग, व्यापार, व्यवसाय, नोकरी लगायतका अन्य गैरकृषि कार्यबाट पनि पारिवारिक आम्दानी प्राप्त गरिरहेको हुन सक्छ । यस प्रश्नमा कृषि तथा गैरकृषि कार्यबाट भएको कुल आम्दानीमध्ये कृषि कार्यबाट प्राप्त आम्दानीको हिस्सा कति प्रतिशत हुन आउँछ सोधी दिइएको कोठामा उल्लेख गर्नुपर्छ ।

*आम्दानीको स्रोत*

परिवारको आम्दानीका स्रोतहरू विभिन्न हुन सक्छन् । कृषि उत्पादनबाट भएको आम्दानी, कृषिबाहेक व्यपार व्यावसय लगायत अन्य आर्थिक क्रियाकलापबाट भएको आम्दानी, तलब ज्यालाबाट भएको आम्दानी यसका उदाहरण हुन् ।

*१३.३ आफ्नै कृषि उत्पादनबाट भएको आम्दानीले मात्र सन्दर्भ अवधिमा परिवारलाई खान पुग्यो ?*

*१. पुग्यो → प्रश्न नं. १३.६* *२. पुगेन*

आफ्नै कृषि उत्पादनबाट (आफ्नो कृषि चलनबाट) भएको आम्दानी भन्नाले खाद्यान्न बाली, तरकारीखेती, फलफूल खेती, पशुपन्छीपालन, माछापालन आदिबाट भएको आम्दानी भन्ने बुझ्नुपर्छ । परिवारका सदस्यले अन्यत्रबाट कमाइ ल्याएको (जस्तै नोकरी, पसल आदि) आम्दानीलाई कृषि आम्दानीमा समावेश गर्नु हुँदैन ।

सन्दर्भ वर्षमा आफ्नै कृषि चलनबाट मात्र भएको आम्दानीले वर्षैभरि परिवारलाई खान पुग्यो-पुगेन सोधी पुगेको भए कोड १ मा गोलो घेरा लगाई प्रश्न १३.६ मा फड्को मार्ने र नपुगेको भए कोड २ मा गोलो घेरा लगाई प्रश्न नं. १३.४ सोध्नुपर्छ ।

*१३.४ कुन कुन महिनालाई खान पुगेन ?*

प्रश्न १३.३ को कोड २ मा गोलो घेरा लागेको भएमा अर्थात् आफ्नै कृषि चलनबाट मात्र भएको आम्दानीले परिवारलाई वर्षभरि खान पुगेन भन्नेलाई मात्र यो प्रश्न सोध्नुपर्छ । यसमा परिवारलाई सन्दर्भ वर्ष कुन-कुन महिना खान पुगेन तत्तत् महिनाको कोडमा गोलो घेरा लगाउनुपर्छ ।

| १३.४ कुनकुन महिनालाई खान पुगेन ? | | | | | |
|---|---|---|---|---|---|
| १. वैशाख | २. जेठ | ३. असार | ४. साउन | ५. भदौ | ६. असोज |
| ७. कात्तिक | ८. मङ्सिर | ९. पुस | १०. माघ | ११. फागुन | १२. चैत |

*१३.५ अपुग महिनाको लागि खाद्यान्न मुख्यतः कसरी व्यवस्थापन गर्नुभयो ?*

*१. आफ्नै गैरकृषि व्यवसायबाट*
*२. तलब/ज्यालामा काम गरेर (देशभित्र)*
*३. तलब/ज्यालामा काम गरेर (देशबाहिर/विप्रेषणबाट)*
*४. निवृत्तभरण (पेन्सन)/उपदान*
*५. ऋण लिएर*
*६. अन्य ......................*

यस प्रश्नमा परिवारले अपुग महिनाको लागि खाद्य पदार्थ कसरी प्राप्त गऱ्यो खुलाउनुपर्छ । यसको व्यवस्थापन आफ्नै गैरकृषि व्यवसायबाट भएमा कोड १ मा, देशभित्र काम गरी पाएको तलब/ज्यालाबाट भएमा कोड २ मा, देशबाहिर काम गरी पाएको तलब/ज्याला/ विप्रेषणबाट भएमा कोड ३ मा, निवृत्तिभरण (पेन्सन) बाट भएमा कोड ४, ऋण लिएर भएमा कोड ५ मा र यीबाहेक अन्य स्रोतबाट भएमा कोड ६ मा गोलो घेरा लगाई अन्य स्रोत के हो खुलाउनुपर्छ । अन्य स्रोत भन्नाले मागजोग गरेर गुजारा चलाएको जस्ता उपाय पर्छन् ।

***१३.६ कृषि कार्यको अतिरिक्त यस परिवारले अन्य आर्थिक क्रियाकलाप सञ्चालन गरेको छ ?***

*१. छ*

***२. छैन → प्रश्न नं. १३.८***

कृषक परिवारले कृषि कार्यको अतिरिक्त अन्य आर्थिक क्रियाकलापहरू सञ्चालन गरेको छ, छैन सोधी छ भने कोड १ र छैन भने कोड २ मा गोलो घेरा लगाउनुपर्छ । कोड २ मा गोलो घेरा लगाएको अवस्थामा भने प्रश्न १३.७ नसोधी, प्रश्न १३.८ देखि सोध्नुपर्छ । परिवारले सञ्चालन गरेको अन्य आर्थिक क्रियाकलाप निम्नानुसार हुनसक्छन्ः खानी तथा उत्खनन्, उद्योग, विद्युत्, ग्याँस, बाफ वातानुकुलित क्रियाकलाप, पानीको आपूर्ति, ढलनिकास, फोहर व्यवस्थापन र उपचारात्मक क्रियाकलाप, निर्माण, थोक तथा खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मत, यातायात तथा भण्डारण, आवास तथा भोजन सेवा, सूचना तथा संचार, वित्तीय तथा बिमा, घरजग्गा कारोवार, पेशागत, वैज्ञानिक तथा प्राविधिक, प्रशासनिक तथा सहयोगी सेवा, शिक्षा, मानव स्वास्थ्य तथा सामाजिक कार्य, कला, मनोरञ्जन तथा मनोविनोद, अन्य सेवा प्रदान गर्ने र रोजगारदाताका रूपमा घरपरिवार ।

यहाँ कृषक परिवार सदस्यको पेशा (जस्तैः जागिर) नसोधी परिवारले चलाएको उद्योग/व्यवसाय मात्र सोधिएको हो । कृषक परिवार वा परिवारको कुनै सदस्यको लगानीमा एक वा एकभन्दा बढी व्यवसायहरू सञ्चलन गरेको हुन सक्छ । आर्थिक क्रियाकलापसम्बन्धी सामान्य जानकारीका लागि उद्योग/व्यवसायको विवरण अनुसूची ७ मा दिइएको छ ।

***१३.७ कृषि कार्यको अतिरिक्त, यस परिवारले सञ्चालन गरेको मुख्य आर्थिक क्रियाकलापको क्षेत्र कुन हो ?***

*१. खानी तथा उत्खनन्*

*२. उद्योग*

*३. विद्युत्, ग्याँस, बाफ वातानुकुलित क्रियाकलाप*

*४. पानीको आपूर्ति, ढलनिकास, फोहर व्यवस्थापन र उपचारात्मक क्रियाकलाप*

*५. निर्माण*

*६. थोक एवं खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मत*

*७. यातायात तथा भण्डारण*

*८. आवास तथा भोजन सेवा*

*९. सूचना तथा संचार*

*१०. वित्तीय तथा बीमा*

*११. घरजग्गा कारोवार*

*१२. पेशागत, वैज्ञानिक तथा प्राविधिक*

*१३. प्रशासनिक तथा सहयोगी सेवा*

*१४. शिक्षा*

*१५. मानव स्वास्थ्य तथा सामाजिक कार्य*

*१६. कला, मनोरञ्जन तथा मनोविनोद*

*१७. अन्य सेवा प्रदान*

*१८. रोजगारदाताको रूपमा घरपरिवार*

कृषि चलनको अतिरिक्त, परिवारले सञ्चालन गरेको अन्य आर्थिक क्रियाकलाप कुन प्रमुख क्षेत्रअन्तर्गत पर्छ पत्ता लगाई यसलाई जनाउने कोडमा गोलो घेरा लगाउनुपर्छ। कृषि चलनको अतिरिक्त, परिवारले एकभन्दा बढी आर्थिक उत्पादनका क्रियाकलाप सञ्चालन गरेको भए मुख्य आर्थिक क्रियाकलाप पहिचान गर्दा सबभन्दा बढी आम्दानी हुने क्षेत्रलाई छान्नुपर्छ।

***१३.८ कृषि उत्पादन किनबेच गर्ने बजारसम्म पुग्न मुख्य कुन यातायातको साधन प्रयोग गर्नुहुन्छ र त्यसरी जाँदा कति समय लाग्छ ?***

| यातायातको किसिमको कोड | लाग्ने समय (एकतर्फी) | |
|---|---|---|
| | घण्टा | मिनेट |
| (१) | (२) | (३) |
| | | |

| ***यातायातको किसिमको कोड*** | | | |
|---|---|---|---|
| १. | पैदल (भारी नबोकी) | २. | साइकल/रिक्सा |
| ३. | मोटरसाइकल/टेम्पो | ४. | जीप/कार/बस |
| ५. | मिश्रित (पैदल/गाडी) | ६. | घर नजिकै छ |
| ७. | घर बाटै विक्री हुने, साधनको आवश्यक नपर्ने | ८. | अन्य |

कृषिजन्य उत्पादन बिक्री गर्ने तथा आवश्यक कृषि सामग्री खरिद गर्ने बजार कृषक परिवारको घरदेखि कति टाढा छ र मुख्यतया उक्त स्थानमा जान/आउन कृषकले कुन यातायातको साधन प्रयोग गर्दछ भन्ने कुराको निर्क्योल यस प्रश्नले गर्दछ। बजार केन्द्रसम्म जान/आउन कृषकले मुख्य कुन यातायातको साधन प्रयोग गर्दछ सोधी महल १ मा उपयुक्त कोड लेख्नुपर्दछ। यसरी कोड लेखी सकेपछि महल २ र महल ३ अन्तर्गतका कोठाहरुमा एकतर्फी लाग्ने समय घण्टा र मिनेटमा लेख्नुपर्छ।

***१३.९ तपाईँको विचारमा कृषि कार्यको प्रवर्द्धनका लागि सरकारले गर्नुपर्ने प्रमुख तीन कार्यहरू के-के हुन सक्छन् ? उल्लेख गर्नुहोस्।***

कृषकहरूका आफ्नो कृषि कार्यको प्रवर्द्धनका लागि सरकारसँग गुनासा तथा अपेक्षाहरू हुन सक्छन्। कृषि कार्यको प्रवर्द्धनका लागि सरकारले गर्नुपर्ने प्रमुख तीन कार्यहरूका सम्बन्धमा सम्बन्धित उत्तरदाताले टिपोट गराउन चाहेमा यस्ता प्रमुख तीन कार्यहरु सोधी प्राथमिकताका आधारमा १, २, ३ गरी छोटकरीमा उल्लेख गर्नुपर्छ।

**(सम्पूर्ण विवरण संकलन गरिसकेपछि उत्तरदाताबाट बिदा हुनुअघि सहयोगका लागि धन्यवाद दिन भुल्नु हुँदैन।)**

## परिच्छेद ६

# प्रश्नावलीको जाँच

यहाँ लगत १ र लगत २ पुनरावलोकनका लागि केही बुँदाहरु दिइएका छन्। गणकले यी बुँदाहरू अनुसार भरिएका लगतहरूको प्रत्येक दिन  अनिवार्यरूपमा पुनरावलोकन गर्नुपर्दछ।

*लगत १ (कृषक परिवार लगत)*

**लगत १ पुनरावलोकन गर्दा ध्यान दिनुपर्ने कुराहरूः**

(क) प्रश्नावलीको पहिलो पृष्ठ (कभर पेज) मा सबैभन्दा माथि (दाहिने कुनामा) जम्मा पाना सङ्ख्या ....... को पाना नं. ......... लेखिए बराबरको पाना भए नभएको हेर्नुपर्दछ।

(ख) माथिल्लो भागमा भरिएका "गणना क्षेत्रको परिचयात्मक विवरण" ठीक भए-नभएको हेर्नुपर्दछ।

(ग) छनोट विधिद्वारा कृषि चलनहरूको छनोट ठीक भए-नभएको पुनरावलोकन गर्नुपर्दछ।

(घ) कृषि चलनको लगत वर्गीकरण तथा छनोट अभिलेख अन्तर्गत प्रत्येक महलमा भरिएका विवरण हेरी मिले नमिलेको हेर्नुपर्दछ।

(ङ) मुख्य कृषकको नाम स्पष्टसँग लेखिए-नलेखिएको हेर्नुपर्दछ ।

(च) क्षेत्रफलको एकाइको कोड सबै कृषि चलनको लागि एउटै भए-नभएको हेर्नुपर्दछ ।

(छ) जग्गाको क्षेत्रफल ठीकसँग भरे नभरेको हेर्नुपर्दछ ।

(ज) महल ८, ९, १० र ११ मा वर्गीकरणका लागि दिइएका क्रम सङ्ख्याहरु ठीकसँग लेखिए-नलेखिएको जाँच गर्नुपर्दछ। यी महलहरूमा वर्गीकरण पश्चात् हुने महल ११ को अन्तिम कृषि चलन क्रमसङ्ख्या महल २ को अन्तिम कृषि चलन क्रम सङ्ख्यासँग बराबर हुनुपर्दछ।

(झ) कुनै आँकडा नभएको ठाउँमा तेर्सो धर्को (–) लगाए/नलगाएको हेर्नुपर्दछ।

*लगत २ (कृषक परिवार प्रश्नावली)*

लगत २ का सबै भागहरू पुनरावलोकन गर्दा ध्यान दिनुपर्ने कुराहरूः

(१) प्रत्येक पानाको माथि लेख्नुपर्ने विवरणहरू
(गा.पा./न.पा.को कोड, वडा नं., गणना क्षेत्र नं., कृषि चलन नियन्त्रण सङ्ख्या) भरिएको-नभरिएको राम्ररी पुनरावलोकन गर्नुपर्दछ।

(२) फड्को मार्नुपर्ने प्रश्नहरूमा सोअनुसार गरिएको-नगरिएको राम्ररी पुनरावलोकन गर्नुपर्दछ।

(३) प्रश्नको सही उत्तर लेखिएको अंकमा गोलोघेरा लगाए नलगाएको, कोड लेख्नुपर्ने ठाउँमा उपयुक्त कोड लेखेको नलेखेको वा विवरण भर्नुपर्ने ठाउँमा उपयुक्त विवरण भरिएको-नभरिएको हेर्नुपर्दछ।

*गणना विवरण*

(१) कभरपेजमा भरिनु पर्ने विवरणहरू सबै भए नभएको हेर्नुपर्दछ तथा दिइएको कोठामा उपयुक्त कोडहरू

आवश्यक अङ्कमा लेखिए-नलेखिएको पुनरावलोकन गर्नुपर्दछ।

(२) मुख्य कृषकको नाम, थर पूर्णरूपमा लेखिए-नलेखिएको हेर्नुपर्दछ।

(३) कभरपेजमा उल्लेख गरिएअनुसार "थप प्रश्नावलीहरुको सेट" भए नभएको पुनरावलोकन गर्नुपर्दछ।

*भाग १: परिचयात्मक विवरण*

(१) प्रश्न नं. १.२ मा मुख्य कृषकको जात/जाति उपयुक्त किसिमले लेखिएको छ-छैन हेर्ने, थर मात्र लेखिएको भए त्यसको उपयुक्त जात/जाति खुलाउनु पर्दछ ।

(२) प्रश्न नं. १.३ को कोड २ मा घेरा लागेको भएमा प्रश्न नं. १.४ र प्रश्न नं. १.५ सोधिएको-नसोधिएको राम्ररी हेर्नुपर्दछ।

(३) प्रश्न नं. १.३ मा जवाफ दिने व्यक्ति मुख्य कृषक आफै भएमा प्रश्न नं. १.५ मा जवाफ दिने व्यक्तिको सम्पर्क नम्बर लेखिएको छ-छैन हेर्ने, सम्पर्क फोन नलेखेको भए सकेसम्म अनिवार्य लेख्नुपर्दछ।

*भाग २: सामान्य विवरण*

(१) प्रत्येक प्रश्नको सही उत्तर लेखिएको अङ्कमा गोलोघेरा लगाए-नलगाएको र फड्को मार्नुपर्ने प्रश्नहरूमा सोअनुसार गरिएको-नगरिएको हेर्नुपर्दछ।

(२) प्रश्न नं. २.४ को कोड १ मा गोलोघेरा लगाएको भए प्रश्न नं. २.५ पनि सोधिएको-नसोधिएको हेर्नुपर्दछ।

*भाग ३: जग्गा र सिँचाईसम्बन्धी विवरण*

(१) प्रश्न नं. ३.१ मा जग्गाको क्षेत्रफलको एकाइमा गोलो घेरा लगाए-नलगाएको निश्चित गर्नुपर्दछ। यहाँ छनौट गरिएको क्षेत्रफल एकाई अनुसार अन्य क्षेत्रफल उल्लेख गर्ने प्रश्नहरुमा क्षेत्रफल उल्लेख भए नभएको पुनरावलोकन गर्नुपर्दछ।

(२) प्रश्न नं. ३.२ को कोड १ मा गोला घेरा लगाएको भए प्रश्न नं. ३.३ मा क्षेत्रफल उल्लेख भए नभएको हेर्नुपर्दछ।

(३) प्रश्न नं. ३.४ मा उल्लेख गरिएका जम्मा कित्ता सङ्ख्या प्रश्न नं. ३.५ मा लेखिएका कित्ता सङ्ख्यासँग बराबर हुनुपर्दछ, सोअनुसार भए-नभएको यकिन गर्नुपर्दछ।

(४) प्रश्न नं. ३.५ मा क्षेत्रफलको एकाइ अनिवार्य रूपमा प्रश्न नं. ३.१ मा उल्लेख भए अनुसार हुनुपर्दछ, सोअनुसार भए-नभएको यकिन गर्नुपर्दछ।

(५) प्रश्न नं ३.५ को प्रत्येक कित्ताअनुसारको सिञ्चित क्षेत्रफल सोही कित्ताको जम्मा क्षेत्रफलभन्दा बढी हुनुहुँदैन, सोअनुसार छ-छैन पुनरावलोकन गर्नुपर्दछ।

(६) प्रश्न नं. ३.६ मा प्रत्येक कित्ताको महल २ देखि ९ सम्मको जोड प्रश्न नं. ३.५ को महल ६ को जम्मा क्षेत्रफलसँग बराबर हुनुपर्दछ, सो बराबर छ-छैन हेर्नुपर्दछ।

(७) प्रश्न नं. ३.७ मा प्रत्येक कित्ताको महल २ देखि १० सम्मको जोड प्रश्न नं. ३.५ को महल ६ को जम्मा क्षेत्रफलसँग बराबर हुनुपर्दछ, सो बराबर छ-छैन हेर्नुपर्दछ।

*भाग ४: अस्थायी तथा स्थायी बालीहरू*

(१) प्रश्न नं. ४.३ मा प्रत्येक कित्ताअनुसार महल नं २, ३, ४, ५ र ६ मा लेखिएको क्षेत्रफलको जोड प्रश्न नं. ४.१ (कित्ता अनुसार अस्थायी बालीको क्षेत्रफल) र प्रश्न नं. ४.२ (कित्ताअनुसार स्थायी बालीको क्षेत्रफल) को जोडसँग मिलेको हुनुपर्दछ। यसलाई प्रष्ट पार्न निम्न उदाहरणहरू दिइएको छ।

(क) यदि प्रश्न नं. ४.३ को कुनै कित्ताको महल नं. ६ (संयुक्त बाली) मा कुनै क्षेत्रफल लेखिएको छैन भने महल नं. २ र ४ को जोड प्रश्न नं. ४.१ (अस्थायी बाली) मा उक्त कित्ताअन्तर्गत लगाइएका सबै अस्थायी बालीहरूको क्षेत्रफलको जोडसँग बराबर हुनुपर्दछ।

(ख) यदि प्रश्न नं. ४.३ को कुनै कित्ताको महल नं. ६ (संयुक्त बाली) मा कुनै क्षेत्रफल लेखिएको छैन भने महल नं. ३ र ५ को जोड प्रश्न नं. ४.२ (स्थायी बाली) मा उक्त कित्ताअन्तर्गत लगाइएका सबै बालीहरूको क्षेत्रफलको जोडसँग बराबर हुनुपर्दछ।

(ग) यदि प्रश्न नं. ४.३ को कुनै कित्तामा महल नं. ६ मा मात्र क्षेत्रफल उल्लेख भएको छ भने प्रश्न नं. ४.१ र ४.२ को सोही कित्तामा क्रमशः अस्थायी तथा स्थायी बालीको क्षेत्रफल उल्लेख भएको हुनैपर्दछ र दुवै बालीको क्षेत्रफलको जोड प्रश्न नं ४.३ को महल ६ मा उल्लेखभएको क्षेत्रफलसँग बराबर हुनुपर्दछ।

(२) प्रश्न नं. ४.१ (अस्थायी बाली) मा उल्लेख गरिएको कित्ताको नाम र कोड प्रश्न नं. ३.५ मा भए बमोजिमकै नाम र कोड उल्लेख भएकै हुनुपर्दछ। सो भए-नभएको जाँच गर्नुपर्दछ।

(३) प्रश्न नं ४.२ (स्थायी बाली) मा उल्लेख गरिएको कित्ताको नाम र कोड प्रश्न नं. ३.५ मा भए बमोजिमकै नाम र कोड उल्लेख भएकै हुनुपर्दछ सो भए नभएको पुनरावलोकन गर्नुपर्दछ।

(४) प्रश्न नं. ४.३ मा कित्ताअनुसार विभिन्न बाली लगाएको क्षेत्रफल प्रश्न नं. ३.५ मा भए बमोजिमकै नाम र कोडअनुसार हुनुपर्दछ सो भए नभएको पुनरावलोकन गर्नुपर्दछ।

(५) प्रश्न नं ४.१ र ४.२ मा उल्लेख भएको अस्थायी र स्थायी बालीको नामअनुसार बालीको उपयुक्त कोड लेखे नलेखेको पुनरावलोकन गर्नुपर्दछ।

(६) प्रश्न नं ४.१ को महल ६ मा चैते धान, वर्षे धान, घैया धान, हिउँदे/बसन्ते मकै, वर्षे मकै, गहुँ, कोदो, हिउँदे आलु, वर्षे आलु, जौ/उवा, फापर, तोरी/सर्स्यू को क्षेत्रफल उल्लेख भएको छ भने महल ७ मा ती बालीहरूको उत्पादन परिमाण उल्लेख भएको हुनै पर्दछ, सो भए-नभएको पुनरावलोकन गर्नुपर्दछ।

(७) प्रश्न नं ४.२ को महल ६ मा आँप, केरा, सुन्तला, जुनार, कागती, र स्याउ को क्षेत्रफल उल्लेख भएमा वा महल १० मा यी बालीहरूको फल लाग्ने छरिएको बोट संख्या उल्लेख भएको छ भने महल १२ मा ती बालीहरूको उत्पादन परिमाण पनि उल्लेख भएको हुनै पर्दछ, सो भए-नभएको पुनरावलोकन गर्नुपर्दछ।

(८) प्रश्न नं ४.४ मा महल २ मा उल्लेख भएको अस्थायी बाली प्रश्न नं. ४.१ को महल ४ मा उल्लेख भएको भए सबै बालीको लागि प्रश्न नं. ४.४ को महल ३, ४, ५ र ६ भरिएको हुनुपर्छ, यी महलहरू भरे नभरेको हेर्नुपर्दछ।

(९) प्रश्न नं ४.४ को महल नं. ४ मा कीटनाशक विषादीको प्रयोग भएको अर्थात कोड १ मा गोलो घेरा लागेको भएमा महल ५ अन्तर्गत विषादीको प्रकारको कुनै एक कोडमा गोलो घेरा लघाएको हुनुपर्दछ।

(१०) प्रश्न नं ४.४ को महल नं. ६ मा रासायनिक मलको प्रयोग भएको (कोड २ः खनिज/रासायनिक वा कोड ३ः दुवै) मा गोलो घेरा लागेको भएमा यसै प्रश्नको महल नं ७ मा जग्गाको क्षेत्रफल र महल नं. ८ मा रासायनिक मल परिमाण उल्लेख भएको हुनुपर्दछ, सोअनुसार भए-नभएको पुनरावलोकन गर्नुपर्दछ।

***भाग ५: गणनाको दिनमा रहेका पाल्तु पशुपन्छीको संख्या***

(१) प्रश्न नं. ५.१ मा कोड १ मा गोलो घेरा लागेको भएमा प्रश्न नं. ५.२ मा विवरण उल्लेख भएको हुनुपर्दछ, सोअनुसार भए-नभएको पुनरावलोकन गर्नुपर्दछ।

(२) प्रश्न नं. ५.२ मा स्थानीय र उन्नत छुट्ट्याएर लेख्नुपर्ने चौपायाको लागि महल ५ स्थानीयको सङ्ख्या र महल ६ उन्नतको सङ्ख्याको जोड महल ४ को जम्मासँग बराबर भए नभएको पुनरावलोकन गर्नुपर्दछ।

(३) प्रश्न नं. ५.२ को क्र.सं. १ मा कोड ११ देखि १८ सम्म उल्लेख भएको सङ्ख्याको जोड कोड १० मा उल्लेख भएको सङ्ख्यासँग, क्र.सं. २ मा कोड २१ देखि २७ सम्म उल्लेख भएको सङ्ख्याको जोड कोड २० मा उल्लेख भएको सङ्ख्यासँग, क्र.सं ३ मा कोड ३१ देखि ३९ सम्म उल्लेख भएको सङ्ख्याको जोड कोड ३० मा उल्लेख भएको सङ्ख्यासँग, क्र.सं.४ मा कोड ४१ देखि ४८ सम्म उल्लेख भएको सङ्ख्याको जोड कोड ४० मा उल्लेख भएको सङ्ख्यासँग, क्र.सं. ५ मा कोड ५१ देखि ५४ सम्म उल्लेख भएको सङ्ख्याको जोड कोड ५० मा उल्लेख भएको सङ्ख्यासँग, क्र.सं. ६ मा कोड ६१ र ६२ मा उल्लेख भएको सङ्ख्याको जोड कोड ६० मा उल्लेख भएको सङ्ख्यासँग बराबर भएको हुनुपर्दछ, सोअनुसार भए नभएको पुनरावलोकन गर्नुपर्दछ।

(४) प्रश्न नं. ५.४ मा कोड १ मा गोलोघेरा लागेको भएमा प्रश्न नं.५.५मा विवरण उल्लेख भएको हुनुपर्दछ, सोअनुसार भए नभएको पुनरावलोकन गर्नुपर्दछ।

***भाग ६: गैरआवासीय भवन***

(१) प्रश्न नं. ६.१ मा कोड १ मा गोलोघेरा लागेको भएमा प्रश्न नं. ६.२ मा विवरण उल्लेख भएको हुनुपर्दछ, सोअनुसार भए नभएको पुनरावलोकन गर्नुपर्दछ।

(२) प्रश्न नं. ६.२ मा महल नं. ४ र ५ को जोड महल नं. ३ सँग बराबर भए नभएको र महल ३ मा संख्या उल्लेख भएको भए संरचनाको अवस्थाको (महल ६, ७ र ८ मा) सख्या उल्लेख हुनुपर्दछ र यिनीहरुको जोड पनि महल नं ३ सँग बराबर हुनुपर्दछ।

***भाग ७: कृषि औजार तथा कृषिका साधनहरू***

(१) प्रश्न नं. ७ को महल नं. २ मा उल्लेख भएका कृषि औजार तथा साधनको महल नं. ५, ६, र ७ मा उल्लेख गरिएको सङ्ख्याको जोड महल ४ मा उल्लेख गरिएको जम्मा संख्यासँग बराबर भए-नभएको पुनरावलोकन गर्नुपर्दछ।

(२) प्रश्न नं. ७ को महल २ मा उल्लेख भएका कृषि औजार तथा कृषिका साधनहरू गत वर्ष प्रयोग भएको

थियो कि थिएन अनिवार्य रूपले प्रत्येकका सम्बन्धमा सोधी महल नं. ८ गोलोघेरा लगाउनु पर्दछ, सोअनुसार भए-नभएको पुनरावलोकन गर्नुपर्दछ।

*भाग ८: अन्यखेतीसम्बन्धी विवरण*

(१) प्रश्न नं. ८.१.१ मा कोड १ मा गोलो घेरा लागेको भएमा प्रश्न नं. ८.१.२ मा पोखरीको संख्या तथा क्षेत्रफलसम्बन्धी विवरणहरु भरिएको हुनुपर्दछ। सोअनुसार भए नभएको यकिन गर्नुपर्दछ।

(२) प्रश्न नं. ८.२.१ मा कोड १ मा गोलो घेरा लागेको भएमा प्रश्न नः ८.२.२ मा च्याउखेती गरिएको जग्गाको क्षेत्रफलसम्बन्धी विवरण उल्लेख भएको हुनु पर्दछ, सोअनुसार भए नभएको पुनरावलोकन गर्नुपर्दछ ।

(३) प्रश्न नं. ८.३.१ मा कोड १ मा गोलो घेरा लागेको भए प्रश्न नं. ८.३.२ मा मौरीको किसिम र घार संख्यासम्बन्धी विवरण उल्लेख भएको हुनु पर्दछ, सोअनुसार भए नभएको पुनरावलोकन गर्नुपर्दछ।

(४) प्रश्न नं. ८.४.१ मा कोड १ मा गोलोघेरा लागेको भएमा प्रश्न नं ८.४.२ मा पुष्पखेती, नर्सरी र रेशमपालन मध्ये कम्तीमा एउटा खेती गरिएको क्षेत्रफलसम्बन्धी विवरण उल्लेख भएको हुनु पर्दछ, सोअनुसार भए नभएको पुनरावलोकन गर्नुपर्दछ।

*भाग ९: कृषि कामदारसम्बन्धी विवरण*

(१) प्रश्न नं. ९.२, ९.४, ९.६ र ९.८ मा पुरुष र महिलाको लहरमा लेखिएको सङ्ख्याको जोड जम्मामा लेखिएको सङ्ख्या सँग बराबर भए-नभएका हेर्नुपर्दछ।

*भाग १०: कृषि ऋण, बीमा र अनुदान*

(१) प्रश्न १०.१ को कोड १ मा गोलो घेरा लगाएको भए प्रश्न नं. १०.२ मा ऋण कहाँबाट लिएको न्युनतम एक कोडमा गोलो घेरा लगाएको हुनुपर्दछ। सोअनुसार विवरण भए-नभएको पुनरावलोकन गर्नुपर्दछ।

(२) प्रश्न नं. १०.३ मा कोड १ मा गोलो घेरा लगाएको भए प्रश्न नं. १०.४ मा ऋण/थप ऋण प्रयोजनको कुनै एक कोडमा गोलो घेरा लगाएको हुनुपर्दछ।

(३) प्रश्न नं. १०.५ मा कोड १ मा गोलो घेरा लगाएको भए प्रश्न नं. १०.६ मा बीमा गरिएको कृषि क्रियाकलापको न्युनतम एक कोडमा गोलो घेरा लगाएको हुनुपर्दछ।

(४) प्रश्न नं. १०.७ मा कोड १ मा गोलो घेरा लगाएको भए प्रश्न नं. १०.८ मा अनुदान प्राप्त गरिएको कृषि क्रियाकलापको न्युनतम एक कोडमा गोलो घेरा लगाएको हुनुपर्दछ।

*भाग ११: वातारण*

(१) प्रश्न नं. ११.१ मा कोड १ मा गोलो घेरा लगाएको भए प्रश्न नं. ११.२ मा कृषि बनले ढाकेको क्षेत्रफल उल्लेख भएको छ छैन पुनरावलोकन गर्नुपर्दछ।

(२) प्रश्न नं. ११.२ मा कृषि बनले ढाकेको क्षेत्रफल उल्लेखित भए साधारणतया प्रश्न नं. ३.७ को महल ७ मा निजी बनबनेलो अन्तर्गतको क्षेत्रफल उल्लेख भएको हुनुपर्दछ। कृषि वनको क्षेत्रफल निजी वनवनेलोको क्षेत्रफल भन्दा बढी पनि हुनसक्दछ।

(३) प्रश्न नं. ११.३ मा कोड १ मा गोलो घेरा लगाएको भए प्रश्न नं. ११.४ मा कृषिचलनको क्षति भएको जग्गाको क्षेत्रफल क्षतिको प्रकार अनुसार उल्लेख भएको छ छैन पुनरावलोकन गर्नुपर्दछ।

(४) प्रश्न नं. ११.६ मा कोड १ मा गोलो घेरा लगाएको भए प्रश्न नं. ११.७ मा हरितगृह/टनेल पद्धतिबाट खेती गरेको जग्गाको क्षेत्रफल बालीको किसिमअनुसार छुट्टा छुट्टै उल्लेख भएको छ छैन पुनरावलोकन गर्नुपर्दछ।

(५) प्रश्न नं. ११.८ र प्रश्न नं. ११.९ मा कोड १ मा गोलोघेरा लगाएको भए प्रश्न नं. ११.१० मा कृषि कार्यमा जलवायु परिवर्तनको प्रभावसम्बन्धी कृषकको अनुभव सोधिएको हुनुपर्दछ, सो छ छैन जाँच गर्नुपर्दछ।

(६) प्रश्न नं. ११.११ मा कोड १ मा गोलो घेरा लगाएको भए प्रश्न ११.१२ मा जलाइएको बाली अवशेषको प्रतिशत सोधिएको हुनुपर्दछ, सो छ छैन जाँच गर्नुपर्दछ।

***भाग १२: कृषक परिवारसम्बन्धी विवरण***

(१) प्रश्न नं. १२.१ मा अक्सर बसोबास गर्ने, अनुपस्थित स्वदेश र अनुपस्थित विदेशमा भएका पुरुष र महिलाको संख्या उल्लेख भए-नभएको पुनरावलोकन गर्नुपर्दछ।

(२) प्रश्न नं. १२.१ मा उल्लिखित अक्सर बसोबास गर्ने परिवारका सदस्यका सङ्ख्या प्रश्न नं १२.२ को परिवारका सदस्यका सङ्ख्यासँग बराबर हुनुपर्दछ, सो बराबर भए-नभएको पुनरावलोकन गर्नुपर्दछ।

(३) प्रश्न नं. १२.२ को क्रमसङ्ख्या ०१ मा लेखिएको मुख्य कृषकको नाम कभर पेजमा लेखिएको मुख्य कृषकको नाम नै हुनुपर्दछ। सोअनुसार भए-नभएको पुनरावलोकन गर्नुपर्दछ।

(४) प्रश्न नं. १२.२ अन्तर्गत परिवारमा अक्सर बसोबास गर्ने प्रत्येक सदस्यहरूको नाम थर महल ३ मा लिङ्ग र महल ४ मा उमेरसम्बन्धी विवरण भरिएको-नभरिएको हेर्नुपर्दछ।

(५) प्रश्न नं. १२.२ को महल ५ अन्तर्गत परिवारमा अक्सर बसोबास गर्ने प्रत्येक सदस्य परिवारमूलीको के नाता पर्छ सोधी सो अनुसारको कोड भरिएको-नभरिएको पुनरावलोकन गर्नुपर्दछ।

(६) प्रश्न नं. १२.२ को महल ६ मा ५ वर्ष वा सो भन्दा माथिका परिवारमा अक्सर बसोबास गर्ने प्रत्येक सदस्यले उत्तीर्ण गरेको माथिल्लो शैक्षिक तहको कोड र महल ७ मा १० वर्ष वा सो भन्दा माथिका सदस्यहरुको मुख्य पेशाको कोड भरिएको छ-छैन यकिन गर्नुपर्दछ।

(७) प्रश्न नं. १२.२ को महल ८ मा १० वर्ष वा सो भन्दा माथिका परिवारमा अक्सर बसोबास गर्ने प्रत्येक सदस्यले औपचारिक कृषि तालिम लिए-नलिएको जनाउने कोड, महल ९ मा १० वर्ष वा सो भन्दा माथिका सदस्यहरुको कृषिकार्य सम्बन्धी निर्णयमा सहभागिता छ-छैन जनाउने कोड र महल १० मा कृषि क्रियाकलापमा सरदर संलग्न समयलाई जनाउने उपयुक्त कोड भरिएको छ-छैन यकिन गर्नुपर्दछ।

(८) प्रश्न नं. १२.२ को महल ११ मा १६ वर्ष वा सो भन्दा माथिका प्रत्येक सदस्यको नाममा कृषि जग्गाको दर्ता प्रमाण पुर्जा वा उपभोग अधिकारको लागि कुनै प्रकारको कानूनी लिखत प्रमाण छ छैन सोधी उपयुक्त कोड उल्लेख भए नभएको यकिन गर्नुपर्दछ।

*भाग १३: विविध*

(१) प्रश्न नं. १३.१ मा आम्दानीको मुख्य स्रोत कृषि हो वा होइन र प्रश्न नं. १३.२ मा परिवारको कूल आम्दानीमा कृषिकार्यबाट प्राप्त आम्दानीको अंश प्रतिशतमा उल्लेख भएको हुनुपर्दछ, सो भरिएको-नभरिएको पुनरावलोकन गर्नुपर्दछ।

(२) प्रश्न नं.१३.३ मा कोड २ मा गोलो घेरा लगाएको भए प्रश्न नं. १३.४ मा खाना अपुग भएका महिनाहरु लाई जनाउने कोड वा कोडहरुमा गोलोघेरा लगाएको हुनुपर्दछ भने प्रश्न नं. १३.५ मा अपुग महिनाको लागि गरिएको खाध्यन्न व्यवस्थापनसम्बन्धी उपायलाई जनाउने कुनै एक कोडमा गोलो घेरा लगाएकै हुनुपर्दछ। सो अनुसार गरिए-नगरिएको पुनरावलोकन गर्नुपर्दछ।

(३) प्रश्न नं. १३.६ को कोड १ मा गोलोघेरा लगाएको भए प्रश्न नं. १३.७ मा कृषक परिवारले सञ्चालन गरेको मुख्य आर्थिक क्रियाकलापको क्षेत्रलाई जनाउने कुनै एक कोडमा गोलोघेरा लगाएकैहुनुपर्दछ। सो अनुसार गरिए-नगरिएको पुनरावलोकन गर्नुपर्दछ।

## परिच्छेद ७

# नक्सा प्रयोग गर्ने तरिका र व्यवस्थापन

सानो आकारमा निकालिएको पृथ्वीको कुनै पनि क्षेत्रको भू-आकृतिलाई नक्सा भनिन्छ । अर्को शब्दमा नक्सा भनेको जमिनलाई कुनै निश्चित मान नापमा उतारिएको चित्र हो । जमिनमा भएका नदीनाला, बाटो, जंगल, बस्ती आदि विस्तृत विवरणहरू नक्सामा देखाइएको हुन्छ । नक्सालाई तलका वाक्यहरूबाट पनि बुझ्न सकिन्छः

**नक्सा सम्बन्धी सामान्य जानकारी**


- भौगोलिक सूचनाको दृश्यात्मक (Visual) र सजिलै ग्रहणयोग्य (Tactile) तरिकाबाट प्रतिनिधित्व गर्ने साधन हो ।
- पृथ्वीको सतहको कुनै भागको सानो तथा सरल प्रतिनिधित्व गर्दछ ।

**नक्सा प्रयोग गर्नुअघि जान्नुपर्ने कुराहरू**


***नक्साको स्केल***

नक्सामा देखाइएको दूरी जमिनमा त्यसको वास्तविक नापभन्दा कति गुणा घटाइएको छ भनी देखाउने नापलाई नक्साको स्केल भन्दछन् । उदाहरणको लागि कुनै नक्सामा त्यसको माननाप १:१०० लेखेको रहेछ भने त्यो नक्सामा देखिने दूरी भू-सतहमा हुने वास्तविक नापभन्दा सय गुणा घटाएर बनाइएको भन्ने बुझ्नुपर्छ । नक्सा प्रयोगकर्तालाई सजिलोको निम्ति नक्साको दूरी जमिनमा कति छ भन्ने थाहा पाउन स्केलबार दिइएको हुन्छ ।

नक्साको कुनै दुई बिन्दुबीचको दूरी अनुमान गर्न स्केलबारको प्रयोग गर्न सकिन्छ । उदाहरणको लागि तल देखाइएको स्केलबारमा एक एकाई बराबर जमिनमा ५० मिटर दुरी हुन्छ ।




***सङ्केत चिह्न***




जमिनमा भएका विभिन्न वस्तु, आकृति वा भोगोलिक सिमानाहरूलाई निश्चित मापदण्डबमोजिमका सङ्केतहरूको प्रयोग गरी नक्सामा देखाइएको हुन्छ । यस गणनाका लागि तयार गरिएका नक्सामा जमिनमा भएका विभिन्न विशेषता (Feature) तथा चोकहरूलाई छुट्टै सङ्केतहरूको प्रयोग नगरी नक्सामा नै विस्तृतरूपमा लेखिएको छ भने भौगोलिक सिमानालाई तल उल्लेख गरिएकोजस्तो सङ्केत चिह्न प्रयोग गरी देखाइएको छ ।

***नक्सा अभिमुखीकरण***




नक्सालाई अध्ययन गर्न सही दिशातर्फ फर्काउनु नै नक्सा अभिमुखीकरण हो । नक्साको सिरान (माथि) तर्फ उत्तर, दायाँतर्फ पूर्व, पुछार (तल) तर्फ दक्षिण र बाँयातर्फ पश्चिम दिशा पर्छ । नक्सा प्रयोग गर्दा त्यसलाई सुल्टो दिशामा (शीर्षकमा लेखिएका अक्षरहरू उत्तर दिशाबाट आफूतर्फ फर्कने गरी) फर्काएर राख्नुपर्छ । नक्सा अभिमुख भइसकेपछि नक्सामा देखाइएका विशेषताहरू (Features) र तिनीहरूको जमिनमा अवस्थितिको दिशा पहिचान गरी नक्साको प्रयोग गर्नुपर्छ । नक्सामा सिरान (माथि) तर्फ उत्तर दिशा देखाउने गरी चारै दिशा देखिने सङ्केत चिह्न प्रयोग गरिएको हुन्छ ।

**स्थिति निर्धारण**

नक्सा हेरेर आफू तत्काल रहेको स्थान वा कुनै चिनेको वस्तुको स्थान निर्धारण गर्नु नै स्थिति निर्धारण गर्नु हो । नक्सा हेरेर स्थिति निर्धारण गर्न र नअल्मलिइकन गन्तव्यस्थान पहिचान गर्न निम्न कुराहरू अवलम्बन गर्नुपर्छ ।

- नक्साको सिरान (माथि) तर्फको भागलाई उत्तर दिशातर्फ फर्काएर सही अभिमुख गर्ने ।
- जमिनमा रहेका केही स्पष्ट ठाउँ र विशेषताहरू (Features) जस्तैः स्कुल, मन्दिर, पुल, सडक आदि हेरी आफ्नो स्थिति निर्धारण गर्ने ।
- नक्सामा आफू रहेको ठाउँ यकिन गरी जमिनको दूरी र दिशा हेरी नजिकका अन्य ठाउँ तथा विशेषताहरू (Features) पहिचान गर्ने ।
- आफ्नो स्थिति निर्धारण भइसकेपछि नक्सामा देखाइएको गन्तव्य स्थानसम्म पुग्न कुन बाटो र कुन ठाउँ भएर जानुपर्छ अध्ययन गरी सोहीअनुसार भ्रमण गर्ने ।
- नक्साको राम्रोसँग अध्ययन गरीसकेपछि कुन स्थानबाट काम शुरू गर्दा सबै कृषक घरपरिवारहरूको गणना कोही नछुट्ने गरी सम्पन्न गर्न सकिन्छ भन्ने टुङ्गो लगाउने ।

**गणना क्षेत्र**

चारैतिर निश्चित सिमाना भएको र अनुमानित कृषक घरपरिवार संख्याको आधारमा बनाइएको सानो भौगोलिक एकाइलाई गणना क्षेत्र भनिन्छ । ठूला घना बस्ती भएका वडाहरूलाई विभाजन गरी धेरै गणना क्षेत्र बनाइएको छ भने पातलो बस्ती भएका स्थानमा वडा वा वडाहरूलाई गणना क्षेत्र बनाइएको छ ।

*ब्लक*


नगरपालिका वा बढी जनघनत्व भएका वडाभित्र निश्चित सिमाना छुट्टयाई बनाइएका सानासाना क्षेत्रहरूलाई ब्लक भनिन्छ । केही पालिकाहरूमा एक वा एकभन्दा बढी ब्लक मिलाई एउटा गणना क्षेत्र बनाइएको छ ।


**राष्ट्रिय कृषिगणना २०७८ मा प्रयोग गरिने गणना क्षेत्र नक्साको बारेमा जानकारी**

कृषिगणनाको स्थलगत कार्यमा प्रयोग गर्नको लागि केन्द्रीय तथ्याङ्क विभागले तीन प्रकारका नक्साहरू तयार पारेको छ । नगरपालिकाहरूका लागि ब्लकसहित र ब्लकरहित गरी दुई प्रकारका गणना क्षेत्र नक्सा तयार पारिएको छ भने गाउँपालिकाहरूको लागि साविक (पुरानो) गा.वि.स.का वडा सिमानालाई आधार मानी गणना क्षेत्रको नक्सा तयार पारिएको छ ।


*नोट : तल उदाहरणमा दिइएको नक्सामा गणना क्षेत्र नम्बर तीन अंकमा हुने भनी उल्लेख भएता पनि कृषिगणनामा गणना क्षेत्र नम्बर लेख्दा कृषिगणना कार्यालयलाई उपलब्ध गराईएको सूचीमा उल्लेखित गणना क्षेत्र नम्बर नै लेख्नुपर्दछ ।*

## *ब्लकरहितको गणना क्षेत्रको नक्सा*




## *ब्लकसहितको गणना क्षेत्रको नक्सा*




*गाउँपालिकाको लागि गणना क्षेत्रको नक्सा*

## गणना क्षेत्र नक्सा प्रयोग गर्ने तरिका

कृषिगणनाको स्थलगत कार्यमा नक्साको प्रयोग निम्नानुसार गर्नुपर्छ।

- सर्वप्रथम आफूले स्थलगत कार्य गर्ने स्थान (वा गणना क्षेत्र) पहिचान गरी त्यस ठाउँमा पुग्नुपर्छ।
- आफू रहेको ठाउँबाट पूर्व, पश्चिम, उत्तर तथा दक्षिण दिशाहरू कता पर्छ यकिन गर्नुपर्छ।
- गणना क्षेत्र नक्सामा देखाइएका विभिन्न फिचरहरू सङ्केत हेरेर पत्ता लगाई आफ्नो स्थिति निर्धारण गर्नुपर्छ।
- गणना क्षेत्र नक्सालाई माथि उल्लेख भएबमोजिम सही अभिमुख गर्नुपर्छ।
- गणना क्षेत्र नक्सा कतिओटा ब्लक मिलेर बनेको छ यकिन गर्नुपर्छ।
- गणना क्षेत्रको नक्सा एकभन्दा बढी ब्लकहरू मिलेर बनेको रहेछ भने प्रत्येक ब्लकको सिमाना दायाँतर्फ माथिपट्टि हेरेर आफूले स्थिति निर्धारण गरेको स्थानबाट नअल्मलिई गणना कार्य शुरू गर्नपर्छ र सबै ब्लकहरू एकपछि अर्को गरी गणना कार्य सम्पन्न गर्नुपर्छ।
- कृषक परिवार सूचीकरण गर्दा विभागले उपलब्ध गराएको गणना क्षेत्र नक्सा (विशेष गरी गाउँपालिका) मा केही फरक पाएमा स्थानीय जानकार व्यक्तिसँग सम्पर्क राखी गणना क्षेत्र यकिन गर्नुपर्छ र सोअनुसारको विवरण नक्सामा उल्लेख गर्नुपर्छ।
- गणना कार्य सम्पन्न भइसकेपछि प्रयोग गरिएका नक्साहरू सम्बन्धित जिल्ला कृषिगणना कार्यालयमा अनिवार्यरूपमा फिर्ता गर्नुपर्नेछ।

# परिच्छेद ८

# विभिन्न फारामहरू

कृषिगणनामा गणक र सुपरिवेक्षकहरूको कार्यको अनुगमन, मूल्याङ्कन र नियन्त्रण गर्न विभिन्न किसिमका फारामहरूको व्यवस्था गरिएको छ । यीमध्ये केही गणकले र केही सुपरिवेक्षकले भर्नुपर्छ । यी फारामहरूको सही उपयोगले तथ्याङ्क प्रशोधनको नतिजा बढी व्यावहारिक र यथार्थ हुन्छ । यसबाहेक यी फारामहरूबाट गणना क्षेत्रमा देखापर्ने समस्याहरूको पहिचान गरेर समाधान गर्न सजिलो हुन्छ । यी फारामहरूले पछि आउने कृषिगणनाहरूलाई समेत मार्ग प्रर्दशन गर्दछन् ।

**गणकको दैनिक प्रगति विवरण फारामहरू**

| | |
|---|---|
| सूचीकरण प्रगति फाराम (ग.फा.नं. १) | यो फाराम लगत १ (कृषिक परिवार लगत) को सन्दर्भमा भर्नुपर्ने फाराम हो । यसमा गणकले कृषि चलनहरूको लगत सूचीकरण गरेको दैनिक प्रगति उल्लेख गरिन्छ । यस फाराममा सर्वप्रथम गणकले विवरण सङ्कलन गर्न लागेको प्रदेश, जिल्ला, गाउँपालिका/नगरपालिका, वडा नं. र गणना क्षेत्र नम्बर सम्बन्धित स्थानमा लेख्नुपर्छ । गणकले विवरण सङ्कलन गर्न लागेको गणना क्षेत्रको कृषि चलनको अनुमानित जम्मा संख्या सम्बन्धित गणना क्षेत्रका जनप्रतिनिधि वा त्यहाँका जानिफकार व्यक्तिहरूबाट प्राप्त जानकारीको आधारमा लेख्नुपर्छ । यो संख्याले गणकलाई सङ्कलित पारिवारिक विवरणको सत्यता परीक्षण गर्ने कार्ययोजना तय गर्न सघाउ पुऱ्याउँछ । तर गणकले उक्त संख्यालाई आधार मानेर पूर्वाग्रही बन्नु भने हुँदैन अर्थात् अनुमानित संख्या भन्दा वास्ताविक संख्या फरक पनि हुन सक्छ भन्ने कुरा ख्याल राख्नुपर्छ ।<br>यस फारामको महल-१ मा लगत संकलन गरिएको दिनको क्रमसंख्या लेख्नुपर्छ । महल-२ मा लगतसङ्कलनगर्दाको मिति लेख्नुपर्छ । महल-३ मा महल-१ र २ को क्रमानुसार गणकले लगत सङ्कलन गरेका कृषि चलनको संख्या लेख्नुपर्छ । महल-४ मा कैफियत लेख्नुपर्छ । यसमा सूचीकरण गर्दा गणकले सामना गरेका समस्याहरू केही भएमा वा अन्य केही विशेष कुराहरू भएमा सो उल्लेख गर्नुपर्छ । |
| गणना प्रगति फाराम (ग.फा.नं. २) | यो फाराम प्रत्येक गणना क्षेत्रका छानिएका कृषि चलनहरूको लगत २ (कृषक परिवार प्रश्नावली) को सन्दर्भमा भरिने फाराम हो । यसमा गणकले दैनिकरूपमा गणना गरेका कृषि चलनहरूको कार्यप्रगति उल्लेख गरिन्छ । यस फाराममा सर्वप्रथम गणकले विवरण सङ्कलन गर्न लागेको प्रदेश, जिल्ला, गाउँपालिका/नगरपालिका, वडा नं. र गणना क्षेत्र नम्बर सम्बन्धित स्थानमा लेख्नुपर्छ । गणकले गणना गर्न लागेको गणना क्षेत्रमा छानिएका कृषि चलनको (अर्थात् गणना गर्नुपर्ने) जम्मा संख्या उपयुक्त कोठामा लेख्नुपर्छ । यो संख्या लगत २ बाट प्राप्त हुन्छ । यो संख्या साधारणतया २० देखि ३० को बीचको हुन्छ ।<br>यस फारामको महल-१ मा दिनको क्रमसंख्या लेख्नुपर्छ । महल-२ मा लगत २ भर्दाको मिति लेख्नुपर्छ । महल-३ मा महल-१ र २ को क्रमानुसार गणकले लगत २ भरेका कृषि चलनको संख्या लेख्नुपर्छ । महल-४ मा कैफियत लेख्नुपर्छ । यसमा लगत २ भर्दा गणकले सामना गरेका समस्याहरू केही भएमा वा अन्य विशेष कुराहरू भएमा सो उल्लेख गर्नुपर्छ ।<br>सुपरिवेक्षकले भर्नुपर्ने फारामहरूबारे सुपरिवेक्षक पुस्तिकामा नै व्याख्या गरिएको छ । |

## अनुसूची १

# गणनाको सन्दर्भ समय

| प्रश्न | विवरण | सन्दर्भ अवधि |
|---|---|---|
| १.१ | परिवारमूली मुख्य कृषक आफैं हो वा होइन | गणनाको दिन |
| १.२ | मुख्य कृषकको जातजाति | गणनाको दिन |
| १.३ | जवाफ दिने व्यक्ति मुख्य कृषक हो वा होइन | गणनाको दिन |
| १.४ | जवाफ दिने व्यक्तिको नाम | गणनाको दिन |
| ०.९ | मुख्य कृषकको ठेगाना | गणनाको दिन |
| २.१ | कृषि चलनको स्थिति | गणनाको दिन |
| २.२ | कृषि चलनको प्रमुख उत्पादन | सन्दर्भ वर्ष |
| २.३ | कृषि उत्पादनको प्रमुख उपयोग | सन्दर्भ वर्ष |
| २.४ | दर्ता गरी कुनै कृषि क्रियाकलाप गरे-नगरेको | गणनाको दिन |
| २.५ | कृषक परिवारले दर्ता गरी सञ्चालन गरेको कृषि क्रियाकलाप | गणनाको दिन |
| ३.२ | आफ्नो जग्गा अरूलाई चलन गर्न दिए-नदिएको | गणनाको दिन |
| ३.३ | अरूलाई चलन गर्न दिएको जग्गाको क्षेत्रफल | गणनाको दिन |
| ३.४ | परिवारले चलन गरेको जग्गाको कित्ता संख्या | गणनाको दिन |
| ३.५ | कित्ता तथा खेत-पाखोअनुसार कृषकले चलन गरेको जग्गा र सिँचाइ | |
| | कित्ताको नाम | गणनाको दिन |
| | कित्ता रहेको स्थान | गणनाको दिन |
| | जिल्ला र स्थानीय तहको नाम र कोड | गणनाको दिन |
| | जग्गाको किसिम | गणनाको दिन |
| | जग्गाको क्षेत्रफल | गणनाको दिन |
| | सिँचाइ भएको जम्मा जग्गाको क्षेत्रफल | सन्दर्भ वर्ष |
| | सिंचाइको स्रोत | सन्दर्भ वर्ष |
| | आवश्यकता अनुसार वर्षैभरि सिँचाइ | सन्दर्भ वर्ष |
| ३.६ | चलन गरेको जम्मा जग्गाको कित्ताअनुसार भू-उपभोग | गणनाको दिन |

| प्रश्न | विवरण | सन्दर्भ अवधि |
|---|---|---|
| ३.७ | चलन गरेको जम्मा जग्गाको कित्ताअनुसार भू-उपयोग | गणनाको दिन |
| ४.१ | कित्ताअनुसार अस्थायी बालीको क्षेत्रफल र उत्पादन | सन्दर्भ वर्ष |
| ४.२ | कित्ताअनुसार स्थायी बालीको क्षेत्रफल र उत्पादन | सन्दर्भ वर्ष |
| ४.३ | कित्ताअनुसार विभिन्न किसिमको बाली लगाएको क्षेत्रफल | सन्दर्भ वर्ष |
| ४.४ | प्रमुख बालीअनुसार कृषि सामग्रीको प्रयोग | सन्दर्भ वर्ष |
| ५.१ | कृषि चलनमा पाल्तु चौपाया छन् छैनन् | गणनाको दिन |
| ५.२ | पाल्तु चौपायाको संख्या | गणनाको दिन |
| ५.३ | पशुपालनको लागि मुख्य आहारको व्यस्थापन | सन्दर्भ वर्ष |
| ५.४ | कृषि चलनमा पाल्तु पन्छी छन् छैनन् | गणनाको दिन |
| ५.५ | पाल्तु पन्छीको संख्या | गणनाको दिन |
| ५.६ | पन्छीपालनको लागि मुख्य आहारको व्यस्थापन | सन्दर्भ वर्ष |
| ६.१ | कृषि कार्यका लागि गैरआवासीय भवनको प्रयोग भए-नभएको | सन्दर्भ वर्ष |
| ६.२ | प्रयोग र स्वामित्वअनुसार गैरआवासीय भवनको संख्या | गणनाको दिन |
| ६.३ | आफू बस्ने घरमै पशुपन्छी पनि पालन भए-नभएको | सन्दर्भ वर्ष |
| ७ | कृषि औजार तथा कृषिका साधनहरू प्रयोग भए-नभएको | सन्दर्भ वर्ष |
| ७ | कृषि चलनमा रहेका औजारहरू तथा अन्य कृषि साधनको संख्या | गणनाको दिन |
| ८.१.१ | कृषि चलनमा माछापालन गरे-नगरेको | सन्दर्भ वर्ष |
| ८.१.२ | पोखरीको संख्या तथा क्षेत्रफल | सन्दर्भ वर्ष |
| ८.२.१ | कृषि चलनमा च्याउ खेती गरे-नगरेको | सन्दर्भ वर्ष |
| ८.२.२ | च्याउ खेती गरिएको क्षेत्रफल | सन्दर्भ वर्ष |
| ८.३.१ | कृषि चलनमा मौरीपालन गरे-नगरेको | सन्दर्भ वर्ष |
| ८.३.२ | मौरीको किसिम र घार संख्या | सन्दर्भ वर्ष |
| ८.४.१ | पुष्पखेती/नर्सरी/रेशमखेती गरिएको जग्गाको क्षेत्रफल | सन्दर्भ वर्ष |
| ९.१ | कृषि चलनमा स्थायी कामदार लगाए, नलगाएको | सन्दर्भ वर्ष |
| ९.२ | स्थायी कामदार संख्या | गणनाको दिन |
| ९.३ | कृषि चलनमा -पर्ममा बाहेक) अस्थायी कामदार लगाए, नलगाएको | सन्दर्भ वर्ष |
| ९.४ | अस्थायी रुपमा काम गर्ने कामदार संख्या | सन्दर्भ वर्ष |

| प्रश्न | विवरण | सन्दर्भ अवधि |
|---|---|---|
| ९.५ | कृषि चलनमा पर्ममा काम लगाए - नलगाएको | सन्दर्भ वर्ष |
| ९.६ | पर्ममा काम गरेका कामदार संख्या | सन्दर्भ वर्ष |
| ९.७ | कृषि कार्यको लागि ठेक्कामा काम लगाए - नलगाएको | सन्दर्भ वर्ष |
| ९.८ | ठेक्कामा लगाएको कामदारको संख्या | सन्दर्भ वर्ष |
| १०.१ | कृषि कार्यको लागि ऋणलिए-नलिएको | गणनाको दिन |
| १०.२ | कृषि ऋणको स्रोत | गणनाको दिन |
| १०.३ | कृषि ऋण/थप ऋणको आवश्यकता छ - छैन | गणनाको दिन |
| १०.४ | कृषि ऋण/थप ऋणको उद्देश्य वा प्रयोजन | गणनाको दिन |
| १०.५ | बीमा गरे-नगरेको | सन्दर्भ वर्ष |
| १०.७ | सरकारी अनुदान प्राप्त गरे-नगरेको | सन्दर्भ वर्ष |
| ११.१ | कृषि वनसम्बन्धी क्रियाकलाप | सन्दर्भ वर्ष |
| ११.२ | कृषि बनले ढाकेको क्षेत्रफल | सन्दर्भ वर्ष |
| ११.३ | चलन गरेको जग्गालाई कुनै प्रकारले क्षति पुगे-नपुगेको | सन्दर्भ वर्ष |
| ११.४ | क्षतिको प्रकार र क्षति भएको जग्गाको क्षेत्रफल | सन्दर्भ वर्ष |
| ११.५ | कृषि चलनमा माटोको परीक्षण | विगत तीन वर्ष |
| ११.६ | हरितगृह पद्धतिबाट खेती गरे-नगरेको | सन्दर्भ वर्ष |
| ११.७ | हरितगृह पद्धतिबाट खेती गरेको जम्मा क्षेत्रफल | सन्दर्भ वर्ष |
| ११.८ | जलवायु परिवर्तनको बारेमा थाहा छ - छैन | गणनाको दिन |
| ११.९ | जलवायु परिवर्तनले असर पुऱ्याएको छ - छैन | गणनाको दिन |
| ११.१० | जलवायु परिवर्तनले पुऱ्याएको असरको प्रकार | गणनाको दिन |
| ११.११ | बाली अवशेषलाई जलाएको | सन्दर्भ वर्ष |
| ११.१२ | बाली अवशेषलाई जलाएको प्रतिशत | सन्दर्भ वर्ष |
| ११.१३ | कृषि चलनबाट उत्पादिन फोहरको व्यवस्थापन गरिएको - नगरिएको | सन्दर्भ वर्ष |
| १२.१ | परिवारमा मुख्य कृषकसमेत सदस्य सम्बन्धी विवरण | गणनाको दिन |
| १२.२ | कृषक परिवारका सदस्यहरूको विवरण | |
| | परिवारका सदस्यको नाम, थर | गणनाको दिन |

| प्रश्न | विवरण | सन्दर्भ अवधि |
|---|---|---|
| | लिङ्ग | गणनाको दिन |
| | उमेर | गणनाको दिन |
| | परिवारमूलीको के नाता पर्नुहुन्छ | गणनाको दिन |
| | उत्तीर्ण गरेको माथिल्लो शैक्षिक तह | गणनाको दिन |
| | मुख्य पेशा | सन्दर्भ वर्ष |
| | औपचारिक कृषि तालिम | गणनाको दिन |
| | कृषि कार्यसम्बन्धी निर्णयमा सहभागिता | गणनाको दिन |
| | कृषि क्रियाकलापमा सरदर दिने समय | सन्दर्भ वर्ष |
| | कृषि जग्गाको स्वमित्वको अवस्था | गणनाको दिन |
| १३.१ | आम्दानीको मुख्य स्रोत कृषि हो वा होइन | सन्दर्भ वर्ष |
| १३.२ | कूल आम्दानीमा कृषि कार्यबाट प्राप्त आम्दानीको प्रतिशत | सन्दर्भ वर्ष |
| १३.३ | आफ्नै उत्पादनबाट परिवारलाई खान पुगे नपुगेको | सन्दर्भ वर्ष |
| १३.४ | खान नपुगेको महिनाहरूको नाम | सन्दर्भ वर्ष |
| १३.५ | अपुग महिनाको लागि खाद्यान्नको व्यवस्था | सन्दर्भ वर्ष |
| १३.६ | अन्य आर्थिक क्रियाकलाप | गणनाको दिन |
| १३.७ | मुख्य अन्य आर्थिक क्रियाकलापको क्षेत्र | गणनाको दिन |
| १३.८ | कृषि उत्पादन किनबेच गर्ने बजारसम्मको पहुँच | गणनाको दिन |

अनुसूची २

# जिल्लाअनुसार बिजनको रोपनीमा हुने परिवर्तन दर

| क्र.सं. | जिल्लाको नाम | एक माना धान बराबर | एक माना मकै बराबर | | क्र.सं. | जिल्लाको नाम | एक माना धान बराबर | एक माना मकै बराबर | | क्र.सं. | जिल्लाको नाम | एक माना धान बराबर | एक माना मकै बराबर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ०१ | ताप्लेजुङ | ०.०८२० | ०.३४३० | | २७ | काठमाडौँ | ०.०७८० | ०.३०५० | | ५३ | रोल्पा | ०.०७७० | ०.२७०० |
| ०२ | पाँचथर | ०.०८२० | ०.३४३० | | २८ | नुवाकोट | ०.०७८० | ०.३०५० | | ५४ | पूर्व रुकुम | ०.०७७० | ०.२७०० |
| ०३ | इलाम | ०.०८९० | ०.३९०० | | २९ | रसुवा | ०.०६२५ | ०.२८१० | | ५५ | सल्यान | ०.०७७० | ०.२७०० |
| ०४ | झापा | ०.०८९० | ०.३९०० | | ३० | धादिङ | ०.०६२५ | ०.२८१० | | ५६ | दाङ | ०.१०७० | ०.२३२० |
| ०५ | मोरङ | ०.०५७० | ०.३९०० | | ३१ | मकवानपुर | ०.०८०० | ०.३३०० | | ५७ | बाँके | ०.१०७० | ०.२३२० |
| ०६ | सुनसरी | ०.०५७० | ०.३९०० | | ३२ | रौतहट | ०.०८०० | ०.३३०० | | ५८ | बर्दिया | ०.१०७० | ०.२३२० |
| ०७ | तेह्रथुम | ०.०५७० | ०.३८५० | | ३३ | बारा | ०.०८०० | ०.३३०० | | ५९ | सुर्खेत | ०.१०७० | ०.२३२० |
| ०८ | धनकुटा | ०.०८१० | ०.३२०० | | ३४ | पर्सा | ०.०८०० | ०.३३०० | | ६० | दैलेख | ०.१०७० | ०.२३२० |
| ०९ | संखुवासभा | ०.०८१० | ०.३२०० | | ३५ | चितवन | ०.०८०० | ०.३३०० | | ६१ | जाजरकोट | ०.०७७० | ०.२७०० |
| १० | भोजपुर | ०.०६२० | ०.३९०० | | ३६ | गोरखा | ०.०९०० | ०.३४५० | | ६२ | डोल्पा | ०.०६०० | ०.२५०० |
| ११ | सोलुखुम्बु | ०.०६२५ | ०.५६९५ | | ३७ | लमजुङ | ०.०९०० | ०.२७७० | | ६३ | जुम्ला | ०.०६०० | ०.२५०० |
| १२ | ओखलढुङ्गा | ०.०६२५ | ०.३२८० | | ३८ | तनहुँ | ०.१०७० | ०.२३२० | | ६४ | कालिकोट | ०.०६०० | ०.२५०० |
| १३ | खोटाङ | ०.०६२० | ०.३९०० | | ३९ | स्याङ्जा | ०.०९०० | ०.२७०० | | ६५ | मुगु | ०.०६०० | ०.२५०० |
| १४ | उदयपुर | ०.०६३० | ०.३८५० | | ४० | कास्की | ०.१०७० | ०.१८८० | | ६६ | हुम्ला | ०.०६०० | ०.२५०० |
| १५ | सप्तरी | ०.०६३० | ०.३८५० | | ४१ | मनाङ | ०.०९०० | ०.२७७० | | ६७ | बाजुरा | ०.०६०० | ०.२५०० |
| १६ | सिरहा | ०.०६३० | ०.३८५० | | ४२ | मुस्ताङ | ०.०७५० | ०.२९५० | | ६८ | बझाङ | ०.०६०० | ०.२५०० |
| १७ | धनुषा | ०.०६१० | ०.३६३० | | ४३ | म्याग्दी | ०.०७५० | ०.२९५० | | ६९ | अछाम | ०.०६०० | ०.२५०० |
| १८ | महोत्तरी | ०.०६१० | ०.३६३० | | ४४ | पर्वत | ०.०९०० | ०.२७०० | | ७० | डोटी | ०.०६०० | ०.२५०० |
| १९ | सर्लाही | ०.०६१० | ०.३६३० | | ४५ | बगलुङ | ०.०७५० | ०.२९५० | | ७१ | कैलाली | ०.०६०० | ०.२५०० |
| २० | सिन्धुली | ०.०६१० | ०.३६३० | | ४६ | गुल्मी | ०.०७८० | ०.३४८० | | ७२ | कञ्चनपुर | ०.०८१० | ०.२६०० |
| २१ | रामेछाप | ०.०४७० | ०.३४४० | | ४७ | पाल्पा | ०.०७७० | ०.३२१० | | ७३ | डँडेलधुरा | ०.०८१० | ०.२६०० |
| २२ | दोलखा | ०.०६२५ | ०.५६९५ | | ४८ | नवलपुर | ०.०७७० | ०.३२१० | | ७४ | बैतडी | ०.०६०० | ०.२३०० |
| २३ | सिन्धुपाल्चोक | ०.०५४७ | ०.३२८१ | | ४९ | रूपन्देही | ०.०७७० | ०.३२१० | | ७५ | दार्चुला | ०.०६०० | ०.२३०० |
| २४ | काभ्रेपलाञ्चोक | ०.०७०० | ०.३६०० | | ५० | कपिलवस्तु | ०.०७८० | ०.०७८० | | ७६ | परासी | ०.०७७० | ०.३२१० |
| २५ | ललितपुर | ०.०८०० | ०.३३०० | | ५१ | अर्घाखाँची | ०.०७८० | ०.३४८० | | ७७ | पश्चिम रुकुम | ०.०७७० | ०.२७०० |
| २६ | भक्तपुर | ०.०७०० | ०.३६०० | | ५२ | प्युठान | ०.०६९० | ०.३४४० | | | | | |

अनुसूची ३

# बिजन एकाइलाई रोपनीमा रूपान्तर गर्ने तरिका

१ कृषकले आफूले चलन गरेको जग्गाको क्षेत्रफल रोपनी वा बिघामा नभनेर आफूले लगाएको बालीको बिजनको एकाइमा पनि भन्न चाहन्छन् । कृषकले जग्गाको क्षेत्रफल रोपनी/बिघामा नभनेर बिजनमा भन्न चाहेको अवस्थामा उनीहरूलाई पाखो जग्गाको क्षेत्रफल मकैको बिजनमा र खेतको क्षेत्रफल धानको बिजनमा सोध्नुपर्छ । यसरी बिजनमा क्षेत्रफल भनेको अवस्थामा बिजन एकाइमा आएको क्षेत्रफललाई रोपनीमा रूपान्तरण गर्नुपर्छ ।

२ बिजन एकाइबाट रोपनीमा क्षेत्रफल रूपान्तर गर्ने तरिका तलको उदाहरणमा देखाइएको छः

(क) कुनै कृषकले चलन गरेको कुल जग्गाको क्षेत्रफल यस प्रकार रहेछ :

४ पाथी ५ माना धानको बिउ लाग्ने जग्गा र ३ पाथी ५ माना मकैको बिउ लाग्ने जग्गा । यी आँकडालाई सर्वप्रथम हामीले निम्नप्रकार लेख्नुपर्छ ।

| बिजन | | | | | |
|---|---|---|---|---|---|
| धान | | | मकै | | |
| मुरी | पाथी | मना | मुरी | पाथी | माना |
| ० | ४ | ५ | ० | ३ | ५ |

***(नोटः पहिलो महलमा मुरी, दोस्रो महलमा पाथी र तेस्रो महलमा माना लेख्नुपर्छ ।)***

(ख) यहाँ, धान र मकैको बिजनमा दिइएको क्षेत्रफललाई रोपनीमा रूपान्तर गर्नुपर्ने भएको छ ।

चार पाथी पाँच माना धान = (४× ८) + ५ = ३७ माना धान

तीन पाथी पाँच माना मकै = (३ × ८) + ५ = २९ माना मकै

***(यो जग्गा ताप्लेजुङ्ग जिल्लाको भनी मानिएको खण्डमा, रूपान्तर यस प्रकार हुन्छ : १ माना धान = ०.०८२० रोपनी र १ माना मकै = ०.३४३० रोपनी)***

अब, ३७ माना धान = (३७ × ०.०८२०) रोपनी = ३.०३४ रोपनी

२९ माना मकै = (२९ × ०.३४३०) रोपनी = ९.९४७

जम्मा = (३.०३४ + ९.९४७) रोपनी

= १२.९८१ रोपनी

(३) अब, जम्मा १२.९८१ रोपनीलाई रोपनी, आना र पैसामा रूपान्तर गर्नुपर्छ । क्षेत्रफल लेख्ने पहिलो महलमा रोपनी, दोस्रो महलमा आना र तेस्रो महलमा पैसा लेख्नुपर्छ ।

(४) १२.९८१ रोपनीलाई रोपनी आना र पैसामा रूपान्तर गर्ने विधि :

(अ) १२.९८१ को दशमलव अगाडिको अङ्क १२ लाई रोपनीको महलमा लेख्नुपर्छ ।

(आ) दशमलव पछाडिको अङ्क ०.९८१ लाई अब आनामा लैजानुपर्छ । यसो गर्न ०.९८१ लाई १६ ले गुणन गरेर (१६ × ०.९६१ = १५.६९६) आएको दशमलव अगाडिको अङ्क १५ लाई आनामा लेख्नुपर्छ ।

(इ) दशमलव पछाडिको अङ्क ०.६९६ लाई पैसामा लैजान ४ ले गुणन गर्नुपर्छ । तसर्थ ०.६९६ आना = (०.६९६ × ४) पैसा = २.७८४ पैसा = ३ पैसा भयो ।

(ई) यसरी ४ पाथी ५ माना धानको बिउ लाग्ने जग्गा र ३ पाथी ५ माना मकैको बिउ लाग्ने जग्गालाई रोपनी, आना र पैसामा रूपान्तर गर्दा जम्मा १२ रोपनी, १५ आना र ३ पैसा भयो । अर्थात्, यो क्षेत्रफललाई सजिलोको लागि यसरी लेख्न सकिन्छ ।

| क्षेत्रफल | | |
|---|---|---|
| रोपनी | आना | पैसा |
| १२ | १५ | ३ |

(५) यदि माथि उदाहरणमा कृषकले आफूले चलन गरेको केही कित्ताको क्षेत्रफल रोपनीको एकाइमा पनि बताएको भए अङ्क भर्नुपर्छ र जम्मा क्षेत्रफल निकाल्नुपर्छ ।

| धान | | | मकै | | | एकाइ | रोपनी | | |
|---|---|---|---|---|---|---|---|---|---|
| मुरी | पाथी | माना | मुरी | पाथी | माना | रोपनी | रोपनी | आना | पैसा |
| ० | ४ | ५ | ० | ३ | ५ | २ | २ | ५ | २ |

धान र मकैको रूपान्तर माथि ३ र ४ मा उल्लेख विधिअनुरूप गर्न १२ रोपनी १५ आना ३ पैसा हुन आउँछ । यो क्षेत्रफललाई अब रोपनीमा दिएको क्षेत्रफल २ रोपनी ५ आना २ पैसासँग जोड्नु पर्छ ।

१२ रोपनी १५ आना ३ पैसा

\+ २ रोपनी ५ आना २ पैसा

१५ रोपनी ५ आना १ पैसा

यसरी जम्मा क्षेत्रफल १५ रोपनी ५ आना १ पैसा हुन आउँछ ।

| क्षेत्रफल | | |
|---|---|---|
| रोपनी | आना | पैसा |
| १५ | ५ | १ |

अनुसूची ४

# जात/जातिको कोड

| जात/जाति | कोड | जात/जाति | कोड | जात/जाति | कोड |
|---|---|---|---|---|---|
| छेत्री | ००१ | दनुवार | ०४५ | व्यासी/सौँका | ०८९ |
| ब्राह्मण पहाड | ००२ | चेपाङ/प्रजा | ०४६ | हायू | ०९० |
| मगर | ००३ | हलुवाई | ०४७ | कोचे | ०९१ |
| थारू | ००४ | राजपुत | ०४८ | धुनिया | ०९२ |
| तामाङ | ००५ | कायस्थ | ०४९ | वालुङ | ०९३ |
| नेवार | ००६ | बढई | ०५० | मुण्डा | ०९४ |
| मुसलमान | ००७ | मारवाडी | ०५१ | राउटे | ०९५ |
| कामी | ००८ | सतार/सन्थाल | ०५२ | ह्याल्मो | ०९६ |
| इादव | ००९ | झाँगड/धागर | ०५३ | पत्थरकट्टा/कुशवाडिया | ०९७ |
| राई | ०१० | बाँतर/सरदार | ०५४ | कसुन्डा | ०९८ |
| गुरुङ | ०११ | बराई | ०५५ | ल्होमी | ०९९ |
| दमाई/ढोली | ०१२ | कहर | ०५६ | कलार | १०० |
| लिम्बू | ०१३ | गनगाई | ०५७ | नटुवा | १०१ |
| ठकुरी | ०१४ | लोध | ०५८ | ढाँडी | १०२ |
| सार्की | ०१५ | राजभर | ०५९ | धन्कार/धरिकार | १०३ |
| तेली | ०१६ | थामी | ०६० | कुलुङ | १०४ |
| चमार/हरिजन/राम | ०१७ | धिमाल | ०६१ | घले | १०५ |
| कोइरी/कुशवहा | ०१८ | भोटे | ०६२ | खवास | १०६ |
| कुर्मी | ०१९ | बिन | ०६३ | राजधोब | १०७ |
| सन्यासी/दशनामी | ०२० | गडेरी/भेडियार | ०६४ | कोरी | १०८ |
| धानुक | ०२१ | नुराङ | ०६५ | नाछिरिङ | १०९ |
| मुसहर | ०२२ | याक्खा | ०६६ | याम्फू | ११० |
| दुसाध/पासवान/पासी | ०२३ | दराई | ०६७ | चाम्लिङ | १११ |
| शेर्पा | ०२४ | ताजपुरिया | ०६८ | आठपहरिया | ११२ |
| सोनार | ०२५ | थकाली | ०६९ | सरवरिया | ११३ |
| केवट | ०२६ | चिडीमार | ०७० | बान्तवा | ११४ |
| ब्राह्मण तराई | ०२७ | पहरी | ०७१ | डोल्पो | ११५ |
| कथबनियाँ/बनियाँ | ०२८ | माली | ०७२ | अमात | ११६ |

| जात/जाति | कोड | जात/जाति | कोड | जात/जाति | कोड |
|---|---|---|---|---|---|
| घर्ती/भुजेल | ०२९ | बङ्गाली | ०७३ | थुलुङ | ११७ |
| मल्लाह | ०३० | छन्तयाल | ०७४ | मेवाहाङवाला | ११८ |
| कलवार | ०३१ | डोम | ०७५ | बाहिङ | ११९ |
| कुमाल | ०३२ | कमर | ०७६ | ल्होपा | १२० |
| हजाम/ठाकुर | ०३३ | बोटे | ०७७ | देव | १२१ |
| कानू | ०३४ | बरामू/बरामो | ०७८ | सामपाङ | १२२ |
| राजवंशी | ०३५ | गाइने | ०७९ | खालिङ | १२३ |
| सुनुवार | ०३६ | जिरेल | ०८० | तोप्केगोला | १२४ |
| सुढी | ०३७ | दुरा | ०८१ | लोहारुङ | १२५ |
| लोहार | ०३८ | बादी | ०८२ | अन्य दलित | १२६ |
| तत्मा/तत्वा | ०३९ | मेचे | ०८३ | अन्य जनजाति | १२७ |
| खत्वे | ०४० | लेप्चा | ०८४ | अन्य तराई जाति | १२८ |
| धोबी | ०४१ | हलखोर | ०८५ | उल्लेख नभएको | १२९ |
| माझी | ०४२ | पन्जाबी/सिक्ख | ०८६ | विदेशी | १३० |
| नुनिया | ०४३ | किसान | ०८७ | | |
| कुम्हार | ०४४ | राजी | ०८८ | | |

अनुसूची ५

# पेशा वर्गीकरण

| पद | पदको वर्गीकरण | कोड |
|---|---|---|
| **सशस्त्र सैनिक अधिकारीहरू** | | 0 |
| • नेपाली सेना अन्तर्गत काम गर्ने सबै जवान देखि प्रमुख सम्मका प्राविधिक तथा अप्राविधिक सबै सैनिक अधिकारीहरु । | | |
| **व्यवस्थापकहरू** | | 1 |
| • राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीहरू, सांसदहरू, गाउँ नगरका प्रमुखहरू, वडा अध्यक्ष तथा वडा सदस्यहरु लगायत राजनीतिक दलका पदाधिकारीहरु(तलब ज्याला लिई पार्टीको काम गर्ने),<br>• संवैधानिक निकायका प्रमुख तथा सदस्यहरू, अन्य केन्द्रीय तथा प्रादेशिक सरकारी निकायका सचीवहरु, प्रमुखहरू, महाशाखा प्रमुखहरू,<br>• सार्वजनिक संस्थान, बैंक तथा वित्तिय संस्था, स्कुल, कलेज तथा विश्वविद्यालय, औद्योगिक प्रतिष्ठान, कृषि तथा वन, विज्ञापन, बिक्री तथा बजार, आपूर्ति, बालबालिका तथा वृद्धवृद्धा लगायतका समाज कल्याण केन्द्र, निर्माण व्यवसाय, स्वास्थ्य संस्था, होटेल तथा रेष्टुरेण्ट, खेलकुद तथा मनोरञ्जन केन्द्र, गैरसरकारी संघ संस्थाका प्रमुखहरू, महाप्रबन्धक, प्रबन्धक, तथा सञ्चालकहरू,<br>• प्रशासनका अधिकृतहरु, कानूनका अधिकृतहरु, अनुसन्धान अधिकृतहरु,<br>• नेपाल प्रहरी तथा सशस्त्र प्रहरीका निरीक्षक वा सो भन्दा माथिका प्रहरी अधिकृतहरु । | | |
| **पेशाविद्हरू** | | 2 |
| • वैज्ञानिकहरू, जलवायु विज्ञहरु, कृषि वन र माछापालन विशेषज्ञहरू, इन्जिनियर, आर्किटेक्ट, योजनाकार, सर्वेयर, डिजाइनर, प्राविधिक अधिकृतहरु<br>• मेडिकल प्राक्टिसनरहरू, नर्सिङ तथा प्रसूति लगायतका स्वास्थ्यका पेशाविद्हरू, विभिन्न चिकित्सकहरू, चिकित्सा तथा औषधिको बिक्री प्रतिनिधि<br>• पूर्व प्राथमिक शिक्षकदेखि विश्वविद्यालयका प्राध्यापकहरू, तालिम अधिकृतहरु<br>• वित्तीय/बजार विश्लेषकहरू,<br>• सूचना प्रविधिका विज्ञहरू, सफ्टवेयर डेभलपर तथा प्रोग्रामर,<br>• अधिवक्ता तथा न्यायाधीश तथा कानूनविद्हरू,<br>• अर्थशास्त्री, समाजशास्त्री, तथ्याङ्कशास्त्री, राजनीतिक विश्लेषकहरु, तथा समाजसेवी र धार्मिक गुरू, पुजारी, लेखक, कवि, अनुवादक, कार्टुनिष्ट, संगीतकार, गायक गायिका, डान्सर, पत्रकार, विभिन्न क्षेत्रका कलाकारहरू, निर्देशक, रेडियो/टेलिभिजन/अन्य मिडियाका उद्घोषक । | | |

| पद | पदको वर्गीकरण | कोड |
|---|---|---|
| प्राविधिक तथा सहायक पेशाविद्हरू | | 3 |
| • विज्ञान, विद्युत्, सिभिल, मेकानिकल इन्जिनियरिङ लगायतका ओभरसियर, फिल्ड सुपरभाइजर, प्राविधिक सहायकहरू,<br>• कृषि, वनका प्राविधिक सहायकहरु (जे. टि., जे.टि.ए., रेन्जर, फरेष्टर, बनपाले) पशु प्राविधिक सहायकहरु, खाद्य निरीक्षक,<br>• मेडिकलका प्राविधिकहरू ल्याब टेक्निसियनहरु, रेडियोग्राफर, नर्स, अनमी तथा सुँडेनीहरु, धामी झाँक्रीहरु, धर्म प्रचारकहरु,<br>• मेशिन अपरेटरहरु,<br>• सरकारी वरिष्ठ सहायक स्तरका कर्मचारीहरू, विदेशी विनिमय सटहीका एजेन्टहरु (Money Exchanger) बीमाका एजेन्टहरु, बिक्री एजेन्टहरु, क्रेता, भन्सार, रोजगार प्रतिनिधिहरू, रियल स्टेटका दलालहरु, विज्ञापन प्रतिनिधिहरु,<br>• प्रहरी सहायक निरीक्षकहरू, खेलाडी तथा खेल प्रशिक्षकहरू, पाइलटहरू, फोटोग्राफर, आन्तरिक डिजाइनर, कुकहरू, सूचना प्रविधिका सहायकहरू, कम्प्यूटर अपरेटरहरू । | | |
| कार्यालय सहायकहरू | | 4 |
| • कार्यालयको दैनिक कार्य गर्ने सहायक कर्मचारीहरू कार्यालय सहायक, बैंक टेलर, फ्रन्ट डेस्कमा काम गर्ने कर्मचारीहरू, कार्यालयको सबै काममा सघाउने कार्यालय सहयोगीहरु,<br>• क्यासिनोमा काम गर्नेहरु, ऋण संकलन गर्ने संकलकहरु,<br>• बस तथा हवाईजहाजका टिकट काट्ने, ट्राभल एजेन्सीहरुका यातायात परामर्श सहायकहरु,<br>• रिसेप्सनिष्टहरु, हुलाकीहरु । | | |
| सेवा तथा वस्तु बिक्री गर्ने कामदारहरु | | 5 |
| • टुरिष्ट गाइड, रेष्टुरेन्टका सेफ, कुक, वेटर, पैसा संकलक (क्यासियरहरु),<br>• थोक तथा खुद्रा सामान बिक्रेताहरू, सेल्स गर्ने कामदारहरु, फुटपाथमा पसल थापी सामान बेच्नेहरु,<br>• सुरक्षा गार्डहरू, निजी कामदारहरू,<br>• ड्राइभिङ प्रशिक्षक, व्युटिसियन, मोडेलहरु, हजाम,<br>• प्रहरी जवानहरू, बिमान परिचारकहरु, कण्डक्टरहरु,<br>• ज्योतिषीहरु, बच्चा, बुढाबुढी, अशक्तहरुको हेरचाह गर्ने व्यक्तिहरु<br>• दाहसंस्कार गर्नेहरु, अन्यत्र उल्लेख नभएका सुरक्षा कामदारहरु । | | |
| कृषि, वन र माछापालन कार्यका दक्ष कामदारहरु | | 6 |
| • आफ्नो कृषि क्रियाकलापहरु गर्ने निर्वाहमूखी कृषकहरू,<br>• खाद्यान्न तथा नगदे बाली उत्पादन गर्ने, पशुपालन, मौरीपालन, च्याउखेती, माछापालन लगायतका कार्य गर्ने दक्ष कामदारहरु,<br>• बजारमुखी खाद्यान्न तथा तरकारी बाली, दुग्ध उत्पादक, नर्सरी तथा वन सम्बन्धी कामदारहरू,<br>• पशुपन्छी व्यापारीहरु, कोइला बनाउने व्यक्तिहरु । | | |

| पद | पदको वर्गीकरण | कोड |
|---|---|---|
| **शिल्पकला तथा कारिगरी र यस सम्बन्धी व्यापार गर्ने कामदारहरु** | | **7** |
| ● शिल्पकार, कालिगढ, डकर्मीहरु, सिकर्मीहरु,<br>● प्लम्बर, पेन्टर, वेयरिङ गर्ने व्यक्ति, मार्वल/कार्पेट/टायल/पार्केटिङ लगायतका काम गर्नेहरु,<br>● धातुको काम गर्नेहरू, मूर्तिकार, हस्तकलाका सामग्री बनाउनेहरु, गहना बनाउनेहरु, आरनमा फलामको काम गर्नेहरु, कुमालेहरु,<br>● सामान्य मर्मत (यातायात साधन, इलेक्ट्रोनिक, इलेक्ट्रीकल सामान आदि) गर्ने मिस्त्रीहरू,<br>● सफाई गर्ने कामदारहरु, डाईक्लिनर्समा काम गर्नेहरु, गलैचा बनाउने,<br>● कम्प्युटर तथा सञ्चार क्षेत्रमा काम गर्नेहरु, छपाई तथा बाइण्डिङको काम गर्नेहरु,<br>● फलफुल/तरकारी संरक्षण तथा टिप्ने कामदारहरु, माली,<br>● बेकरी, नुडल्स, बिस्कुट, जाम, अचार आदि बनाउने, माछा बिक्री गर्ने माझीहरू, सुर्ती तथा चुरोट तयार गर्ने कामदारहरु,<br>● कपडा काट्ने तथा सिलाउने कामदारहरु, छाला काट्ने तथा जुत्ता बनाउनेहरु लगायतका व्यक्तिको सीप उपयोग गर्ने कामदारहरु । | | |
| **यन्त्र तथा मेशिन अपरेटर र जडान गर्ने कामदारहरु** | | **8** |
| ● धातु प्रशोधन गर्ने, रासायनिक सामान, कागज, प्लाष्टिकका सामान उत्पादन गर्ने, धागो बनाउने, जुत्ता बनाउने,<br>● सवारी चालकहरु,<br>● मोटरसाइकलबाट यात्रु ओसार्ने तथा सामान ढुवानी गर्नेहरु,<br>● खानी खोज्नेहरू, खनिज तथा ढुङ्गा प्रशोधन गर्ने कामदारहरु, इनार खन्ने कामदारहरु,<br>● यन्त्र जडान/विद्युतीय जडान गर्ने कामदारहरु, उद्योगमा मेशिन चलाउनेहरू । | | |
| **सामान्य वा प्राथमिक पेशाका कामदारहरु** | | **9** |
| ● घरको सामान्य सरसफाई गर्ने घरेलु कामदारहरु, कार्यालय तथा होटल लगायत अन्य प्रतिष्ठानहरुमा सरसफाई गर्ने कामदारहरु, गाडी लगायतको सरसफाई कामदारहरु,<br>● खानी, निर्माण उद्योग, उत्पादन उद्योग र यातायात क्षेत्रमा हातले काम गर्ने कामदारहरु /मजदुरहरु<br>● कृषि, वन, बागवानी, नर्सरी तथा पशु फर्ममा ज्याला मजदुरीका रुपमा हातले काम गर्ने अदक्ष कामदारहरु,<br>● खानी तथा बालुवा गिट्टी ढुङ्गा झिक्ने कामदारहरु, प्याकेजिङमा शारीरिक श्रम गर्ने कामदारहरू,<br>● कबाडी संकलन गर्ने, फोहोर संकलन गर्ने कामदारहरु, सडक सफा गर्नेहरु,<br>● रिक्सा, ठेला, टाँगा चालकहरू, सामान ढुवानी गर्ने तथा भारी बोक्ने कामदारहरू, दाउरा संकलन गर्ने,<br>● भान्सामा सहयोग गर्ने सहयोगी कामदारहरु, भाँडा माझ्ने कामदार, सडकमा घुमीफिरी सामान बेच्नेहरू,<br>● विषम वा असजिलो काम गर्ने कामदार तथा मजदुरहरू, अर्काको किरिया बस्ने कामदारहरु, ढल सफा गर्ने कामदारहरु, अग्नि तथा पार्किङ रक्षकहरु । | | |
| **कुनै आर्थिक काम नगरेको** | | **10** |
| ● घरयासी कामकाज, विद्यार्थी, ज्यादै बृद्धा अवस्था वा असक्त विरामी, अशक्त अपाङ्गता आदि | | |

अनुसूची ६

# औद्योगिक व्यवसाय वर्गीकरण

| विषय /आर्थिक क्रियाकलाप | व्याख्या | कोड |
|---|---|---|
| **खानी तथा उत्खनन्** | | 1 |
| • ढुङ्गा, माटो, बालुवा उत्खनन, धातु तथा पेट्रोलियम र प्राकृतिक ग्याँसको उत्खनन् र यसका सहायक क्रियाकलापहरू सम्बन्धी कार्यहरु । | | |
| **औद्योगिक उत्पादन** | | 2 |
| • खाद्य वस्तुको औद्योगिक उत्पादन (माछा, मासु, फलफुल, बनस्पति, दुग्धपदार्थ, तेलको उत्पादन, खाद्यान्न पदार्थ प्रशोधन गर्ने क्रियाकलापहरू,<br>• बेकरी, चिनी, चक्लेट, चाउचाउ लगायतका खाद्यपदार्थ उत्पादन गर्ने क्रियाकलाप,<br>• पशुआहारा उत्पादन गर्ने,<br>• मिनरल वाटर, वाइन, बियर, सूर्तीजन्य पदार्थ, कपडा, राडीपाखी, तयारी पोसाक, छालाका सामान, जुत्ता चप्पल उत्पादन,<br>• फर्निचर, कागज, प्लाष्टिक, रबर, काँच, माटाका भाँडा, इँटा, सिमेन्ट उत्पादन,<br>• औषधि उत्पादन,<br>• छपाइ सम्बन्धी उत्पादनहरू,<br>• फलाम, धातुलाई इलेक्ट्रोनिक उत्पादन, विद्युतीय उत्पादन, मेशिन उपकरण, सवारी साधन, खेलकुदका सामान उत्पादन गर्ने, मेशिन तथा उपकरणको जडान र पूँजीगत मर्मत सम्भार (एसेम्बल) गर्ने क्रियाकलापहरू । | | |
| **विद्युत्, ग्याँस, बाफ तथा वातानुकूलित सेवा** | | 3 |
| • विद्युत तथा ग्याँसको उत्पादन, प्रसारण तथा वितरण, बायोग्याँस वितरण गर्ने कम्पनीका कामदारहरुको क्षेत्र, खाद्य तथा गैरखाद्य चिस्याउन प्रयोग हुने बरफको उत्पादन गर्ने क्षेत्र । | | |
| **पानीको आपूर्ति, ढलनिकास, फोहर व्यवस्थापन र शुद्धीकरणका क्रियाकलापहरू** | | 4 |
| • पानीको संकलन, शुद्धीकरण, तथा आपूर्ति, ट्यांकरबाट पानी आपूर्ति,<br>• ढलनिकास, चर्पी तथा सेफ्टी टैंक सफाई, फोहरमैला संकलन, प्रशोधन तथा विसर्जन, ढुवानी तथा व्यवस्थापन गर्ने कार्य,<br>• कवाडी संकलन, पुराना कपडाबाट कपास बनाउने कार्य, सामानको Recycle सम्बन्धी कार्यहरु । | | |
| **निर्माण** | | 5 |
| • सिभिल इन्जिनियरिङ र भवनका लागि सामान्य तथा विशेष निर्माण सम्बन्धी क्रियाकलापहरु;<br>• भवन, सडक, रेलमार्ग निर्माण, सिँचाइ, आयोजनाको निर्माण, संरचना भत्काउने तथा निर्माण स्थल तयारी,<br>• विद्युत् प्रसारण लाइन निर्माण कार्य, वेयरिङ तथा प्लम्बिङ कार्य, अन्य निर्माण, भौतिक संरचना निर्माण गर्ने कार्यहरु । | | |

| विषय /आर्थिक क्रियाकलाप | व्याख्या | कोड |
|---|---|---|
| **थोक एवं खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मत सम्भारका कार्यहरू** | | **6** |
| ● अप्रशोधित कृषिउपज, खाद्यपदार्थ, पेय पदार्थ, कपडा, कम्प्यूटर, कृषि उपकरण, मेशिन तथा उपकरण, हार्डवेयरका सामान, भाँडाकुँडा, फर्निचर, घरायसी वस्तुहरू, पुस्तक, खेलकुद, औषधि, Online Shopping लगायतका थोक एवं खुद्रा बिक्री र मर्मत सम्भारका कार्यहरु,<br>● मोटरगाडी र मोटरसाइकलको बिक्री, पार्टपूर्जा तथा सहायक सामानको बिक्री, मर्मत सम्भार । | | |
| **यातायात तथा भण्डारण** | | **7** |
| ● यात्री वा सामान ढुवानी गर्ने यातायातका क्रियाकलापहरु;<br>● सडक, रेल, जल, हवाइ यात्रुवाहक तथा ढुवानीको लागि यातायात,<br>● गोदाम घर, कार्गो, हुलाक, कुरियर तथा अन्य ढुवानी सेवाका सहायक क्रियाकलापहरू,<br>● चालक सहित भाडामा दिने यातायात सेवा । | | |
| **आवास तथा भोजन सेवासम्बन्धी क्रियाकलापहरू** | | **8** |
| ● यात्रीहरुको लागि खान, पिउन तथा छोटो अवधिको लागि आवासको सुविधा प्रदान गर्ने क्रियाकलापहरु;<br>● अल्पकालिन आवास, होटल, लज, रेष्टुरेन्ट, क्याटरिङ सेवा,<br>● अन्य आवास तथा यी सम्बन्धी अन्य सहायक क्रियाकलापहरू । | | |
| **सूचना तथा सञ्चार** | | **9** |
| ● सूचना उत्पादन तथा वितरण गर्ने, प्रसारण तथा वितरण गर्ने उद्देश्यले बनाइएका साँस्कृतिक उत्पादन, तथ्याङ्क वा सूचना उत्पादन, प्रविधि सम्बन्धी क्रियाकलापहरु,<br>● लगत प्रशोधन र अन्य सूचनामूलक सेवा क्रियाकलापहरु;<br>● पुस्तक, पत्रिका, जर्नल प्रकाशन, सफ्टवेयर प्रकाशन, चलचित्र, भिडियो, रेडियो, टि.भी., संगीत सम्बन्धी क्रियाकलापहरू,<br>● दूरसञ्चार, कम्प्यूटर प्रोग्रामिङ, समाचार एजेन्सी लगायतका कार्यहरू | | |
| **वित्तीय तथा बिमासम्बन्धी क्रियाकलापहरू** | | **10** |
| ● बिमा, पुनर्बिमा तथा पेन्सन कोष, सामाजिक सुरक्षा कोष लगायतका वित्तीय सेवा र ती सेवाहरुलाई सहयोग गर्ने क्रियाकलापहरु;<br>● बैंक तथा वित्तीय संस्थाहरु, जीवन तथा निर्जीवन बिमा, वित्तीय मध्यस्थता, टृष्ट व्यवस्थापन तथा अन्य कोष व्यवस्थापनका क्रियाकलापहरू । | | |
| **घरजग्गा कारोबारका व्यावसायिक क्रियाकलापहरू** | | **11** |
| ● जग्गा जमिनको खरिद बिक्री, जग्गा जमिन भाडामा लगाउने, अन्य घर जग्गा कारोबारका सेवा दिने कार्यहरुः<br>● घर जग्गा कारोबारको लागि मूल्यांकन सेवा प्रदान गर्ने वा घर जग्गा खरिद बिक्रीको लागि एजेन्टको काम गर्ने क्रियाकलापहरू | | |
| **पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरू** | | **12** |
| ● विशिष्टिकृत पेशागत क्रियाकलापः<br>● कानूनी, लेखापरीक्षण, व्यवस्थापन, भवन निर्माण तथा इन्जिनियरिङ, विज्ञापन, बजार अनुसन्धान, विशिष्टिकृत डिजाइन, फोटोग्राफीक, पशु चिकित्सा, अन्य वैज्ञानिक तथा प्राविधिक परामर्श प्रदान गर्ने कार्यहरु । | | |

| विषय /आर्थिक क्रियाकलाप | व्याख्या | कोड |
|---|---|---|
| **प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरू** | | **13** |
| ● सामान्य व्यवसाय सञ्चालनको सहयोग गर्ने विविध प्रकारका क्रियाकलापः<br>● मेशिन तथा अन्य (मोटरगाडी, मनोरञ्जन, खेलकुदका सामान, अन्य घरायसी वस्तु, मेशिन तथा यान्त्रिक) उपकरण भाडा तथा ठेक्कासम्बन्धी क्रियाकलापहरू,<br>● रोजगारी, ट्राभल एण्ड टुर एजेन्सी, निजी सुरक्षा, भवन सरसफाई, कल सेन्टर, सभा सम्मेलन तथा प्रदर्शनी आयोजना लगायतका प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरू | | |
| **शिक्षा** | | **14** |
| ● कुनै पनि तहका वा कुनै पेशा वा व्यवसायको लागि मौखिक वा लिखित साथसाथै रेडियो र टेलिभिजन वा सञ्चारका अन्य माध्यमद्वारा प्रदान गरिने शिक्षाः<br>● पूर्वप्राथमिक, प्राथमिक, माध्यमिक, प्राविधिक तथा व्यवसायिक शिक्षा, उच्च शिक्षा,<br>● संस्कृति, तालिम केन्द्रहरु, खेलकुद तथा मनोरञ्जन प्रशिक्षण केन्द्र, अन्य शैक्षिक कार्यक्रमहरू, शैक्षिक परामर्श तथा शैक्षिक सहयोगी क्रियाकलापहरू। | | |
| **मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलापहरू** | | **15** |
| ● स्वास्थ्य तथा सामाजिक कार्य सम्बन्धी क्रियाकलापहरुः<br>● अस्पताल, स्वास्थ्य चौकी, चिकित्सा सेवा, उपचार केन्द्र, मानव स्वास्थ्य, आवासीय नर्सिङ, मानसिक रोगी, दुर्व्यसनी तथा बृद्धबृद्धा, अपाङ्गका लागि आवासीय हेरचाह क्रियाकलापहरू, अनाथालय तथा अन्य सामाजिक क्रियाकलापहरू | | |
| **कला, मनोरञ्जन तथा मनोविनोद** | | **16** |
| ● कला, विविध साँस्कृतिक, मनोविनोद, मनोरञ्जन तथा नागरिकहरुको रुचीका मनोरञ्जन तथा क्रिडालाई पूरा गर्ने क्रियाकलापहरुः<br>● सृजनात्मक कला, साइनबोर्ड लेख्ने, आर्ट गर्ने, मूर्तिकार, पेन्टर, नाटक गर्ने संस्था,<br>● पुस्तकालय, ऐतिहासिक, पूरातात्विक कला, अभिलेख, संग्रहालय,<br>● प्रकृति संरक्षण, उद्यान, क्यासिनो, खेलकुद तथा मनोरञ्जन सम्बन्धी क्रियाकलापहरू। | | |
| **अन्य सेवा प्रदान गर्ने क्रियाकलापहरू** | | **17** |
| ● श्रमिक संगठन (Trade Union), रोजगारदाता संगठन, धार्मिक, राजनीतिक तथा अन्य पेशागत संघ संगठनहरू<br>● कम्प्यूटर, सञ्चार, विद्युतीय उपकरण, जुत्ता तथा छालाका सामान, फर्निचर लगायतका ***व्यक्तिगत तथा घरायसी साना साना मर्मत कार्यहरू,***<br>● व्यक्तिगत सरसफाईका कार्यहरु कपाल काट्ने, सजावटका कार्य, कपडा धुने क्रियाकलापहरु।<br>● अन्य कुनै वर्गीकरणमा नपरेका क्रियाकलापहरु। | | |
| **घरपरिवारका घरायसी क्रियाकलापहरू; आफ्ना प्रयोगका लागि छुट्याउन नसकिने विभिन्न वस्तु तथा सेवाहरू उत्पादन गर्ने क्रियाकलापहरु** | | **18** |
| ● रोजगारदाताका रूपमा घरेलु कामदार राखी गरिने घरायसी क्रियाकलापहरू,<br>● निजी घरपरिवारले आफ्ना प्रयोगका लागि छुट्याउन नसकिने विभिन्न वस्तु तथा सेवाहरू उत्पादन गर्ने क्रियाकलापहरू<br>● निजी सवारी चालक, माली, निर्वाहमुखी वस्तु तथा सेवा उत्पादन गर्ने क्रियाकलापहरु। | | |

अनुसूची ७

# किलोग्राम रुपान्तर तालिका

विभिन्न वालीको स्थानीय नाप तौल एकाइ (मूरी/पाथी र गुन/मानी) को स्तरिय नाप तौल (किलो ग्राम) मा रुपान्तर तालिका

| क्र.सं. | बाली | १ मुरी बराबर अनुमानित सरदर किलोग्राम | १ पाथी बराबर अनुमानित सरदर किलोग्राम | १ गुन बराबर अनुमानित सरदर किलोग्राम | १ मानी बराबर अनुमानित सरदर किलोग्राम |
|---|---|---|---|---|---|
| १ | धन | ४८.७ | २.४ | १५५.८ | ९.७ |
| २ | गहुँ | ६८.० | ३.४ | २१७.७ | १३.६ |
| ३ | मकै | ६८.० | ३.४ | २१७.७ | १३.६ |
| ४ | कोदो | ६५.७ | ३.२ | २१०.४ | १३.१ |
| ५ | जौ/उवा | ४५.३ | २.२ | १४५.१ | ९.० |
| ६ | फापर | ५४.४ | २.७ | १७४.१ | १०.८ |
| ७ | भटमास | ६३.५ | ३.१ | २०३.२ | १२.७ |
| ८ | मास | ७२.५ | ३.६ | २३२.२ | १४.५ |
| ९ | मुसुरो | ७२.५ | ३.६ | २३२.२ | १४.५ |
| १० | आलु | ७०.० | ३.० | - | - |
| ११ | तोरी/सर्स्यू | ५६.७ | २.८ | १८१.४ | ११.३ |

विभिन्न फलफूल वालीको स्थानीय नाप तौल एकाइ (गोटा/दाना) को स्तरिय नाप तौल (किलो ग्राम) मा रुपान्तर तालिका

| क्र.सं. | बाली | गोटा/दाना | तौल(किलो ग्राम) |
|---|---|---|---|
| १ | सुन्तला | ८ | १ |
| २ | जुनार | ६ | १ |
| ३ | कागती | ३२ | १ |
| ४ | आँप | ४ | १ |
| ५ | केरा | १४ | १ |
| ६ | स्याउ | ६ | १ |

*१ मुरी = २० पाथी*
*१ पाथी = ८ माना*

*१ गुन =१६ मानी*
*१ मानी =१६ सेई*

अनुसूची ८

# जिल्ला र प्रदेश कोड

| जिल्लाको नाम | कोड | जिल्लाको नाम | कोड |
|---|---|---|---|
| ताप्लेजुङ | १०१ | कास्की | ४०५ |
| संखुवासभा | १०२ | लमजुङ | ४०६ |
| सोलुखुम्बु | १०३ | तनहुँ | ४०७ |
| ओखलढुंगा | १०४ | नवलपरासी पूर्व | ४०८ |
| खोटाङ | १०५ | स्याङजा | ४०९ |
| भोजपुर | १०६ | पर्वत | ४१० |
| धनकुटा | १०७ | बागलुङ | ४११ |
| तेह्रथुम | १०८ | रुकुम पूर्व | ५०१ |
| पाँचथर | १०९ | रोल्पा | ५०२ |
| इलाम | ११० | प्युठान | ५०३ |
| झापा | १११ | गुल्मी | ५०४ |
| मोरङ | ११२ | अर्घाखाँची | ५०५ |
| सुनसरी | ११३ | पाल्पा | ५०६ |
| उदयपुर | ११४ | नवलपरासी पश्चिम | ५०७ |
| सप्तरी | २०१ | रुपन्देही | ५०८ |
| सिराहा | २०२ | कपिलवस्तु | ५०९ |
| धनुषा | २०३ | दाङ | ५१० |
| महोत्तरी | २०४ | बाँके | ५११ |
| सर्लाही | २०५ | बर्दिया | ५१२ |
| रौतहट | २०६ | डोल्पा | ६०१ |
| बारा | २०७ | मुगु | ६०२ |
| पर्सा | २०८ | हुम्ला | ६०३ |
| दोलखा | ३०१ | जुम्ला | ६०४ |
| सिन्धुपाल्चोक | ३०२ | कालिकोट | ६०५ |

| जिल्लाको नाम | कोड | जिल्लाको नाम | कोड |
|---|---|---|---|
| रसुवा | ३०३ | दैलेख | ६०६ |
| धादिङ | ३०४ | जाजरकोट | ६०७ |
| नुवाकोट | ३०५ | रुकुम पश्चिम | ६०८ |
| काठमाडौँ | ३०६ | सल्यान | ६०९ |
| भक्तपुर | ३०७ | सुर्खेत | ६१० |
| ललितपुर | ३०८ | बाजुरा | ७०१ |
| काभ्रेपलाञ्चोक | ३०९ | बझाङ | ७०२ |
| रामेछाप | ३१० | दार्चुला | ७०३ |
| सिन्धुली | ३११ | बैतडी | ७०४ |
| मकवानपुर | ३१२ | डँडेलधुरा | ७०५ |
| चितवन | ३१३ | डोटी | ७०६ |
| गोरखा | ४०१ | अछाम | ७०७ |
| मनाङ | ४०२ | कैलाली | ७०८ |
| मुस्ताङ | ४०३ | कञ्चनपुर | ७०९ |
| म्याग्दी | ४०४ | | |

| प्रदेशको नाम | कोड |
|---|---|
| प्रदेश १ | १ |
| मधेस | २ |
| वागमती | ३ |
| गण्डकी | ४ |
| लुम्बिनी | ५ |
| कर्णाली | ६ |
| सुदूरपश्चिम | ७ |